# मानेभन्ज्याङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

प.सं. : २०८२/८३
च.नं. : १०४२

वि.सं. २०८२/१०/२७
ने.सं. ११४६, सिल्लागा, अष्टमी

श्री सम्बन्धीत सरोकारवालाहरु ।

**विषय: आवश्यक राय, सुझाव उपलब्ध गराइदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस मानेभन्ज्याङ गाउँपालिकाको **"गाउँ शिक्षा योजना २०८२/०८३-२०८७/०८८"** को मस्यौदा तयार भएकाले सम्बन्धित सरोकारवालाहरुले उक्त मस्यौदा अध्ययन गरी ७ दिन भित्रमा आफ्नो रचनात्मक राय, सुझाव तथा सल्लाह कार्यालयमा लिखित रुपमा वा edu.roshimun@gmail.com, info@manebhanjyangmun.gov.np मार्फत उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

पुनश्चः गाउँ शिक्षा योजनाको मस्यौदाको Pdf file यसै पत्रसाथ संलग्न गरिएको छ ।

भोग बहादुर राई
नि. प्रमुख प्रशासकीय अधिकृत



CamScanner

# मानेभन्ज्याङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
# कोशी प्रदेश, ओखलढुङ्गा
# नेपाल

## गाउँ शिक्षा योजना

# (२०८२/०८३-२०८७/०८८)

**तयारकर्ता:**

**मानेभन्ज्याङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,**

**कोशी प्रदेश , ओखलढुङ्गा, नेपाल**

**“कृषि,पर्यटन, सुशासन मानेभन्ज्याङ गाउँपालिकाको आधार“**

# मन्तव्य



मानेभन्ज्याङ गाउँपालिका कोशी प्रदेश अन्तरगंत ओखलढुङ्गा जिल्लाका कुल ८ स्थानीय तह मध्ये एक हो । वि.सं. २०७३ साल फागुन २३ गते स्थानीय तह पुनर्संरचनाका क्रममा मोली,वाक्सा,उँबु,केतुके,मानेभन्ज्याङ,थाक्ल,टोक्सेल र माधवपुर गाविस समावेश गरी मानेभन्ज्याङ गाउँपालिकाको स्थापना गरिएको हो । कुल ९ वटा वडा रहेको यस गाउँपालिका विकाशको लागि प्रचुर सम्भावना बोकेको गाउँपालिका हो ।

हालको नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका आ-आफ्ना अधिकार र कार्यक्षेत्रहरू तोकेको छ । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार सूची समावेश गरेको छ जसमा माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई सुम्पेको अवस्था छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा छ जसमा स्थानीय तहले शिक्षा सम्बन्धी ९ वटा कार्यहरू सम्पादन गर्ने उल्लेख छ । त्यसैले आफ्नो स्थानीय तहमा सञ्चालित विद्यालयहरूको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामूलक पहुँच, गुणस्तरीय शिक्षा, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन आदि सुनिश्चित गर्नका लागि स्थानीय तहले उपलब्ध स्रोत साधन (भौतिक, वित्तीय र मानवीय) को अधिकतम परिचालन गर्नुपर्ने वास्तविकतालाई मध्यनजर गर्दै मानेभन्ज्याङ गाउँपालिकाले ५ वर्षे शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ। शिक्षा विकासको मेरूदण्ड हो । कुनै पनि ठाउँको समग्र विकासमा शिक्षाको विकास भनेको आधारभूत आवश्यकता हो । यस महत्वपूर्ण विषयवस्तुलाई हृदयङ्गम गरी उपलब्ध ऐन, कानुन, नीति,नियम तथा अन्य दस्तावेजहरूको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरू, अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, विद्यालय क्षेत्र सुधार कार्यक्रम (SIP), मानेभन्ज्याङ गाउँपालिकाले बनाएको शिक्षा कार्यविधि, २०७४ तथा विभिन्न ऐन कानूनको परिधिमा रहेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरूसँग चरणवद्ध रूपमा छलफल गरी निर्माण गरिएको यो शैक्षिक योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि कोशेढुङ्गा सावित हुने छ भन्ने मैले विश्वास लिएको छु ।

बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक यस गाउँपालिकाको पहिचानलाई मनन् गर्दै गाउँपालिकाको शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माण कार्यमा संयोजन गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद, विज्ञ टोली लगायत यस योजनालाई मूर्त रूप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग पुऱ्याउने अन्तर्राष्ट्रिय अनुसन्धान, तालिम र विकास केन्द्र प्रा. लि. लाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । यसैगरी उप प्रमुख ज्यू, वडाध्यक्षहरू, शिक्षाप्रेमी सम्पूर्ण महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको सहयोगप्रति आभार प्रकट गर्दछु । अन्त्यमा यस शैक्षिक योजनामा समावेश विषयवस्तुहरूमा केही सुधार गर्नुपर्ने भएमा यहाँहरूको अमूल्य सुझाव सहित आगामी दिनमा संशोधन गरिदै लगिने व्यहोरा समेत अवगत गराउँदै यो योजनाको कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरूको सहयोग र सहकार्यको अपेक्षा राख्द यसको सफलता एवम् प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।

ज्ञानेन्द्र रुम्दाली
अध्यक्ष , मानेभन्ज्याङ गाउँपालिका

## भनाइ



ओखलढुंगा जिल्लास्थित मानेभन्ज्याङ गाउँपालिका बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र प्राकृतिक रूपमा समेत सम्पन्न भएको एक महत्वपूर्ण र ऐतिहासिक क्षेत्र हो । यस महत्वपूर्ण क्षेत्रको शिक्षामा विकास गरी आजको प्रतिस्पर्धी युग सुहाउँदो शैक्षिक वातावरण तयार गर्नु आजको आवश्यकता हो । यस आवश्यकतालाई मध्यनजर गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरू, अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५,राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, विद्यालय क्षेत्र सुधार कार्यक्रमल , मानेभन्ज्याङ गाउँपालिकाले बनाएको शिक्षा कार्यविधि, २०७४ तथा विभिन्न ऐन कानुनको अधिकारको उपयोग गरी स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरूसँग चरणवद्ध रूपमा छलफल गरी निर्माण गरिएको मानेभन्ज्याङ गाउँपालिकाको पाँच वर्षे शिक्षा योजना ( २०८२।२०८७) प्रकाशन हुन लागेकोमा मलाई खुसी लागेको छ । यो शैक्षिक योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि एउटा महत्वपूर्ण आधारभूत दस्तावेजको रूपमा रहने छ भन्ने कुरामा म विश्वस्त छु ।

गाउँपालिका क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण मानिसहरूको गुणस्तरीय शिक्षामा पहुँच पुगोस, शिक्षाको अधिकारबाट कोहीपनि बन्चित नहुन र प्रविधिमैत्री, दक्ष जनशक्तिको उत्पादनमा सहयोग पुगोस भन्ने हेतुले गाउँपालिकाले यो योजना निर्माण गरेको हो । यस गाउँपालिकाको पहिचानलाई मनन गर्दै गाउँपालिकाको शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माण कार्यमा तदारूकता देखाउनुहुने गाउँपालिका प्रमुखज्यू, विकासका लागि संयोजन गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षा विद, विज्ञ टोली लगायत यस योजनालाई मूर्त रूप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग गर्ने विज्ञ संस्था, वडाध्यक्षहरू, शिक्षाप्रेमी सम्पूर्ण महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको सहयोगप्रति आभार प्रकट गर्दछु । अन्त्यमा यस शैक्षिक योजनामा समावेश विषयवस्तुहरूमा केही सुधार गर्नुपर्ने भएमा यहाँहरूको अमूल्य सुझाव सहित आगामी दिनमा संशोधन गरिदै लगिने व्यहोरा समेत अवगत गराउँदै यो योजनाको कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरूको सहयोग र सहकार्यको अपेक्षा राख्दै यसको सफलता एवम् प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।यस योजनाले गाउँपालिकाको समग्र शैक्षिक विकासमा महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वासका साथ यस योजनाको प्रभावकारी र दिगो कार्यान्वयनको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछु।

आश्रचन राई
उपाध्यक्ष,
मानेभन्ज्याङ गाउँपालिका

## शुभकामना



नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिइएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्च वर्षीय योजनाहरू, अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६,राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, विद्यालय क्षेत्र सुधार कार्यक्रम (SIP), मानेभञ्ज्याङ गाउँपालिकाले बनाएको शिक्षा कार्यविधि, २०७४ तथा विभिन्न ऐन कानुनको अधिकारको उपयोग गरी स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरूसँग चरणवद्ध रूपमा छलफल गरी निर्माण गरिएको मानेभञ्ज्याङ गाउँपालिकाको पाँच वर्षे शिक्षा क्षेत्र योजना (२०८२–८७) गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि एउटा महत्वपूर्ण दस्तावेजको रूपमा रहेको छ । यस्तो महत्वपूर्ण दस्तावेजले मुर्तरूप पाउन लागेकोमा मलाई खुशी लागेको छ ।शिक्षामा सबै वर्गको पहुँच स्थापना गरी दक्ष, सकारात्मक सोच भएका जनशक्तिको उत्पादनमा सहयोग पुगोस भन्ने हेतुले गाउँपालिकाले यो योजना निर्माण गरेको हो । यस गाउँपालिकाको बहु पहिचानलाई आत्मसात गर्दै गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषण सहित तयार पारिएको यस योजना निर्माण कार्यमा तादरूकता देखाउनुहुने गाउँपालिका अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद, विज्ञ टोली लगायत यस योजनालाई मूर्त रूप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग गर्ने विज्ञ संस्था लगायतका सम्पूर्ण सरोकारवाला महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको सहयोगबाट यो योजना सम्भव भएकोले सम्पूर्ण सरोकारवालहरूप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा यो शिक्षा योजना यस गाउँपालिका र जिल्लाकै लागि अविष्मरणीय कृतिको रूपमा लागू भई सम्पूर्ण सरोकारवालालाई फाइदा पुग्ने छ भन्ने विश्वासका साथ पूर्ण सफलताको कामना गर्दछु ।

दिनेश कुमार राई

प्रमुख प्रशासकीय अधिकृत

मानेभञ्ज्याङ गाउँपालिका

भनाइ



शिक्षा विकासको मेरूदण्ड हो । कुनै पनि क्षेत्रको विकासका लागि शिक्षाको विकास अपरिहार्य रहेको हुन्छ । त्यसकारण शिक्षा सबैका लागि महत्वपूर्ण क्षेत्र हो। नेपालमा पनि शिक्षाको विकास र शिक्षामा सबै वर्गको पहुँच स्थापना गर्न धेरै वर्ष अगाडिबाट नै केही प्रयासहरूको थालनी भएको भने पाईन्छ । यसै अन्तर्गत नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्च वर्षीय योजनाहरू, अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, क्षेत्र सुधार कार्यक्रम , मानेभन्ज्याङ गाउँपालिकाले बनाएको
शिक्षा कार्यविधि, २०७४ तथा विभिन्न ऐन कानुनकाले दिएको अधिकार तथा मर्मलाई पालना गर्दै स्थानीय आवश्यताहरूको पहिचान गरी त्यसैका आधारमा स्थानीय शिक्षाको विकासका लागि यस मानेभन्ज्याङ गाउँपालिकाले स्तरीय ५ वर्षे गाउँ शिक्षा योजना (२०८२–०८७) तयार पारी लागू गर्ने चरणमा पुगेकोमा मलाई अत्यन्तै खुशी लागेको छ ।

मानेभन्ज्याङ गाउँपालिकाले विषयगत विज्ञ, स्थानीय सरकोकारवालाहरूको सहभागितामा गाउँपालिकाको हालको शैक्षिक अवस्थाको विश्लेषण गरी आगामी दिनका लागि रणनीतिक दस्तावेज तयार पारेको छ । जसले गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि मार्गदर्शन गर्दछ । यो महत्वपूर्ण दस्तावेज स्थानीय विज्ञ, विषय विज्ञ, जनप्रतिनिधिहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको निरन्तर प्रयासबाट सम्भव भएको हो । त्यसकारण यस योजना निमार्णका क्रममा आवद्ध हुनु भएका सम्पूर्ण सरोकारवाला व्यक्ति, संस्थाप्रति हार्दिक आभार प्रकट गर्दछु। यसैगरी शैक्षिक योजनाको मर्मलाई बुझेर योजना बनाउन र लागू गर्न तत्परता देखाउनु हुने अध्यक्ष तथा उपाध्यक्षलगायत सम्पूर्ण जनप्रतिनिधि ज्यूहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीज्यूहरू, लगायत विद्यालयसँग सम्बद्ध सम्पूर्ण महानुभावहरू प्रति हार्दिक आभार प्रकट गर्दछु।

अन्त्यमा यो योजनाको प्रभावकारी कार्यन्वयन र अर्थपूर्ण नतिजाको लागि यहाँहरूको रचनात्मक सुझावको अपेक्षा सहित समग्र गाउँपालिकाको शैक्षिक उन्नति र यसको सफलतापूर्ण नतिजा सहितको कामना गर्दछु ।

राजेन्द्र सिग्देल
शिक्षा शाखा प्रमुख,
मानेभन्ज्याङ गाउँपालिका

# विषय सूची


परिच्छेद १ : परिचय ११

१.१ पृष्ठभूमि ११

१.१.१ शैक्षिक योजनाको आवश्यकता १२

१.१.२ शैक्षिक योजनाको लक्ष्य १२

१.१.३ शिक्षा योजनाको उद्देश्य १३

१.१.४ शैक्षिक योजना निर्माण प्रक्रिया १४

गाउँपालिकाको चिनारी १५

२.१ भौगोलिक अवस्थिति १५

२.२ ऐतिहासिक चिनारी तथा नामकरण १५

२.३ राजनितिक तथा प्रशासनिक संरचना १५

२.४ घरातलीय अवस्था १८

२.५ भिरालोपना १८

२.६ मोहडा १९

२.७ प्राकृतिक सम्पदा १९

२.८ साँस्कृतिक उत्कृष्टता १९

२.९ हावापानी तथा जलवायु २०

२.१० विकासका सम्भावनाहरु २१

२.११ गार्हस्थ उत्पादन २१

पारिवारिक तथा जनसंख्या विवरण २२

३.१ जनसंख्या २२

३.२ वडागत जनसंख्या वितरणको आस्था २२

३.३ साविक वडागत घरपरिवार विवरण २४

३.४ जनसंख्या वितरणको अवस्था २५

३.५ उमेरको आधारमा जनसंख्या विवरण २६

३.६ मातुभाषाको आधारमा जनसंख्या विवरण २८

३.७ धर्म अनुसार जनसंख्या विवरण २९

३.८ जातिगत आधारमा जनसंख्या विवरण ३१

३.९ जातिगत आधारमा घरधुरी विवरण ३२

३.१० जातिगत समूहको आधारमा घरधुरी र जनसंख्या विवरण ३४

३.११ लैङ्गिक आधारमा घरमुलीको विवरण ३६

३.१२ पेशाका आधारमा जनसंख्या विवरण ३८

३.१३ आर्थिक रुपले सक्रिय जनसंख्या विवरण ३९

सामाजिक अवस्था ४२

४.१ शैक्षिक तथा माननव विकास ४२

४.१.१ पाँच वर्ष भन्दा माथिको साक्षरता विवरण ४२

४.१.२ लैङ्गिक आधारमा साक्षरता ४५

४.१.३ तहगत रुपमा शैक्षिक विवरण ४७

४.१.४ विद्यालयको प्रकारगत विद्यार्थीहरुको विवरण ४८

४.१.५ तहगत विद्यालयको विवरण ४९

४.१.६ क्याम्पसको विवरण ४९

४.१.७. विद्यालय बाहिर रहेका तथा विद्यालय छाडेका बालबालिकाहरुको विवरण ५०

४.१.१०. विद्यालयको भौतिक अवस्था ५७

४.२ स्वास्थ्य तथा पोषण ५७

४.२.१ स्वास्थ्य संस्थाहरुको विवरण ५८

४.२.२. स्वास्थ्य संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्ति विवरण ५८

४.३.१ परिचय, आवश्यकता र औचित्य ६२

४.३.२ मानेभन्ज्याङ गाउँपालिकाको दिर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू ६४

४.३.३ अपेक्षित उपलब्धिहरू ६६

४.३.४ शैक्षिक समस्या तथा चुनौतीहरू ६७

४.३.५ मानेभन्ज्याङ गाउँपालिकाभित्र शिक्षामा सम्भावना ६९

४.३.६ शैक्षिक स्तर बढाउन मानेभन्ज्याङ गाउँपालिकाले अपनाएका/अपनाउने रणनीतिहरू ७०

परिच्छेद ३ : विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू ७३

३.१ बालविकास र शिक्षा ७३

३.१.१ परिचय ७३

३.१.२ वर्तमान अवस्था ७३

३.१.३. उद्देश्य ७४

३.२ आधारभूत शिक्षा ७६

३.२.१ परिचय ७६

३.२.२ वर्तमान अवस्था ७६

३.२.५ उपलब्धि नतिजा, प्रमुख क्रियाकलाप तथालक्ष्य ७९

३.३ माध्यमिक शक्षा ८४

३.३१ परिचय ८४

३.३.२ वर्तमान अवस्था ८४

३.३.३ उद्देश्यहरू ८४

३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथालक्ष्य ८७

३.४ उच्च शिक्षा ९२

३.४.१ परिचय ९२

३.४.२ मानेभन्ज्याङ गाउँपालिकाको उच्च शिक्षाको वर्तमान अवस्था ९२

३.४.३ उच्च शिक्षाका समस्या तथा चुनौतीहरू ९२

३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ९३

३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा ९५

३.५.१ परिचय ९५

३.५.३ चुनौती तथा अवसरहरू ९६

३.५.४ उद्देश्य ९६

३.५.५ रणनीतिहरू ९७

३.६ पाठ्यकम, पाठ्यसामग्री र मूल्याङ्कन १००

३.६.१ परिचय १००

३.६.२ वर्तमान अवस्था १०२

३.६.३ उद्देश्य १०३

३.६.४रणनीति १०४

३.६.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य १०५

३.७ शिक्षक, कर्मचारी व्यवस्थापन र वृत्ति विकास १०९

३.७.१ परिचय १०९

३.७.२ शिक्षक तयारी ११०

३.७.३ शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति ११३

३.७.४ शिक्षण सिकाइ क्रियाकलाप ११२

३.७.५ शिक्षकको उत्तरदायित्व ११२

३.७.६ शिक्षकको पेसागत सहयोग पद्धति ११३

३.७.७ शिक्षक क्षमता विकास कार्यक्रम ११४

३.७.८ शिक्षकको आपूर्ति र वितरण ११४

३.७.१० उद्देश्य ११७

३.७.११ रणनीतिहरू ११८

३.७.१२ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य ११८

३.८ विद्यालय व्यवस्थापन १२१

३.८.१ परिचय १२१

३.८.२ वर्तमान अवस्था १२१

३.८.४ रणनीतिहरू १२३

३.८.५ उपलब्धि, नतिजा, क्रियाकलाप तथालक्ष्य १२४

३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ र शिक्षा १२६

३.९.१ परिचय १२६

३.९.२ वर्तमान अवस्था १२६

३.९.३ समस्या तथा चुनौतीहरू १२८

३.१० गुणस्तरीय सार्वजनिक शिक्षा १३१

३.१०.१ परिचय १३१

३.१०.२ वर्तमान अवस्था १३२

३.१०.३ उद्देश्य १३३

क) उपलब्धि १३५

ख) प्रमुख नतिजाहरू १३५

३.११ शिक्षामा सबै वर्गको पहुँच/समावेशी शिक्षा १३७

३.११.१ परिचय १३७

३.११.२ वर्तमान अवस्था १३८

३.११.३ समस्या तथा चुनौतीहरू १३८

३.११.४ उद्देश्य १३९

३.११.५ रणनीतिहरू १३९
३.११.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य क) उपलब्धि १४०
३.१२ शिक्षामा सूचना प्रविधिको उपयोग १४१
३.१२.१ परिचय १४२
३.१२.२ वर्तमान अवस्था १४३
३.१२.३ उद्देश्य १४५
३.१२.५ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य क) उपलब्धि १४६
३.१३ छात्रवृत्ति कार्यक्रम ३.१३.१ परिचय १४९
३.१३.२ वर्तमान अवस्था १४९
३.१३.४ रणनीतिहरू १५०
३.१३.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य क्रियाकलाप तथा लक्ष्य १५०
ख) प्रमुख नतिजाहरू १५१
ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य १५१
३.१४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम ३.१४.१ परिचय १५२
३.१४.२ वर्तमान अवस्था १५२
३.१४.३ चुनौती र अवसरहरू १५२
३.१४.६ रणनीतिहरू १५३
३.१४.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य क) उपलब्धि १५४
ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य १५५
३.१५ आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा ३.१५.१परिचय १५७
३.१५.२वर्तमान अवस्था १५७
३.१५.३ उद्देश्य १५८
३.१५.४रणनीतिहरू १५८
३.१५.५ उपलब्धि नतिजा तथा क्रियाकलाप क) उपलब्धि १५९
परिच्छेद ४ : संस्थागत संरचना, क्षमता विकास र सङ्घ तथा प्रदेशसँगको समन्वय १६०
४.१परिचय १६०
४.२. वर्तमान अवस्था १६१
४.३ उद्देश्य १६३
४.४. रणनीतिहरू १६३

४.५ उपलब्धि नतिजा तथा प्रमुख क्रियाकलाप क) उपलब्धि १६४
ग) प्रमुख क्रियाकलाप र लक्ष्य १६५
परिच्छेद ५ : लगानी र स्रोत व्यवस्थापन १६७
५.१परिचय १६७
५.२वर्तमान अवस्था १६७
५.३ उद्देश्य १६८
५.४ रणनीतिहरू १६९
५.५ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान १७१
परिच्छेद ६ : योजना कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा समन्वय र सहजीकरण १७७
६.१.१ परिचय १७७
६.१.२ वर्तमान अवस्था १७७
६.१.३.योजना कार्यान्वयन प्रबन्ध १७८
स्थानीय सरकारले गर्ने: १७८
६.१.४ अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण १७९
६.१.४.१ परिचय १७९
६.१.४.२ वर्तमान अवस्था १८०
६.१.४.३. उद्देश्य १८१
६.१.४.४ रणनीतिहरू १८१
६.१.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथालक्ष्य क) उपलब्धि १८१
परिच्छेद ७ : प्रमुख कार्यसम्पादन सूचकहरू १८३
७.१ योजनाको समग्र नतिजा खाका १८३
सन्दर्भ सामग्रीहरू १९१

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

शिक्षा विकासको मेरूदण्ड हो । कुनै पनि ठाउँको समग्र विकासमा शिक्षाको विकास भनेको आधारभूत आवश्यकता हो। नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भई प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हकसमेतको व्यवस्था गरेको छ । राज्यको आर्थिक समृद्धि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवन पर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहन्छ। जसले गर्दा शिक्षालाई सबै तहबाट महत्वका साथ हेरिनु पर्दछ ।

हालको नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीयतहका आ-आफ्ना अधिकार र कार्यक्षेत्रहरू तोकेको छ। सङ्घ र प्रदेशको साझाअधिकार सूची, सङ्घ, प्रदेश र स्थानीयतहको अधिकारको साझा सूचीसमेत क्रमशः अनुसूची ७ र ९ मा उल्लेख गरेको अवस्था छ । संविधानको अनुसूची ८ मा स्थानीयतहको एकलअधिकार सूची समावेश गरेको छ, जसमा माध्यमिकतहसम्मको शिक्षाको अधिकार स्थानीयतहलाई सुम्पेको अवस्था छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा छ जसमा स्थानीयतहले शिक्षासम्बन्धी २३ वटा कार्यहरू सम्पादन गर्ने उल्लेख छ। त्यसैले आफ्नो स्थानीयतहमा सञ्चालित विद्यालयहरूको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामूलक पहुँच, गुणस्तरीय शिक्षा,सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन आदि सुनिश्चित गर्नका लागि स्थानीयतहले उपलब्ध स्रोत साधन (भौतिक, वित्तीय र मानवीय) को अधिकतम् परिचालन गर्न आवश्यक हुन्छ । यसका लागि स्थानीयतहले वास्तविकतामा आधारित भई कार्यान्वयन योग्य शैक्षिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

मुलुकको उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन गरी नेपाल सरकारले राखेको दीर्घकालीन सोच सहितको समुन्नत राष्ट्र निर्माण गर्न सबैभन्दा उत्तम उपाय नै शिक्षामा लगानी हो । यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान,प्रविधि तथा नवप्रवर्धन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५ वर्षे दिगो विकास लक्ष्य, सोह्रौं आवधिक योजनाका लक्ष्यहरू र कोभिड-१९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्नेगरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे (वि.सं. २०७८ देखि २०८७ सम्म) शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना निर्माणलाई अगाडि बढाएको छ । तीनै तहका सरकारमा निर्माण हुने प्रस्तावित योजनाले नेपाललाई सन् २०२२ सम्ममा विकासशील मुलुकको रूपमा र सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हाँसिल गर्दै मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने तथा राष्ट्रिय अपेक्षा पूरा गर्ने कार्यमा मुलुकको शिक्षाले माध्यमको रूपमा भूमिका खेल्छ । यसै सन्दर्भमा हाल नेपालले विकासको गतिमा एक फड्को अगाडि बढ्दै अति कम विकसित मुलुकबाट विकासोन्मुख

मुलुक हुन सफल भएको छ । यस महत्वपूर्ण विषयवस्तुलाई आत्मसात गर्दै मानेभन्ज्याङ गाउँपालिकाको समेत स्थानीय आवश्यकतामा आधारित रहेर यो शिक्षा क्षेत्रको ५ वर्षे योजना निर्माण गरेको छ । जुन लागू भए पश्चात समग्र गाउँपालिकाको विकासमा महत्वपूर्ण भूमिका रहनेछ ।

### १.१.१ शैक्षिक योजनाको आवश्यकता

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायत विभिन्न नियम कानुनहरूको अधिनमा रही स्थानीय सरकारले आफ्ना योजनाहरू तयार पारी कार्यान्वयन गर्न पाउने व्यवस्था रहेको छ। यसै आधारमा स्थानीय तहबाट विद्यालय शिक्षामा गरिने योजनाबद्ध प्रयासबाट मात्र शिक्षामा सुधार आउने सहज हुन्छ किनभने स्थानीय चाहना, आवश्यकता र समस्याहरू पहिचान गरी सोको सम्बोधन हुने गरी स्थानीय सहभागितामा बनाइने शैक्षिक योजनाप्रति स्थानीयको अपनत्व बढ्ने हुँदा यो बढी कार्यान्वयन योग्य हुन्छ र अपेक्षित उपलब्धि सजिलै हासिल हुन सक्छ र शिक्षामा सुधार आउँछ । यस खालको योजनाबद्ध कार्यबाट स्थानीय तहमा विद्यालय सञ्चालन तथा व्यवस्थापन,समता वा समावेशीकरण, शिक्षक व्यवस्थापन, क्षमता विकास, विद्यालय स्वास्थ्य तथा पोषण, विपद् जोखिम न्यूनीकरण, स्रोत व्यवस्थापन, विद्यालय अनुगमन तथा निरीक्षण जस्ता विविध पक्षहरूले प्राथमिकता साथ योजनामा स्थान पाइ कार्यान्वयनमा आउँछन् र त्यसबाट शिक्षाको समग्र पक्षमा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

यस गाउँपालिका क्षेत्रमा मात्र नभएर समग्र देशभरि नै शिक्षाको गुणस्तर वृद्धिका लागि हाम्रा असीमित आवश्यकताहरू छन् । तर सीमित स्रोत साधनको अधिकतम् उपयोग गरी प्राथमिकता प्राप्त क्षेत्रमा अपेक्षित उपलब्धि हासिल गर्न शिक्षा योजनाको आवश्यकता पर्नुका साथै महत्वपूण समेत हुन जान्छ। माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई भएकाले स्थानीय तहले उपलब्ध सीमित स्रोत साधनको अधिकतम् उपयोग गरी शिक्षा विकासको जनताको चाहाना पूरा गर्न निर्धारित शैक्षिक लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न शिक्षा योजना तर्जुमा र कार्यान्वयन आवश्यक छ । जसबाट यस गाउँपालिका क्षेत्रको समग्र शैक्षिक उन्नतिमा महत्वपूर्ण उपलब्धि हासिल गर्न सकिन्छ ।

### १.१.२ शैक्षिक योजनाको लक्ष्य

मानेभन्ज्याङ गाउँपालिकाको शैक्षिक गुणस्तर बढाई दिगो विकासमा टेवा पुऱ्याउनका लागि यस शैक्षिक योजनाले निम्न लक्ष्यहरू राखेको छ ।

क) प्रविधिमैत्री, समावेशी, गणुस्तरीय र व्यावहारिक शिक्षा, स्वावलम्वी र आत्मनिर्भर नागरिकको अपेक्षा ख) गुणस्तरीय, व्यावहारिक र प्राविधिक शिक्षामार्फत दक्ष जनशक्ति उत्पादन

ग) स्थानीय समुदायको सक्रियता, स्वावलम्बी र आत्मनिर्भर नागरिक विकास

घ) स्थानीय क्षेत्रमा समावेशी शिक्षाको कार्यान्वयन (विद्यार्थी, शिक्षक, अभिभावक, जनप्रतिनीधि, नागरिक समाजको सहभागिता)

### १.१.३ शिक्षा योजनाको उद्देश्य

मानेभन्ज्याङ गाउँपालिकाको शिक्षा क्षेत्र योजनाको उद्देश्य यस गाउँपालिकाले शिक्षामा सामना गर्नुपरेका हालका समस्या तथा चुनौतीलाई सम्बोधन हुने गरी सहभागितामूलक छलफलका आधारमा तयार पारिएको हो । कतिपय समस्या तथा चुनौतीहरू स्थानीयसँगै प्रदेश तथा सङ्घीय सरकारका समेत मिल्दाजुल्दा हुन्छन् । त्यसकारण यी यावत कुराहरूलाई मध्यनजर गर्दै यस मानेभन्ज्याङ गाउँपालिकाको ५ वर्षे शिक्षा योजनाका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएको छ ।

- ❖ गुणस्तरीय प्रारम्भिक बाल विकास सहित शिक्षाको अवसर सुनिश्चित गर्ने,
- ❖ गाउँपालिका क्षेत्रभित्र समग्र शैक्षिक क्रियाकलापहरूमा एकरूपता ल्याई गुणस्तरीय शिक्षा विकासमा जोड दिने,
- ❖ विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना गराइ टिकाउ दर उच्च बनाउने,
- ❖ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउने,
- ❖ यस पालिका भित्र बसोबास गर्ने सबैका लागि माध्यमिक तह सम्मको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्ने,
- ❖ उच्च शिक्षा प्रदायक संस्थाहरूको संरचनागत तथा कार्यात्मक क्षमता विकास गर्न आवश्यक सहयोग गर्ने,
- ❖ शिक्षण सिकाइलाई सूचना प्रविधिमैत्री बनाउँदै गाउँपालिका सहित प्रविधिमैत्री बनाउने,
- ❖ पाठ्यक्रमद्वारा निर्दिष्ट तहगत, कक्षागत र विषयगत सिकाइसिकाइ सक्षमतालाई उच्च स्तरमा पुऱ्याउने,
- ❖ मानेभन्ज्याङ गाउँपालिका भित्रका सम्पूर्ण शैक्षिक संस्थाहरूमा कार्यरत शिक्षक, कर्मचारी तथा अध्ययनरत विद्यार्थीहरूलाई प्रविधीमैत्री तथा व्यावसायिक बनाई गुणस्तरीय र प्रविधियुक्त शिक्षा शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने र शिक्षक तथा शैक्षिक जनशक्तिको पेसागत विकास गर्ने,
- ❖ सबै शैक्षिक संस्थाहरूमा (विद्यालयहरूमा) शैक्षिक सुसासन प्रवर्धन तथा कायम गरी बालबालिकालाई सिकाइ प्रति उत्तरदायी बनाउने प्रणालीको विकास गर्ने,
- ❖ शिक्षाको अवसरबाट बञ्चित रहेका समुदायका लागि बैकल्पिक तथा निरन्तर सिकाइको अवसर सृजना गर्ने ,
- ❖ विद्यालयलाई भय, विभेद र दूर्व्यवहारमुक्त तथा विविधताअनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्ने,

- ❖ सबै क्षेत्र, वर्ग, धर्म, लिङ्ग, शारीरिक अवस्थाहरूलाई समेट्नका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाको माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्ने
- ❖ राष्ट्रिय पाठ्यक्रमले तोके बमोजिम स्थानीय पाठ्यक्रमको कार्यन्वयन मार्फत स्थानीय स्रोत, साधन, मूल्य मान्यता र प्रविधि समेतको प्रवर्धन गर्ने,
- ❖ सबै विद्यार्थीहरूलाई पोषणयुक्त खाना, सरसफाई र स्वास्थ्यको प्रत्याभूति दिलाउने,
- ❖ मानेभन्ज्याङ गाउँपालिकाभित्रका सबै विद्यालयहरूमा आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा बैकल्पिक योजनाहरूको कार्यन्वयन गरी बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने,
- ❖ उपलब्ध स्रोत साधनको समानुपातिक र न्यायोचित वितरण गर्न Bottom up Approach मा आधारित क्रियाकलापको निर्माण गर्ने ।

### १.१.४ शैक्षिक योजना निर्माण प्रक्रिया

कुनै पनि योजना निर्माण गर्दा त्यससँग सम्बन्धित सबै पक्षहरूको विश्लेषण गरी सोही आधारमा तत्कालीन, अल्पकालीन तथा दीर्घकालीन योजनाको निर्माण गरिन्छ। यसै आधारमा मानेभन्ज्याङ गाउँपालिकाको शिक्षा योजना निर्माणका क्रममा विभिन्न चरणका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै उपलब्ध ऐन, कानुन, नीति-नियम तथा अन्य दस्तावेजहरूको गहन अध्ययन गरिएको छ। यसका लागि हाल हामी शिक्षा क्षेत्रमा कहाँ छौँ? कुन अवस्थामा छौँ? हाम्रा आवश्यकताहरू के-के हुन्? भन्ने जस्ता पक्षहरूको सूक्ष्म विश्लेषण गरी परिवर्तनको सिद्धान्तलाई आधार मानी यो योजना निर्माण गरिएको हो।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, पञ्चवर्षीय योजनाहरू, अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, विद्यालय क्षेत्र सुधार कार्यक्रम ,मानेभन्ज्याङ गाउँपालिकाले निर्माण गरेको शिक्षा कार्यविधि, २०७४ तथा विभिन्न ऐन-कानुनको परिधिभित्र रही स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरूसँग चरणबद्ध रूपमा छलफल गरी आवश्यक दस्तावेज तथा तथ्याङ्कहरू प्रत्यक्ष तथा परोक्ष रूपमा संकलन गरिएको छ। यसरी मानेभन्ज्याङ गाउँपालिकाको आवश्यकता र स्रोतलाई मध्यनजर गर्दै स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरूका सुझावअनुसार यो शिक्षा योजना निर्माण गरिएको हो।

गाउँपालिकाको समेत स्थानीय आवश्यकतामा आधारित रहेर यो शिक्षा क्षेत्रको ५ वर्षे योजना निर्माण गरेको छ । जुन लागू भए पश्चात समग्र गाउँपालिकाको विकासमा महत्वपूर्ण भूमिका रहनेछ ।

# गाउँपालिकाको चिनारी

## २.१ भौगोलिक अवस्थिति

मानेभन्ज्याङ गाउँपालिका सङ्घीय नेपालको कोशी प्रदेश अन्तर्गत ओखलढुंगा जिल्लाको दक्षिणी पहाडी भूभागमा अवस्थित प्राकृतिक र सांस्कृतिक रूपमा सुन्दर एवम् हराभरा भएको गाउँपालिका हो । यस गाउँपालिकाको कार्यालय वडा नं. ५ को मानेभन्ज्याङमा रहेको छ । साविकको मोली, वाक्सा, उँबु, मानेभञ्ज्याङ्ग, केतुके, थाक्ले, टोक्सेल र माधवपुर गाविसहरु समावेश भइ यो गाउँपालिका स्थापना भएको हो । यो गाउँपालिकाको सबै भाग पहाडी भूभागले ढाकेको छ । मिश्रित जातजातिको बसोबास रहेको यस गाउँपालिकामा मुख्यगरी हिन्दु, बौद्ध, किँरात र इसाई धर्मावलम्बीहरू रहेका छन् । जडिबुटी र जलविद्युतको प्रचुर सम्भावना बोकेको क्षेत्रमा यस गाउँपालिका पर्दछ । मानेभन्ज्याङ गाउँपालिका ८६ डिग्री २६' ४६' उत्तरी अक्षांश र २७ डिग्री १२' ४३' पूर्वी देशान्तरमा अवस्थित रहेको छ । यो गाउँपालिका समुद्री सतहबाट २७५ देखि २१९८ मिटरसम्मको उचाइमा अवस्थित रहेको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल १४६.६१ वर्ग कि.मि छ । यस गाउँपालिकाको पूर्वमा दुधकोशि नदी, खोटाङ, पश्चिममा सुनकोशी गाउँपालिका, उत्तरमा सिद्धिचरण गाउँपालिका र दक्षिणमा सुनकोशी नदि उदयपुर पर्दछ ।

## २.२ ऐतिहासिक चिनारी तथा नामकरण

तत्कालीन ८ वटा गाविस मिली बनको यस गाउँपालिकामा क्षेत्रगत हिसाबले पहिलो र जनसंख्याको हिसाबले दोस्रो बाहुल्यता रहेको राईहरुको बसोबास रहेकोले यस बस्तीमा अधिकांश नामावलीहरु राई भाषामा रहेको पाइन्छ । यस गाउँपालिकाको नामकरणको सम्बन्धमा माने र भन्ज्याङ मिलेर बनेको बुझिन्छ । 'माने' भन्नाले प्राचीन समयमा तामाङ्ग बस्ति भएका साथै तामाङ्गहरुले मानेलाई मान्ने भएको हुँदा माने भन्ने गरिएको साथै दुईवटा डाँडाको बिचमा रहेकाले भञ्ज्याङ्ग भनिएको र दुईवटा शब्द मिलाएर मानेभन्ज्याङनामाकरण भएको भन्ने किम्बदन्ती रहेको पाइन्छ । साथै कोही कोहीको भनाईमा चाहिँ माथिबाट हेर्दा माना घोम्टाए झैं भएको देखिने हुँदा माने र भन्ज्याङ मिलेर मानेभन्ज्याङको नामाकरण भएको पूर्खाहरुका भनाई देखिन्छ ।

## २.३ राजनितिक तथा प्रशासनिक संरचना


यो गाउँपालिका २०७३ फागुन २७ गते स्थापना भएको थियो । एउटा मात्र संघीय निर्वाचन क्षेत्र भएको ओखलढुंगा जिल्ला प्रदेश सभाका लागि भने दुईवटा निर्वाचन क्षेत्र रहेका छन् । जसमध्ये मानेभन्ज्याङ गाउँपालिका प्रदेश निर्वाचन क्षेत्र 'ख' मा पर्दछ । गाउँपालिका केन्द्र वडा नम्वर ५ को मानेभन्ज्याङमा रहेको

छ। पुनसंरचना गर्दा साविकका गाविसलाई तालिका नं. १ बमोजिम गाउँपालिकाको वडा कायम गरिएको छ।


**तालिका नं.१: नयाँ वडाहरुको विवरण**

| समावेश भएका गाविसहरु | हालको वडा नं | साविकको वडा नं |
|---|---|---|
| मोली | १ | वडा नं. १ देखी ९ |
| वाक्सा | २ | वडा नं. १ देखी ९ |
| उवुँ | ३ | वडा नं. १ देखी ९ |
| केतुके | ४ | वडा नं १ देखी ९ |
| मानेभन्ज्याङ | ५ | वडा नं १ देखी ९ |
| थाक्ले | ६ | वडा नं १ देखी ९ |
| टोक्सेल | ७ | टोक्सेल वडा नं १, २, ३, ४ |
| (टोक्सेल) राघवपुर | ८ | टोक्सेल वडा नं ५, ६, ७, ८, ९ |
| माधवपुर | ९ | वडा नं १ देखी ९ |

नक्सा नं. १ : अवस्थिति नक्सा




नक्सा नं. २



**नक्सा नं. २ : अवस्थिति नक्स**

## २.४ धरातलीय अवस्था

यो गाउँपालिकाको धरातलीय अवस्थालाई ४ वटा तहमा विभाजन गरिएको छ। यसको अधिकांश भूभाग १५०० मी. माथि छ। सबैभन्दा बढी भूभाग १५०० देखि २१९८ मी. बीचमा ६१.८४ प्रतिशत छ भने २५०० मी. भन्दा माथिको भूभाग पनि कमै मात्रामा छ। १००० मी. भन्दा तलको भूभाग केही मात्रामा रहेको छ। यस गाउँपालिकाको धरातलीय उचाइ सम्बन्धी विवरण तालिका नं. २ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २ : धरातलीय उचाइ**

| उचाई | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| १००० मिटर भन्दा कम | २८।८३ | १९।०० |
| १००० देखि १५०० मिटर सम्म | ३८।०५ | २५।९८ |
| १५०० देखि २००० मिटर सम्म | ६१।८४ | ४२।२३ |
| २००० देखि २५०० मिटर सम्म | १८।७२ | १२।७८ |
| जम्मा | १४६।४ | १००।०० |

स्रोत: जिआइएस नक्शा

## २.५ भिरालोपना

यस गाउँपालिकाको धेरैजसो भूभाग २० देखि ४० डिग्रीसम्म भिरालोपना रहेको छ जसमा ६२.१८ प्रतिशत भूभाग रहेको छ। १० डिग्रीभन्दा कम भिरालो भूभाग ८.४६ प्रतिशत छ भने ४० देखि ६० डिग्रीको भूभाग पनि करीब १५ प्रतिशत छ। यस्तै ७० डिग्रीभन्दा माथीको भुभाग समेत ०.०१ प्रतिशत रहेको छ। गाउँपालिकाको भिरालोपनाको अवस्था तालिका नं. ३ मा देखाइएको छ।

### २.६ मोहडा

गाउँपालिकाको धेरैजसो भूभाग दक्षिणतिर फर्किएको छ । यसमध्ये दक्षिण र दक्षिण पश्चिम मोहडा तर्फको क्षेत्रफल मात्र करीब ३५ प्रतिशत छ । समथर भूभाग ४ प्रतिशतको हाराहारी छ भने दक्षिण पश्चिम भूभाग १९ प्रतिशत जति छ । गाउँपालिकाको भूभागको मोहडा सम्बन्धी विवरण तालिका नं. ४ र नक्सा नं. ४ मा छ ।

**तालिका नं. ४ : मोहडा**

| मोहडा | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| समथर | ६।७७ | ४।६९ |
| उत्तर मोहडा | १३।१९ | १७।७ |
| उत्तर पुर्वी मोहडा | १८।२ | १२।६ |
| पुर्वी मोहडा | २५।५ | ९।१३ |
| दक्षिण पुर्वी मोहडा | १२।२२ | ८।४६ |
| दक्षिण मोहडा | १४।१४ | ९।७९ |
| दक्षिण पश्चिम मोहडा | २०।३२ | १४।१ |
| पश्चिम मोहडा | २१।८५ | १५।१ |
| उत्तर पश्चिम मोहडा | १२।२५ | ८।४८ |
| प्रतिशत | १४४।४४ | १०० |

**स्रोतः जिआइएस नक्शा, २०७६**

### २.७ प्राकृतिक सम्पदा

यस गाउँपालिकामा रहेका खेतीयाग्य जमिन, वनजे ङगल् , जडिबुटी र पानीका स्रोत नै प्रमुख प्राकृतिक सम्पदाहरू हुन् । प्राकृतिक रुपमा लिब्जु भुब्जु, सातसल्ले शहिदपार्क, पाँचकन्या, स्वालेवा पार्क लागयत धार्मिक तथा प्राकृतिक गुफाहरु, प्राकृतिक पोखरीहरु, बहुमूल्य गैरकाष्ठ वनपैदावर तथा हिमाली जडीबुटीहरु, विभिन्न बर्षभरि पानी बग्ने खोला खोल्साहरु, विभिन्न प्रजातिका जंगली जनावर तथा पंक्षीहरु, दर्जनौ धार्मिक सांस्कृतिक महत्वका मठ, मन्दिर, देवीथान, गुम्बा,चर्चहरुसहित  बहुसांस्कृतिक सम्पदा सम्पन्न गाउँपालिका हो ।

### २.८ साँस्कृतिक उत्कृष्टता

धार्मिक सांस्कृतिक महत्वका मठ, मन्दिर, देवीथान, गुम्बा, चर्चहरुसहित बहुसांस्कृतिक सम्पदा सम्पन्न गाउँपालिका हो। मोलीमा अवस्थित पाँचकन्या, लिब्जु, स्वालेवा साँस्कृतिक पार्क, हर्कपुर शिवमन्दिर, लगायत क्षेत्र मुख्य हुन्। अन्य क्षेत्रको तुलना र यस गाउँपालिकाको विशेषताको हिसाबले राई संस्कृति एक उत्कृष्ट पक्ष रहेको छ ।

## २.९ हावापानी तथा जलवायु

समुद्री सतहबाट २७५ देखि २१९८ मिटरसम्मको उचाइमा अवस्थित यस मानेभन्ज्याङ गाउँपालिकामा ३ प्रकारको विविधतायुक्त हावापानी पाइन्छ। वार्षिक औसत वर्षा ११५५ देखि १६७० मी.मी. सम्म हुने गर्छ भने अधिकतम तापक्रम ३२ डिग्री से. न्युनतम ३ डिग्री र औसत १२ डिग्री देखि १६ डिग्री से. सम्म हुने गर्छ। समुद्री सतहबाट उचाइको आधारमा हावापानी तथा जलवायुको विवरण यस प्रकार रहेको छ।

### क) उष्ण मौसमी हावापानी

समुद्री सतहको १२०० मी.को उचाइसम्म यस प्रकारको हावापानी पाइन्छ। कम उचाइका कारण ग्रीष्म ऋतुमा यहाँको तापक्रम २० डिग्रीमाथि सेल्सियससम्म पुग्ने गर्दछ भने हेमन्त ऋतुमा ९ डिग्रीसम्म झर्छ भने औसत १२ देखि १६ डिग्रीसम्म रहन्छ। मनसुनी वायुको प्रभावले १५०० देखि १६०० मिलीमिटरसम्म औसत वर्षा हुने गर्छ। सुनकोशी, दुधकोशी र मोलुङ्ग खोलाको तल्लो तटवर्ती इलाकामा गर्मी प्रकारको हावापानी पाइन्छ। उष्ण मौसम पाइने यस गाउँपालिकाको उचाइको भूभाग ०.४६ प्रतिशत रहेको छ।

### ख) उपोष्ण हावापानी

समुद्री सतहको १२०० देखि २१०० मी.को उचाइसम्म यस प्रकारको हावापानी पाइन्छ। यसको तल्लो भागमा केही गर्मी र माथिल्लो भागमा केही ठण्डा हावापानी पाइन्छ। उपोष्ण मौसम पाइने यस गाउँपालिकाको उचाइको भूभाग २२.२३ प्रतिशत रहेको छ।

### ग) सम-शितोष्ण हावापानी

समुद्री सतहको २१०० देखि ३३०० मी.को उचाइसम्म यस प्रकारको हावापानी पाइन्छ। यसको माथिल्लो भागमा केही ठण्डा र हिउँदमा बढी चिसो हुने गर्छ। समशितोष्ण मौसम पाइने यस गाउँपालिकाको उचाइको भूभाग आयभन्दा बढी रहेको छ।

## २.१० विकासका सम्भावनाहरु

गाउँपालिकाभित्र पहिचान भएका प्राकृतिक स्रोतहरूको उपयोग गरेर नै यस गाउँपालिकालाई समृद्ध बनाउन र गाउँपालिकावासीको आय आर्जन बृद्धि गर्न सकिन्छ। यस अन्तर्गत व्यावसायिक कृषि, तरकारी, पशुपालन मार्फत आफ्ना उत्पादनहरू गाउँपालिकाबाहिर पठाउन सकिन्छ । यसैगरी गाउँपालिकाभित्रका पर्यटकीय स्थलहरूको पहिचान गरी सम्भावित पर्यटकीय स्थलहरूको विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरू भित्र्याइं पर्यटन व्यवसाय मार्फत गाउँपालिका वासीको आयआर्जन बृद्धि गर्न सकिन्छ ।

यसैगरी जडीबुटीको व्यावसायिक खेती तथा जलस्रोत पनि गाउँपालिकाका विकासका सम्भावनाका रूपमा देखिएका छन् । यी सम्भावनाहरूलाई यथार्थमा परिणत गर्नका लागि गाउँपालिकाभित्र सडक, पुल, बिद्युत, सिंचाई जस्ता पूर्वाधारहरूको विकास गर्न जरुरी छ ।

## २.११ गार्हस्थ उत्पादन

मानेभन्ज्याङगाउँपालिकाको कूल गार्हस्थ उत्पादन भन्नाले यसको भूभागभित्र एक वर्षमा उत्पादन भएका समग्र वस्तु तथा सेवाको बजार मूल्य भन्ने बुझिन्छ। कूल घरेलु उत्पादन एउटा अर्थ व्यवस्थाको आर्थिक प्रदर्शनको भरपर्दो मापन हो । स्थानीयदेखि केन्द्रसम्म प्रत्येक परिवार, वस्ती, समुदाय वडामा उत्पादन भएका वस्तु सेवाको अभिलेख राख्ने प्रणाली व्यवस्थित नभएको कारण गाउँपालिका अनुसार गार्हस्थ उत्पादन निकाल्न सकिने अवस्था हुँदैन। घरधुरी सर्वेक्षणमा प्रत्येक परिवारबाट लिइएको कृषि तथा गैर कृषि क्षेत्रबाट प्राप्त हुने वार्षिक आम्दानीलाई आधार मान्दा गाउँपालिकाको गार्हस्थ आम्दानी करिब १ अर्व १८ करोड ३२ हजार र प्रति व्यक्ति सरदर आय रु. ६० हजार २ सय भन्दा बढी हुने देखिन्छ । तर सोधिएका प्रश्नावलीको सही उत्तर नदिई कर लगाइने वा अन्य कुनै डरका कारणले उत्तरदाताले सूचना लुकाउने बानीको कारण सोही ग्राहस्थ उत्पादनलाई अन्तिम मान्न सकिने अवस्था भने रहँदैन ।

# पारिवारिक तथा जनसंख्या विवरण

## ३.१ जनसंख्या


वि.स. २०७८ को जनगणना अनुसार मानेभन्ज्याङ गाउँपालिकाको कुल जनसंख्या १९ हजार ५९७ जना रहेका छन् । जसमध्ये पुरुष ९ हजार ३८० जना र महिला १० हजार २१७ जना रहेका छन् । प्रतिशतमा हेर्दा महिला ५२ दशमलव १३, पुरुष ४७ दशमलव ८६ प्रतिशत रहेको छ  । यस गाउँपालिकामा पुरुष भन्दा महिलाका संख्यो करीव ४.२७ प्रतिशत बढी रहेको छ । जनसंख्याको विवरणको तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५ : जनसंख्या विवरण**

| | **कुल जनसंख्या** | **प्रतिशत** |
|---|---|---|
| पुरुष | 9380 | 47.86 |
| महिला | 10217 | 52.13 |
| **जम्मा** | 19597 | 100 |

स्रोतः घरधुरी सर्वेक्षण, २०७६

**चित्र नं १** जन




## ३.२ वडागत जनसंख्या वितरणको आस्था


घरधुरी सर्वेक्षण, २०७६ अनुसार यस गाउँपालिकामा ४ हजार ७८५ घरधुरी रहेका छन् । सबैभन्दा बढी घरधुरी वडा नं. ३, दोस्रोमा वडा नं. ४ र तेस्रोमा वडा नं. ६ रहेको छ भने सबैभन्दा कम घरधुरी

वडा नं. ८ मा रहेको छ। यस्तै जनसंख्याको हिसाबमा हेर्ने हो भने सबैभन्दा बढी वडा न. ३, दोस्रोमा वडा नं. ६ र तेस्रोमा वडा नं. ५ रहेको छ। यसरी हेर्दा वडा नं ८ मा सवैभन्दा कम जनसंख्या रहेको पाइन्छ। यस गाउँपालिकाको औसत परिवार संख्या ५ दशमलव ७ जना रहेका छ। यस गाउँपालिकाको वडागत जनसंख्या वितरणको विवरण तालिका नं. ६ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ६ वडागत जनसंख्या वितरण**

| वडा नं. | घरधुरी | महिला जनसंख्या | पुरुष जनसंख्या | जम्मा |
|---|---|---|---|---|
| १ | ४७८ | १४०९ | १४८९ | २८९८ |
| २ | ५५७ | १६१८ | १७११ | ३३२९ |
| ३ | ७९८ | २२६० | २३८५ | ४६४५ |
| ४ | ६८० | १७२२ | १७३५ | ३४५७ |
| ५ | ६५० | १७८८ | १८९७ | ३६८५ |
| ६ | ५७४ | १९८५ | १९२० | ३८१५ |
| ७ | ३५७ | ९४० | ९५० | १८९० |
| ८ | २८९ | ७६४ | ७७१ | १५३५ |
| ९ | ५६८ | १४५२ | १४७० | २९२२ |
| **जम्मा** | **४९५१** | **१३९६९** | **१४१८६** | **२८१५५** |
| **प्रतिशत** | | **४९।३६** | **५०।६५** | **१००** |
| **औशत परिवार सख्यां** | | | **५।७ जना** | |

**स्रोतः घरधुरी सर्वेक्षण, २०७६**




चित्र नं. २ : वडागत जनसंख्या वितरण

### ३.३ साविक वडागत घरपरिवार विवरण

विगतको तथ्याङ्कको सम्पूर्ण विवरणहरू साविक वडागत रूपमा हुने भएकोले पुनःसंरचनापछिको व्यवस्था अनुसार मात्र नभई साविकको संरचना अनुसार पनि राख्नुपर्ने हुन्छ । यस गाउँपालिकामा साविक रहेका टोक्सेल गाविसलाई २ वटा वडामा विभाजन गरिएको छ भने टोक्सेलको १, २, ३, ४ र ७ छ भने ५, ६, ८, ९ गरी ४ वटा वडा मिलाएर गाभेर वडा नं ८ राघवपुर कायम गरिएको छ । यसरी यस गाउँपालिका अन्तर्गत पर्ने वडामा पर्ने साविक वडागत घरधुरी संख्या र जनसंख्या विवरण उल्लेख गरिएको छ। गाउँपालिकाको साविक वडागत घरधुरी र जनसंख्या वितरणको विवरण तालिका नं. ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७ : साविक वडागत घरपरिवार विवरण**

| समावेश भएका साविक गाविस तथा न.पा. | नयाँ वडा | साविक वडा नं. | जनगणना २०७८ | |
|---|---|---|---|---|
| | | | घरधुरी संख्या | जनसंख्या जम्मा |
| मोली | १ | वडा नं नं १ देखी ९ | ४०९ | १९०१ |
| वाक्सा | २ | वडा नं नं १ देखी ९ | ४५६ | २१७७ |
| उुँबु | ३ | वडा नं १ देखी ९ | ७२५ | ३०५० |
| केतुके | ४ | वडा नं १ देखी ९ | ६७५ | २८८४ |
| मानेभन्ज्याङ | ५ | वडा नं नं १ देखी ९ | ६२३ | ३०७९ |
| थाक्ले | ६ | वडा नं नं १ देखी ९ | ५५२ | २८२८ |
| टोक्सेल | ७ | वडा नं १, २, ३, ४ | ३३३ | १५९७ |
| (टोक्सेल) राघवपुर | ८ | वडा नं ५, ६, ७, ८, ९ | २५५ | १०९१ |
| माधवपुर | ९ | वडा नं १ देखी ९ | ५०० | २४६७ |
| **जम्मा** | | | **४७८५** | **२१०७४** |

**स्रोतः घरधुरी सर्वेक्षण, २०६८**

### ३.४ जनसंख्या वितरणको अवस्था

राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकामा समावेश भएका साविक ८ वटा गाविसहरूको जनसंख्या २१ हजार ८२ रहेको थियो भने घरधुरी सर्वेक्षण, २०७६ अनुसार ४ हजार ९५१ घरधुरी र जनसंख्या ७०९४ वृद्धि भई २८ हजार १७६ जनसंख्या कायम भएको छ । यसरी ७ वर्षमा घरधुरी करीव ४६१८ बाट बृद्धि भई ४९५१ रहेको छ भने ३.४२ प्रतिशत घर धुरी र जनसंख्या २१०७४ बाट बृद्धि भई २७७७६ पुगेको छ भने ३१.८ प्रतिशत वृद्धि भएको छ जसलाई तालिका नं. ८ मा तुलना गरिएको छ ।

## तालिका नं. ८ : जनसंख्याको तुलनात्मक विवरण

| समावेश भएका साविक गाविस | नयाँ वडा | साविक वडा नं. | जनगणना २०६८ | | घरधुरी सर्वेक्षण २०७६ | |
|---|---|---|---|---|---|---|
| | | | घरधुरी संख्या | जनसंख्या जम्मा | घरधुरी सं. | जनसंख्या जम्मा |
| मोली | १ | वडा नं नं १ देखी ९ | ४०९ | १९०१ | ४७८ | २८९८ |
| वाक्सा | २ | वडा नं नं १ देखी ९ | ४५६ | २१७७ | ५५७ | ३३२९ |
| उुंबु | ३ | वडा नं १ देखी ९ | ७२५ | ३०५० | ७९८ | ४६४५ |
| केतुके | ४ | वडा नं १ देखी ९ | ६७५ | २८८४ | ६८० | ३४५७ |
| मानेभन्ज्याङ | ५ | वडा नं नं १ देखी ९ | ६२३ | ३०७९ | ६५० | ३६८५ |
| थाक्ले | ६ | वडा नं नं १ देखी ९ | ५५२ | २८२८ | ५७४ | ३८१५ |
| टोक्सेल | ७ | वडा नं १, २, ३, ४ | ३३३ | १५९७ | ३५७ | १८९० |
| (टोक्सेल) राघवपुर | ८ | वडा नं ५, ६, ७, ८, ९ | २५५ | १०९१ | २८९ | १५३५ |
| माधवपुर | ९ | वडा नं १ देखी ९ | ५०० | २४६७ | ५६८ | २९२२ |
| **जम्मा** | | **जम्मा** | ४६१८ | **२१०८२** | **४९५१** | **२८१७६** |

**स्रोतः राष्ट्रिय जनगणना, २०६८ र घरधुरी सर्वेक्षण, २०७६**

### ३.५ उमेरको आधारमा जनसंख्या विवरण


उमेर अनुसारको जनसंख्याको विश्लेषण गर्न जनसंख्याको उमेरलाई १ देखि ४ वर्ष, ५ देखि ९ वर्ष, १० देखि १४ वर्ष, १५ देखि २४ वर्ष, २५ देखि ४५ वर्ष, ४६ देखि ५९ वर्ष, ६० देखि ६९ वर्ष तथा ७० वर्षमाथि गरी ८ समूहमा विभाजन गरिएको छ। सर्वेक्षणबाट प्राप्त विवरण अनुसार गाउँपालिकाको उमेर अनुसार जनसंख्या विवरण तालिका नं. ९ मा प्रस्तुत गरिएको छ।

## तालिका नं. ४ : उमेरको आधारमा जनसंख्या विवरण

| वडा नं. | १ देखि ४ वर्ष | ५-९ वर्ष | १०-१४ वर्ष | १५-२४ वर्ष | २५-४५ वर्ष | ४६-५९ वर्ष | ६०-६९ वर्ष | ७० वर्ष भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २२० | ३३० | ४५९ | ७५० | ६४९ | २९१ | ८४ | ११५ | २८९८ |
| २ | २५७ | २८२ | २६९ | ९६० | ७३४ | ४८३ | १९८ | १४६ | ३३२९ |
| ३ | २२५ | ४५० | ७७२ | १२४८ | ९६७ | ४६२ | ३४२ | १७९ | ४६४५ |
| ४ | २२९ | ४०५ | ५७२ | ९४६ | ७४८ | ३४४ | १८६ | २७ | ३४५७ |
| ५ | २०५ | ३७२ | ७४४ | ९३९ | ६९७ | ३९३ | २४२ | ९३ | ३६८५ |
| ६ | २५३ | २५९ | ५८० | ९७८ | ८९२ | ४९२ | २५६ | १०५ | ३८१५ |
| ७ | १२१ | ३२६ | २६२ | ४५६ | ४७४ | १५४ | ४२ | ५५ | १८९० |
| ८ | ९६ | १८० | २२६ | ३६३ | ३५७ | १०५ | १३८ | ७० | १५३५ |
| ९ | १४९ | २९४ | ५४७ | ८५१ | ८३७ | ८६ | ३५ | १२३ | २९२२ |
| **जम्मा** | **१७५५** | **२८९८** | **४४३१** | **७४९१** | **६३५५** | **२८१०** | **१५२३** | **९१३** | **२८१७६** |
| **प्रतिशत** | **६.२२८७** | **१०.२८५** | **१५.७२६** | **२६.५८६** | **२२.५५५** | **९.९७३** | **५.४०५३** | **३.२४०३** | **१००** |

**स्रोतः घरधुरी सर्वेक्षण, २०७६**

**चित्र . ४ : उमेरको आधारमा जनसंख्या विवरण**




### ३.६ मातुभाषाको आधारमा जनसंख्या विवरण

गाउँपालिकामा बसोबास गर्ने नागरिकहरू मातृ भाषाको आधारमा हेर्दा नेपाली खस पर्वते/नेपाली भाषा, राई भाषा, गुरुङ्ग भाषा, तामाङ भाषा, नेवारी भाषा, भुजेल भाषा र मगर भाषा गरी ६ वटा भाषा बोल्ने गरेका छन् । भाषागत बाहुल्य हेर्दा सबैभन्दा बढी नेपाली राई भाषा ४०.७९ प्रतिशत, दोश्रोमा खस पर्वते नेपाली भाषा, ३४.२३, तेश्रोमा मगर भाषा वोल्ने १५.७६ प्रतिशत रहेका छ। बाँकी भाषामा क्रमशः तामाङ, नेवारी र भुजेल भाषी रहेका छन् । अत जातिगत भाषा वोले पनि यस पालिकाभित्र रहेका सवै नागरिकहरुले नेपाली खस पर्वते भाषा वोल्न वुझ्न सक्छन् । भाषागत रुपमा हेर्दा जातजाति अनुसारको शत प्रतिशतले आफनो  भाषा वोल्ने गरेको पाइएन् । भाषा वोल्नेहरुको संख्या पछिल्लो पिढिमा क्रमस ह्रास  हुँदै गएको छ। यस गाउँपालिका मातृभाषाका आधारमा जनसंख्यो विवरण तालिका नं. १० मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १० : मातृभाषाको आधारमा जनसंख्या विवरण**

| वडा | खस,पर्वते भाषा/नेपाली भाषा | राई | मगर | तामाङ | नेवारी भाषा | भुजेल भाषा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५७९ | १३६७ | ६४८ | ० | २९६ | ८ | २८९८ |
| २ | ३३२९ | ० | ० | ० | ० | ० | ३३२९ |
| ३ | ४६८ | ४०१९ | ० | १२७ | १३ | १८ | ४६४५ |
| ४ | ६२४ | ११६९ | १९८ | १४२९ | ८ | २९ | ३४५७ |
| ५ | ४५१ | २०६५ | ७१० | २० | ४३९ | ० | ३६८५ |
| ६ | ७७१ | २२८१ | ७६३ | ० | ० | ० | ३८१५ |
| ७ | १७२२ | ७६ | ४७ | ३८ | ० | ७ | १८९० |
| ८ | ४०५ | २७५ | ८२५ | १५ | १५ | ० | १५३५ |
| ९ | १२९५ | २४१ | १२३० | ० | १४३ | १३ | २९२२ |
| **जम्मा** | **९६४४** | **११४९३** | **४४२१** | **१६२९** | **९१४** | **७५** | **२८१७६** |
| **प्रतिशत** | **३४.२३** | **४०.७९** | **१५.६९** | **५.७८** | **३.२४** | **०.२७** | **१००.००** |

**स्रोतः घरधुरी सर्वेक्षण, २०७६**




**३.७ धर्म अनुसार जनसंख्या विवरण**

यस गाउँपालिकामा मुख्यतः ४ वटा धर्म मान्नेहरु पाइन्छ। किराँत धर्म मान्नेहरूको संख्या सवै भन्दा बढी ४८.२१ प्रतिशत देखिन्छ भने दोश्रोमा हिन्दु धर्म मान्नेहरुको प्रतिशत ४६.२९ रहेको छ। यस्तै बौद्ध धर्म मान्नेको प्रतिशत पनि ३.४३ र क्रिश्चियन धर्मवालम्विको प्रतिशत २.०७ रहेको छ। पालिकामा रहेका मध्ये तामाङ र मगर जातिले वौद्ध धर्म मान्ने गरेको पाइन्छ भने राईहरुले किराँत र केही राई र अन्य जातिहरु क्रिश्चियन मान्ने गरेको छ। यस्तै गरी खस भाषी वाहुन, क्षेत्री, नेवार, र दलित भनिएका वर्ग र अन्य जातिहरुले हिन्दु धर्म मान्ने गरेको पाइन्छ। केही मात्रामा अन्य सवै जातजातिहरुले क्रिश्चियन धर्म मान्नेहरू पनि गाउँपालिकामा रहेका छन्। घरधुरी सर्वेक्षणबाट प्राप्त विवरण अनुसार


यस गाउँपालिका` धर्मका आधारमा जनसंख्या विवरण तालिका नं. ११ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११ : धर्म अनुसार जनसंख्या विवरण**

| वडा नं. | हिन्दु | बौद्ध | किराँत | क्रिश्चियन | जम्मा |
|---|---|---|---|---|---|
| १ | १५२६ | ७ | १३०६ | ५९ | २८९८ |
| २ | २१६० | ६२ | १०८१ | २६ | ३३२९ |
| ३ | ४७२ | १३४ | ३८१७ | २२२ | ४६४५ |
| ४ | १९१५ | ९६ | १३७२ | ७४ | ३४५७ |
| ५ | ९४० | ६४७ | २०६५ | ३३ | ३६८५ |
| ६ | १५०७ | ६ | २२५४ | ४८ | ३८१५ |
| ७ | १३८३ | १५ | ४८३ | ९ | १८९० |
| ८ | १२६५ | ० | १७३ | ९७ | १५३५ |
| ९ | १९१९ | ३ | ९७८ | २२ | २९२२ |
| जम्मा | १३०८७ | ९७० | १३६२९ | ५८४ | २८१७६ |
| प्रतिशत | ४६।२९ | ३।४३ | ४८।२१ | २।०७ | १०० |

**स्रोत: घरधुरी सर्वेक्षण, २०७६**

**चित्र नं.५ : धर्म अनुसार जनसंख्या विवरण**



### ३.८ जातिगत आधारमा जनसंख्या विवरण


यस गाउँपालिकामा १२ जातिहरूको बसोबास रहेको देखिन्छ। गाउँपालिका भरिमा सबैभन्दा बढी जनसंख्या राई जाति ४६ प्रतिशत र सवै भन्दा कम जनसंख्या गुरुङ समुदायको ०.२ प्रतिशत रहेको छ। दोश्रोमा मगर १४.८ र तेश्रोमा क्षेत्री १३.६ प्रतिशत रहेको छ। यसै गरी पाचौंमा तामाङ, पाँचौमा बाह्मण, छैटौमा नेवार, सातौमा विश्वकर्मा, आठौमा सार्की, नवौमा माझी, दशौमा परियार, एघारौमा भुजेल र वाहौमा गुरुङ्ग रहेको छ। यस गाउँपालिको जातिगत आधारमा घरधुरी विवरण तालिका नं. १२ मा प्रस्तुत गरिएको छ।

<u>तालिका नं. १२ : जातिगत आधारमा जनसंख्या विवरण</u>

| वडा नं. | राई | गुरुङ | तामाङ | नेवार | परियार | भुजेल | मगर | विश्वकर्मा | क्षेत्री | ब्रामहण | सार्की | माझी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १३६७ | ० | ० | २८६ | २४ | ७ | ६४८ | ७१ | ४४४ | ५१ | ० | ० | २८९८ |
| २ | ११३३ | ० | ६५ | १३६ | १११ | १६ | ० | १०८ | १६२० | ८१ | ५९ | ० | ३३२९ |
| ३ | ३९३९ | ० | ११५ | १४० | ८ | ३३ | ० | १५१ | २०१ | ७ | ५१ | ० | ४६४५ |
| ४ | ११४८ | ० | १४२७ | ० | ६२ | ५९ | १९० | २०० | २९० | ४ | ७७ | ० | ३४५७ |
| ५ | २०६५ | ० | २० | १६३ | २१ | ० | ७८० | ८३ | ४३३ | १२० | ० | ० | ३६८५ |
| ६ | २४१९ | ५६ | ० | १५ | ६७ | ० | ४०९ | १०९ | ४१५ | ३२५ | ० | ० | ३८१५ |
| ७ | ९३ | ० | ११ | २२८ | २० | ० | १५३ | १८१ | ९२ | ९०१ | ० | २११ | १८९० |
| ८ | २१८ | ४ | ० | २२ | ४३ | ० | ७७९ | ३३ | १२१ | २२१ | ९४ | ० | १५३५ |
| ९ | ६९१ | ० | ४ | २५७ | ४६ | २० | ११९८ | १९९ | २१३ | २७ | २४७ | २० | २९२२ |
| **जम्मा** | **१३०७३** | **६०** | **१६४२** | **१२४७** | **४०२** | **१३५** | **४१५७** | **११३५** | **३८२९** | **१७३७** | **५२८** | **२३१** | **२८१७६** |
| **प्रतिशत** | **४६** | **०.२** | **५.८** | **४.४** | **१.४** | **०.५** | **१४.८** | **४.०३** | **१३.६** | **६.१६** | **१.९** | **०.८** | **१००** |

<u>तालिका नं. १२ : जातिगत आधारमा जनसंख्या विवरण</u> **स्रोतः घरधुरी सर्वेक्षण, २०७६**

चित्र नं. ६ : जातिगत आधारमा जनसंख्या विवरण





## ३.९ जातिगत आधारमा घरधुरी विवरण

यस गाउँपालिकामा जातिगत रूपमा घरधुरी छुट्टै रूपमा विवरण तयार गरिएको छ। जातिगत रूपमा घरधुरी हेर्दा १२ जातिहरूको बसोबास रहेको देखिन्छ। गाउँपालिका भरिमा सबैभन्दा बढी राई जातिको घरधुरी ४४.४४ प्रतिशत, दोश्रोमा मगर जाति १६ प्रतिशत र तेश्रोमा क्षेत्री जाति ११ प्रतिशत रहेका छन् भने सबैभन्दा कम गुरुङ्ग ०.२ प्रतिशत रहेको छन् भने यो जाति वडा नं ४ र ८ मा रहेको छ। यस्तै गरी मगर जाति वडा नं १, ४, ५, ६, ७, ८ र ९ र ७ मा मात्र रहेको छ भने क्षेत्री जाति वडा नं ८ भन्दा बाहेक सबै वडामा रहेको पाइन्छ। यस गाउँपालिको जातिगत आधारमा जनसंख्या विवरण तालिका नं. १३. मा प्रस्तुत गरिएको छ।

<u>तालिका नं.१३ : जातिगत आधारमा घरधुरी विवरण</u>

| वडा नं. | राई | गुरुङ | तामाङ | नेवार | परियार | भुजेल | मगर | विश्वकर्मा | क्षेत्री | ब्रामहण | सार्की | माझी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २३० | ० | ० | ४८ | २ | १ | ११४ | १० | ६७ | ५ | १ | ० | ४७८ |
| २ | १७५ | ० | ९ | २७ | १९ | ४ | ० | २० | २८० | ८ | १५ | ० | ५५७ |
| ३ | ६८९ | ० | २४ | ३ | १ | ५ | ० | २६ | ४० | ३ | ७ | ० | ७९८ |
| ४ | १९९ | १० | २९० | १५ | १३ | १० | ४० | ४४ | ४० | १५ | १७ | ० | ६८० |
| ५ | ४२४ | ० | ० | ७१ | ७ | ० | १०५ | ११ | २२ | १० | ० | ० | ६५० |
| ६ | ३१५ | ० | ० | ० | ९ | ० | १२८ | १८ | ५४ | ४४ | ६ | ० | ५७४ |
| ७ | ९ | ० | २ | ४२ | १३ | ० | २४ | ३० | १६ | १७१ | ७ | ४३ | ३५७ |
| ८ | ४० | १ | १ | ४ | ३ | ० | १८० | ६ | ० | ३४ | २० | ० | २८९ |
| ९ | ११७ | ० | ० | ७० | १० | ५ | २१३ | ३९ | ४० | ११ | ६१ | २ | ५६८ |
| **जम्मा** | **२१९८** | **११** | **३२६** | **२८०** | **६४** | **२५** | **८०४** | **२०४** | **५५९** | **३०१** | **१३४** | **४५** | **४९५१** |
| **प्रतिशत** | **४४।४** | **०।२** | **६।६** | **५।६६** | **१।२९** | **०।५** | **१६** | **४।१२** | **११** | **६।१** | **२।७** | **०।९** | **१००** |

चित्र नं.७ : जातिगत आधारमा घरधुरी विवरण




### ३.१० जातिगत समूहको आधारमा घरधुरी र जनसंख्या विवरण


यस गाउँपालिकामा १२ प्रकारका जातिहरूलाई प्रचलित ३ वटा जातिगत समूहमा वर्गिकरण गरी हेरिएको छ। जसमा दलित, जनजाति र वाहुन क्षेत्री रहेको छन्। यस वर्गिकरण अनुसार दलित समुहको घरधुरी ४७१ र जनसंख्या २५०२ रहेको छ भने प्रतिशत ९.८६ र जनसंख्या दशमलव ९.०१ प्रतिशत रहेका छन्। यसैगरी जनजाति समुहको घरधुरी ३४४०, त्यसको जनसंख्या २०३३६ साथै प्रतिशतमा हेर्दा ७२.०४ घरधुरी र जनसंख्या ७३ दशमलव २१ रहेका छन्। वाहुन क्षेत्री ८६४ घरधुरी र त्यसको जनसंख्या ४९३८ साथै प्रतिशतमा हेर्दा १८.०९ घरधुरी र जनसंख्या १७.७८ प्रतिशत रहेको छ । यसरी हेर्दा यस गाउँपालिकामा सबैभन्दा बढी जनजाति रहेको छ। यस गाउँपालिकाको जातिगत समूहको आधारमा घरधुरी र जनसंख्या विवरण तालिका नं. १४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं.१४ : जातिगत समूहको आधारमा घरधुरी र जनसंख्या विवरण**

| वडा नं. | दलित | | जनजाति | | बाहुन क्षेत्री | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या |
| १ | १३ | १०२ | ३९३ | २२५० | ७२ | ५४६ | ४७८ | २८९८ |
| २ | ५८ | २९६ | २१३ | १३३४ | २८६ | १६९९ | ५५७ | ३३२९ |
| ३ | ३९ | २४३ | ७१६ | ४१९४ | ४३ | २०८ | ७९८ | ४६४५ |
| ४ | ११५ | ३९८ | ५१० | २७६५ | ५५ | २९४ | ६८० | ३४५७ |
| ५ | ३३ | १७५ | ४८६ | ३२५० | १३१ | २६० | ६५० | ३६८५ |
| ६ | २७ | २४५ | ४४३ | ३०९५ | १०४ | ४७५ | ५७४ | ३८१५ |
| ७ | ८६ | ४१२ | ७७ | ४८५ | १९४ | ९९३ | ३५७ | १८९० |
| ८ | ३७ | २१५ | १९७ | १०८५ | ५५ | २३५ | २८९ | १५३५ |
| ९ | ११७ | ५३२ | ४०० | २१५० | ५१ | २४० | ५६८ | २९२२ |
| **जम्मा** | **४७१** | **२५०२** | **३४४०** | **२०३३६** | **८६४** | **४९३८** | **४९५१** | **२८१७६** |
| **प्रतिशत** | **९.८६** | **९.०१** | **७२.०४** | **७३.२१** | **१८.०९** | **१७.७८** | **१००** | **१००** |

स्रोतः घरधुरी सर्वेक्षण, २०७६

**चित्र नं. ८, जातिगत समूहको आधारमा घरधुरी र जनसंख्या**




### ३.११ लैङ्गिक आधारमा घरमुलीको विवरण


गाउँपालिकामा रहेको ४९५१ घरधुरीमा ३७८६ अर्थात् ७९ दशमलव २९ प्रतिशत पुरुष घरमुली रहेका छन् । यसैगरी ९८४ घरधुरी अर्थात् २० दशमलव ६१ प्रतिशत महिला घरमुली रहेका छन् । सर्वेक्षणवाट आएको तथ्याँक अनुसार जनसंख्या पुरुषको वढि देखिए भने जसमा ४९.३६ प्रतिशत जनसंख्या भएको महिलाहरुमा घरमुलीको स्वामित्व २०.६१ प्रतिशत रहेको छ भने ५०.६५ प्रतिशत जनसंख्या रहेको पुरुषको घरमुली स्वामित्व ७९.२९ प्रतिशत रहेको पाइन्छ । अन्य घरदुरी ५ र प्रतिशतमा हेर्दा ०.१० रहेको पाइएको छ । सर्वेक्षणबाट प्राप्त यस गाउँपालिकाको लैङ्गिक आधारमा घरमुलीको विवरण तालिका नं. १५ मा प्रस्तुत गरिएको छ ।

## तालिका नं.१५ : लैङ्गिक आधारमा घरमुलीको विवरण

| वडा नं | पुरुष घरधुरी | महिला घरधुरी | अन्य घरधुरी | जम्मा घरधुरी |
|---|---|---|---|---|
| १ | ३८४ | ९४ | ० | ४७८ |
| २ | ४४४ | ११३ | ० | ५५७ |
| ३ | ५६१ | २३७ | ० | ७९८ |
| ४ | ५३९ | १३५ | २ | ६८० |
| ५ | ४४८ | १९५ | २ | ६५० |
| ६ | ४६३ | ११० | १ | ५७४ |
| ७ | ३१७ | ४० | ० | ३५७ |
| ८ | २२५ | ५६ | ० | २८९ |
| ९ | ४३७ | १३१ | ० | ५६८ |
| **जम्मा** | **३७८६** | **९८४** | **५** | **४९५१** |
| **प्रतिशत** | **७९.२९** | **२०.६१** | **०.१०** | **१००** |

स्रोत: घरधुरी सर्वेक्षण, २०७६

## चित्र नं ९ : लैङ्गिक आधारमा घरमुलीको विवरण



### ३.१२ पेशाका आधारमा जनसंख्या विवरण


सर्वेक्षणका क्रममा सवै उमेर समुहको गरी २८१७६ जनसंख्या मध्ये ७९७२ अर्थात २८.७० प्रतिशत जनसंख्या अध्ययनरत विद्यार्थी रहेको छ भने दोश्रोमा कृषि तथा पशुपालन गर्ने १२४०७ जना अर्थात ४४.६७ प्रतिशत रहेको छ । यस्तै गरी तेश्रोमा ज्याला मजदुरी गर्ने २१२२ अर्थात ७.६४ प्रतिशत रहेको छ । वैदेशिक रोजगारीमा ४.३० प्रतिशत रहेको देखिन्छ । काम गर्न नसक्ने वालक र वृद्ध अनि अध्ययनरतहरुको प्रतिशत करीव ५० प्रतिशत रहेको देखिन्छ भने पालिकामा वेरोजगार हुनेको प्रतिशत पनि ३.८८ रहेको छ । यसै गरी गृहिणीको प्रतिशत २.८७ रहेको छ भने नोकरी जागिर खानेहरुको संख्या अति न्युन अर्थात ५.३६ रहेको छल। पालिका भित्रमा १ जना हालसम्म वेपत्ता रहेको छ। यस गाउँपालिकाको पेसाको आधारमा जनसंख्या विवरण तालिका नं. १६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १६ : पेशाका आधारमा जनसंख्या विवरण**

| वडा नं. | उद्योग/ व्यवसाय | कृषि/ पशु | गृहणी | नोकरी | मजदुरी | विद्यार्थी | वेरोजगार | वैदेशिक | अन्य | जम्मां. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७१ | १०५१ | ३०७ | १४९ | ३७१ | ८०८ | २३ | २९ | ८९ | २८९८ |
| २ | ५२ | १३६२ | १३७ | २६६ | २६० | ९१९ | ९३ | ६६ | १७४ | ३३२९ |
| ३ | ९३ | १८६७ | ३१६ | १९८ | २५४ | १२४१ | १९५ | १९२ | २८९ | ४६४५ |
| ४ | ६१ | १५२७ | १०४ | १७६ | २२५ | १२१५ | १ | ३२ | ११६ | ३४५७ |
| ५ | ९४ | १५५० | १७ | १३६ | ४९८ | ११०७ | ५० | २२२ | ११ | ३६८५ |
| ६ | ६३ | २०१४ | ४६ | १९७ | १७१ | ९९६ | ७३ | २३४ | २१ | ३८१५ |
| ७ | ८७ | ८४३ | ३८ | २६८ | ५५ | ४२० | ४५ | १०३ | ३१ | १८९० |
| ८ | २३ | ५७८ | ६६ | ५४ | ९३ | ३७६ | ३० | २९६ | १९ | १५३५ |
| ९ | ४६ | १४०० | ५ | १६१ | १९५ | ८९० | १० | १८० | ३५ | २९२२ |
| **जम्मा** | **५९०** | **१२१९२** | **१०३६** | **१६०५** | **२१२२** | **७९७२** | **५२०** | **१३५४** | **७८५** | **२८१७६** |
| **प्रतिशत** | **२.०९** | **४३.२७** | **३.६८** | **५.७०** | **७.५३** | **२८.२९** | **१.८५** | **४.८१** | **२.७९** | **१००** |

स्रोतः घरधुरी सर्वेक्षण, २०७६

## चित्र नं १० : पेशागत आधारमा जनसंख्याको विवरण




### ३.१३ आर्थिक रुपले सक्रिय जनसंख्या विवरण


मानिसहरूले खपत गर्ने सामान र सेवा उत्पादन गर्नसक्ने जनसंख्यालाई आर्थिक रूपले सक्रिय जनसंख्या भनेर पारिभाषित गरिएको छ । तर को व्यक्ति सक्रिय हो वा को होइन भनी निर्धारण गर्न निकै कठिन छ । नेपालको फरकफरक राष्ट्रिय जनगणनामा विभिन्न आधार लिई सक्रिय जनसंख्याको आकार निर्धारण गरिएको देखिन्छ । तसर्थ यहाँको सन्दर्भमा १५ वर्षदेखि ५९ वर्षसम्मको उमेरलाई आर्थिक रूपमा सक्रिय जनसंख्याको रूपमा लिइएको छ । जसअनुसार यहाँ ६७ दशवलव ६१ प्रतिशत जनसंख्या आर्थिक रूपमा सक्रिय देखिन्छ भने निस्कृय जनसंख्या ३२.२८ प्रतिशत रहेको छ । आर्थिक रुपमा सकृय जनसंख्या भए पनि सो उमेर समुहका आर्थिक उपार्जन गर्न श्रम, समय र शीपको अभावको कारण व्यवहारिक भएको छैन । लैङ्गिक रूपमा हेर्दा आर्थिक रूपमा सक्रिय महिला भन्दा पुरुषहरूको संख्या बढी रहेको छ । आर्थिक रूपमा सक्रिय जनसंख्याको विवरण तालिका नं. १७ मा प्रस्तुत गरिएको छ ।

## तालिका नं.१७ : आर्थिक रुपले सक्रिय जनसंख्या विवरण

| वडा नं. | आर्थिक रुपमा सक्रिय जनसंख्या | | | आर्थिक रुपले निष्कृय जनसंख्या | | | कुल संख्या |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| १ | ७३४ | ११५० | १८८४ | ५२४ | ४९० | १०१४ | २८९८ |
| २ | ८१८ | १५८० | २३९८ | ५३० | ४०१ | ९३१ | ३३२९ |
| ३ | १२६८ | १९३९ | ३२०७ | ७८२ | ६५६ | १४३८ | ४६४५ |
| ४ | ९६१ | १२४७ | २२०८ | ६५१ | ५९८ | १२४९ | ३४५७ |
| ५ | १०५३ | १३७६ | २४२९ | ६८२ | ५७४ | १२५६ | ३६८५ |
| ६ | ११३७ | १४४९ | २५८६ | ६५४ | ५७५ | १२२९ | ३८१५ |
| ७ | ५५९ | ६५४ | १२१३ | ३२३ | ३५४ | ६७७ | १८९० |
| ८ | ५२२ | ४३० | ९५२ | २९९ | २८४ | ५८३ | १५३५ |
| ९ | ८४५ | १३२९ | २१७४ | ४२७ | ३२१ | ७४८ | २९२२ |
| जम्मा | ७८९७ | १११५४ | १९०५१ | ४८७२ | ४२५३ | ९१२५ | २८१७६ |
| प्रतिशि | २८.०३ | ३९.५९ | ६७.६१ | १७.२९ | १५.०९ | ३२.३९ | १०० |

**स्रोतः घरधुरी सर्वेक्षण, २०७६**

## चित्र नं. ११ : आर्थिक रुपले सक्रिय जनसंख्या विवरण



## सामाजिक अवस्था

### ४.१ शैक्षिक तथा माननव विकास

४.१.१ पाँच वर्ष भन्दा माथिको साक्षरता विवरण

५ वर्षभन्दा माथि उमेरका १६२८२ जना मानिसहरूमा १४३६३ जना अर्थात् ८८.२१ प्रतिशत साक्षर रहेका छन् भने निरक्षर १९१९ जना अर्थात ११.७८ प्रतिशत रहेको छ । सबैभन्दा वढि साक्षरता प्रतिशत वडा नं. १ मा र सबैभन्दा कम वडा नं. ५ मा रहेको देखिन्छ । यस गाउँपालिकाको साक्षरता सम्बन्धी विवरण तालिका नं. ५० मा प्रस्तुत गरिएको छ ।

| | | |
|---|---|---|
| **स्नातक** | १३६+१५५ | २९१ |
| **स्नात्तकोतर** | ७९+६७ | १४६ |
| **अन्य** | ७+६ | १३ |
| **Non Formal** | २६४+५४१ | ८०५ |
| **अनपढ** | ५६+८३ | १३९ |
| **ECD** | १५९ +१५६ | ३१५ |
| **१-५** | २२७७+१८८३ | ४१६० |
| **६-८** | १५११ +१२५९ | २७७० |
| **९-१०** | १५१५ +११९६ | २७११ |
| **SLC** | ५१०+५२७ | १०३७ |
| **११/१२** | ७८७+८८० | १६६७ |

## तालिका नं. ५० : पाँच वर्ष भन्दा माथिको साक्षरता विवरण

| वडा नं. | साधारण लेखपढ (साक्षर) | | | पूर्व प्राथमिक (कक्षा १ भन्दा कम) | | | आधारभूत तह (कक्षा १ देखी ८) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | १०० | १४ | ११५ | १४० | 396 | 536 | 420 | 426 | 846 |
| २ | १२० | १४२ | २६४ | ४२ | 38 | 80 | 284 | 243 | 527 |
| ३ | १३० | १०५ | २३८ | ३२ | 55 | 87 | 318 | 274 | 592 |
| ४ | १२५ | १७८ | ३०७ | ३४ | 54 | 88 | 361 | 417 | 778 |
| ५ | २३७ | १११ | ३५३ | ३१ | 38 | 69 | 139 | 158 | 297 |
| ६ | १३५ | १९५ | ३३६ | ५१ | 57 | 108 | 483 | 449 | 932 |
| ७ | १५७ | १३४ | २९८ | ६३ | 71 | 134 | 404 | 328 | 732 |
| ८ | १७६ | १४६ | ३३० | २२ | 15 | 37 | 350 | 323 | 673 |
| ९ | १३७ | १९३ | ३३९ | १०० | 143 | 243 | 442 | 370 | 812 |
| **जम्मा** | **१३१७** | **१२१८** | **२५३५** | **५१५** | **867** | **1382** | **3201** | **2988** | **6189** |

| वडा नं. | प्राविधिक एसएलसी | | | माध्यमिक तह (कक्षा ९ देखी) | | | स्नातक तह | | | स्नातकोत्तर तह | | | एमफिल र विद्यावारिधि | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | | २ | २ | ४१२ | 367 | 779 | 37 | 42 | 79 | 10 | 3 | 13 | | 1 | 1 |
| २ | | | | २५९ | 235 | 494 | 23 | 17 | 40 | 9 | 6 | 15 | | | |
| ३ | २ | १ | ३ | २४५ | 235 | 480 | 58 | 48 | 106 | 18 | 18 | 36 | 5 | 1 | 6 |
| ४ | १ | | १ | २५७ | 283 | 540 | 20 | 23 | 43 | 7 | 15 | 22 | | | |
| ५ | | १ | १ | १२४ | 124 | 248 | 9 | 12 | 21 | | 1 | 1 | | | |
| ६ | | | | २३५ | 197 | 432 | 12 | 10 | 22 | 1 | 1 | 2 | 1 | | 1 |
| ७ | २२ | १० | ३२ | २९१ | 268 | 559 | 37 | 32 | 69 | 5 | 10 | 15 | 3 | 3 | 6 |
| ८ | १ | २ | ३ | १७२ | 153 | 325 | 17 | 23 | 40 | 5 | 3 | 8 | 1 | | 1 |
| ९ | | | | ७७ | 104 | 181 | 6 | 6 | 12 | | 2 | 2 | | | |
| **जम्मा** | **२६** | **१६** | **४२** | **२०७२** | **1966** | **4038** | **219** | **213** | **432** | **55** | **59** | **114** | **10** | **5** | **15** |

**घरधुरी सर्वेक्षण, २०७६**

## तालिका नं. ५१: पाँच वर्ष भन्दा माथिको साक्षरता विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| साक्षर | १४३६३ | ९३।२ |
| निरक्षर | १०४६ | ६।८ |

४.१.२ लैङ्गिक आधारमा साक्षरता


यस गाउँपालिकामा कुल साक्षरमध्ये महिला साक्षरता प्रतिशत ५०.१५ प्रतिशत रहेको छ भने पुरुष साक्षरता प्रतिशत ४३.०७ रहेको छ । कुल साक्षरतामध्ये पुरुषको तुलनामा महिला साक्षरता वढि देखिन्छ । यस्तै कुल निरक्षर मध्ये पुरुष निरक्षरताको प्रतिशत १.८४ र महिला निरक्षरता ४.९५ रहेको छ । निरक्षरताको हिसावमा महिलाहरुको प्रतिशत वढि रहेको छ । लैङ्गिक आधारमा यस गाउँपालिकाको साक्षरता सम्बन्धी विवरण तालिका नं. ५२ मा प्रस्तुत छ ।

## तालिका नं. ५२ : लैङ्गिक आधारमा साक्षरता

| वडा नं | साक्षर | | | निरक्षर | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| 1 | 1022 | 1251 | 2273 | 9 | 15 | 24 |
| 2 | 657 | 681 | 1338 | 37 | 91 | 128 |
| 3 | 707 | 732 | 1439 | 26 | 73 | 99 |
| 4 | 704 | 970 | 1674 | 43 | 81 | 124 |
| 5 | 540 | 745 | 1285 | 32 | 60 | 92 |
| 6 | 818 | 909 | 1727 | 30 | 176 | 206 |
| 7 | 882 | 956 | 1838 | 48 | 97 | 145 |
| 8 | 644 | 765 | 1409 | 29 | 88 | 117 |
| 9 | 662 | 718 | 1380 | 30 | 81 | 111 |
| **hDdf** | **6636** | **7727** | **14363** | **284** | **762** | **1046** |
| **k\|ltzt** | **43.07** | **50.15** | **93.21** | **1.84** | **4.95** | **6.79** |

**स्रोतः घरधुरी सर्वेक्षण, २०७६**

**चित्र नं. ३१ : लैङ्गिक आधारमा साक्षरता**



४.१.३ तहगत रुपमा शैक्षिक विवरण

यस गाउँपालिकाका जम्मा साक्षर व्यक्तिहरु मध्ये पनि तहगत रूपमा शैक्षिक विवरण यहाँ प्रस्तुत गरिएको छ। सामान्य लेखपढ गर्न नसक्ने निरक्षर २१८७ साथै सामान्य लेखपढ गर्न नसक्ने साक्षर व्यक्तिहरूको संख्या ३७९८ जना रहेका छन् । यसैगरी पुर्व प्रा.वि.तह उत्तीर्ण गर्ने २३०४ जना, आधारभुत तहमा ८५९५, प्राविधिक एसएलसीमा ७६७ जना , मा.वि.तह उत्तीर्ण गर्ने ७२५७ जना, स्नातक तह उत्तीर्ण गर्ने ८८९ जना स्नातकोत्तर तह उत्तीर्ण ६१९ जना र एमफिल र विद्यावारिधि गर्ने ४७ जना व्यक्तिहरू रहेका छन् । यस गाउँपालिकाको तहगत रूपमा शैक्षिक विवरण तालिका नं. ६४ मा प्रस्तुत गरिएको छ ।

**तहगत रुपमा शिक्षक विवरण**

**तालिका नं. ५३ : तहगत रुपमा शैक्षिक विवरण**

| **शैक्षिक स्तर** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| आधारभूत तह (कक्षा १ देखी ८) | 8595 | 30.94 |
| एमफिल र विद्यावारिधि (पिएचडि) | 47 | 0.17 |
| पडाई शुरु गाउँको (नाबालक) | 1525 | 4.73 |
| पूर्व प्राथमिक (कक्षा १ भन्दा कम) | 2304 | 8.29 |
| प्राविधिक एसएलसी | 767 | 2.76 |
| माध्यमीक तह (कक्षा ९ देखी १२) | 7245 | 26.13 |
| लेखपढ गर्न नसक्ने (निरक्षर) | 2187 | 7.87 |
| साधारण लेखपढ (साक्षर) | 3998 | 13.67 |
| स्नातक तह | 889 | 3.20 |
| स्नातकोत्तर | 619 | 2.23 |
| **जम्मा** | **28176** | **1000.00** |

**स्रोतः घरधुरी सर्वेक्षण, २०७६**

४.१.४ विद्यालयको प्रकारगत विद्यार्थीहरुको विवरण

विद्यालयको प्रकार भन्नाले यहाँ सामुदायिक विद्यालय र संस्थागत विद्यालयलाई लिइएको छ। घरधुरी सर्वेक्षणबाट सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा अध्ययन गरी रहेका विद्यार्थीहरूको तथ्याङक् सङकलन् गरिएको छ। हाल अध्ययनरत विद्यार्थी संख्यामध्ये ९३ प्रतिशत सामुदायिक विद्यालयमा अध्ययन गरिरहेका छन् भने ७ प्रतिशत मात्र संस्थागत विद्यालयमा अध्ययनरत रहेको छ। सामदायिक विद्यालयमा अध्ययन गर्ने वालिकाको प्रतिशत ४९ प्रतिशत र वालकको प्रतिशत ५१ रहेको छ। यसरी हेर्दा सामुदायिक विद्यालयमा पढ्ने बालकको संख्या धेरै रहेको छ। संस्थागत विद्यालयमा अध्ययन गर्ने बालकको प्रतिशत पनि सामुदायिक विद्यालयमा पढ्नेको जस्तै प्रतिशत रहेको छ । वालिकाको संख्या ४९ प्रतिशत वालकको संख्या ५१ प्रतिशत नै रहेको छ। संस्थागत सर्वेक्षणवाट आएको तथ्याँक अनुसार विद्यालयको प्रकारगत रूपमा विद्यार्थीहरूको विवरण तालिका नं. ५४ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५४ : विद्यालयको प्रकारगत विद्यार्थीहरुको विवरण**

| वडा नं. | सामुदायिक विद्यालयमा जाने बालबालिका संख्या | | | संस्थागत र गुठी विद्यालयमा जानेको संख्या | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| १ | ३५२ | ४७६ | ८२८ | ० | ० | ० | ३५२ | ४७६ | ८२८ |
| २ | ५५७ | ५३० | १०८७ | ० | ० | ० | ५५७ | ५३० | १०८७ |
| ३ | ५२५ | ६५० | ११७५ | ३७ | ६५ | १०२ | ५६२ | ७१५ | १२७७ |
| ४ | ४६९ | ५६३ | १०३२ | ३९ | ६७ | १०६ | ५०८ | ६३० | ११३८ |
| ५ | ४७८ | ६८१ | ११५९ | ५६ | ८० | १३६ | ५३४ | ७६१ | १२९५ |
| ६ | ३४६ | ४५८ | ८०४ | ० | ० | ० | ३४६ | ४५८ | ८०४ |
| ७ | २५८ | २३१ | ४८९ | ० | ० | ० | २५८ | २३१ | ४८९ |
| ८ | १३३ | १२९ | २६२ | ० | ० | ० | १३३ | १२९ | २६२ |
| ९ | ३२८ | ४९० | ८१८ | ० | ० | ० | ३२८ | ४९० | ८१८ |

| जम्मा | ३४४६ | ४२०८ | ७६५४ | १३२ | २१२ | ३४४ | ३५७८ | ४४२० | ७९९८ |
|---|---|---|---|---|---|---|---|---|---|

**स्रोतः शिक्षा शाखा मानेभन्ज्याङगाउँपालिका**

४.१.५ तहगत विद्यालयको विवरण

यस गाउँपालिकामा जम्मा ५१ वटा विद्यालयहरू छन्। जसमा प्रा.वि तहको २८ वटा, आधारभूत तहका ९ वटा, मा.वि तहको ८ वटा गरी जम्मा सामुदायिक विद्यालय ४७ वटा र संस्थागत विद्यालय (६-८) वटा रहेका छन्। सवैभन्दा वढी ८ विद्यालय वडा नं ३ र ६ मा रहेका छन् भने ६ वटा विद्यालय वडा नं १, २ र ४ मा रहेको छ। त्यसैगरी वडा नं ५ र ७ मा ५ वटा विद्यालय रहेको छ। यस गाउँपालिकाको विद्यालयको विवरण तालिका नं.५५ मा प्रस्तुत गरिएको छ।

**तालिका नं.५५ : विद्यालयको तहगत विवरण**

| वडा नं | प्रा. वि. | आ. वि. | मा. वि. | कलेज | संस्थागत | गुठी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५ | ० | १ | ० | ० | ० | ६ |
| २ | ४ | ० | १ | ० | १ | ० | ६ |
| ३ | ६ | १ | १ | ० | ० | ० | ८ |
| ४ | ३ | १ | १ | ० | १ | ० | ६ |
| ५ | १ | २ | १ | ० | १ | ० | ५ |
| ६ | ६ | १ | १ | ० | ० | ० | ८ |
| ७ | २ | १ | १ | ० | १ | ० | ५ |
| ८ | २ | १ | ० | ० | ० | ० | ३ |
| ९ | १ | २ | १ | ० | ० | ० | ४ |
| **जम्मा** | **३०** | **९** | **८** | **०** | **४** | **०** | **५१** |

**स्रोतः शिक्षा शाखा मानेभन्ज्याङगाउँपालिका**

४.१.६ क्याम्पसको विवरण

यस गाउँपालिकाका एउटा लिब्जु सामुदायिक क्याम्पस रहेको तथ्याँक उपलब्ध उपलब्ध छ।

४.१.७. विद्‌यालय बाहिर रहेका तथा विद्‌यालय छाडेका बालबालिकाहरुको विवरण

घरधुरी सर्वेक्षण अनुसार यस गाउँपालिकाकामा विद्यालय वाहिर रहेका वालवालिकाको तथ्याँक उपलव्ध हुन सकेन ।

## तालिका नं. ५६: विद्यालयहरुको सङ्ख्यात्मक विवरण (शैक्षिक सत्र २०७६)

| क्र.सं | वडा नं | प्राथमिक १-३ | प्राथमिक १-५ | | प्राथमिक | निम्न माध्यमिक १-८ | | | माध्यमिक १-१० | | मा.वि. १-१२ | मावि उमावि | कुल विद्यालय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | सामुदायिक | संस्थागत | कुल | सामुदायिक | संस्थागत | कुल | सामुदायिक | संस्थागत | उमावि सामुदायिक | कुल | |
| 1 | मोली | 2 | 3 | | 5 | | 0 | 0 | | 0 | 1 | 1 | 6 |
| 2 | वाक्सा | 2 | 2 | 1 | 5 | | 0 | 0 | | 0 | 1 | 1 | 6 |
| 3 | उवुँ | 3 | 2 | 1 | 6 | 1 | 0 | 1 | | 0 | 1 | 1 | 8 |
| 4 | केत्तुके | | 3 | | 3 | 1 | 1 | 2 | 1 | 0 | 0 | 1 | 6 |
| 5 | मानेभञ्ज्याङ | 1 | | | 1 | 2 | 1 | 3 | | 0 | 1 | 1 | 5 |
| 6 | थाक्ले | 3 | 2 | 1 | 6 | 1 | 0 | 1 | 1 | 0 | | 1 | 8 |
| 7 | टोक्सेल हर्कपुर | 1 | 1 | 1 | 3 | 1 | 0 | 1 | | 0 | 1 | 1 | 5 |
| 8 | टोक्सेल राघवपुर | 2 | | | 2 | 1 | | 1 | | 0 | | 0 | 3 |
| 9 | माधवपुर | 1 | | | 1 | 2 | 0 | 2 | 1 | 0 | | 1 | 4 |
| | कुल जम्मा | 15 | 13 | 4 | 32 | 9 | 2 | 11 | 2 | 0 | 5 | 8 | 51 |

द्रष्टव्यः १. कुल प्रा. तह-३२ नि.मा. तह-११ मा. वि. तह र उ.मा.तह-८

२. उमावि संख्या ५ मा विहरु मै समावेश गरिएको,

३. विद्यालयमा आधारित ३३ र समुदायमा आधारित ४ गरी जम्मा ३७ वटा बाकि रहेका

४. हालसम्म एउटा लिब्जु सामुदायिक क्याम्पस रहेको । ३ वटा सामुदायिक सिकाई केन्द्र रहेका । १ वटा सिटिइभिटी बाट अनुमति लिई १८ महिने प्राविधिक बालि विज्ञान (PJTA) जे दिए को पठनपाठन शुरु

## तालिका नं. ५७ : मानेभन्ज्याङ्ग गाउँपालिका ओखलढुंगामा हाल रहेका बाबिके कर्मचारी तथा शिक्षकहरुको दरबन्दी राहत कोटाको तेरिज २०७७

| सि.नं. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | बाबिके र विद्यालय कर्मचारी | | | | दरवन्दी/राहत (प्रावि देखि साविक उमावि सम्म) | | | | | | | | | | | | जम्मा शिक्षक संख्या (प्रावि देखि साविक उमावि) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बालबिकास कोटा | | विद्यालय कर्मचारी | | प्रा.वि. | | | नि.मा.वि. | | | मावि | | | साविक उमावि | | | |
| | | | | समुदायमा आधारित | विद्यालयमा आधारित | लेखा कर्मचारी | विद्यालय सहयोग | दरवन्दी | राहत | जम्मा | दरवन्दी | राहत. | जम्मा | दरवन्दी | राहत | जम्मा | दरवन्दी | कोटा | जम्मा | |
| १ | कालिका आ.वि. पंखु | मानेभन्ज्याङ४ | | 1 | 1 | | 1 | 3 | 2 | 5 | | | 0 | | | 0 | | | 0 | 5 |
| २ | कालिका मा.वि. मोलीडाँडा | मानेभन्ज्याङ१ | | 1 | 1 | 1 | 1 | 4 | | 4 | 4 | | 4 | 1 | 2 | 3 | | | 0 | 11 |
| ३ | स्वर्णान्तराल आ.वि. कर्कल्यानी टोल | मानेभन्ज्याङ७ | | | 1 | | 1 | 3 | | 3 | | 3 | 3 | | | 0 | | | 0 | 6 |
| ४ | धुसेनी आ.वि. धुसेनी | मानेभन्ज्याङ४ | | | 1 | | 1 | 3 | | 3 | | | 0 | | | 0 | | | 0 | 3 |
| ५ | मनोरचना आ.वि. दुम्खिम | मानेभन्ज्याङ९ | | | 1 | | 1 | 3 | 1 | 4 | | | 0 | | | 0 | | | 0 | 4 |
| ६ | निकेतन मा.वि. माधवपुर | मानेभन्ज्याङ९ | | | 1 | 1 | 1 | 4 | 2 | 6 | 0 | 2 | 2 | | | 0 | | | 0 | 8 |
| ७ | हर्कपुर मा.वि. हर्कपुरटार | मानेभन्ज्याङ७ | | | 1 | 1 | 1 | 5 | | 5 | 4 | | 4 | 2 | 2 | 4 | | 1 | 1 | 14 |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | मनकामना मा.वि. वाक्सा | मानेभन्ज्याङ२ | | 1 | 1 | 1 | 1 | 4 | 2 | 6 | | 3 | 3 | | 4 | 4 | | | 0 | 13 |
| ९ | मंगला आ.वि. फस्कु | मानेभन्ज्याङ१ | | | 1 | | 1 | 3 | | 3 | | | 0 | | | 0 | | | 0 | 3 |
| १० | महादेवस्थान मा.वि. हिलेपानी | मानेभन्ज्याङ६ | | | 1 | 1 | 1 | 3 | 2 | 5 | 1 | 3 | 4 | | | 0 | | | 0 | 9 |
| ११ | शिवदुती आ.वि. राघवपुर | मानेभन्ज्याङ८ | | | 1 | | 1 | 3 | 3 | 6 | 0 | 0 | 0 | | | 0 | | | 0 | 6 |
| १२ | भगवती मा.वि. मानेभन्ज्याङ | मानेभन्ज्याङ ५ | | | 1 | 1 | 1 | 4 | 1 | 5 | 6 | | 6 | 5 | | 5 | 1 | 1 | 2 | 10 |
| 13 | राज्यलक्ष्मी मा.वि. बिजुवाथान | मानेभन्ज्याङ३ | | | 1 | 1 | 1 | 5 | | 5 | 5 | | 5 | 4 | 1 | 5 | | | 0 | 15 |
| 14 | भिमसेनस्थान मा.वि. केत्तुके | मानेभन्ज्याङ४ | | | 1 | 1 | 1 | 4 | 1 | 5 | 2 | 1 | 3 | 1 | 3 | 4 | | | 0 | 12 |
| 15 | धिमिले आ.वि. धिमिले | मानेभन्ज्याङ५ | | 1 | 1 | | 1 | 3 | 2 | 5 | | | 0 | | | 0 | | | 0 | 5 |
| 16 | भीमआदर्श आ.वि. खचापु, | मानेभन्ज्याङ३ | | | 1 | | 1 | 3 | | 3 | | | 0 | | | 0 | | | 0 | 3 |
| 17 | सानोजुरे आ.वि. सानोजुरे | मानेभन्ज्याङ३ | | | | | 1 | 2 | | 2 | | | 0 | | | 0 | | | 0 | 2 |
| 18 | जनज्योतिपंचावती आ.वि. | मानेभन्ज्याङ१ | | | 1 | | 1 | 3 | | 3 | | | 0 | | | 0 | | | 0 | 3 |
| 19 | दिपज्योती आ.वि बाखे | मानेभन्ज्याङ१ | | | 1 | | 1 | 3 | | 3 | | | 0 | | | 0 | | | 0 | 3 |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 20 | जनहित आ.वि. लुकुवापानी | मानेभन्ज्याङ३ | | | 1 | | 1 | 4 | | 4 | | | 0 | | | 0 | | | 0 | 4 |
| 21 | धुसेनी आ.वि. आहाले | मानेभन्ज्याङ४ | | | 1 | | 1 | 3 | | 3 | | | 0 | | | 0 | | | 0 | 3 |
| 22 | जनता आ.वि. थाक्ले | मानेभन्ज्याङ६ | | | 1 | | 1 | 3 | 2 | 5 | 0 | | 0 | 0 | | 0 | | | 0 | 5 |
| 23 | देवीस्थान आ.वि. उदयपुर | मानेभन्ज्याङ५ | | | 1 | | 1 | 3 | 1 | 4 | | | 0 | | | 0 | | | 0 | 4 |
| 24 | ठुलोजुरे आ.वि. कालिकास्थान | मानेभन्ज्याङ४ | | | 1 | | 1 | 3 | 1 | 4 | | | 0 | | | 0 | | | 0 | 4 |
| 25 | रिचुवा आ.वि. रिचुवा | मानेभन्ज्याङ६ | | | 1 | | 1 | 2 | 0 | 2 | | | 0 | | | 0 | | | 0 | 2 |
| 26 | मनोकामना आ.वि. माभ्फिटार | मानेभन्ज्याङ७ | | | | | 1 | 2 | | 2 | | | 0 | | | 0 | | | 0 | 2 |
| 27 | कालिका आ.वि. भालुखोला | मानेभन्ज्याङ८ | | | | | 1 | 1 | 1 | 2 | | | 0 | | | 0 | | | 0 | |
| 28 | समाजसेवा युवा आ.वि. जाक्मा | मानेभन्ज्याङ ६ | | | | | 1 | 2 | | 2 | | | 0 | | | 0 | | | 0 | |
| 29 | विद्याकालिका आ.वि. तिल्पुङडाँडा | मानेभन्ज्याङ ९ | | | 1 | | 1 | 2 | 3 | 5 | | 1 | 1 | | | 0 | | | 0 | |
| 30 | महाकालीस्थान आ.वि. आरुवोट | मानेभन्ज्याङ ६ | | | | | 1 | 1 | 1 | 2 | | | 0 | | | 0 | | | 0 | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 31 | कृषेपु आ.वि. कुषेपु, वाक्सा | मानेभन्ज्याङ २ | | | 1 | | 1 | 1 | 2 | 3 | | | 0 | | | 0 | | | 0 | |
| 32 | पञ्चकन्या आ.वि. लाफे वाक्सा | मानेभन्ज्याङ२ | | | 1 | | 1 | 2 | 1 | 3 | | | 0 | | | 0 | | | 0 | 3 |
| 33 | शहीदस्मृती आ.वि. सातसल्ले | मानेभन्ज्याङ७ | | | | | 1 | 3 | | 3 | | | 0 | | | 0 | | | 0 | 3 |
| 34 | देवी आ.वि. खेतिघर | मानेभन्ज्याङ ९ | | | | | 1 | 2 | | 2 | | | 0 | | | 0 | | | 0 | 2 |
| 35 | दुधकौशिका आ.वि. सोक्माटार | मानेभन्ज्याङ६ | | | 1 | | 1 | 1 | 2 | 3 | | | 0 | | | 0 | | | 0 | 3 |
| 36 | सुनकोशीजन आ.वि. हिलेपानी | मानेभन्ज्याङ६ | | | | | 1 | 2 | 2 | 4 | | | 0 | | | 0 | | | 0 | 4 |
| 37 | महाकाली आ.वि. खाटाजेरे मोली | मानेभन्ज्याङ१ | | | | | 1 | 1 | 1 | 2 | | | 0 | | | 0 | | | 0 | 2 |
| 38 | सन्देश आ.वि. आहाले उँबु | मानेभन्ज्याङ३ | | | 1 | | 1 | | 2 | 2 | | | 0 | | | 0 | | | 0 | 2 |
| 39 | जनकल्याण आ.वि. कोल्बोटे उँबु | मानेभन्ज्याङ३ | | | 1 | | 1 | 0 | 3 | 3 | | | 0 | | | 0 | | | 0 | 3 |
| 40 | सरस्वती आ.वि. कुम्लिङ | मानेभन्ज्याङ८ | | | | | 1 | | 2 | 2 | | | 0 | | | 0 | | | 0 | 2 |
| 41 | सिद्धस्थान आ.वि. रिचुवा | मानेभन्ज्याङ५ | | | | | 1 | 0 | 2 | 2 | | | 0 | | | 0 | | | 0 | 2 |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 42 | जानकी आ.वि. गुर्वागाउँ, उँबु | मानेभन्ज्याङ३ | | | | | 1 | 0 | 2 | 2 | | | 0 | | | 0 | | | 0 | 2 |
| 43 | महाकाली आ.वि. ध्याम्दालु वाक्सा | मानेभन्ज्याङ२ | | | 1 | | 1 | 0 | 1 | 1 | | | 0 | | | 0 | | | 0 | |
| 44 | सिलवन्ती आ.वि. सिम्पानी वाक्सा | मानेभन्ज्याङ२ | | | 1 | | 1 | 0 | 2 | 2 | | | 0 | | | 0 | | | 0 | |
| 45 | ईश्वरी आ.वि मोली | मानेभन्ज्याङ१ | | | | | 1 | 1 | 0 | 1 | | | 0 | | | 0 | | | 0 | |
| | **जम्मा** | | | **4** | **33** | **8** | **45** | **104** | **47** | **151** | **22** | **16** | **35** | **13** | **12** | **25** | **1** | **2** | **3** | **214** |

४.१.१०. विद्यालयको भौतिक अवस्था

पूर्वाधारयुक्त विद्यालय हुन धेरै प्रकारका भौतिक संरचनाहरूको आवश्यक हुन्छ । यस गाउँपालिकामा सबै प्रकारका गरी ५१ वटा विद्यालयहरूमा आधारभूत रूपमा आवश्यक पूर्वाधारहरूको अवस्थाको जानकारी सङ्कलन गरिएको छ । त्यसैगरी ४२ वटा विद्यालयमा चर्पीको सुविधा भएको तर ९ वटामा यो सुविधा छैन । यस्तै ३४ वटा विद्यालयमा खानेपानीको सुविधा रहेको तर १७ वटामा खानेपानीको सुविधा छैन । हात धुने सुविधा भएको विद्यालय संख्या ३१ वटा र नभएको १८ वटा रहेको छ । यसै गरी विद्यालयको पक्की भवनको संख्या ३४ वटा र कच्ची भवनको संख्या ३७ रहेको छ । त्यस्तै खेल मैदान भएको विद्यालयको संख्या २४ र नभएको २९ वटा रहेको छ । पुस्तकालय भएको २१ नभएको ३०, विज्ञान प्रयोगशाला भएको २२ र नभएको २९ वटा रहेको छ । विद्यालयमा भौतिक अवस्थाको विवरण तालिका नं. ८० मा र विद्यालयमा उपलब्ध अन्य सेवा सुविधाको  विवरण तालिका नं ५९ प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५९ विद्यालयमा उपलब्ध सेवा सुविधाको अवस्था**

| वडा नं | भवनको किसिम | | खेल मैदान | | पुस्तकालय | | प्रयोगशाला | |
|---|---|---|---|---|---|---|---|---|
| | पक्की | कच्ची | भएको | नभएको | भएको | नभएको | भएको | नभएको |
| १ | २ | ३ | २ | ४ | २ | ४ | २ | ४ |
| २ | ४ | २ | ४ | २ | २ | ४ | २ | ४ |
| ३ | २ | ३ | ४ | ४ | ३ | ५ | ४ | ४ |
| ४ | ३ | ४ | ३ | ३ | २ | ४ | ३ | ३ |
| ५ | ४ | ३ | ३ | ४ | २ | ३ | ३ | २ |
| ६ | ३ | ४ | १ | ५ | ४ | ४ | ३ | ५ |
| ७ | ४ | ३ | २ | ३ | २ | ३ | २ | ३ |
| ८ | ७ | ९ | २ | ३ | २ | १ | १ | २ |
| ९ | ५ | ६ | ३ | १ | २ | २ | २ | २ |
| **जम्मा** | **३४** | **३७** | **२४** | **२९** | **२१** | **३०** | **२२** | **२९** |

**स्रोतः सामुदायिक सर्वेक्षण, २०७६**

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ स्वास्थ्य संस्थाहरुको विवरण

यस गाँउपालिकाको प्रत्येक वडामा स्वास्थ्य संस्थाहरु रहेका छन । पालिका भरीमा ८ वटा स्वास्थ्य चौकी र अन्य प्राथमिक स्वास्थ्य संस्थाहरु रहेको र ३९ जनाको कर्मचारी दरवन्दी रहेको छ। गाउँपालिकामा सामुदायिक सर्वेक्षण गरी ८ वटा वडामा रहेका वडा स्वास्थ्य चौकीहरूको विवरण तालिका नं. ६० मा प्रस्तुत गरिएको छ ।

### ४.२.२. स्वास्थ्य संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्ति विवरण

यस गाउँपालिका ९ वटै वडाहरूमा गरी जम्मा ११ वटा स्वास्थ्य संस्थाहरु रहेका छन् । ती स्वास्थ्य संस्थाहरुमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी लगायतका जनशक्ति ४७ जना रहेका छन् । सामान्य चिकित्सक भन्दा माथि कुनै पनि चिकित्सक छैनन् । जसमध्ये सामान्य चिकित्सक ११ जना,हेल्थ असिस्टेन्ट ६ जना, अ.हे.व. १५ जना, अनमी १५ जना रहेका छन् । स्वस्थ्य संस्थामा उपलब्ध चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्तिको विवरण तालिका नं. ६१ मा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ६१ : स्वास्थ्य संस्थामा उपलब्ध जनशक्ति विवरण

| स्वास्थ्य संस्थाको नाम र ठेगाना | वडा नं | दरवन्दी संख्या | कार्यरत स्वास्थ्यकमीकी संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विशेषज्ञ चिकित्सक | छैटौ तह हे.अ./सि.हेय | पांचौ तह हे.अ./ सि.हेय | नर्स /सि अनमी छैटौ | अहेव चौथो | अनमी /सिअनमी चौथो/पांचौ | ल्याव टेक्निसियन | अन्य | कैफियत |
| मोली | 1 | 5 | 0 | 0 | 1 | 0 | 0 | 2 | 0 | का.स | करार अनमी ज्ञ |
| वाक्सा | 2 | 5 | 0 | 0 | 0 | 0 | 1 | 2 | 0 | का.स | करार अनमी ज्ञ |
| उवुँ | 3 | 5 | 0 | 0 | 0 | 0 | 1 | 2 | 0 | का.स | करार अनमी ज्ञ |
| केतुके | 4 | 5 | 0 | 1 | 1 | 0 | 0 | 2 | 0 | का.स | करार अनमी ज्ञ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मानेभन्ज्याङ | 5 | 5 | 0 | 0 | 0 | 1 | 2 | 1 | 0 | का.स | s/f/ cgdL 1 |
| थाक्ले | 6 | 5 | 0 | 0 | 0 | 0 | 1 | 2 | 0 | का.स | s/f/ cgdL 1 |
| टोक्सेल | 7 | 5 | 0 | 0 | 0 | 1 | 1 | 1 | 0 | का.स | 0 |
| राघवपुर | 8 | 5 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | | 0 |
| माधवपुर | 9 | 5 | 0 | 0 | 0 | 0 | 1 | 2 | 0 | sf=; | s/f/ cx]j 1 |
| **जम्मा** | | | **0** | **11** | **6** | **0** | **15** | **15** | **0** | | **0** |

**स्रोत : स्वास्थ्य शाखा**

**Latest Data Of The School Presented By Educational Sector.**
**Manebhanjyan Gaupalika.**

| Sn. | Name Of The School | Sector |
|---|---|---|
| 1 | Silawanti Basic School | Public |
| 2 | Krishepu Basic School | Public |
| 3 | Mahakali Basic School Dhyamdalu | Public |
| 4 | Panchakanya Basic School | Public |
| 5 | Manakamana Ma V Waksa | Public |
| 6 | Dipjyoti English School | |
| 7 | Dipjyoti English School | |
| 8 | Dhuseni Basic School Ahale | Public |
| 9 | Dhuseni Basic School Dhuseni | Public |
| 10 | Thulojure Basic School Kalikasthan | Public |
| 11 | Kalika Basic School Pankhu | Public |
| 12 | Bhimsensthan Ma V Ketuke | Public |
| 13 | Shuva Gyalaxy Ebs Ketuke | Private |
| 14 | Devi Basic School | Public |
| 15 | Manorachana Basic School | Public |
| 16 | Niketan Ma V Madhawapur | Public |
| 17 | Bidhyakalikadevi Basic School Tilpungdanda | Public |
| 18 | Devisthan Basic School | Public |
| 19 | Shree Bhagawati Secondary School | Public |
| 20 | Dhimile Basic School Dhimile | Public |
| 21 | Siddhasthan Basic School | Public |
| 22 | Sunrise Eng School | Private |
| 23 | Mahakali Pra V | Public |
| 24 | Mangala Basic School Phasku | Public |
| 25 | Kalika Secondary School Moli | Public |
| 26 | Deepjyoti Pra V | Public |
| 27 | Ishwari Basic School | Public |
| 28 | Mahakalisthan Basic School | Public |
| 29 | Sunkoshijana Basic School | Public |
| 30 | Dudhkaushika Basic School | Public |
| 31 | Mahadevasthan Secondary School | Public |
| 32 | Janata Basic School Thakle | Public |
| 33 | Samajsewa Yuwa Basic School | Public |
| 34 | Richuwa Basic School Tallo Richuwa | Public |
| 35 | New Star English School | Private |
| 36 | Saraswati Basic School | Public |
| 37 | Swarnantaral Basic School | Public |
| 38 | Kalika Basic School | Public |
| 39 | Manokamana Basic School | Public |
| 40 | Shahidsmriti Basic School | Public |
| 41 | Shivaduti Basic School | Public |

| | | |
|---|---|---|
| 42 | Harkapur Secondary School | Public |
| 43 | Sunkoshi Golden Future Eng School | Private |
| 44 | Bheemadarsha Pra V | Public |
| 45 | Sandesh Basic School | Public |
| 46 | Janahit Avi | Public |
| 47 | Janaki Basic School Gurwagaun | Public |
| 48 | Sanojure Basic School | Public |
| 49 | Rajyalaxmi Secondary School Unbu | Public |
| 50 | Janakalyan B.S. Kolbote | Public |
| 51 | Lipju English School | Private |

## परिच्छेद २: नयाँ शिक्षा क्षेत्र योजना

### ४.३.१ परिचय, आवश्यकता र औचित्य

कुनै पनि ठाउँको शिक्षालाई उपयोगी, प्रतिस्पर्धी एवं संस्थागत बनाउँदै गुणस्तरीय शिक्षामा सबै वर्गको समतामूलक पहुँचका लागि नीति तथा कार्य योजनाको आवश्यकता पर्दछ । यसका लागि नेपालको संविधानले दिएको तीन तहको शासकीय स्वरूप अनुसार आ–आफ्ना अधिकारभित्र रहेर शिक्षा लगायत सबै प्रकारका क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ । जस अनुसार तीनै तहविच समन्वय,सहकार्य र सहअस्तित्वको सिद्धान्त अनुरूप कार्य गर्न संविधानले नै मार्गदर्शन गरेको सन्दर्भमा स्थानीय शिक्षा सम्बन्धी एकल तथा साझा अधिकार लगायतका व्यवस्थालाई प्रभावकारी रूपमा कार्यन्वयन गर्नु स्थानीय सरकारको महत्वपूर्ण जिम्मेवारी हो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, ले प्रारम्भिक बालशिक्षादेखि माध्यमिकसम्मको शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला शिक्षा, बैकल्पिक सिकाइका तरिकाहरू लगायत सामुदायिक शिक्षा सम्बन्धी नीति निर्माण, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन आदि कामहरू स्थानीय तहको क्षेत्राधिकार भित्र रहेको कुरालाई उल्लेख गरेको छ । सामुदायिक, संस्थागत, निजी, गुठी, सहकारीका विद्यालय स्थापना, सञ्चालन अनुमति, व्यवस्थापन र नियमन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन र नियमन, मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, कार्यान्वयन नियमन लगायतका कार्यहरू पनि स्थानीय तहको अधिकार भित्र पर्दछ । जसलाई योजनबद्ध ढङ्गबाट सञ्चालन गर्न स्थानीय सरकारको अहम् भूमिका रहेको छ ।

नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षा सम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक-सामाजिक रूपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, सोह्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधार हुन् । यसै आधारमा शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरूप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहूँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो नयाँ शिक्षा योजनाको आवश्यक परेको हो ।

नेपाल सरकारद्वरा जारी विभिन्न नीति नियमहरूले शिक्षा क्षेत्रमा स्थानीय सरकारको जिम्मेवारीलाई उल्लेख गरेको पाइन्छ। जस अनुरूप शिक्षा नीति २०७६ ले शिक्षामा स्थानीय सरकारको जिम्मेवारीलाई निम्नानुसार उल्लेख गरेको छ।

१. प्रारम्भिक बालविकास सम्बन्धी कानुन, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवं प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन,

२. आधारभूत शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा आधारभूत विद्यालय अनुमति, स्वीकृति, व्यवस्थापन र नियमन,

३. अनौपचारिक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

४. निरन्तर सिकाइ तथा सामुदायिक सिकाइ केन्द्र सम्वन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,

५. अभिभावक शिक्षा सम्बन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

७. खुला तथा दूर शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

८. आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

९. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

१०. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङकन र नियमन,

११. गाउँ तथा गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

१२. विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,

१३. विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,

१४. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन र सङ्घ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण,

१५. विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,

१६. राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरवन्दी पुनर्वितरण र मिलान,

१७. विद्यालयको नक्शाङ्कन, समायोजन तथा नियमन,

१८. सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

१९. आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण, २०. स्थानीय स्तरमा विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन,

२१. अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,

२२. स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप, प्रविधिको संरक्षण, प्रवर्द्धन, र स्तरीकरण,

२३. सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,

२४. विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,

२५. शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन, २६. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

२७. विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,
२८. अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी मानेभन्ज्याङ गाउँपालिका क्षेत्रको शिक्षा क्षेत्रको सञ्चालन र व्यवस्थापन गर्न आवश्यक भएकोले मानेभन्ज्याङ गाउँपालिकाले आफ्नै शिक्षा क्षेत्र (सञ्चालन र व्यवस्थापन) कार्यविधि, २०७४ जारी गरी कार्यान्वयनमा ल्याएको छ। यसका साथै गाउँपालिकाले पाएको अधिकारको उपयोग गरी उपलब्ध स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्दै प्रदेश तथा सङ्घीय सरकारसँग समेत समन्वय गरी स्रोत जुटाएर सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शैक्षिक सुधारका लागि सरोकारवालाहरू बिच अपनत्व सिर्जना गर्न, सबै तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्न, शिक्षक तथा शिक्षाक्षेत्रको जनशक्तिमा पेसागत जवाफदेहीता सुनिश्चित गर्न शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्न, विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्न, शिक्षा र रोजगारी बिच तालमेल कायम गर्न,स्थानीय प्रतिभा पलायन रोक्न, सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउँने वातावरण सिर्जना गर्न र संविधान प्रदत्त मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्नलाई यस योजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकोले मानेभन्ज्याङ गाउँपालिकाको लागि यो पाँच वर्षे शिक्षा योजना महत्वपूर्ण रहेको छ।

### ४.३.२ मानेभन्ज्याङ गाउँपालिकाको दिर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू

सङ्घीय तथा प्रदेश सरकारले लिएको दीर्घकालीन सोचको मर्मलाई आत्मसात गरी आफ्नो भौगोलिक, आर्थिक तथा सामाजिक विशेषता तथा मौलिकता, प्राकृतिक सम्पदा तथा सांस्कृतिक विविधता लगायत मानेभन्ज्याङ गाउँपालिकाबासीको अपेक्षाको आधारमा मानेभन्ज्याङ गाउँपालिकाको शिक्षा क्षेत्रको दीर्घकालीन सोच निर्धारण गरिएको छ। आगामी १० देखि २० वर्षसम्मको अवधिमा हासिल हुने मानेभन्ज्याङ गाउँपालिकाको विकासको अपेक्षित अवस्थाको परिकल्पनालाई स्पष्ट र सरल वाक्यमा प्रस्तुत गरी दीर्घकालीन सोच तयार गरिएको छ। दीर्घकालीन सोच तयारीमा वस्तुस्थिति विवरण, सहभागितामूलक छलफल तथा परामर्शबाट पहिचान भएका सम्भावना, अग्रणी क्षेत्र र मानेभन्ज्याङ गाउँपालिकाबासीको अपेक्षालाई मध्यनजर गरिएको छ। मानेभन्ज्याङ गाउँपालिकाको शिक्षा विकासको दीर्घकालीन सोच देहायअनुसार रहेको छ।

**दिर्घकालीन सोच**

गुणस्तरीय शिक्षा मार्फत सेवा प्रवाह तथा विकास प्रक्रियालाई सहज, समावेशी, नतिजामूलक, जवाफदेही बनाउने

**दुरदृष्टि**

गुणस्तरीय शिक्षाको माध्यमबाट मानेभन्ज्याङ गाउँपालिकाको समग्र शैक्षिक सुदृढीकरण

**लक्ष्य**

गुणस्तरीय, व्यावहारिकर प्राविधिक शिक्षामार्फत विश्वबजारमा दक्ष जनशक्ति, आत्मनिर्भर,सकरात्मक सोच भएको, नैतिकवान र आफू मानेभन्ज्याङ बासी भएको गर्व गर्न सक्ने जनशक्तिको विकास गर्ने। मानेभन्ज्याङ गाउँपालिकाको दीर्घकालीन सोच तथा योजनालाई साकार पार्ने दिशामा उन्मुख हुन देहाय अनुसारका विकासका मार्गदर्शक सिद्धान्तहरू तय गरिएका छन् :

- ❖ दिगो तथा योजनाबद्ध विकास
- ❖ समन्वय, साझेदारी र सहकार्य
- ❖ मानव विकास तथा गुणस्तरीय जीवन
- ❖ सामाजिक न्याय, समावेशीकरण तथा समतामूलक शिक्षा विकास
- ❖ विपद् उत्थानशीलता तथा जलवायु परिवर्तन अनुकूलन
- ❖ सूचना प्रविधिमा आधारित, गुणस्तरीय तथा जनमुखी सेवा प्रबाह
- ❖ मानव संशाधन तथा स्थानीय सेवा व्यवस्थापन
- ❖ समन्वय, साझेदारी र सहकार्य
- ❖ समावेशीकरण, सुशासन तथा सदाचार
- ❖ नतिजामा आधारित विकास व्यवस्थापन तथा गुणस्तरीय सेवा
- ❖ सकारात्मक उत्प्रेरणा/ पुरस्कार, सम्मान सेवा सुविधा
- ❖ अभिभावक शिक्षा कार्यक्रम टोल टोलमा सञ्चालन
- ❖ सूचना प्रविधिको प्रयोग
- ❖ पुस्तकालय र विज्ञान प्रयोगशालाको व्यवस्था
- ❖ भौतिक पूर्वाधारको व्यवस्था

यस मानेभन्ज्याङ गाउँपालिकाको शिक्षा क्षेत्रमा लिएको दीर्घकालीन सोचलाई व्यवहारमा उतार्न यस योजनाले देहाय बमोजिमको उद्देश्य लिएको छ :

- ❖ गुणस्तरीय प्रारम्भिक बाल विकास सहित शिक्षाको अवसर सुनिश्चित गर्ने,
- ❖ गाउँ क्षेत्रभित्र समग्र शैक्षिक क्रियाकलापहरूमा एकरूपता ल्याई गुणस्तरीय शिक्षा विकासमा जोड दिने,
- ❖ विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना गराइ टिकाउ दर उच्च बनाउने,
- ❖ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउने,
- ❖ यस पालिका भित्र बसोबास गर्ने सबैका लागि माध्यमिक तह सम्मको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्ने,
- ❖ उच्च शिक्षा प्रदायक संस्थाहरूको संरचनागत तथा कार्यात्मक क्षमता विकास गर्न आवश्यक सहयोग गर्ने,
- ❖ शिक्षण सिकाइलाई सूचना प्रविधिमैत्री बनाउँदै गाउँपालिका सहित प्रविधिमैत्री बनाउने,
- ❖ यस पालिकामा संचालित प्राविधिक तथा व्यावसायिक शिक्षामा सबै वर्गका बालबालिकाको पहुँच सुनिश्चित गरी सबैका लागि प्राविधिक शिक्षाको सहज अवसर उपलब्ध गराउने,
- ❖ पाठ्यक्रमद्धारा निर्दिष्ट तहगत, कक्षागत र विषयगत सिकाइ सक्षमतालाई उच्च स्तरमा पुऱ्याउने,
- ❖ मानेभन्ज्याङ गाउँपालिका भित्रका सम्पूर्ण शैक्षिक संस्थाहरूमा कार्यरत शिक्षक, कर्मचारी तथा अध्ययनरत विद्यार्थीहरूलाई प्रविधीमैत्री तथा व्यावसायिक बनाई गुणस्तरीय र प्रविधियुक्त शिक्षा

शिक्षा प्राप्त गर्न अवसर प्रदान गर्ने र शिक्षक तथा शैक्षिक जनशक्तिको पेसागत विकास गर्ने,

- ❖ सबै शैक्षिक संस्थाहरूमा (विद्यालयहरूमा) शैक्षिक सुसासन प्रवर्धन तथा कायम गरी बालबालिकालाई सिकाइ प्रति उत्तरदायी बनाउने प्रणालीको विकास गर्ने,
- ❖ शिक्षाको अवसरबाट बञ्चित रहेका समुदायका लागि बैकल्पिक तथा निरन्तर सिकाइको अवसर सृजना गर्ने,
- ❖ विद्यालयलाई भय, विभेद र दूर्व्यवहारमुक्त तथा विविधताअनुकूल बनाई बालबालिकालाई बालमैत्री

  वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्ने,
- ❖ सबै क्षेत्र, वर्ग, धर्म, लिङ्ग, शारीरिक अवस्थाहरूलाई समेट्नका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाको माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्ने
- ❖ राष्ट्रिय पाठ्यक्रमले तोके बमोजिम स्थानीय पाठ्यक्रमको कार्यान्वयन मार्फत स्थानीय स्रोत, साधन, मूल्य मान्यता र प्रविधि समेतको प्रवर्धन गर्ने,
- ❖ सबै विद्यार्थीहरूलाई पोषणयुक्त खाना, सरसफाई र स्वास्थ्यको प्रत्याभूति दिलाउने,
- ❖ मानेभन्ज्याङ गाउँपालिकाभित्रका सबै विद्यालयहरूमा आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा बैकल्पिक योजनाहरूको कार्यन्वयन गरी बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने,
- ❖ उपलब्ध स्रोत साधनको समानुपातिक र न्यायोचित वितरण गर्न Bottom up Approachमा आधारित क्रियाकलापको निर्माण गर्ने ।

### ४.३.३ अपेक्षित उपलब्धिहरू

मानेभन्ज्याङ गाउँपालिकाको यस पाँच वर्षे योजनाको अन्त्य (बि.सं. २०८७ को अन्त्य) सम्ममा निम्नानुसारको उपलब्धिहरू प्राप्त हुने अपेक्षा गरिएको छ :

- ❖ मानेभन्ज्याङ गाउँपालिकाको साक्षरता दर ९८ प्रतिशत भन्दा माथि पुग्ने,
- ❖ गुणस्तरीय प्रारम्भिक बाल विकास सहित शिक्षाको अवसर सुनिश्चत हुने,
- ❖ मानेभन्ज्याङ गाउँपालिका भित्र बसोबास गर्ने सबै वर्गका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना हुने,
- ❖ यस पालिकाभित्र बसोबास गर्ने सबै वर्गका समुदायहरूको माध्यमिक तह सम्मको शिक्षामा पहुँच पुग्ने र शैक्षिक गुणस्तर अभिवृद्धि हुने,
- ❖ आवश्यक शैक्षिक पूर्वाधार तथा सिकाइ वातावरणको निर्माण हुने, प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापबाट बालबालिकाको सिकाइको दायरा फराकिलो हुने,
- ❖ शिक्षाको अवसरबाट बञ्चित रहेका समूदायका लागि बैकल्पिक तथा निरन्तर सिकाइको अवसर पाउने,

- ❖ प्राविधिक तथा व्यावसायिक शिक्षा लिन इच्छुक नागरिकहरूमा प्राविधिक शिक्षामा पहुँच पुग्ने,
- ❖ यस पालिकामा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षामा सबै वर्गका बालबालिकाको पहुच सुनिश्चित हुने र सबैका लागि प्राविधिक शिक्षाको सहज अवसर उपलब्ध भई स्थानीय क्षेत्रमा प्राविधिक जनशक्तिको अभावलाई पूर्ति गर्न सहयोग पुग्ने,
- ❖ मानेभन्ज्याङ गाउँपालिका भित्रका सम्पूर्ण शैक्षिक संस्थाहरूमा कार्यरत शिक्षक, कर्मचारी तथा अध्ययनरत विद्यार्थीहरू प्रविधीमैत्री तथा व्यावसायिक, गुणस्तरीय र प्रविधियुक्त शिक्षा प्राप्त गर्ने अवसर पाउने,
- ❖ अपाङ्गता भएका बालबालिकाहरूले विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू प्राप्त गर्ने,
- ❖ राष्ट्रिय पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यन्वयन भइ स्थानीय स्रोत, साधन, मूल्य मान्यता र प्रविधि समेतको अधिकतम प्रवर्धन हुने,
- ❖ पाठ्यक्रमद्धारा निर्दिष्ट तहगत, कक्षागत र विषयगत सिकाइ सक्षमतालाई हासिल हुने,
- ❖ विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने,
- ❖ स्थानीय क्षेत्रमा नै प्राविधिक तथा दक्ष जनशक्तिको उत्पादन भई रोजगारी तथा आयआर्जनका क्रियाकलापहरू बढ्ने,
- ❖ सबै शैक्षिक संस्थाहरूमा (विद्यालयहरूमा) शैक्षिक सुसासन प्रवर्धन तथा कायम भई बालबालिकालाई सिकाइ प्रति उत्तरदायी बनाउने प्रणालीको विकास हुने,
- ❖ विद्यालयहरूको अनुगमन, निरीक्षण तथा मूल्याङ्न प्रभावकारी र नतिजामूलक हुने,
- ❖ मानेभन्ज्याङ गाउँपालिकाभित्रका सबै विद्यालयहरूमा आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बैकल्पिक योजनाहरूको कार्यन्वयन गरी बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने,
- ❖ सबै विद्यार्थीहरूको आधारभूत पोषणको सुनिश्चितता हुने,
- ❖ उपलब्ध स्रोत साधनको समानुपातिक र न्यायोचित वितरण हुने,
- ❖ सबै शिक्षक, कर्मचारीलाई चरणबद्ध रूपमा तालिमको व्यवस्था हुने,
- ❖ शिक्षकहरूमा एकरूपता, विभेदको अन्त्य, उचित पारिश्रमिकको व्यवस्था र गलत गरेको खण्डमा दण्ड, सजाय समेत हुने,
- ❖ शिक्षक तथा शैक्षिक जनशक्तिको पेसागत विकास हुने, शैक्षिक पेसाप्रति सम्मान बढ्ने,
- ❖ शिक्षामा सबै वर्गको समान पहुँच भई मानेभन्ज्याङ पालिकाको समग्र शैक्षिक गुणस्तर वृद्धि हुने,
- ❖ नक्साङ्कनका आधारमा विद्यालयहरूको स्थापना, पूनर्वितरण तथा समायोजन हुने ।

### ४.३.४ शैक्षिक समस्या तथा चुनौतीहरू

मानेभन्ज्याङ गाउँपालिकाको शिक्षा क्षेत्रमा पनि अन्य क्षेत्रहरूमा जस्तै विभिन्न समस्या र चुनौतीहरू

रहेका छन् । विभिन्न समस्याहरूका कारण शिक्षामा ठूलो फड्को मार्न नसकिरहेको अवस्था छ । कतिपय समस्याहरू हेर्दा, सुन्दा सामान्य जस्तो लागेतापनि ती समस्याहरूले शिक्षा क्षेत्रको विकासमा दुरगामी असर पारिरहेका हुन्छन् । त्यसकारण योजना निर्माणका क्रममा सबै प्रकारका समस्याहरूलाई खोजी गरी प्रस्तुत गरिएको छ ।

विद्यालय शिक्षामा सहज पहुँच स्थापित हुँदै गइरहेको यस क्षेत्रमा गुणस्तरीय शिक्षाको क्षेत्रमा पर्याप्त अवसरहरू सृजना हुन सकेको छैन । कोभिड १९ को प्रकोपका कारण समग्र शैक्षिक गतिबिधि अस्तव्यस्त भएको थियो र हाल सम्म पनि समस्याले दुख दिइरहेको छ । सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि तथा नीजि विद्यालयको शैक्षिक उपलब्धिमा समानता हुन सकेको छैन । कुल जनसङ्ख्याको केही हिस्सा अझै पनि निरक्षर अवस्थामै रहेको छ।

केही विद्यालयमा शिक्षक दरवन्दी कम रहेको छ । धेरैजसो विद्यालयहरूमा सुविधायुक्त पुस्तकालय तथा विद्यालयमा विज्ञान प्रयोगशालाको कमी रहेको छ । विद्यार्थी निरन्तरता दर, विषयगत शिक्षक, निमावि तथा मावि तहमा शिक्षक विद्यार्थी अनुपात, बालमैत्री तथा अपाङ्गमैत्री सुविधायुक्त कक्षा कोठा, खेलमैदान, व्यवस्थित खानेपानी र सुरक्षित खेल मैदान तथा घेरावारको कमी रहेको छ । केही विद्यालयहरूमा सुरक्षित खानेपानी र उचित शौचालय सुविधाको अभाव देखिन्छ । विद्यालय तथा बाल विकास केन्द्रमा कक्षा कोठा व्यवस्थापन, सिकाइ सामाग्री र शिक्षक तथा बाल विकास सहजकर्ताका लागि तालिमको कमी रहेको छ । विद्यालय नक्शाङ्कनमा कठिनाइ रहेको यस क्षेत्रमा प्राविधिक विद्यालयमा गुरू योजना कार्यान्वयन गर्न श्रोत तथा शिक्षा शाखामा जनशक्तिको कमी रहेको छ । विद्यालय अनुगमन नियमित तथा प्रभाबकारी हुन सकेको छैन । अविभावक शिक्षा, विद्यार्थी टिकाउ दर, शिक्षक नियमितता र विद्यालयमा सङगीत र खेल शिक्षकको कमी रहेको छ । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक समितिको बैठकको निरन्तरता तथा सक्रियता अर्को प्रमुख समस्याको रूपमा रहेको छ ।

यसका साथै अन्य मुख्य समस्याहरूलाई बुँदागत रूपमा लत प्रस्तुत गरिएको छ :

- ❖ समग्र शिक्षा क्षेत्रको पूर्वाधारको अभाव,
- ❖ बालविकासमा सिकाइ सामग्री तथा सहजकर्तामा उपयुक्त तालिमको कमी हुनु
- ❖ खोज, अनुसन्धानकर्ताको कमी,
- ❖ शिक्षामा बजेटको अभाव,
- ❖ अभिभावक शिक्षाको कमी,
- ❖ वैदेशिक रोजगारीको प्रभाव,
- ❖ शिक्षक तालिम, वृत्तिविकास तालिम र प्रविधिकरणको कमी,
- ❖ प्रशासनिक जवाफदेहिताको कमी,
- ❖ दण्ड र पुरस्कारको व्यवस्था कडाइका साथ लागू नहुनु,
- ❖ शैक्षिक गतिविधिमा राजनैतिक हस्तक्षेप हुनु,

- ❖ प्रशासनिक दक्षता एवम् शिक्षक उत्प्रेरणामा कमी,
- ❖ वि.व्य.स., शि.अ.सं. र सरोकारवालाहरूको जवाफदेहिता र उत्तरदायित्व बहनमा कमी हुनु,
- ❖ गाउँ शिक्षाबाट निरन्तर अनुगमन र मूल्याङ्कन नहुनु,
- ❖ विद्यार्थी निरन्तरता दर कम हुनु
- ❖ शैक्षिक जनशक्तिमा प्राविधिक ज्ञान नहुनु,
- ❖ विषयगत शिक्षकको कमी हुनु,
- ❖ विद्यालयमा बालमैत्री तथा अपाङ्गमैत्री सुविधायुक्त कक्षा कोठा, शौचालयको कमी हुनु
- ❖ प्राविधिक विद्यालयमा गुरू योजना कार्यान्वयन गर्न श्रोतको कमी हुनु
- ❖ अभिभावक शिक्षाको अभ्यासमा कमी हुनु
- ❖ छुट्टै प्रधानाध्यापकको व्यवस्था नहुनु, जसका कारण अध्यापन र व्यवस्थापकीय काम दुवै गर्नुपर्ने बाध्यता हुनु
- ❖ विद्यालयमा व्यवस्थित घेराबारको कमी हुनु
- ❖ विद्यालयमा खेलकुद तथा सिकाइ सामग्रीको कमी हुनु
- ❖ विद्युतीय सूचना प्रविधिमा आधारित वैकल्पिक सिकाइ अभ्यासको कमी हुनु
- ❖ विद्यालयमा सङ्गीत तथा खेलकुद शिक्षकको अभाव हुनु
- ❖ विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक समितिको बैठकमा नियमितता तथा शैक्षिक एजेन्डाको कमी हुनु
- ❖ माध्यमिक तहको शिक्षा पूर्ण रूपमा नि:शुल्क नहुनु
- ❖ माध्यमिक तथा उच्च शिक्षा उत्पादनमुखी, अनुसन्धानमुखी र व्यावहारिक हुन नसक्नु
- ❖ सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्वको कमी हुनु
- ❖ स्थानीय समुदायमा निजी विद्यालयप्रतिको मोह बढ्नु र निजी शैक्षिक संस्थाहरू नाफामुखी कार्यमा बढी संलग्न हुनु
- ❖ शिक्षण पेसामा आबद्ध जनशक्तिलाई अन्य सरकारी पेसामा आबद्ध सरह सेवा-सुविधा तथा सम्मान नदिनु
- ❖ केही विद्यालयहरूमा आफ्नै जग्गाको अभाव हुनु
- ❖ कोभिड-१९ लगायत विभिन्न समयमा देखा पर्ने रोग महामारीको प्रकोपले शिक्षण-सिकाइ प्रक्रिया प्रभावित हुनु आदि।

### ४.३.५ मानेभन्ज्याङ गाउँपालिकाभित्र शिक्षामा सम्भावना

मानेभन्ज्याङ गाउँपालिका शिक्षामा प्रचुर मात्रामा सम्भावना बोकेको गाउँपालिका हो । जनसङ्ख्याको हिसावले धेरै जनघनत्व नभएता पनि धेरैवटा विद्यालयहरू भएको, जातिगत रूपमा धेरै जातजातिहरूको बसोबास भएको र मिश्रित विद्यार्थी भएको यो एक महत्वपूर्ण गाउँपालिका हो । यस मानेभन्ज्याङ गाउँपालिकाको शिक्षाको समग्र सम्भावनालाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छः

- ❖ स्थायी, अस्थायी तथा राहत कोटामा कार्यरत बालविकास सहजकर्तासहित शिक्षक तथा अन्य कर्मचारीहरू मानेभञ्ज्याङ गाउँपालिकाका विद्यालयहरूमा कार्यरत रहेका छन्।

- ❖ प्राविधिक धारतर्फका विद्यालयहरू समेत सञ्चालनमा रहेका छन्।

- ❖ विद्यालयहरूमा प्रारम्भिक बाल विकास कक्षासहित विद्यार्थीहरू अध्ययनरत रहेका छन्।
- ❖ विद्यालय उमेर समूहका बालबालिका विद्यालय बाहिर रहेको अवस्था देखिँदैन।
- ❖ अधिकांश विद्यालयहरूमा आधारभूत तहका लागि खानेपानी तथा शौचालय सुविधा उपलब्ध रहेको छ।
- ❖ धेरैजसो विद्यालयहरूमा इन्टरनेट सुविधा उपलब्ध रहेको छ।
- ❖ केही विद्यालयहरूमा विद्यालय नर्स कार्यक्रम कार्यान्वयनमा रहेको छ।
- ❖ स्थानीय आवश्यकतालाई समेटेर स्थानीय पाठ्यक्रम तयार गरिएको छ।
- ❖ सबै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति गठन गरिएको छ।
- ❖ विद्यालय सुधार योजना अद्यावधिक अवस्थामा रहेको छ।
- ❖ सबै विद्यालयहरूमा बाल क्लब गठन गरिएको छ।
- ❖ विद्यार्थीहरूका लागि छात्रवृत्ति सुविधा उपलब्ध रहेको छ।
- ❖ विद्यालयहरूमा बालमैत्री शिक्षण विधिको प्रयोग हुँदै आएको छ।
- ❖ सबै विद्यालयहरूमा खेलकुदसम्बन्धी गतिविधिहरू सञ्चालन हुँदै आएका छन्।

**४.३.६ शैक्षिक स्तर बढाउन मानेभन्ज्याङ गाउँपालिकाले अपनाएका/अपनाउने रणनीतिहरू**

मानेभन्ज्याङ गाउँपालिका शिक्षामा सम्भावना बोकेको गाउँपालिका भएपनि यसभित्र विभिन्न चुनौतीहरू रहेका छन् । यी चुनौतीहरूलाई सम्भावनासँग जोडेर यस पालिकाले विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ । यसका लागि मानेभन्ज्याङ गाउँपालिकाले शिक्षा तथा सामाजिक क्षेत्रको स्तर बढाई देश र माटो सुहाउँदो शिक्षा विकासमा जोड दिँदै आएको छ । गाउँपालिकालाई एउटा पूर्ण साक्षर, सिपयुक्त विद्यार्थीहरू उत्पादन गर्ने तथा समग्र शैक्षिक गुणस्तर उकास्नका लागि विभिन्न रणनीतिहरू अपनाएर अल्पकालीन तथा दिर्घकालीन कार्यक्रमहरू सञ्चालन गर्दै आईरहेको छ । यसका लागि मानेभन्ज्याङ गाउँपालिकाले अपनाएका आधारभूत रणनीति तथा कार्यक्रमहरूलाई निम्न बुँदाहरूमा समेटिएको छ ।

- ❖ विद्यालय शिक्षक तथा प्रारम्भिक बाल विकास सहजकर्ताको पदपुर्ती, क्षमता विकास तथा प्रोत्साहनलाई पारदर्शी, वैज्ञानिक र बिधि संगत गरिने छ ।
- ❖ मानेभन्ज्याङ गाउँपालिकाभित्रका विद्यालयहरूको नक्शाङ्कन, शिक्षक विद्यार्थी अनुपात, शैक्षिक गुणस्तर समेतको अध्ययन गरी विद्यालय समायोजन एवं एकीकरण, कक्षा घटुवा तथा शिक्षक

दरवन्दी मिलान गरिने छ ।

- ❖ गाउँ शिक्षा योजना तर्जुमा गरी गुणस्तरीय शिक्षाका लागि निर्दिष्ट लक्ष्य तर्फ शैक्षिक गतिबिधि केन्द्रित गरी आधुनिक विद्युतीय सूचना प्रविधिको पहुँच तथा शिक्षण सिकाइ प्रकृया यथोचित उपयोगलाई प्रभावकारी गरिनेछ ।
- ❖ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न गाउँपालिकाका सबै बालबालिकालाई विद्यालय भर्ना गराउने तथा भर्ना भएका सबैलाई अध्ययनमा निरन्तरता दिने र गुणस्तर अभिवृद्धिका लागि उत्प्रेरणामूलक उपायहरू अवलम्बन गरिनेछ ।
- ❖ निःशुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न सङ्घ र प्रदेश सरकारसँगको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गर्दै लगिने छ ।
- ❖ प्राविधिक विद्यालय सञ्चालनका लागि आवश्यक पूर्वाधार, जनशक्ति तथा सामागीको यथोचित व्यवस्था गरी आवश्यकता अनुसार अन्य विषयमा प्राविधिक धारको कक्षा सञ्चालन गरिनेछ ।
- ❖ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सुविधा दिने नीति अख्तियार गरिनेछ।
- ❖ विद्यालयहरूमा सुविधा सम्पन्न सूचना संचार प्रविधिको उपयोग ICT ल्याव तथा विद्युतीय पुस्तकालय स्थापना गर्दै लगिनेछ ।
- ❖ स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको निर्माण तथा विकास गरी प्रभावकारी कार्यान्वयनमा लगिनेछ ।
- ❖ शिक्षण सिकाइलाई प्रभावकारी डिजिटल पाठ्यसामाग्रीको व्यवस्था, शैक्षिक सामाग्री, विद्युतीय पुस्तकालय तथा विज्ञान प्रयोगशालाको स्थापना तथा सञ्चालनलाई विस्तार गर्दै लगिनेछ ।
- ❖ विद्यालयहरूको अनुगमनमा ई-हाजिरी र सिसि क्यामेरा जडान गरी दैनिक हाजिरी, सूचना प्रवाह र अभिलेख व्यवस्थापनमा सूचना तथा संचार प्रविधि प्रयोग गरिने छ ।
- ❖ शिक्षक तथा विद्यार्थीलाई इन्टरनेटको माध्यमबाट अध्ययन, खोज तथा क्षमता विकासका लागि सुशिक्षित तथा अभ्यस्त गराइने छ ।
- ❖ विद्यालयलाई भय, विभेद र दूर्व्यवहारमुक्त तथा विविधताअनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गरिने छ ।
- ❖ सीमान्तकृत अल्पसंख्यक समुदायका बालवालिकाहरूलाई माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई सुनिश्चित गर्ने नीति अवलम्वन गरिने छ ।
- ❖ अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराइनेछ ।
- ❖ भौगोलिक दुरी टाढा भएका बस्तीका बालबालिका सहित अनाथ तथा अति विपन्न बालबालवालिकाका लागि आवासिय विद्यालय सञ्चालन गरिने छ ।
- ❖ सामुदायिक शिक्षामा अभिभावकको सहभागिता बढाउन अभिभावक शिक्षा सञ्चालनगरिने छ ।
- ❖ विद्यालयका शैक्षिक गतिविधि अनुगमन गरी समयमै सुधार गर्न, शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक-अभिभावक समिति सहितको स्थानीय विद्यालय अनुगमन संयन्त्र तयार गरी शिक्षाको गुणस्तर सुधारका लागि पृष्ठपोषण र सहजिकरण गरिनेछ।

- ❖ बाल क्लव, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घको गठनलाई नियमित गरी विद्यालयमा शैक्षिक व्यवस्थापनको वातावरण तयार गरिने छ ।
- ❖ विद्यालयमा खेलकुदलाई प्रवर्द्धन गर्न पर्याप्त मात्रामा खेलकुदका सामाग्री व्यवस्था गरिनुका साथै बालबालिकाहरूको प्रतिभा पहिचान र प्रोत्साहनका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन र पुरस्कारको प्रवन्ध गरिनेछ ।
- ❖ वैकल्पिक शिक्षा तथा समावेशी शिक्षाको लागि शिक्षक, शैक्षिक सामाग्री, प्रशिक्षण, अनुगमन र मूल्याङ्कनको व्यवस्था गरिनेछ ।
- ❖ शिक्षामा पुरस्कार, दण्ड, सजायलाई समेत लागू गर्दै लगिनेछ ।
- ❖ विद्यालयहरूमा अपाङ्गतामैत्री भौतिक संरचना, ह्विल चियर लगायत सहयोगी सामग्रीको व्यवस्था गरिने छ ।
- ❖ बालक्लवहरूको व्यक्तित्व विकासका लागि वालसहभागिता तथा विभिन्न श्रृजनात्मक गतिविधिहरूमा उनीहरूको पहुँच स्थापित गरिने छ ।
- ❖ माध्यमिक तथा आधारभूत तहका विद्यालयहरूमा सवारी साधनको क्रमशः व्यवस्था गर्दै लगिनेछ ।
- ❖ विद्यालयमा स्वास्थ्य सेवा एवं स्वास्थ्य शिक्षाका लागि १ विद्यालय १ नर्स कार्यक्रमलाई कार्यान्वयन गर्दै लगिनेछ ।
- ❖ स्नातक तहको शिक्षाको गुणस्तर सुधार गर्न व्यवस्थापकीय सहयोग तथा पूर्वाधार निमार्णमा आवश्यक पहल गरिनेछ ।
- ❖ प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्ने जेहन्दार तथा विपन्न विद्यार्थीलाई मानेभन्ज्याङ गाउँपालिकाबाट सहयोगको व्यवस्था गरिनेछ ।
- ❖ सबै बालबालिकाहरूलाई आधारभूत पोषण तथा स्वास्थ्यको प्रत्याभूति दिलाउन सबै विद्यालयहरूमा पोषणयुक्त दिवा खाजा तथा सरसफाईका सामग्रीको उचित व्यवस्था गरिनेछ ।
- ❖ सबै विद्यालयहरूमा बाल उद्यानको सुनिश्चितता गरिनेछ ।
- ❖ आपतकालीन तथा सङ्कटकालीन अवस्थामा समेत शैक्षिक गतिविधि सञ्चालन गर्न कार्यविधि बनाई अगाडि बढाइने छ ।
- ❖ विपद व्यवस्थापन सम्बन्धी आधारभूत जानकारी र व्यवस्थापन सम्बन्धी अभ्यास तथा सामग्री वितरण गरिनेछ ।
- ❖ विद्यार्थीलाई कृषि, प्राविधिक ज्ञान, विशिष्ठ सिप सम्बन्धमा जानकारी प्रदान गरी प्रयोगात्मक अभ्यास लगायत रचनात्मक कार्यहरू सञ्चालनको व्यवस्था गरिनेछ ।
- ❖ हरेक विद्यालयमा वगैंचा स्थापना र वृक्षारोपण तथा संरक्षणको अभ्यास संस्थागत गरिने छ ।
- ❖ विद्यालय सुधारका लागि स्वमूल्याङ्कन विधि अवलम्बन तथा स्थानीय आवश्यकता अनुसारको शैक्षिक क्यालेन्डर मानेभन्ज्याङ गाउँपालिकाबाट तयार गरी लागु गर्ने परिपाटीको थालनी गरिनेछ।
- ❖ सङ्घीय र प्रदेश कानुनसँग नबाझिने गरी शिक्षा सम्बन्धि आवश्यक नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लगिनेछ।

# परिच्छेद ३ : विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू

**अवधारणा**

कोशी प्रदेश स्थित मानेभन्ज्याङ गाउँपालिकाले शैक्षिक सुधारका लागि निर्माण गरेको यो पाँच वर्षे शैक्षिक योजना हो । यस योजनामा विभिन्न उपक्षेत्रहरू निर्माण गरी योजनालाई व्यवस्थित गरिएको छ । प्रत्येक क्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरी योजनाको उद्देश्य, चुनौतीहरूको सामना गरी उद्देश्य प्राप्तिका लागि उपक्षेत्रगत रूपमा रणनीतिहरू प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ। यस खण्डमा नेपालको संविधानले निर्देशित गरेका दृष्टिकोण, मौलिक अधिकार, निजी संरचना, शिक्षा सम्बन्धी नीति, दिगो विकासको लक्ष्य, अन्तर्राष्ट्रिय क्षेत्रमा शिक्षा सम्बन्धी प्रतिवद्धता, सोह्रौं योजनालाई समेत आधार लिने र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को संरचनालाई समेत महत्वपूर्ण आधार मानिएको छ । त्यसैगरी मानेभन्ज्याङ गाउँपालिकाको शिक्षा क्षेत्र (सञ्चालन र व्यवस्थापन) कार्यविधि, २०७४ लगायतका आधारमा यस उपक्षेत्रहरूमा वर्तमान अवस्थाको समीक्षा गरी चुनौती पहिचान गर्नुका साथै योजनाका लागि उद्देश्य, रणनीतिहरू, नतिजा आँकलन, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू तहगत रूपमा नै समावेश गरिएको छ। जसको योजनालाई मूर्तरूप दिन महत्वपूर्ण योगदान रहन्छ।

## ३.१ बालविकास र शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बालविकास र शिक्षा बालबालिकाहरूलाई आधारभूत शिक्षाको लागि तयार गराउने आधारभूत कार्यक्रम हो । यस कार्यक्रमले विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक संवेगात्मक जस्ता सर्वाङ्गीण विकासमा सहयोग गर्दछ। नेपालको अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा चार वर्ष उमेर पुगेका बालबालिकाको लागि एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख छ। नेपालको सोह्रौंयोजनामा पनि प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई जोड दिइएको सन्दर्भमा मानेभन्ज्याङ गाउँपालिका शिक्षा योजनामा पनि सो कार्यक्रमलाई समावेश गरिएको छ । यस कार्यक्रमलाई सबै बालबालिकाहरूको पहुँचमा पुर्याउनको लागि सरकारी तथा गैह्र सरकारी संस्था, स्थानीय सरकार, सामुदाय, विद्यालयहरू तथा आम सरोकारवालाहरूले हातेमालो वा सहयोग हुन आवश्यक छ । यस योजना अवधिका लागि प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका उद्देश्य, नीतिहरू, कार्यक्रम कार्यान्वयनका प्रमुख नतिजा र योजना प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू निम्नानुसार उल्लेख गरिएको छ।

### ३.१.२ वर्तमान अवस्था

मानेभञ्ज्याङ गाउँपालिकामा विभिन्न बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। यीमध्ये केही केन्द्रहरू समुदायद्वारा सञ्चालित छन् भने अधिकांश केन्द्रहरू विद्यालयमा सञ्चालन भइरहेका छन्। बालविकास केन्द्रमा प्रारम्भिक उमेर समूहका बालबालिकाहरू सहभागी हुने गरेका छन्, जसमा उमेर नपुगेका बालबालिकाहरू पनि समावेश हुन्छन्।

बालविकास केन्द्रहरूमा सहजकर्ताहरू कार्यरत रहेका छन्। विद्यालयहरूमा बालविकास केन्द्र सञ्चालनका लागि छुट्टै भवन वा कक्षा कोठा व्यवस्थापन गर्न कठिनाइ देखिन्छ। विद्यालयमा सञ्चालित बालविकास केन्द्रको अवस्था सामान्यतया सन्तोषजनक भए पनि, समुदायमा आधारित केन्द्रहरूको व्यवस्थापन तुलनात्मक रूपमा कमजोर रहेको छ।

बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूले सेवा सुविधा पाएका भए पनि, अन्य शिक्षक सरहको सुविधा उपलब्ध छैन।

### ३.१.३. उद्देश्य

मानेभन्ज्याङ गाउँपालिकाको यस बालविकास र शिक्षा कार्यक्रमको मुख्य लक्ष्य सबै बालबालिकाहरूलाई गुणस्तरीय बालविकास शिक्षाको अवसर सुनिश्चित गर्नु रहेको छ। यसका अलावा निम्न लिखित विशिष्ट उद्देश्यहरू तय गरिएको छ ।

१. उमेर समूहका बालबालिकाहरूलाई सर्वाङ्गीण विकास सहित आधारभूत शिक्षाको तयारीमा पहूँच बढाउनु,
२. तीन वर्षभन्दा माथि उमेरका सबै बालबालिकाहरूलाई बालविकास शिक्षामा पहुँच बनाउनु,
३. बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
४. सबै बालिबालिकाहरूलाई बालशिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गराउनु ।

### ३.१.४ रणनीति

योजना उद्देश्यहरू प्राप्त गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. प्रदेश सरकारको सहयोगमा क्षमता विकास समन्वय तथा सहजीकरणका माध्यमबाट स्थानीय सरकारलाई सहयोग गर्ने, गरिने छ,
२. सङ्घीय सरकार र प्रदेश सरकारले अवलम्बन गरिएको मापदण्ड र ढाँचा अनुसार अनुदानका आधारमा बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ,
३. बालविकास तथा शिक्षामा लगानी सुनिश्चित गर्न केन्द्रको मापदण्ड अनुसार कार्यान्वयन गरिने छ,
४. बालविकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र नयाँ स्थापनाको व्यवस्था गरिने छ,
५. भौगोलिक जटिलता र लक्षित समुदायका बालबालिकाका लागि नमूना विकास गरी पहुँच सुनिश्चित गरिने छ,

६. गुणस्तर सुनिश्चित गर्न सिकाइको आवश्यकता सम्बोधन गर्दै पाठ्यक्रमको कार्यान्वयन गरिनेछ।

७. बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारीताका लागि परिवार, समुदाय, सङ्घसंस्था निजी क्षेत्र र विद्यालयलाई जिम्मेवारी गराइने छ ।

८. वालबिकास सहजकर्ताहरूको वृत्ति विकास तथा सेवा सुविधामा वृद्धि गर्दै लगिनेछ ।

### ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

माथि उल्लेखित रणनीति अपनाए पश्चात सबै बालबालिकाहरूलाई गुणस्तरीय बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने

**ख) प्रमुख नतिजाहरू**

मानेभन्ज्याङ गाउँपालिकाले शिक्षा क्षेत्रको विकासको लागि सञ्चालन गर्ने कार्यहरूबाट निम्न नतिजाहरूको अपेक्षा गरिएको छ :

१. बालविकासको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने,

२. तीन वर्षभन्दा माथि उेमर समूहका सबै बालबालिकाहरूलाई एक वर्षको शिक्षा कार्यक्रममा सहज पहुँच हुने,

३. मन्टेस्वरी तालिम प्राप्त शिक्षक र बालबालिकाको हेरचाहका लागि सहायक कर्मचारी सहितको बालविकास केन्द्र रहने,

४. समयअनुसारको पाठ्यक्रम परिमार्जन गरी उनीहरूको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सुनिश्चित हुने,

५. बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, सङ्घसंस्था र विद्यालय जिम्मेवार हुने,

६. बालबालिको आवश्यकता अनुसार घर, समुदाय, कार्यक्षेत्र र घुम्ती बालविकास केन्द्रको नमुनाहरू विकास हुने,

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

कुनैपनि व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक र आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्नका लागि शिक्षा महत्वपूर्ण हुन्छ । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास गुणस्तरीय जीवनयापन र सामाजिक समायोजन सहयोग गर्दछ ।सामान्यतया आधारभूत शिक्षा भन्नाले सामान्यतया कक्षा १ देखि ८ सम्मको शिक्षालाई बुझाउँछ । यसले नेपालको संविधानले आधारभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारको रूपमा लिएको हुनाले यस तहलाई समतामूल्क पहुँच पुऱ्याई व्यक्तिको मौलिक अधिकारको रूपमा लिइएको छ । यस तहको शिक्षामा समता र गुणस्तर सुनिश्चित गर्ने दायित्व सरकारको हो । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने, अनिवार्य र निःशुल्क पाउने हक हुने छ भनी व्यवस्था गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले यस तहको शिक्षा प्रदान गर्ने दायित्व सङ्घ, प्रदेश र स्थानीय तहको हुने र आधारभूत तहको सबै बालबालिकालाई विद्यालय पठाउन प्रत्येक नागरिकको कर्तव्य हुनेछ । यस तहको शिक्षालाई स्थानीय तहको एक अधिकार र सङ्घ र प्रदेशको पनि दायित्व रहेको छ । आधारभूत शिक्षा अन्तरगत कक्षा १ देखि ८ सम्मको शिक्षा पहुँच गुणस्तर तथा समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी ५ वर्षको लागि यस तहको शिक्षा विकासको उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ३.२.२ वर्तमान अवस्था

यस मानेभञ्ज्याङ गाउँपालिकामा ४३ वटा विद्यालयहरू आधारभूत तह सञ्चालनमा रहेका छन्। जसमा कक्षा ३ सम्म पठनपाठन हुने विद्यालय, कक्षा ५ सम्म पठनपाठन हुने विद्यालय र कक्षा ८ सम्म पठनपाठन हुने विद्यालयहरू रहेका छन्। कतिपय ठाउँहरूमा अझै पनि विद्यालय उमेर समूहका बालबालिका विभिन्न कारणले विद्यालय बाहिर रहेका छन्। यस तहको शिक्षामा पहुँचमा आर्थिक, सामाजिक अवस्था तथा भौगोलिक अवस्थाका कारण असमानता देखिन्छ, विशेष गरी दलित समुदायका अति गरिब छात्राहरूको विद्यालय पहुँच कठिन छ। विद्यालयको भौतिक र शैक्षिक वातावरण बालमैत्री र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ।

गाउँपालिकाभित्र अध्ययन गर्ने बालबालिकाको विकास र सिकाइलाई प्रभावित पार्ने पोषण, स्वास्थ्य, सरसफाइ, दिवा खाजा जस्ता सेवाहरू सुधार गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता छ। पेसागत रूपमा योग्य शिक्षकको अपर्याप्तता र विद्यालय नेतृत्व तथा व्यवस्थापनमा देखिने चुनौतीहरूले आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा असर पुऱ्याइरहेको छ। यस तहमा विद्यालय कक्षामा दोहोऱ्याउने दर र छाड्ने दर दुवै उच्च देखिन सक्छन्। यस कारणले पनि आधारभूत तह पूरा गर्ने दरमा अपेक्षित सुधार हुन नसकेको अवस्थालाई मध्यनजर गर्दै आन्तरिक क्षमतामा सुधार गर्नुपर्ने देखिन्छ। सबै बालबालिकालाई सामुदायिक विद्यालयमा समावेश गर्न र गुणस्तर सुधार गर्न ध्यान दिन आवश्यक छ।

यस मानेभन्ज्याङ गाउँपालिकामा आधारभूत शिक्षामा निम्नलिखित चुनौतीहरू देखिएका छन्:

१. आधारभूत तहमा सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइवृद्धि गरी शत प्रतिसत पुऱ्याउने,
२. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,
३. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने,
४. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने,
५. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने,
६. विद्यालयहरूलाई पुनर्वितरण, समायोजन र वैकल्पिक प्रबन्धसमेत गरी पहुँच र सहभागिता सुनिश्चित गर्ने,
७. आवश्यक शिक्षक दरवन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति (शिक्षक तथा प्र.अ. तथा कर्मचारी समेत) व्यवस्थापन गर्ने,
८. पोषण, स्वास्थ्य, दिवा खाजालगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्ने,
९. विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने,
१०. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थिति प्रति उत्थानशील (Resilient) बनाउने,
११. शिक्षक तथा विद्यार्थीलाई प्रविधिको पहुँच वृद्धि गर्ने,
१२. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्ने,
१३. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइ प्रति उत्तरदायी बनाउने ।

### ३.२.३. उद्देश्य

यस योजनाको मुख्य उद्देश्य अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यक्रममार्फत आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु रहेको छ। यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित दिर्घकालिन उद्देश्य राखेको छ :

१. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्नु,
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
३. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता

अनुकूल, उत्थानशील (Resilient) र जवाफदेही बनाउनु,

४. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,

५. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,

६. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु ।

### ३.२.४ रणनीतिहरू

मानेभन्ज्याङ गाउँपालिकाले आधारभूत शिक्षा विकासमा बनाएका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गर्नेछ:

१. सङ्घीय मापदण्ड अनुसार स्थानीय तहले आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण तथा समायोजन गरिनेछ ।

२. स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय तहले थप आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाइने छ ।

३. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुन प्रणाली विकास गरिने छ ।

४. स्थानीय तहले आफ्नो क्षेत्रभित्र विद्यालयबाहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरणसङ्कलन गरी उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था (वैकल्पिक अनौपचारिक खुला परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम आवासीय सुविधा आदि) मिलाइने छ ।

५. सबै आधारभूत विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिनेछ ।

६. न्यूनतम सक्षमता पूरा गराउन गाउँपालिकाले सङ्घीय र प्रदेश सरकारसँग समन्वय गर्नेछ।

७. शिक्षक तथा प्रधानाध्यापकहरूको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापन तथा सूचना सञ्चार प्रविधिसँग परिचित गराइ शैक्षिक गुणस्तर अभिवृद्धिगरिने छ ।

८. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिने छ ।

९. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ तथा सङ्घसंस्थाको सहकार्यमा स्थानीय तहले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गर्नेछ ।

१०. विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइने छ ।

११. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्न तीनै तहका सरकारले सहकार्य गर्नेछन् र विद्यालयले दिवाखाजा व्यवस्थापन

गरिनेछ ।

१२. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याइने छ ।

१३. यस मानेभन्ज्याङ गाउँपालिकालेComprehensive School Safety Framework (CSSF)लागू गर्नेछ यसका अलवा आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउने योजना तयार गरी कार्यान्वयनमा लैजाने छ ।

१४. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिने छ ।

१५. सङ्घीय सरकारले शिक्षको न्यूनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपातलगायत शिक्षक दरवन्दीका आधारहरूको पुनरावलोकन गरी स्थानीय तहका लागि दरवन्दी निर्धारण गर्नेछन् र स्थानीय तहले आवश्कताअनुसार शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरिने छ ।

१६. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित तथा सुधारमा क्षेत्र पहिचान गरिने छ ।

१७. शिक्षक पेसागत विकास र सहायत प्रणालीलाई व्यवस्थित गर्दै लगिने छ ।

१८. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्नुका साथै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन तथा सुधार गर्दै लगिने छ ।

### ३.२.५ उपलब्धि नतिजा, प्रमुख क्रियाकलाप तथालक्ष्य

**क) उपलब्धि**

मानेभन्ज्याङ गाउँपालिकाको योजना अनुरूप अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबै वर्गको पहुँच र सहभागिता सुनिश्चित भई सार्वजनिक शैक्षिक गुणस्तर अभिवृद्धि हुनेछ ।

**ख) प्रमुख नतिजाहरू**

१. सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागी हुने,

२. न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने,

३. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,

४. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने,

५. आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक समता सूचनामा सुधार हुने ,

७. विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने,

८. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने,

९. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकालाई सहयोग हुने ।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ९:बवयच बअतषखष्तष्भक बलम तबचनभत०**

तालिका नं. १५: आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो लक्ष्य ५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | विद्यालय नक्साङ्कन, पुर्नवितरण र समायोजन | पटक | | १ | | १ | | २ | |
| २. | कक्षागत तथा विषयगत शिक्षकको व्यवस्था | सङ्ख्या | आ. अनुसार | आ. अनुसार | आ. अनुसार | आ. अनुसार | आ. अनुसार | आ. अनुसार | आवश्यकता अनुसार र मानेभन्ज्याङ गाउँपालिकाको स्रोत स्थानीय सरकारले व्यवस्था गर्ने, नपुग कोटा प्रदेश सरकार तथा सङ्घीय सरकारसँग माग गर्ने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | विद्यालय कर्मचारीको व्यवस्थापन | सङ्ख्या | आ. अनुसार | आ. अनुसार | आ. अनुसार | आ. अनुसार | आ. अनुसार | आ. अनुसार | आवश्यकता अनुसार र मानेभन्ज्याङ गाउँपालिकाको स्रोत स्थानीय सरकारले व्यवस्था गर्ने, नपुग कोटा प्रदेश सरकार तथा सङ्घीय सरकारसँग माग गर्ने |
| ४. | शिक्षक कर्मचारीलाई आइसिटी तालिम तथा ल्यापटपको व्यवस्था | सङ्ख्या | २५ | २५ | ३० | ३० | ३० | १४० | प्रत्येक वर्ष १ पटक तालिम |
| ५. | आधारभूत तहमा भर्ना अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६. | विद्यालयमा भौतिक पूर्वाधार विकास कार्यक्रम | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ७. | प्र. अ. प्रबोधिकरण तथा शिक्षक पेसागत तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालयहरूका लागि |
| ८. | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालयहरूका लागि |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९. | विद्यार्थी सिकाइउपलब्धि लेखाजोखा | पटक | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालयहरूका लागि |
| १०. | स्थानीय पाठ्यक्रम निर्माण, प्रबोधिकरण र कार्यान्वयन | पटक | १ | १ | | | | २ | सबै विद्यालयहरूका लागि |
| ११. | सूचना प्रविधिको उपयोग सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालयहरूका लागि |
| १२. | प्रकोप, सङ्कट, माहामारी आदिबाट बच्ने उपायहरू सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालयहरूका लागि |
| १३. | विद्यालयमा पोषण, स्वास्थ्य, तथा दिवा खाजाको प्रवन्ध | विद्यालय | १ | १ | १ | २ | २ | ७ | |
| १४. | छात्रवृत्ति, निशुल्क पाठ्यपुस्तक वितरण र शैक्षिक सामग्री वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | वर्षिक रूपमा सबै विद्यालयहरूका लागि १ पटक |
| १५. | आधारभूत तहमा स्तरीकृत परीक्षा सञ्चालन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | वर्षिक रूपमा सबै विद्यालयहरूका लागि १ पटक |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६. | वि.व्य. स., शि. अ.क. लगायतको क्षमता अभिवृद्धि कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | वर्षिक रूपमा सबै विद्यालयहरूका लागि १ पटक |
| १७. | विद्यार्थीहरूको EGRA सम्बन्धी कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | वर्षिक रूपमा सबै विद्यालयहरूका लागि १ पटक |
| १८. | दुगर्म क्षेत्रका विद्यालयहरूमा विद्यार्थी तथा शिक्षक, कर्मचारी आवास व्यवस्थापन | विद्यालय | | २ | ५ | ३ | ४ | १४ | |
| १९. | सिकाइ अनुभव आदानप्रदान, शैक्षिक भ्रमण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | स्रोत र आवश्यकताका आधारमा घटबढ हुन सक्ने |
| २०. | विद्यालय अनुगमन, पृष्ठपोषण | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै विद्यालयहरूमा |

## ३.३ माध्यमिक शक्षा

### ३.३१ परिचय

नेपालको संविधानले माध्यमिक विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको छ। यसका साथै संविधानले माध्यमिक शिक्षा निःशुल्क प्राप्त गर्ने हक प्रत्याभूत गरेको छ । माध्यमिक तहको शिक्षाको काम कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार हो। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी विभाजन गरेको छ। यसले कक्षा १-८ लाई आधारभूत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षा हुने गरी पाठ्यक्रम तयार गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैका पहुँच निःशुल्क हुने व्यवस्था उल्लेख गरेको छ । विज्ञान प्रविधि तथा नवप्रर्वतन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान प्रविधि तथा सिपका बारेमा अध्ययन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशील अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

वर्तमान व्यवस्था अनुसार माध्यमिक तहमा साधारण र प्राविधिक गरी २ धारमा शिक्षालाई व्यवस्थापन गरेको छ । प्राविधिक धारका विद्यालयहरू कक्षा ९ देखि सञ्चालन हुने नीतिगत व्यवस्था छ । संविधानले प्रदत्त गरेका शिक्षाका अधिकारलाई सुनिश्चित गर्न स्थानीय तहले शैक्षिक नीति तथा योजना निर्माण गर्न अपरिहार्य भएको छ ।

### ३.३.२ वर्तमान अवस्था

मानेभञ्ज्याङ गाउँपालिकाभित्र जम्मा ८ वटा माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन्। यीमध्ये ३ वटा सामुदायिक विद्यालय कक्षा १० सम्म पठनपाठन गराउँछन् भने बाँकी ५ वटा विद्यालय कक्षा १२ सम्म पठनपाठन हुने गरी सञ्चालनमा छन्। यसैगरी केही संस्थागत विद्यालयहरू पनि रहेको जानकारी छ।
मानेभञ्ज्याङ गाउँपालिका भित्रका तथा आसपासका क्षेत्रका विद्यार्थीहरू पठनपाठनका लागि यी विद्यालयहरूमा आउने गर्दछन्। शैक्षिक सत्र २०७८ अनुसार, विद्यालयहरूमा कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरूको संख्या उल्लेखनीय छ भने कक्षा ११ र १२ मा पनि विद्यार्थीहरूको पर्याप्त संख्यामा पठनपाठन भइरहेको छ।

### ३.३.३ उद्देश्यहरू

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्य राखेको छ :

१. माध्यमिक तहमा सबैको पहुँच सुनिश्चित गर्नु,
२. माध्यमिक तहको विषयगत सिकाइ उपलब्धि वृद्धि गर्नु,
३. माध्यमिक शिक्षाको गुणस्तरमा सुधार गर्नु,
४. खुद भर्ना दर बढाउनु,
५. विद्यालयलाई बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,
६. विद्यालय प्रशासन र व्यवस्थापनलाई सुधार गरी जवाफदेही बनाउनु,
७. शिक्षण सिकाइ क्रियाकलाप समय सापेक्ष बनाउँदै सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु,

८. आपतकालीन अवस्थामा समेत शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन सकिने अवस्था निर्माण गर्नु,
९. माध्यमिक तहमा विषयगत शिक्षकको दरबन्दी व्यवस्था र वृत्ति विकास जोड दिनु,
१०. नक्साङ्कनका आधारमा विद्यालयका स्थापना तथा व्यवस्थापन गर्नु,
११. विद्यार्थीहरूलाई भुकम्प, बाढी पहिरो, आगलागी जस्ता प्राकृति प्रकोप, महामारी, दुर्घटना इत्यादि विपदमा सुरक्षित हुँदै एक अर्कामा सहयोगी भावनाको विकास गर्नु,
१२. आवश्यकतानुसार प्राविधिक धारका विद्यालयहरूको स्थापना र व्यवस्थापन गर्नु,
१३. विद्यार्थीहरूमा पोषण तथा स्वास्थ्यमा गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गर्नु,
१४. आवासीय विद्यालयका साथै यातायातको सुविधा विस्तार गर्नु ।

### ३.३.४ रणनीतिहरू

मानेभन्ज्याङ गाउँपालिकाले माध्यमिक शिक्षा विकासमा बनाएका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गर्नेछः

१. निःशुल्क माध्यमिक शिक्षा सुनिश्चित गरिने छ,
२. अति गरिब र समावेशीताका आधारमा समायानुकूल छात्रवृत्तिको व्यवस्था गरिने छ,
३. सङ्घीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी माध्यमिक विद्यालयको क्षमता विकास गरिने छ,
४. विद्यालयहरूको वास्तविक अवस्था र नक्साङ्कन गरी सबै बालबालिको पहुँच सुनिश्चित गर्न विद्यालयको पुनर्वितरण तथा समायोजन गरिनेछ,
५. सङ्घीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी शिक्षकहरूलाई पेसागत र पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ,
६. विद्यालयहरूको सूचना प्रविधिको विस्तार गरी शिक्षणलाई सहयोग गरिने छ,
७. सिकाइ उपलब्धि कम भएका विद्यार्थी पहिचान गरी अतिरिक्त कक्षा सञ्चालन गरिने छ,
८. जीवनपयोगी सिकाइसँग जोडेर विद्यार्थी मूल्याङ्कन प्रणालीको व्यवस्थापन गरिने छ,
९. गरेर सिक्ने (learning by doing) को मान्यतालाई प्रयोगमा ल्याउने छ,

१०. विद्यालय व्यवस्थापन र प्रशासनिक कार्य चुस्त दुरूस्त राख्न यातायातका साधनको व्यवस्था गरिने छ,

११. गणित, विज्ञान र अङ्ग्रेजी विषयहरूलाई दैनिक जीवनसँग जोडेर विद्यार्थी, अभिभावक र शिक्षकमा सहज अनुभूति हुने गरी वातावरण तयार गरिने छ,

१२. सूचना प्रविधिका अधिकतम् उपयोग गर्दै स्टिम (STEM) को अवधारणा अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गरिने छ,

१३. छुट्टै प्रशासनिक नेतृत्वमा थप सुविधा सहित विद्यालयको दैनिक कामकाज सञ्चालनमा जोड दिइने छ,

१४. विद्यालयमा सुरक्षा गार्डको व्यवस्थापनमा जोड दिइने छ,

१५. शिक्षकको निरन्तर अध्यावधिक हुन अभिप्रेरणा बढाउने कार्यक्रम सञ्चालन गरी दक्ष विषय शिक्षाको व्यवस्था गरिने छ,

१६. सङ्घीय र प्रादेशिक सरकारको सहयोगमा विद्यालय कर्मचारीको दरबन्दी सिर्जना गरिने छ,

१७. विद्यार्थीको अतिरिक्त तथा सहक्रियाकलाप (सङ्गीत, नृत्य, गायन, खेलकुद आदि) को स्तरन्नोति गर्न शिक्षाको व्यवस्थापन गरिने छ,

१८. सुविधा सम्पन्न बालमैत्री भौतिक संरचना र कक्षाकोठाको व्यवस्थापन गरिने छ,

१९. घेराबार, स्वच्छ खानेपानी, शौचालय, खेलमैदान र हरित विद्यालय व्यवस्थापनमा जोड दिइने छ,

२०. विद्यालय अनुगमन, कक्षा अवलोकन, सुपरीवेक्षण र शिक्षक सहायता जस्ता कार्यलाई प्रभावकारी बनाइने छ,

२१. विद्यालय सुधार योजना, शैक्षणिक योजना, वार्षिक कार्यतालिका निर्माण र प्रयोग जस्ता विषयमा क्षमता अभिवृद्धि गरी शिक्षकको कार्य सम्पादन, कार्य सम्पादन, कार्य प्रभावकारिता र जवाफदेहितामा वृद्धि गरिने छ,

२२. हाल सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरूको उचित व्यवस्थापन गर्दै आवश्यकता आधारमा स्थान अनुसार थप विद्यालय स्थापनामा जोड दिइने छ,

२३. विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षणका साथै जङ्कु फुड (पत्रु खाना) को प्रयोगलाई निषेध गरी स्थानीय अर्गानिक खाद्य पदार्थको प्रयोग गरी विद्यार्थीको पोषण तथा स्वास्थ्यमा गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गरिने छ,

२४. आपतकालीन परिस्थितिमा शिक्षण कार्य सञ्चालनका लागि विद्यार्थी, शिक्षक र अभिभावकको क्षमताको विकास गरिने छ,

२५. प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यार्थी तथा शिक्षकलाई पूर्व तयारी भई विपदमा सहयोगका लागि तयारी हुन जोड दिइने छ,

२६. विद्यार्थी तथा शिक्षक कर्मचारीहरूका लागि यातायातको सुविधा बढाउन बसको व्यवस्था गर्दै लगिने छ ।

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथालक्ष्य

**क) उपलब्धि**

यस योजनाको लागू भए पश्चात माध्यमिक शिक्षामा सबैको पहुँच भई गुणस्तरमा सुधार हुने र गाउँपालिकाको शैक्षिक अवस्था बढ्ने अपेक्षा गरिएको छ ।

**ख) नतिजा**

१. माध्यमिक तहमा गुणस्तरीय शिक्षाको सुनिश्चिता हुने,

२. माध्यमिक विद्यालय तह पार गर्ने विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि पूरा गरेको हुने,

३. सबै माध्यमिक विद्यालयहरूमा विषय शिक्षकको व्यवस्था भएको हुने

४. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दर वृद्धि हुने,

५. विद्यालयहरू बालमैत्री समावेशी र सुरक्षित हुने,

६. विद्यार्थी, शिक्षक, प्रशासक, सरोकारवालाहरू जवाफदेही हुने,

७. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायत अन्य प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने,

८. विद्यार्थीहरू विभिन्न सामाजिक कार्यहरू (जु.रे.स., बालक्लब, स्काउट आदि) मा संलग्न भई प्राकृतिक प्रकोप तथा विपदमा सहयोगीका रूपमा सहभागी हुने,

९. कम्तीमा तीन माध्यमिक विद्यालय आवासीय विद्यालयको रूपमा स्थापना हुने,

१०. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता तथा वृत्ति विकास भई पेसाप्रति उत्प्रेरित हुने,

११. प्रत्येक माध्यमिक विद्यालयमा विषयगत ल्याबको व्यवस्था हुने,

१२. सबै माध्यमिक विद्यालयका एक शिक्षक एक ल्यापटपको व्यवस्था भएको हुने,

१३. शिक्षक र विद्यार्थी सिकाइप्रति अभिप्रेरित भई शैक्षिक सामाग्री निर्माण र प्रयोगमा क्रियाशील रहने,

१४. क्रमबद्ध रूपमा विद्यालयहरूको आफ्नै यातायातको व्यवस्था हुने ।

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

तालिका नं. १६:माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो लक्ष्य ५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | विद्यालय नक्साङ्कन, पुर्नवितरण र समायोजन | पटक | | १ | | | | १ | |
| २. | कक्षागत तथा विषयगत शिक्षकको व्यवस्था | सङ्ख्या | | | | | | | आवश्यकता अनुसार र मानेभन्ज्याङ गाउँपालिका को स्रोत स्थानीय सरकारले व्यवस्था गर्ने, नपुग कोटा प्रदेश सरकार तथा सङ्घीय सरकारसँग माग गर्ने |
| ३. | विद्यालय कर्मचारीको व्यवस्थापन | सङ्ख्या | | | | | | | आवश्यकता अनुसार र मानेभन्ज्याङ गाउँपालिकाको स्रोत स्थानीय सरकारले व्यवस्था गर्ने, नपुग कोटा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | प्रदेश सरकार तथा सङ्घीय सरकारसँग माग गर्ने |
| ४. | शिक्षक कर्मचारीलाई आइसिटी तालिम तथा ल्यापटपको व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | प्रत्येक वर्ष १ पटक तालिम |
| ५. | माध्यमिक तहमा भर्ना अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६. | विद्यालयमा भौतिक पूर्वाधार विकास कार्यक्रम | विद्याल य | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ७. | प्र. अ. प्रबोधिकरण तथा शिक्षक पेसागत तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालयहरूक ा लागि |
| ८. | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालयहरूक ा लागि |
| ९. | विद्यार्थी सिकाइउपलब्धि लेखाजोखा | पटक | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालयहरूक ा लागि |
| १० . | वाल क्लव, जु.रे.स, स्काउट आदिको गठन र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालयहरूक ा लागि |
| ११. | सूचना प्रविधिको उपयोग सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालयहरूक ा लागि |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२. | प्रकोप, सङ्कट, माहमारी आदिबाट बच्ने उपायहरू सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालयहरूका लागि |
| १३. | विद्यालयमा पोषण, स्वास्थ्य, तथा दिवा खाजाको प्रवन्ध | विद्यालय | २ | २ | २ | २ | | ६ | |
| १४. | छात्रवृत्ति, निशुल्क पाठ्यपुस्तक वितरण र शैक्षिक सामग्री वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | वर्षिक रूपमा सबै विद्यालयहरूका लागि १ पटक |
| १५. | माध्यमिक तहमा परीक्षा सञ्चालन र एस इइ र कक्षा १२ व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | वर्षिक रूपमा सबै विद्यालयहरूका लागि १ पटक |
| १६. | वि.व्य. स., शि. अ.क. लगायतको क्षमता अभिवृद्धि कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | वर्षिक रूपमा सबै विद्यालयहरूका लागि १ पटक |
| १७. | विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | वर्षिक रूपमा सबै विद्यालयहरूका लागि १ पटक विद्यालयको |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | सिफारिसका आधारमा |
| १८. | दुगर्म क्षेत्रका विद्यालयहरूमा विद्यार्थी तथा शिक्षक, कर्मचारी आवास व्यवस्थापन | विद्यालय | | २ | २ | | २ | ६ | |
| १९. | स्वास्थ्य परीक्षण तथा स्वास्थ्य सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | वर्षिक रूपमा सबै विद्यालयहरूका लागि १ पटक |
| २०. | माध्यमिक परीक्षा सञ्चालन सम्बन्धी अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २१. | विद्यालयमा यातायातको व्यवस्था | वस सङ्ख्या | | १ | २ | २ | १ | ६ | |
| २२. | सिकाइ अनुभव आदानप्रदान, शैक्षिक भ्रमण | विद्यालय | १ | २ | १ | १ | २ | ७ | स्रोत र आवश्यकताका आधारमा घटबढ हुन सक्ने |

### ३.४ उच्च शिक्षा

#### ३.४.१ परिचय

उच्च शिक्षा भन्नाले माध्यमिक तहभन्दा माथिको तहको शिक्षा हो । नेपालको संविधानले उच्च शिक्षा प्राप्त गरिसकेपछि न्युन, मध्यम, दक्ष र उच्च दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । स्नातक उत्तीर्णपछि मध्यम जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ भने स्नातकोत्तर र सोभन्दा माथि उत्तीर्णपछि उच्च दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । मानेभन्ज्याङ गाउँपालिकाभित्र बालविकास , आधारभूत तह, माध्यमिक तह  शिक्षाको अतिरिक्त एक उच्च शिक्षा अध्ययन गर्ने क्याम्पस छ।  रहेको छ ।

#### ३.४.२ मानेभन्ज्याङ गाउँपालिकाको उच्च शिक्षाको वर्तमान अवस्था

मानेभन्ज्याङ गाउँपालिकामा बसोबास गर्ने क्याम्पस पढ्ने उमेरका धेरै जसो बालबालिकाहरू मानेभन्ज्याङ गाउँपालिकाभन्दा बाहिर अध्ययन गर्न गएको पाइन्छ । गुणस्तरीय शिक्षा, सुविधा, आदि कारण देखाई बजार क्षेत्रमा जाने विद्यार्थीहरूको ठूलो समूह रहेको छ । तथापि गाउँ ठाउँमा पढ्ने इच्छा राख्ने, आफ्नो घरको खाना खाएर पढ्छु भन्ने उद्देश्य राख्ने र न्युन आम्दानी हुने बालबालिकाको लागि भने क्याम्पस आवश्यकता महसुस गरी २०८१ सालदेखि सञ्चालनमा छ।

#### ३.४.३ उच्च शिक्षाका समस्या तथा चुनौतीहरू

नेपालको संविधानले उच्च शिक्षालाई प्रदेश तथा सङ्घीय सरकारको जिम्मेवारीको रूपमा व्याख्या गरेको छ । एकातिर उच्च शिक्षालाई आफ्नो जिम्मेवारीमा नराख्नु, अर्कातर्फ प्रदेश तथा सङ्घीय स्तरबाट उच्च शिक्षालाई आफ्नो प्राथमिकतामा नराख्नुले स्थानीय तहलाई आर्थिक भार पर्न गएको छ । तर पनि आफ्नो पालिकाभित्र सञ्चालित उच्च शिक्षा प्रदायक संस्थालाई हेर्नु स्थानीय सरकारको कर्तव्य हुन आउँछ । उच्च शिक्षा सम्बन्धित नीतिगत समस्या नै सबैभन्दा ठूलो समस्या रहेको सहजै देख्न सकिन्छ । स्थानीय क्षेत्रमा उच्च शिक्षामा देखिएका समस्या तथा चुनौतीहरूलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

१. सुविधा सम्पन्न भौतिक पूर्वाधार अभाव रहेको,
२. विषयगत तथा पूर्णकालिन शिक्षक व्यवस्थापन कठिन रहेको,
३. क्याम्पसको नियमित आय श्रोतको अभाव रहेको,
४. गुणस्तरीय र जीवनोपयोगी शिक्षा प्रदानमा चुनौती रहेको,
५. शिक्षामा सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग हुन नसकिरहेको,

६. प्राविधिक र व्यावसायिक विषयहरूको पठनपाठन हुन नसक्नु,

७. अविभावक तथा विद्यार्थीहरू सहर केन्द्रित हुनु,

### ३.४.४ मानेभन्ज्याङ गाउँपालिकामा उच्च शिक्षाको उद्देश्य

मानेभन्ज्याङ गाउँपालिकामा उच्च शिक्षा स्थापना गर्नुको मुख्य उद्देश्यहरू निम्न अनुसार रहेका छन्

१. राज्यको बदलिँदो शासकीय स्वरूप अनुरूप स्थानीय तहमा सबै बालबालिकाहरू उच्च शिक्षाको पहुँचमा ल्याउने,

२. उच्च हासिल गर्ने अवसरबाट बञ्चित बालबालिकाहरूका लागि न्युनतम् खर्चमा गाउँ ठाउँमा उच्च शिक्षा हासिल गराउने,

३. समावेशीसहितको गुणस्तरीय शिक्षाको माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्ने,

४. मानेभन्ज्याङ गाउँपालिकाका नागरिकलाई शिक्षासँग आयआर्जन र जीवनपद्धतिसँग जोड्न,

५. शिक्षालाई प्रविधिमैत्री बनाउन ।

### ३.४.५ रणनीतिहरू

१. मानेभन्ज्याङ गाउँपालिकाले सङ्घीय सरकार, प्रदेश सरकार र विश्वविद्यालय अनुदान आयोगसँग आवश्यक समन्वय गरी उच्च शिक्षाका लागि क्याम्पस सञ्चालन गर्न पहल गर्ने ।

२. क्याम्पसका भौतिक पूर्वाधार निर्माणमा आवश्यक सहयोग गर्ने,

३. पूर्णकालीन शिक्षक भर्ना गर्न व्यवस्थापन समितिलाई अनुदान उपलब्ध गराउने,

४. पहुँच र गुणस्तरमा अभिवृद्धि गर्न विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने ।

५. रोजगारी सिप विकासलाई जोड दिने वृत्तिमा आधारित कार्यक्रमको विकास र कार्यान्वयन गर्न स्थानीय सरकारलाई सशक्तिकरण गर्ने,

६. शिक्षामा सूचना तथा संचार प्रविधिको प्रयोग बढाउन विभिन्न स्रोतको खोजी गर्ने,

७. प्राविधिक धारका विषयहरू पठनपाठन गर्न पहल गर्ने ।

### ३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

उच्च शिक्षा हासिल गर्ने उमेरका सबै युवाहरूलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता हुने र

मानेभन्ज्याङ गाउँपालिकाका सबै विद्यालय र विश्वविद्यालयबाट बाहिर रहेको व्यक्तिहरूका लागि समयको माग बमोजिम उत्पादनशील र प्रतिस्पर्धा, सूचना प्रविधिसँग परिचित मानवस्रोतको विकास हुने

## ख) नतिजा

१. उच्च शिक्षा हासिल गर्ने उमेरका सबै जनसङ्ख्या क्याम्पस भर्ना भएको हुने,
२. पूर्णकालीन शिक्षकको व्यवस्थापन भएको हुने,
३. भवन, कक्षा कोठा भौतिक पुस्तकालय वाचनालय, शौचालय सभाहल लगायतका पूर्वाधारको विकास भएको हुने
४. शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको हुने,
५. प्राविधिक धारका व्यावसायिक विषयहरूको पढाई सुरू हुने।

## ग) प्रमुख क्रियाकलापहरू

तालिका नं. १८: प्रमुख क्रियाकलाप

| क्र.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | भैतिक पूर्वाधार निर्माण | भवन | | १ | | १ | | २ | |
| २. | शिक्षक व्यवस्थापनका लागि अनुदान | शिक्षक | १ | १ | १ | १ | २ | ५ | अन्य निकायसँग समन्वय गर्ने |
| ३. | प्राविधिक र व्यावसायिक विषयहरूको पठनपाठनको व्यस्था | | | | ३ | | | | विश्व विद्यालय र अन्य निकाहरूसँग समन्वय गरी सञ्चालन गर्ने |
| ४. | उच्च शिक्षामा छात्रवृत्तिको व्यवस्था | सङ्ख्या | १० | १० | १० | १० | १० | ५० | |

## ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा

### ३.५.१ परिचय

विश्वको बदलिँदो परिवेशसँगै शिक्षाको प्रणाली पनि परिवर्तन हुँदै आएको छ । अहिलेको समयमा प्राविधिक शिक्षालाई स्थापना गाउँ दिईने शिक्षाबाट केवल शिक्षित बेरोजगार मात्र उत्पादन हुनेछन् । त्यसकारण कामसँग शिक्षालाई जोड्नुर दक्ष जनशक्तिलाई राष्ट्र निर्माणमा प्रयोग गर्न प्राविधिक शिक्षा आवश्यक छ । शिक्षाले विकासलाई निकास दिन सक्नुपर्छ । त्यस्तो परिकल्पना प्राविधिक शिक्षाबाट मात्र सम्भव छ । हाम्रो शिक्षा प्रणालीलाई संरचना रूपमा बदल्न र शिक्षाबाट जीवन यापनमा सहयोग पुऱ्याउन प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्व झन बढेको पाइन्छ । हाम्रो मानेभन्ज्याङ गाउँपालिकालाई समृद्ध मानेभन्ज्याङ गाउँपालिका बनाउन मानेभन्ज्याङ गाउँपालिकामा उपलब्ध स्रोत साधनलाई अधिकतम् उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य हुन्छ । प्राविधिक तथा व्यावसायिक सिप विकास गरी गाउँपालिकाको हरेक प्राविधिक क्षेत्रमा सु-निश्चित हुने जनशक्ति उत्पादन हुन सकेमा गाउँपालिका समृद्ध बन्ने कुरामा कुनै दुई मत छैन् ।

शिक्षालाई सिप, सिपलाई रोजगार र रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिन्छ भने राज्यलाई शैक्षिक बेरोजगार भीड थेग्न थप चुनौती हुने देखिन्छ । नेपालमा सिप र व्यवसायको विकास, हस्तकला, मूर्तिकला र वास्तुकलाको वस्तुहरूको उत्पादन लिच्छवीकालदेखि नै भएको पाइन्छ । औपचारिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरूवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्न वि.सं. २०६८/०६९ देखि भएको हो । सघन रूपमा प्राविधिक तथा व्यावसायिक तालिम परिषद् (CTEVT)ले प्राविधिक तथा व्यावसायिक धारका विद्यालयहरू सञ्चालन गरिरहेका छन् । नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालय नीति समेत रहेको छ । यसैका आधारमा समेत प्राविधिक शिक्षालाई स्थानीय सरकारले समेत महत्वका साथ अगाडि बढाउनुपर्दछ ।

### ३.५.२ वर्तमान अवस्था

मानेभन्ज्याङ गाउँपालिका अलैची, कृषि, फलफुल तथा पशु पालनको क्षेत्रमा उपयुक्त मानिन्छ । यस क्षेत्रमा कृषि वा भेटेनरी अन्तर्गत प्राविधिक शिक्षालय स्थापना गर्न यहाँका जनताहरूको उच्च आकाङ्क्षा अनुसार सञ्चालन भए पनि हाल बन्द रहेकाले पूर्ण खुलासा गर्ने चाहना रहेको छ । यसैगरी विद्यालयमा सिभिल इन्जिनियरिङ विषय अन्तर्गत प्राविधिक तथा व्यावसायिक विद्यालय सञ्चालनमा ल्याउन समेत आवश्यक देखिएको छ ।हस्तकला, काष्ठकला, वायरिङ्ग, पाकशिक्षा लगायतका केही छोटा तालिमहरू बेलाबेलामा स्थानीय सरकारले आयोजना गर्दै आएको भए तापनि यो पर्याप्त रहेको छैन् । त्यसकारण औपचारिक शिक्षा प्रणाली भित्र नै यस धारको शिक्षालाई समावेश गरी विद्यालय शिक्षामा समावेश गर्नु स्थानीय सरकारको कर्तव्य समेत हो ।

स्थानीय स्तरमा स्रोत साधानमा आधारित व्यावसायिक सिप र उद्यमशीलतामा आधारित आय आर्जनमा संलग्न भई आत्मनिर्भर स्वालम्बन हुन सिक्नु पर्छ। प्राविधिक तथा व्यावसायिक विद्यालयको विकासका लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारसमेतको उच्च अपनत्व विकास हुन जरूरी छ ।

### ३.५.३ चुनौती तथा अवसरहरू

कोशी प्रदेश अन्तर्गत मानेभन्ज्याङ गाउँपालिकाको भौगोलिक बनावट विशेषता, मानव बस्तीको अवस्था, हावापानी, उपलब्ध प्राकृतिक स्रोत साधन सबैको सूक्ष्म विश्लेषण गर्दा यस क्षेत्रमा कृषि तथा पशु प्राविधिक विद्यालय नै उपयुक्त रहेको र उक्त प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट यस क्षेत्रका गरी विपन्न पिछडिएको वर्ग र सीमान्तकृत समुदायको उक्त शिक्षाको पहुँचमा विस्तार गर्नु, शिक्षालाई सिप, सिपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणालीसम्म आवद्ध गर्ने दीर्घकालीन नीतिको आवश्यक छ । व्यावसायिक तथा प्राविधिक शिक्षाको प्रणालीगत विकास, विस्तार, उद्यमशीलताको विकास गर्नका लागि व्यावसायिक शिक्षाको भौतिक पूर्वाधार ल्याव लगायतका कार्यक्रमको लागि जनशक्तिको व्यवस्थापन गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षाको अध्ययन अनुसन्धान गर्नु, आवश्यक बजेटको व्यवस्था गर्नु, प्राविधिक शिक्षाको नाममा सञ्चालनमा रहेका परम्परागत प्राविधिक शिक्षाको सट्टा वैज्ञानिक र स्रोत साधनमा आधारित उद्यम र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित शैक्षिक समृद्धि हासिल गर्नु प्राविधिक शिक्षाको योजना र नीति कार्यान्वयन गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

यस मानेभन्ज्याङ गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाप्रति सरोकारवालाहरूको चासो बढ्दै जानु, प्रदेश सरकारसमेतको नीति तथा कार्यक्रममा प्राविधिक शिक्षा उच्च प्राथमिकतामा पर्नु, मानेभन्ज्याङ गाउँपालिकाभित्र उपलब्ध प्राकृतिक स्रोत साधनहरू उर्वरायुक्त जमिन, जैविक विविधता, पर्यटकीय क्षेत्रहरूका आधारमा यस क्षेत्रको प्राविधिक शिक्षासँग उचित मेल खाने, कृषि, पशु, र फलफूल उत्पादनको हिसाबले ओखलढुंगा जिल्लाकै सम्भावना बोकेको ठाउँको रूपमा रहनु, प्राविधिक शिक्षामार्फत विद्यालय तहबाटै सिकाइसँगै कमाई गर्ने कार्यक्रम सिपमूलक र उद्यमशीलतामा आधारित व्यावसायिक र रोजगारमूलक प्रकृतिका बहुप्राविधिक विषय र कार्यक्रमलाई व्यवस्थित बनाउन सकिने आधार हुनु, प्राविधिक क्याम्पस समेतको स्थापना गर्न सकिने सम्भावना हुनु यस क्षेत्रका प्रमुख अवसरका रूपमा रहेका छन् । यसका साथै इन्जिनियरिङ्ग धारका विषयहरू यस क्षेत्रका लागि महत्वपूर्ण विषयहरू हुन सक्छन् । यी अवसरहरूलाई स्थानीय सरकारले तत्कालै फाईदा लिनका लागि समेत ठोस कदम चाल्नुपर्दछ ।

### ३.५.४ उद्देश्य

१. मानेभन्ज्याङ गाउँपालिकाभित्र प्राविधिक धारका विषयहरू पढाइ हुने विद्यालयहरूको सङ्ख्यामा वृद्धि गर्नु,

२. प्राविधिक, व्यावसायिक र सिपमूलक शिक्षामार्फत, शैक्षिक बेरोजगारी न्युनीकरण गर्नु,
३. मानेभन्ज्याङ गाउँपालिका लगायत यस क्षेत्रमा प्राविधिक र व्यावसायिक शिक्षामार्फत सिपयुक्त, स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु,
४. मानेभन्ज्याङ गाउँपालिका र यस क्षेत्रभित्र उपलब्ध स्रोत साधनमा आधारित रोजगार, व्यवसाय, उद्योगमार्फत आर्थिक विकास र समृद्धिमा योगदान पुऱ्याउने,
५. प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसरलाई थप सहज र व्यापक विस्तार गरी समावेशी, समतामूलक पहुँचका आधारमा विकासका लागि उद्यमशील, सक्षम, सिपयुक्त जनशक्ति तयार गर्ने ।

### ३.५.५ रणनीतिहरू

मानेभन्ज्याङ गाउँपालिकाले प्राविधिक तथा व्यावसायिक शिक्षा विकासमा बनाएका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गर्नेछ:

१. प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि सरोकारवालाहरूको सहभागिता र स्थानीय सरकारको अपनत्व र लगानीमा वृद्धि गर्ने,
२. कृषि क्षेत्र उद्योग, बजारको आवश्यकताको आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तर, प्राविधिक जनशक्ति विकास गर्न इच्छुक सबैलाई अवसर प्रदान गर्ने,
३. शिक्षामा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अवलम्बन गर्ने,
४. प्रयोगात्मक तर्फ विशेष प्राथमिक दिन प्रयोगात्मक फिल्डका लागि जग्गा खरिद एवम् व्यवस्थापन गर्ने,
५. घर अपायक पर्ने क्षेत्रका विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न आवासीय सुविधा दिने कार्यका लागि छात्रावास व्यवस्थापन गर्ने,
६. प्राविधिक विद्यालय, स्थानीय सरकार र समुदायबिच खेती प्रणालीको सम्भाव्यता र अनुसन्धान कार्यका लागि समवन्यात्मक कार्यक्रम तय गरी अगाडि बढाउने,
७. प्राविधिक विद्यालयमा अध्ययन गर्न इच्छुक लक्षित वर्गका बालबालिकाहरूलाई वडा कार्यालय मार्फत स्तर पहिचान गरी आर्थिक सुविधासहित अध्ययनका लाािग सिफारिस गर्ने,
८. प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरूका लागि र शैक्षिक सहुलियतका लागि छात्रवृत्ति लगायत अनुदान उपलब्ध गराउने,
९. प्राविधि शिक्षाको विकासको लागि उक्त धारमा कार्यरत शिक्षकहरूको क्षमता अभिवृद्धि र प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्नुका साथै आइसिटी कम्प्युटर ल्याबको स्थापना गर्ने,

१०. मानेभन्ज्याङ गाउँपालिकाको सहयोगमा प्राविधिक तथा व्यावसायिक धारको विद्यालयमा व्यावसायिक तथा सिपमूलक विषयगत प्रयोगशाला स्थापना गरी अनुसन्धान कार्य अगाडि बढाउने,

११. प्राविधिक शिक्षामा अध्ययरत विद्यार्थीहरूको श्रमबजार खोजीका लागि सो विषयसँग सम्बन्धित सरकारी तथा गैर सरकारी सङ्घसंस्था उद्योग, व्यापार, व्यवसायमा संलग्न व्यक्तिहरूसँग अन्तरक्रिया र आवश्यक अनुसार श्रम सम्झौता गर्ने ।

**३.५.५उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

उपलब्ध प्राकृतिक स्रोत र साधनहरूको प्रयोग र परिचालन गर्दै, आर्थिक उपार्जन र समृद्धिमा योगदान गर्न सक्ने निम्न र मध्यम स्तरको प्राविधिक, व्यावसायिक र उद्यमी जनशक्ति उत्पादन हुने

**ख) नतिजा**

१) प्राविधिक तथा व्यावसायिक विद्यालयबाट शिक्षा प्राप्त गरेका विद्यार्थीहरू मानेभन्ज्याङ गाउँपालिका लगायत यस क्षेत्रको स्थानीय स्रोत साधन उपयोग गरी समृद्ध मानेभन्ज्याङ गाउँपालिका निर्माणमा योगदान दिन सक्ने जनशक्ति हुनेछन् ।

२) मानेभन्ज्याङ गाउँपालिकामा स्थापित प्राविधिक तथा व्यावसायिक विद्यालय धारतर्फको उत्कृष्ट विद्यालय भएको हुनेछ। यस धारमा अध्ययनरत विद्यार्थीहरू स्वरोजगारमूलक, स्वउत्प्रेरित, व्यावसायिक, उद्योगी र रोजगार प्राप्त भएको हुनेछ ।

३) प्राविधिक तथा व्यावसायिक शिक्षामा पिछडिएको वर्ग, क्षेत्र र समुदायका सहभागिता अभिवृद्धि हुनेछ। प्रयोगात्मक सिकाइका लागि उपयुक्त फिल्ड व्यवस्था हुनेछ। प्राविधिक शिक्षाप्रति सरोकारवाला, स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारको अपनत्व वृद्धि भई थप लगानीमैत्री वातावरण निर्माण हुनेछ ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

तालिका नं. १८: क्रियाकलाप तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो लक्ष्य ५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | व्यावसायिक धारको विद्यालय थप गर्ने | विद्यालय | | | १ | १ | १ | ३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | छात्रवृत्तिको व्यवस्था | सङ्ख्या | | ५ | ५ | ५ | ५ | २५ | कक्षा ९–१२ पढ्नलाई |
| ३. | भवनको व्यवस्था (छात्राबास सहित) | सङ्ख्या | | २ | | | १ | ३ | |
| ४. | विद्यालय कर्मचारीको व्यवस्थापन | सङ्ख्या | | | | | | | प्रदेश सरकार तथा सङ्घीय सरकारसँग माग गर्ने |
| ५. | शिक्षक कर्मचारीलाई आइसिटी तालिम तथा ल्यापटपको व्यवस्था | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | प्रत्येक वर्ष १ पटक तालिम |
| ६. | प्रयोगात्मक अभ्यासका लागि फिल्डको वयवस्था | विद्याल य | | १ | | २ | | ३ | |
| ७. | प्रयोगशालाका सामानको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालयहरूक ा लागि |
| ८. | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | सबै प्राविधिक विद्यालयहरूक ा लागि |
| ९. | विद्यार्थी सिकाइउपलब्धि लेखाजोखा | पटक | १ | १ | १ | १ | १ | ५ | सबै प्राविधिक विद्यालयहरूक ा लागि |
| १० . | ओजेटीको लागि व्यवस्थापन र अन्य संस्थासँग समन्वय | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११. | पास आउट विद्यार्थीहरूका लागि इर्न्टनसिप, रोजगारीको व्यवस्था | सङ्ख्या | | | | | | | निरन्तर ठाउँ खोजी गर्ने |

### ३.६ पाठ्यक्रम, पाठ्यसामग्री र मूल्याङ्कन

### ३.६.१ परिचय

प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेटेर तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षाकोठासम्म पुऱ्याउने विषयवस्तुहरू नै सामान्यतया पाठ्यक्रम हुन् । यसमा विभिन्न आवश्यकताका विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने उद्देश्यका साथ तयार गरिएको योजनाबद्ध शैक्षणिक सामग्री तयार पारिन्छ । शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । यो एउटा गतिशीत र लचिलो प्रक्रिया हो । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सिप तथा अभिवृत्तिबाट व्यक्तिलाई समाज तथा विश्वपरिवेश अनुकुल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा संलग्न हुन सहयोग पुग्दछ र पुग्नुपर्दछ । पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकारू केन्द्रित सिक्नु र तथ्यपरक हुनुपर्दछ । वास्तवमा मानवीय आवश्यकता, बालबालिकाको रूचि, सामाजिक मूल्य मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सिप तथा परिबेश अनुकूल पाठ्यक्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो ।

नेपालमा विद्यालय स्तरको पाठ्यक्रमको लिखित रूपमा तयार पारी दस्तावेजकै रूपमा तयार पार्ने कार्यको विकास वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना देखि प्रारम्भ भएको पाइन्छ । विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रूपमा वि.सं. २०४९ तथा वि.स. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने परिपाटी सुरू गरिएको छ । समयको परिवर्तनसँगै विश्व परिवेश लगायत स्थानीय परिवेशमा समेत शिक्षाको दयरा फराकिलो हुँदै गईरहेको छ र आवश्यकताका आधारमा विभिन्न समयमा नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रबाट पाठ्यक्रम तयार भई विद्यालयहरूमा लागू हुँदै आईरहेको छ । यसै क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लागू भई हाल चरणवद्ध रूपमा विद्यालयमा पाठ्यक्रमहरू लागू भइसकेका छन् । आधारभूत तह १-३, ४-५ र ६-८ का लागि अलगअलग पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । यसैगरी माध्यमिक तह कक्षा ९-१० र कक्षा ११-१२ मा पनि छुट्टाछुट्टै पाठ्यक्रम तयार गरी कार्यान्वयनको गरीएको छ । विद्यालयको पाठ्यक्रमलाई सान्दर्भिक बनाउन कक्षा १- ३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई स्वीकृत गरिएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा,

इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराइ सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। पाठ्क्रममा सान्दर्भिक र व्यावहारिकबनाउन प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक लगायतका व्यावहारिकअभ्यासमा यथेष्ट जोड दिइएको छ। पाठ्यक्रमको गहन उद्देश्यलाई पूरा गर्न तथा सैद्धान्तिक ज्ञानलाई व्यावहारिकर प्रयोगात्मक सिपमा रूपान्तरण गर्न सह क्रियाकलाप/अतिरिक्त क्रियाकलापमा जोड दिइएको छ । आदर्श मनुष्य तयार पार्ने उद्देश्यले पूर्वीय दर्शनका वेद, योग, संस्कृत भाषा, संस्कृत व्याकरण जस्ता विषयहरू समावेश गरिएका छन् भने स्थानीय परिवेश अनुसार आयुर्वेद, जडिबुटी जस्ता विषयहरू स्थानीय पाठ्क्रममा समावेश गर्नु पर्ने देखिन्छ। व्यावसायिक शिक्षा, स्वास्थ्य शारीरिक र वातावरण शिक्षा, सिर्जनशील तथा अभिव्यक्तशील कला जस्ता परम्परागत विषयलाई निरन्तरता दिँदै हस्तकला, वास्तुकला, चित्रकला, नृत्य, संगीत, धर्म तथा संस्कृति जस्ता मौलिक विषयहरू संलग्न गरी पाठ्यक्रमलाई सान्दर्भिक र व्यावहारिक बनाउनु न्यायोचित देखिन्छ। विद्यालय तहको पाठ्क्रमलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार मातृभाषा , स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवन उपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्ने प्रयास भएको छ।

पाठ्यक्रम विकास केन्द्रले तयार पारेको पाठ्यक्रममा आधारित भएर विषयगत, कक्षागत तथा तहगत रूपमा विद्यार्थीहरूलाई पठनपाठन गर्न सहज हुने गरी पाठ्यसामग्रीहरू समेत प्रकाशन हुने गरेको छ । जुन पाठ्यपुस्तकहरू नेपाल सरकारले जनक शिक्षा सामग्री केन्द्र छ । यसका अलवा प्राइभेट प्रकाशकहरूले पनि विभिन्न विषयगत, कक्षागत तथा भाषागत विषयका पाठ्यपुस्तकहरू प्रकाशन गर्ने गरेका छन्। जसबाट विद्यार्थीहरूलाई दैनिक पठनपाठन गर्न भने सहज भएको छ।

हालको पाठ्यक्रमले विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा लिएको छ। जसले गर्दा निश्चित मापदण्ड तयार गरी विषयवस्तुमा आधारित मूल्याङ्कन हुने गरेको छ । यस मूल्याङ्कनले पाठ्यक्रमले परिकल्पना गरे अनुरूप विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर मापन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्था गरिएको छ । पाठ्यक्रमका विषयवस्तुहरू सहज ढङ्गले शिक्षण गर्न विभिन्न सन्दर्भ सामग्रीहरू तथा शिक्षक निर्देशिका तयार गरिएका छन् । मातृभाषाका पाठ्यसामग्रीहरू पनि तयार गरिएका छन्। पछिल्लो चरणमा सिकाइलाई कामको संसारसँग जोड्न STEM शिक्षाको अवधारणालाई पाठ्यक्रममा समावेश गरिएको छ। STEM भनेको विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित विषयका ४ विशिष्ट विद्यामा विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्ने अवधारणामा आधारित एउटा पाठ्यक्रम हो । जसले विद्यार्थीलाई अनुसन्धानमुखी बनाई विविध प्रकारका समस्याहरू समाधान गर्न सहयोग

पुऱ्याउँदछ ।

साथै उनीहरूमा रचनात्मकता, तार्किक सोच, विश्लेषणात्मक सिप, नवप्रवर्तन गर्ने क्षमता र समस्या समाधान गर्ने क्षमताको विकास हुन जान्छ । तसर्थ विद्यालय तहको पाठ्यक्रममा विज्ञान प्रविधि, इन्जिनियरिङ र गणित जस्ता विषयहरूलाई एकीकृत रूपमा अगाडि बनाइएको छ। STEM ले मूलतः अनुसन्धानमा आधारित मानिसको दैनिक जीवनसँग जोडिएको विषय सिकाउँछ। जसले गर्दा सिकारू कामको वास्तविक संसारसँग जोडिन्छ र प्रतिस्पर्धात्मक बजारमा खरो रूपमा उत्रिन सक्दछ। विद्यालय तहको नयाँ पाठ्यक्रममा थुप्रै कुराहरू सकारात्मक हुँदाहुँदै पनि कार्यान्यवनको पाटोमा थुप्रै चुनौतीहरू रहेका छन् । नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत

शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन, स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री विकासका लागि क्षमता विकास, पाठ्यक्रम विकास र परिमार्जनमा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता, पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने, प्रारम्भिक कक्षाहरूमा आवश्यकताअनुसार मातृभाषा स्थानीय भाषा, बहुभाषा प्रयोग, विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन र समायोजन, अपाङ्गताको प्रकृतिअनुसार पाठ्यक्रममा लचकता प्रदान गर्ने, पाठ्यपुस्तकको गुणस्तर सुधार र बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, सिकाइ सहजीकरण र मूल्यांकनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग वर्तमान नयाँ पाठ्यक्रममा रहेका चुनौतीहरू हुन् ।

### ३.६.२ वर्तमान अवस्था

कुनैपनि पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो। नेपालमा वि.स. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा पहिलोपटक पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो। विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरू भएको थियो। समयको मागसँगैसोही वर्षदेखि परीक्षाको रूपमा लागू गरियो। वि.सं. २०७७ मा कक्षाः १ र ११ मा लागू भयो भने वि.सं. २०७९ मा कक्षाः ४, ७, ९ मा र वि.सं. २०८० मा कक्षाः ५, ८ र १० मा लागू भइसकेको छ। विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूपको पाठ्यक्रममा कक्षा १-३ सम्म अन्तरसम्बन्धित विषयहरूलाई एकीकृत गरि आकृतिक पाठ्यक्रम लागू गरिएको छ। विद्यालय तहको पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्लाई प्रदान गरिएता पनि कक्षा १-३ सम्म ५ पाठ्य घण्टा र १६० कार्यघण्टा बराबरको मातृभाषा स्थानीय विषय वा संस्कृत विषयका पाठ्यक्रम विद्यालय वा स्थानीय तहले निर्माण गरी कार्यन्वयन गर्ने व्यवस्था गरिएको छ।

मूल्याङ्कन सम्बन्धित नीतिगत व्यवस्थालाई हेर्दा कक्षा १-३ सम्म सबै निरन्तर मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने व्यवस्था रहेको छ। कक्षा ४-८ मा ५०% आन्तरिक र ५०% आवधिक परीषा बाह्य मूल्याङ्कन बाट हुने व्यवस्था छ। आधारभूत तह तथा कक्षा ९ को मूल्याङ्कन स्थानीय तहबाट नै हुने व्यवस्था गरिएको छ भने कक्षा १० को एसइइ र कक्षा ११, १२ को आवधिक मूल्याङ्कन भने राष्ट्रिय परीक्षा बोर्ड मार्फत हुने गरेको छ । साथै कक्षाः ९-१२ मा पनि २५% आन्तरिक र ७५% बाह्य मूल्याङ्कन हुने व्यवस्था छ।

पाठ्यक्रममा आधारित पाठ्यपुस्तकहरूको उपलब्धतालाई अध्ययन गर्दा तत्काल नयाँ पाठ्यक्रम लागू भएका विषयहरूको पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रले तयार पारेको र केन्द्रले सूचीकृत गरेका प्रकाशन गृह वा लेखकहरूको पाठ्यपुस्तक पाइन्छन् ।

### ३.६.३ उद्देश्य

मानेभन्ज्याङ गाउँपालिकाको यस शैक्षिक योजनाले पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिमको संशोधित पाठ्यक्रमको कार्यान्वयन गर्नु,

२. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित बनाई सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

३. कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण गरी समय सापेक्ष सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई कार्यान्वयन गर्नु,

४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारूमा ज्ञान सिप र व्यवहार विकासमा सहजीकण गर्नु,

५. सिकारूको सिकाइलाई निरन्तर, आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्नको व्यवस्था गर्नु,

६. सामुदायिक विद्यालयहरूमा विज्ञान तथा प्राविधिक शिक्षाको समयानुकूल विकासको लागि आवश्यक पूर्वाधारजन्य क्षमताको विकास गर्नु,

७. सामुदायिक विद्यालयहरूमा STEMका माध्यमबाट गणित तथा विज्ञान विषयको नतिजा सुधार गर्ने,

८. पूर्वीय दर्शनमा आधारित योग, ध्यान, व्यायाम, प्राकृतिक चिकित्सा, बुद्ध उपदेशका विषयमा विद्यार्थीहरूलाई अभ्यस्त गराउनु,

९. विद्यार्थीहरूलाई अतिरिक्त तथा सहक्रियाकलापमा संलग्न गराइ थप क्षमता अभिवृद्धि गर्नु,

१०. जीवन उपयोगी तथा व्यावहारिकशिक्षामा जोड दिई उच्च स्तरको पाठ्यक्रमको कार्यन्वयन गर्नु ।

**३.६.४रणनीति**

मानेभन्ज्याङ गाउँपालिकाको शैक्षिक सुधारका निम्ति माथि उल्लिखित उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिने छ :

१. प्रत्येक विद्यालयका शिक्षकहरूलाई राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम निर्माण र संशोधन भएका नयाँ पाठ्यक्रम विद्यालय स्तरमा प्रवोधिकरण गरी सोही अनुसार शिक्षण क्रियाकलाप गरिने छ,

२. स्थानीय सरोकारवालामा अपनत्व विकास गरी स्थानीय तहले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा परिमार्जन गराइ सोको कार्यान्वयनको लागि विद्यालयलाई जवाफदेही बनाइने छ,

३. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास तथा प्रयोगको लागि विद्यालयलाई सक्षम बनाइने छ । सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गरिने छ,

४. विषयवस्तुलाई अन्तर सम्बन्धित गराइसिकाइ क्रियाकलाप सञ्चालन गरिने छ,

५. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढङ्गले प्रवोधीकरण गरिने छ,

६. विपत, महामारी तथा सङ्टको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार गर्ने र शिक्षकको क्षमता अभिवृद्धि गरिने छ,

७. शिक्षक निर्देशिका, पाठ्क्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीहरू सर्वसुलभ हुने गरी व्यवस्थापन गरिने छ ।

८. पाठ्यक्रममा आधारित सिकाइलाई सुनिश्चित गर्न शिक्षकको पेसागत सक्षमता विकासलाई निरन्तरता दिइने छ,

९. शिक्षण सिकाइलाई बालकेन्द्रित, लैङ्गिक तथा अपाङ्गमैत्री बनाइ सूचना, सञ्चारको उचित प्रयोगद्वारा सिकाइलाई प्रभावकारी बनाइने छ,

१०. विद्यालयहरूलाई वैकल्पिक शिक्षण सिकाइ अनुरूपका शैक्षिक क्रियाकलापमा सक्षम बनाइदै लगिने छ,

११. सहपाठी सिकाइ समूह गठन गरी कमजोर क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइने,

१२. सूचना, सञ्चार तथा प्रविधिमा आधारित अत्यावश्यक पूर्वाधार विकास उचित प्रयोग गर्ने

क्षमताको विकास गरी कक्षागत वा तहगत रूपमा प्रविधिमा शिक्षण सिकाइलाई प्रयोगमा ल्याइने छ,

१३. हरेक सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालयको स्थापना सुनिश्चित गरिने छ,

१४. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षाको वृत्ति विकाससँग आवद्ध गर्दै लगिने छ,

१५. आधारभूत तहमा हुने स्तरकृत परीक्षालाई सुधार गरिने छ,

१६. STEM को अवधारणा अनुसार गणित र विज्ञान विषयको उपलब्धि वृद्धि गर्न शिक्षकहरूको क्षमता विकास गरिने छ,

१७. विज्ञान तथा गणित विषयमा सिर्जनात्मक सामग्री प्रदर्शन गर्ने व्यवस्था गरिने छ ।

१८. पूर्वीय दर्शनमा आधारित योगा, ध्यान, व्यायाम, प्राकृतिक चिकित्सा, बुद्ध उपदेश इत्यादि विषयमा प्रयोगात्मक कार्यसँगै छलफल गराइने छ ।

१९. पाठ्यक्रमसँग जोडेर विद्यार्थीहरूलाई अरिक्ति वा सहक्रियाकलापहरूगराइने छ ।

## ३.६.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

यस योजनाको लागू पश्चात पाठ्यक्रम समय सान्दर्भिक र व्यवस्थित भई, दैनिक जीवनमा आवश्यक आधारभूत क्षमता सहित सिर्जनशील र सकारात्मक सोच भएका सिकाइप्रति प्रतिवद्ध नागरिक तयार गर्न सहयोग हुने अपेक्षा गरिएको छ।

**ख) नतिजा**

१. कक्षा १-३ को एकीकृत पाठ्यक्रमले अपेक्षा गरेका व्यवहारकुशल सिपहरू कार्यान्वयन हुने,

२. बाल विकासदेखि कक्षा १२ सम्मका पाठ्यक्रमहरू प्रभावकारी तरिकाले कार्यान्वयन हुने।

३. स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगले स्थानीय परिवेशको पहिचान र अवनत्वलाई स्पष्टता दिलाउने,

४. STEM अवधारणा अनुसार शिक्षण प्रक्रियाले गणित र विज्ञान विषयको उपलब्धिमा सुधार हुने,

५. सिकाइ क्रियाकलाप बालमैत्री र स्थानीय परिवेश तथा आवश्यकता अनुसार हुने,

६. सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षणले कक्षागत वा तहगत सिकाइ उपलब्धि वृद्धि हुने,

७. कक्षाकोठा बाहिर वा विद्यालय समय बाहिर सञ्चालन हुने क्रियाकलापहरूलाई समेत पाठ्यक्रममा जोडिने भएकाले व्यवहारकुशल सिपमा वृद्धि हुने ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू

तालिका नं. १९ : प्रमुख क्रियाकलापहरू

| क्र. सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | पाठ्यक्रमको प्रबोधीकरण र पाठ्यसामग्री वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालयहरू का लागि शैक्षिक सत्रको सुरूवातमा |
| २. | स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण | पटक | १ | १ | | | | २ | आधारभूत तहका लागि |
| ३. | विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास तालिम | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| ४. | स्टिम शिक्षा सम्बन्धी शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | माग र आवश्यकता का आधारमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | योग ध्यान, प्रणायाम लगायतका पूर्वीय दर्शन सम्बन्धी समावेश पाठ्यक्रमको तालिम तथा प्रयोगात्मक अभ्यास | पटक | १ | १ | १ | १ | १ | ५ | माग र आवश्यकता का आधारमा |
| ६. | पाठ्य सामग्रीको उपलब्धता, सिकाइउपलब्धि तथा पाठ्यक्रमको प्रभावकारिता सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | प्रत्येक शैक्षिक योजना बर्षको अन्तिममा |
| ७. | अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रत्येक विद्यालयले आफ्नो क्यालेण्डर अनुसार सञ्चालन गर्ने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८. | विद्यार्थी नतिजा प्रकाशनका लागि सफ्टवेयर निमार्ण तथा लागू | सङ्ख्या | | १ | | | | १ | सबै विद्यालयहरूको लागि एकीकृत नतिजा प्रकाशन प्रणालीको विस्तार |

## ३.७ शिक्षक, कर्मचारी व्यवस्थापन र वृत्ति विकास

### ३.७.१ परिचय

सेवा प्रवाहमा प्रभावकारीता, दक्षता, समता, समानता, र वातावरणमैत्री बनाउन शिक्षक तथा कर्मचारी व्यवस्थापन अनिवार्य हुन्छ। यसको लागि जनशक्ति योजना, दरबन्दी सिर्जना तथा भर्ना, उपयोग, विकास, सेवा सुविधा, सामाजिक सुरक्षा (जसमा तलब, भत्ता, पोशाक, बीमा, औषधि उपचार आदि समावेश छन्), र पेसागत विकास पर्दछन्। शिक्षक व्यवस्थापन अन्तर्गत दरबन्दी सिर्जना, रिक्त स्थानको पहिचान, पदपूर्ति माग प्रतिशत निर्धारण, दरखास्त आव्हान तथा सङ्कलन, जाँच तथा स्वीकृति लिने, परीक्षा सञ्चालन (लिखित, मौखिक, प्रयोगात्मक), उम्मेदवारहरूको मूल्याङ्कन तथा छनोट, नतिजा प्रकाशन, सूचना प्रकाशन, नियुक्तिका लागि सिफारिस, नियुक्ति, र पदस्थापन तथा कार्य विवरण तयार गर्ने जस्ता कार्यहरू पर्दछन्।यसका अतिरिक्त, क.स. मू. जिम्मेवारी, वृत्ति विकास, सरुवा, बढुवा आदि पनि गरिन्छ। शिक्षकहरूको तालिम, अवलोकन, भ्रमण, अनुसन्धान र विकास, तथा जिम्मेवारी, बढुवा, तह वृद्धि, सेवा सुविधा, र सामाजिक सुरक्षा जस्ता कार्यहरू पनि यसअन्तर्गत पर्दछन्।व्यवस्थापनकै क्रममा शिक्षक सेवा, सुशासन, शिक्षा सेवा, र सङ्घीय शासन प्रणाली अन्त्य गरी संवैधानिक प्रावधानअनुसार विद्युतीय सेवा प्रवाह, विश्वव्यापीकरण, विविधता व्यवस्थापन, र समतामूलक ( समानतामूलक, न्याय वितरणकारी, पुनर्वितरणकारी) न्याय जस्ता विषयवस्तुहरू हाल उठेका महत्वपूर्ण सवालहरू हुन्।

शैक्षिक प्रशासन विकास र सेवा प्रवाहको व्यवस्था अवस्था र अनुभूतिको समग्र कार्यप्रक्रिया र पद्धतिको समष्टि नै व्यवस्थापन हो । सामान्यतया शिक्षक तथा कर्मचारी व्यवस्थापनभित्र पद स्वीकृति शिक्षक भर्ना, छनोट, सरूवा, बढुवा , वृत्ति विकास शिक्षकको सेवा सर्त सम्बन्धि सम्पूर्ण व्यवस्थापकीय कार्य पर्दछन् । अझै स्पष्ट रूपमा भन्नुपर्दा यससँग सम्बन्धित कानुनी व्यवस्था संरचनागत व्यवस्था स्रोतसाधन आर्थिक पर्यावरणीय व्यवस्थाको समग्रता नै शिक्षक व्यवस्थापन हो । यो आफैंमा बुहआयामिक विषय हो । निरन्तर प्रक्रिया हो । अन्तरनिहित यात्रा हो । आफैंमा एउटा प्रणाली हो । शिक्षकको स्तर माथि नउठेसम्म कुनै पनि देशको शिक्षाको स्तर माथि उठ्न सक्दैन । शिक्षा क्षेत्रका जीवित मस्तिष्क भनेका शिक्षकहरू नै हुन् ।

विद्यालयमा शिक्षकको व्यावसायिकता बढोत्तरीको लागि तालिम चाहिन्छ । शैक्षिक व्यवस्थापनले समग्र शैक्षिक शासन विकासका सेवा प्रवाह सुशासन समृद्धि रोजगार र अवसर प्रदान गर्न व्यवस्था गर्दछ यसले अनुभूति दिलाउँछ । शैक्षिक क्षेत्रका समग्र ज्ञानेन्द्रीय तथा कर्मेन्द्रिय आधार नै शिक्षक व्यवस्थापन हो । सरकार सिकारू र शिक्षक बिचको सम्बन्ध नै शिक्षक व्यवस्थापन तथा तालिम नै हो । बदलिंदो परिवेश अनुसार आवश्यक शिक्षाको लागि योग्य, व्यावसायिक रूपमा दक्ष पेसा प्रति उत्प्रेरित समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षक हुनु आवश्यक छ । शिक्षकमा भएको ज्ञान शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन पर्दछ । योग्य र कुशल शिक्षकले नै विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन

आवश्यक छ । भनिन्छ जस्तो माटो त्यस्तै कमीला । त्यसै गरी जस्ता शिक्षक त्यस्तै विद्यार्थी । शिक्षा क्षेत्रका जीवीत मस्तिष्क भनेका शिक्षक नै हुन् । भनाइ छ एउटा डाक्टर एउटा बिरामीका लागि घातक हुन्छ भने एउटा अयोग्य शिक्षक लाखौं बालबालिकाको लागि घातक हुन्छ । शिक्षा नीति ऐन नियम योजनामा सरोकारवालाहरूलाई अदेखा गर्यो भने त्यो कागजको रूप मात्र हुन्छ । फल दिँदैन । तसर्थ शिक्षक व्यवस्थापन महत्वपूर्ण हुन्छ । योग्य सक्षम कुशल र उत्प्रेरित शिक्षकले नै गुणस्तरीय सेवा प्रवाह गर्न सक्छ । शिक्षणलाई पुनर्ताजगी गराउन तालिम आवश्यक छ । नयाँ प्रणालीसँग परिचित हुनलाई समेत तालिमको आवश्यकता पर्दछ ।

मानेभन्ज्याङ गाउँपालिकाको यस योजनाको अभिप्राय शिक्षक पेशालाई रोजाइको पेशाको रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने कक्षा कोठाको शिक्षण-सिकाइलाई गुणस्तरीय बनाउने, र शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने हो। शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइ प्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । वर्तमान आवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थाप तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउन उद्देश्य पुरा गर्नको लागि अपनाइने

रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ३.७.२ शिक्षक तयारी

हाम्रो देश नेपालमा विद्यालय तथा विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका प्राज्ञिक सरहका योग्यतालाई व्यावसायिक योग्यता र शिक्षक तालिम दुबै मानिएको छ । यस्ता पूर्व सेवाकालीन शिक्षक शिक्षा कार्यक्रमहरू विभिन्न विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका छन् । प्राज्ञिक योग्यता बी.एड वा एम.एड प्राप्त गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमतिपत्र प्राप्त गरेको व्यक्ति मा शिक्षकका लागि योग्य हुन्छ । विभिन्न मुलकहरूमा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारी छुट्टै कार्यक्रममा सञ्चालन हुन्छन् । सोह्रौं योजनाले शिक्षकको न्यनूतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रूपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापनामा पहल गर्नु पर्ने कुरा उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षकलाई सक्षमताका आधारमा सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षकलाई सक्षमताका आधारमा निरन्तर पेसागत सहयोग सञ्चालन गरिने उल्लेख छ। विश्व विद्यालयका शिक्षक शिक्षा कार्यक्रमहरू एकातिर अनुसन्धान र विकास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षण सम्बन्धी व्यावहारिक कुशलताको कमी देखिएको छ भने अर्कोतिर सीमित अवधिमा विषयवस्तु र शिक्षण सम्बन्धि विशेष अध्ययन गर्न पर्ने भएकाले दुवै पक्षमा पर्याप्त सिकाइ हुन नसक्ने अवस्था छ परिवर्तित कक्षा ११ र १२ को पाठ्यक्रममा संकाय गत संरचना नभएकाले अब कक्षा १२

उत्तीर्ण शिक्षक हुनेका लागि निश्चित समयको कोर्स व्यवस्था गरी सो पूरा गर्नुपर्ने व्यवस्था आवश्यक छ । तर दीर्घकालिन रूपमा भने आधारभूत तह र माध्यमिक तहको शिक्षक बन्नका लागि क्रमशः न्यूनतम शैक्षिक योग्यता स्नातक तह र स्नातकोत्तर तह उत्तीर्ण भई एकवर्षे शिक्षक तयारी कोर्स पूरा गरेको हुनुपर्ने कानुनी व्यवस्था गर्नु उपयुक्त हुने छ ।

अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्त गर्ने शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गरिरहेको अवस्था छ । शिक्षक अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गर्ने रिक्त दरबन्दीमा शिक्षक पदपुर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भएर आएको शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसैगरी शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम सङ्घले प्रमाणीकरण तथा customized तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य सङ्घीय सरकारबाट भइरहेको छ । शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने कार्य प्रदेश शिक्षा तालिम केन्द्रहरूबाट हुँदै आएका छन् । शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउनुपर्ने हो । सो कार्य गर्न सकिएको छैन । सरकार विश्वविद्यालयहरू शिक्षक तयारी गर्ने कार्यमा प्रभावकारी समन्वय र सहकार्य गर्न सकिरहेका छैनन् । विद्यालयमा विभिन्न किसिमका शिक्षकहरू रहेका छन् । सेवा शर्त र सुविधा फरक फरक छन् । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन बढुवा प्रयाजनको लागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडी शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउने काम जुन उद्देश्य अनुरूप सञ्चालन भइरहेको छ त्यस अनुरूपको प्रगति भने हुन नसकिरहेको अवस्था छ ।

### ३.७.३ शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति

शिक्षण पेसा एक महत्वपूर्ण तथा प्राज्ञिक पेसा हो । जसले गर्दा शिक्षण पेसालाई समाजमा प्रतिष्ठित पेसाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ । नियमितरूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनी शिक्षण पेसामा थप आकर्षण बढेको अवस्था छ । आगामी दिनहरूमा शिक्षक पेसागत विकास तथा सहयोग पूर्वानुमान योग्य ,सरूवा र बढुवा प्रणाली कार्यसम्पादनमा आधारित,प्रोत्साहन तथा सुविधा दण्ड र पुरस्कार सम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली, विश्वविद्यालयमा सर्वोत्कृष्ट स्थान ल्याउन सफल मिहिनेती मेधावी तथा प्रतिभावान व्यक्तिहरूलाई शिक्षक पदमा कुल रिक्त पदको निश्चित प्रतिशत छुट्टै सोझै प्रवेश गराउन सकिने गरी सङ्घको सरकाले कानुनी तथा प्रक्रियागत व्यवस्था गरी शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गराउन आवश्यक देखिएको छ । शिक्षकहरूको पदपूर्ति हालसम्म सङ्घीय शिक्षक सेवा आयोगबाट गर्ने गरिएकोमा त्यसलाई प्रदेश स्तरसम्म विस्तार गर्न आवश्यक छ । यस गाउँपालिका क्षेत्रका विद्यालयहरूमा २१४ जना शिक्षकहरू कार्यरत रहेका छन् भने ५३. जना विभिन्न पदमा कार्यरत शिक्षक बाहेकका कर्मचारी कार्यरत रहेका छन् ।

### ३.७.४ शिक्षण सिकाइ क्रियाकलाप

बालबालिकाको सिकाइ उपलब्धि मूलत कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा भरपर्छ। शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित प्रविधिमैत्री परियोजनामा आधारित समूह कार्यमा आधारित सामुदायिक क्रियाकलापमा आधारित बनाउन आवश्यक छ । १६ औं योजनाले शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षणको व्यवस्था कक्षा शिक्षण पद्धतिमार्फत पढाइ सिप विकास गर्न उपयुक्त पाठ्यसामग्री सन्दर्भसामग्री स्रोत सामग्री प्रयोगात्मक सामग्री उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थामा जोड दिएको छ । यस योजनाले बालकेन्द्रित तथा अन्तरक्रियात्मक शिक्षण विधिका साथै सक्रिय सिकाइका तरिकाहरूको प्रयोगमा जोड दिएको पाइन्छ यसमा बालकेन्द्रित शिक्षण विधिलाई छुट्टै पद्धतिका रूपमा नभई गुणस्तरीय शिक्षाका लागि गरिने सबै खाले प्रयत्नको अभिन्न अङ्ग बनाइने उल्लेख छ ।

कक्षा कोठाको शिक्षण सिकाइमा सुधार ल्याउन कमजोर सिकाइ स्तर भएका विद्यार्थीका लागि विशेष सहयोग अपाङ्गता भएका बालबालिकाको सिकाइको सुनिश्चितता शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग निरन्तर विद्यार्थी मूल्याङ्कन परियोजना तथा प्रयोगात्मक कार्यमा जोड उपचारात्मक शिक्षण पद्धति परीक्षाको नतिजा विश्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषणले शिक्षण सिकाइमा सुधार गर्ने जस्ता कार्यहरू शिक्षकबाट अपेक्षित रूपमा हुन नसकेको विभिन्न अध्ययन प्रतिवेदनहरूले औंल्याएका छन् । कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार उच्च गतिको इन्टरनेट सुविधाका कमी, स्रोतको कमी, विषयगत, दक्ष, योग्य, उत्प्रेरित, शिक्षकको कमी, शैक्षणिक सामग्रीको कमी, कार्य वातावरण कमी, आदिका कारणले कक्षाकोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ ।

### ३.७.५ शिक्षकको उत्तरदायित्व

शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासन (प्रधानाध्यापक) प्रति उत्तरदायी हुनुपर्छ । शिक्षक विद्यार्थी प्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विधि, विषय विद्यार्थीको सिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुनु। पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनुभन्ने बुझिन्छ । यसैगरी शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासका बारेमा अभिभावकलाई समेत प्रतिवेदन गर्नु पर्दछ विद्यालयको आचारसंहिता पालन गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई प्रस्तुत गर्ने जस्ता कार्य जिम्मेवार शिक्षकले गर्नु पर्ने हुँदा शिक्षक प्रधानाध्यापक प्रति उत्तरदायी हुनु पर्दछ ।

सोह्रौं योजनाले शिक्षकले कक्षा कोठामा बिताउने समयलाई नियमित पठनपाठनसँग आबद्ध गर्दै शिक्षकहरूलाई पेसाप्रति समर्पित बनाई शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहका उत्प्रेरणा

कार्यक्रम सञ्चालन गरिने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६अनुसार शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापक प्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी र अभिभावक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ र विद्यालय व्यवस्थापनका लागि विद्यार्थी अभिभावक र स्थानीय तह प्रति जवाफदेही बनाइने उल्लेख गरेको छ । विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरूलाई जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था उक्त नीतिले गरेको छ । विद्यार्थीको सिकाइ उपलब्धि कमजोर हुनुमा अर्को समस्या भनेको शिक्षक सरूवा र विद्यालयमा अनुपस्थिति हो । विभिन्न जिल्लाको कोटामा गएर परीक्षा उत्तीर्ण गर्ने र नियुक्त पाएपछि तुरून्तै सरूवाको पहलमा लाग्ने प्रवृत्तिले विद्यालयको दैनिक पठनपाठनमा निकै बाधा परेको छ । अझ सरूवा भएपनि लामो समयसम्म पदपूर्ति नहुँदा विद्यालयमा बालबालिकाहरू पढाइबाट लामो समयसम्म वञ्चित हुनुपरेको अवस्था समेत छ । सरूवा प्रणाली व्यवस्थित नहुँदा दुर्गम र पहुँच कमजोर भएका ठाउँमा शिक्षक अपुग हुने तर सहर र सदुरमुकामहरूमा थुप्रै अवस्था रहेको छ जुन सामाजिक न्यायको सिद्धान्त विपरीत देखिन्छ यस्तो प्रावधानले गर्दा शिक्षकलाई विद्यार्थीको सिकाइ प्रति उत्तरदायी बनाउन कठिन बनाएको छ ।

### ३.७.६ शिक्षकको पेसागत सहयोग पद्धति

नेपालमा शिक्षक पेसागत सहयोगका विभिन्न उपागमहरू प्रचलनमा छन् जस्तै कक्षा अवलोकन र छलफल,नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान शिक्षकहरूको सिकाइ र सञ्चालन conference सहपाठी संगको अन्तरक्रिया प्रतिबिम्बन अभ्यास आदि । नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले लिडर र फिडर विद्यालयको अवधारणा अगाडि सारेको थियो । यसै गरी विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, निम्न माध्यमिक विद्यालय निरीक्षक र माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो । प्राथमिक शिक्षा परियोजना, विज्ञान शिक्षा विकास परियोजना आदिले शिक्षकको पेशागत सहयोगलाई महत्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम
सञ्चालन भएको देखिन्छ । शिक्षक पेसागत सहयोगका लागि १०५३ वटा स्रोतकेन्द्रहरू स्थापना भई ती स्रोतकेन्द्रहरू मार्फत शिक्षकको पेसागत सहयोग प्रदान गर्दै आइरहेकोमा सङ्घीय संरचनाको कार्यान्वयनसँगै स्रोतकेन्द्र पद्धति विघटन भएको छ । यसलाई हटाउने स्थानीयस्तरमा शिक्षा महाशाखा अर्थात शाखा रहेका छन्। स्थानीय स्तरमा रहेका शिक्षा शाखाहरूले शिक्षक सहायता भन्दापनि शिक्षा प्रशासनमा समय लगाउँनु परेको अवस्था छ विद्यालय निरीक्षण तथा सुपरिवेक्षणको कार्य स्थानीय शिक्षा शाखाबाट अत्यन्त न्यून रूपमा भएको पाइन्छ । समग्रमा भन्नुपर्दा शिक्षक सहायताको कार्यक्रम पहिलेको तुलनामा कम भएको पाईन्छ ।

### ३.७.७ शिक्षक क्षमता विकास कार्यक्रम

समय अनुसार शिक्षकहरूका क्षमता विकासका कार्यक्रमहरू सञ्चालन हुनु आवश्यक छ । यसको विकासका अवसरहरू उपलब्ध हुनु आवश्यक छ । शिक्षकको पेसागत विकासका विभिन्न तरिकाहरू छन् । शिक्षक तालिम कार्य, क्रियात्मक अनुसन्धान , शिक्षकहरूको सिकाइ सञ्जाल अवलोकन भ्रमण mentoring कार्यशाला सेमिनार आदि । शिक्षकको पेसागत विकास यिनै कार्यहरूबाट सम्भव हुन्छ । नेपालमा शिक्षकको पेसागत क्षमता अभिवृद्धि गर्ने धेरै योजना तथा कार्यक्रमहरू सञ्चालनमा भए । विगतमा शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गतका शिक्षक तालिम केन्द्रहरू २९ वटा र अगुवा स्रोतकेन्द्रहरू र स्रोतकेन्द्रहरू मार्फत लामो तथा छोटो अवधिका शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन भएको पाइँछ । शिक्षक पेसागत विकासका कार्यक्रमहरू सञ्चालनका लागि मापदण्ड बनाउने प्रारूप बनाउने तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने कार्य यस केन्द्रबाट हुँदै आउको छ । शिक्षकको पेसागत विकासका लागि सातवटा परदेशी स्तरीय शिक्षा तालिम केन्द्रहरूले अनलाईन तथा अफलाईन विधिबाट सेवा प्रवेश तालिम एकमहिने प्रमाणीकरण शिक्षक तालिम र अनुकूलित शिक्षक तालिम सञ्चालन गर्दै आएको अवस्था छ । विद्यमान सातवटा शिक्षा तालिम केन्द्रबाट मात्र ठूलो सङ्ख्यामा शिक्षकहरूलाई प्रमाणीकरण तालिम प्रदान गर्न कठिन भएको अवस्था छ । यसैगरी शिक्षकलाई तालिम वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सिपको कक्षाकोठामा प्रयोगमा ल्याउन देखिएको विभिन्न अध्ययन प्रतिवेदनहरूले उल्लेख गरेका छन् ।

### ३.७.८ शिक्षकको आपूर्ति र वितरण

शिक्षा नियमावलीले विद्यालयमा रहने शिक्षक दरबन्दीको व्यवस्था गरेकोमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४० पहाडी भेगमा १:४५ र तराई तथा काठमाडौं उपत्यकामा १:५० रहेको छ । यसलाई आधार मानेर शिक्षक सङ्ख्या कम भएका विद्यालयमा स्थानीय तहबाट नियुत्ति भएका शिक्षक र सहयोगी कर्मचारीहरूको तथा विद्यालयको निजी स्रोतमा नियुक्त शिक्षकहरूको पनि रहेका छन् । जिल्ला र विद्यालयबिच शिक्षक विद्यार्थी अनुपात फरक फरक छ । आधारभूत र माध्यमिक तहमा सबै विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गर्ने कार्य पनि उत्तिकै चुनौतीपूर्ण छ । मुलुक सङ्घीय संरचनामा गएसँगै नियुक्ति सरूवा , कार्यसम्पादन मूल्याङ्कन जस्ता कार्यको जिम्मेवारी स्थानीय तहमा रहेकाले स्थानीय तहले स्थानीय स्रोतमा शिक्षक नियुक्ति गर्ने कार्य गर्ने गरेका छन् ।

**शिक्षक विवरण**

गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालयहरूमा कूल २१४ शिक्षक तथा शिक्षिका कार्यरत रहेका छन् । आधारभूत र माध्यामिक तहमा कार्यरत शिक्षक, महिला शिक्षक तथा विषयगत शिक्षक सम्बन्धी विवरण देहायको तालिकामा उल्लेख गरिएको छ । यस सम्बन्धी वडागत तथा विद्यालयगत पूरा विवरण अनुसूची मा रहको छ ।

**तालिका 1 : शिक्षक विवरण**

| शिक्षक विवरण | इकाई | शिक्षक |
|---|---|---|
| शिक्षक दरबन्दी | सङ्ख्या | |
| कार्यरत शिक्षक/शिक्षिका | सङ्ख्या | |
| कार्यरत शिक्षक | सङ्ख्या | |
| कार्यरत शिक्षिका | सङ्ख्या | |
| तह अनुसार महिला शिक्षक | सङ्ख्या | |
| • आधारभूत तह | सङ्ख्या | |
| • माध्यमिक तह | सङ्ख्या | |
| विषयगत शिक्षक | सङ्ख्या | |
| • गणित | सङ्ख्या | |
| • विज्ञान | सङ्ख्या | |
| • अंग्रेजी | सङ्ख्या | |

*स्रोत : संस्थागत सर्वेक्षण, २०७६*

**तलिका नं. २२: विद्यालयहरूमा कार्यरत कर्मचारीहरूको विवरण**

| कर्मचारीको प्रकार | सङ्ख्या |
|---|---|
| एकाउन्टेन्ट | |
| लाईब्रेरियन | |

| | |
|---|---|
| माली | |
| कार्यालय सहयोगी | |
| प्रशासन सहायक | |
| चौकीदार | |
| किचेन कर्मचारी | |
| ड्राइभर | |
| अन्य | |
| **जम्मा** | |

स्रोतः मानेभन्ज्याङ गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा

### ३.७.९ प्रमुख समस्या तथा चुनौतीहरू

माथि उल्लेखित विश्लेषणका आधारमा मानेभन्ज्याङ गाउँपालिकामा शिक्षक व्यवस्थापन र विकासका सन्दर्भमा निम्न लिखित समस्या र चुनौतीहरू रहेका छन् :

**क) समस्या**

१. कक्षागत र विषयगत शिक्षक पूर्ण रूपमा पूर्ति हुन नसक्नु,

२. उत्तरदायित्व र जवाफदेहितामा कमी र दण्डहिनताले प्रश्रय पाउनु,

३. शिक्षकमा उत्प्रेरणाको कमी,

४. आवश्यकता अनुसारको शिक्षक दरबन्दी अभाव,

५. शिक्षक नियुक्ति,सरूवा ,बढुवा बारे परिवर्तित सन्दर्भ अनुसार ऐन नियम नहुनु,

६ शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नु नसकिनु,

७. विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरी शिक्षक तयारी कोर्सको व्यवस्था नुहुनु,

८. सबै विद्यालयहरूमा शिक्षक बाहेक अन्य व्यस्थापकीय कार्य गर्न कर्मचारीहरूको अपुग हुनु ।

**ख) चुनौतीहरू**

१. सबै विद्यालयहरूमा पूर्ण सङ्ख्यामा शिक्षक कर्मचारी व्यवस्थापन गर्न,

२. शिक्षकको मनोवृत्तिमा परिवर्तन गर्न (घर पायक मात्र खोज्ने जिम्मेवारी बोध कम),

३. विपद् र सङ्कटपूर्ण अवस्थामा शिक्षण सिकाइ सञ्चालन गर्न,

४. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न,

५. पेसागत विकास कोष अवसर विस्तार र प्रभावकारितामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्न,

६. विद्यार्थी सिकाइ उपब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्न ।

## ३.७.१० उद्देश्य

मानेभन्ज्याङ गाउँपालिकाको शिक्षाक्षेत्र योजनामा शिक्षक कर्मचारी व्यवस्थापन र विकासका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएका छन् :

१. शिक्षकको छनोट, नियुक्ति र पुनर्वितरलाई सुदृढ बनाउनु,

२. विद्यालयमा आवश्यक कर्मचारीहरूको व्यवस्थापनमा जोड दिनु,

३. शिक्षक तयारीको वर्तमान स्वरूप तथा प्रक्रियामा परिवर्तन गरी सक्षम शिक्षक आपूर्ति गर्नु,

४. सबै तहमा योग्यता पुनरावलोकन गरी विषयवस्तु जान्ने निपूर्ण शिक्षकको सुनिश्चित गर्नु,

५. शिक्षक विकास तथा निरन्तर पेसागत सहयोग प्रणाली स्थापना गर्नु,

६. पेसागत विकास र सिकाइ आदानप्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,

७. शिक्षकको निरन्तर पेसागत विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शिक्षक संस्थाहरूसँग सञ्जाल विकास र अन्वेषण गर्नु,

८. सुपरिवेक्षण शिक्षक तालिमको माध्यमबाट शिक्षकलाई पेसाप्रति उत्प्रेरित र जवाफदेही बनाउनु,

९. शिक्षक पेसागत विकास तथा निरन्तर सहयोग प्रणाली स्थापना गर्नु,

१०. आवश्यक प्रोत्साहन, सिकाइ आदान प्रदान कार्यक्रम, निरन्तर पेसागत सहयोगका माध्यमबाट सबै तहमा सक्षम र प्रतिबद्ध अभिप्रेरित शिक्षक व्यवस्था गर्नु, ।

### ३.७.११ रणनीतिहरू

मथि उल्लेखित उद्देश्य प्राप्तिका लागि यस शिक्षा योजनाले निम्न रणनीतिहरू तय गरेको छः

१. वर्तमान शिक्षक शिक्षा कार्यक्रमलाई पुनरावलोकनका लागि सङ्घीय सरकारसँग अनुरोध गरिने छ ।

२. विद्यालयमा व्यवस्थापकीय दैनिक कार्यमा सहयोग गर्न कर्मचारी नपुग भएका विद्यालयहरूमा स्थानीय स्रोतमा कर्मचारीको व्यवस्था गरिने छ ।

३. शिक्षण सक्षमता प्रारूपलाई अध्यावधिक गरी शिक्षक तयारी र छनोट प्रक्रियामा आवद्ध गर्न सङ्घीय सरकार तथा प्रदेश सरकारमा अनुरोध गरिने छ ।

४. शिक्षक विद्यार्थी अनुपानतको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान र दरबन्दी पुनर्वितरण तथा थप गरिने छ ।

५. प्रारम्भिक बालविकास र पूर्व प्राथमिक शिक्षा कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर उत्तीर्ण गरेका शिक्षकको योग्यता कायम हुने गरी कानूनी व्यवस्थाका लागि सङ्घीय सरकारमा अनुरोध गरिने छ ।

६. रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्था प्रबन्ध गरिने छ ।

७. उच्च कार्य सम्पादन गर्ने शिक्षकहरूको लागि प्रोत्साहन र पुरस्कृत गरिने छ ।

८. नवप्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाइने छ ।

९. कार्ययोजना, शैक्षिक योग्यता, अनुभव लगायतका आधारमा विद्यालयमा प्रधानाध्यापकको छनोटगरिने छ ।

१०. शिक्षकले कक्षा कोठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइनेछ ।

३.७.१२ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

यो योजना लागू भएपश्चात सक्षम, योग्य, उत्तरदायी र अभिप्रेरित शिक्षक, कर्मचारीको व्यवस्था भई

विद्यार्थीको सिकाइमा सुधार हुने अपेक्षा गरिएको छ ।

**ख)** **नतिजा**

१. सबै विद्यालयमा कर्मचारी, शिक्षकको व्यवस्थापन भइ शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको हुने,

२. सबै विद्यार्थीहरूमा सिकाइको सुविधामा पहुँच हुने,

३. विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउने,

४. अनुगमन मूल्याङ्कन, सुपरीवेक्षण, सूचना सम्प्रेषणमा सुधार आउनुका साथै जनशक्ति र समयको वचत हुने,

५. शिक्षकहरूमा सूचना प्रविधिमैत्री शिक्षण क्षमता विकास भएको हुने,

६. विद्यार्थीहरूको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुने,

७. शिक्षक तथा कर्मचारीहरू कामप्रति उत्तरदायी हुने,

८. शिक्षक कर्मचारीहरूको सेवा सुविधामा एकरूपता आउने,

९. सबै शिक्षकहरूको पेसागत आधारभूत तालिमको सुनिश्चितता हुने ।

**ग) तालिका नं. २३:** उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

| क्र. स. | मुख्य क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | अस्थायी, करार, निजी स्रोत लगायतमा नियुक्त हुने शिक्षक व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका निर्माण | पटक | | १ | | | | १ | |
| २. | कार्य सम्पादनका आधारमा प्रोत्साहन र पुरस्कारको व्यवस्था | सङ्ख्या | १० | १० | १० | १० | १५ | ५५ | वर्षमा एक पटक |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | शिक्षक सेवाकालिन तथा वृत्ति विकास तालिम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | माग र आवश्यकताका आधारमा, सङ्घीय र प्रदेश सरकारसँग सहकार्य गरी |
| ४. | विद्यालय कर्मचारी नियुक्ति तथा सेवा सुविधा सम्बन्धी कार्यविधि, निर्देशिका निर्माण | पटक | | १ | | | | १ | मानेभन्ज्याङ गाउँपालिकाको स्रोतमा राखिने कर्मचारीको लागि |
| ५. | कर्मचारीको पेसागत तथा नेतृत्व विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | वर्षमा एकपटक |
| ६. | शैक्षणिक तथा व्यवस्थापन कार्ययोजना निर्माण सम्बन्धी तालिम | सङ्ख्या | | ५० | ५० | ६० | ८० | २४० | |
| ७. | विषयगत शिक्षकहरूको समूह निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | प्रत्येक वर्ष अद्यावधिक गर्दै लैजाने |
| ८. | शिक्षकहरूको सञ्जाल निर्माण | पटक | | १ | | | | १ | प्रत्येक वर्ष अद्यावधिक गर्दै लैजाने |
| ९. | नवप्रवेशी शिक्षकलाई तालिम | पटक | | | | | | | आवश्यकताका आधारमा |
| १०. | पुर्नताजगी तालिम तथा अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ३.८ विद्यालय व्यवस्थापन

### ३.८.१ परिचय

विद्यालय व्यवस्थापन भन्नाले प्राप्त जनशक्तिलाई उपलब्ध भएको श्रोतको प्रयोग गरी विद्यालयको उद्देश्य तथा लक्ष्य प्राप्त गर्ने गतिविधि तथा कार्यलाई जनाउँदछ । स्थानीय सरकारको रूपमा व्यवस्थापकीय तथा कार्यकारिणी हैसियत सहितका संविधान प्रदत्त अधिकार सूची जन अपेक्षा र स्थानीय क्षमता र पूर्वाधारको उचित पहिचान गरी विद्यालय व्यवस्थापन गर्न सकेमा शिक्षामा गुणस्तर प्राप्त हुन सक्छ । शैक्षिक व्यवस्थापन भित्रको महत्वपूर्ण अङ्ग विद्यालय व्यवस्थापन हो ।

वर्तमान संविधानमा आधारभूत तथा माध्यमिक शिक्षासहित शैक्षिक व्यवस्थापनको महत्वपूर्ण कार्य स्थानीय तहको अधिकार क्षेत्रभित्र छ । मानेभन्ज्याङ गाउँपालिकाले शैक्षिक उपलब्धिहरू हाँसिल गर्न विद्यालयहरूमा बजेट विनियोजन र बाडफाँड गरेर मात्र पुग्दैन, प्राप्त भएका स्रोत र साधनको उपयुक्त परिचालन हुने गरी विद्यालय व्यवस्थापनमा ध्यान दिन जरूरी हुन्छ । शिक्षा ऐन नियमावलीमा व्यवस्था भएका प्रावधानहरूको उचित परिचालन र प्रयोगले विद्यालय बलियो बन्न सक्छ । विद्यालय व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको भूमिका महत्वपूर्ण रहँदै आएको छ । सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहेको हुन्छ । शिक्षक अभिभावक सङ्घले शिक्षक र अभिभावकलाई सम्पर्कमा ल्याइ विद्यार्थीको शिक्षणमा सहजीकरण गर्दछ भने आर्थिक सहयोगमा समेत भूमिका खेल्दछ । विद्यालयको व्यवस्थापकीय पक्षमा व्यवस्थापन समिति रहने र प्रशासनिक अधिकार प्र.अ.सँग रहने भएकोले कानुनीरूपमा प्रमाणीकरण गर्न समेत यसले मद्दत गर्दछ ।

कुनै पनि विद्यालयको प्रशासनिक कार्यको लागि एक प्रधानाध्यापकको व्यवस्था हुने कानुनी व्यवस्था छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी शिक्षाका राष्ट्रिय उद्देश्य पूरा गराउने महत्वपूर्ण स्थल विद्यालय हो । विद्यालयले गर्नु पर्ने सबै क्रियाकलापको सञ्चालन र नियन्त्रणका लागि प्रधानाध्यापकको व्यवस्था गरिएको हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ऐन र मौजुदा शिक्षा ऐन, मानेभन्ज्याङ गाउँपालिकाको शिक्षा कार्यविधि २०७४ समेतका आधारमा मानेभन्ज्याङ गाउँपालिकाले विद्यालयको व्यवस्थापन गर्नुपर्दछ ।

### ३.८.२ वर्तमान अवस्था

शैक्षिक उपलब्धि हासिल गर्न विद्यालय व्यवस्थापन एउटा प्रमुख र महत्वपूर्ण पक्ष हो । प्राप्त स्रोत साधनको उचित व्यवस्थापन र नपुग स्रोत साधनको खोजी गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन पक्षमा पर्दछ । विद्यालयको उद्देश्य र लक्ष्य मात्र नभइ राष्ट्रिय उद्देश्य परिपूर्ति गर्ने कार्यस्थल विद्यालय भएकोले यसको व्यवस्थापकीय पाटो बलियो हुनु जरूरी छ ।

मानेभन्ज्याङ गाउँपालिका भित्रका सबै विद्यालयहरूको व्यवस्थापन, रेखदेख र सञ्चालनका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन रहने व्यवस्था छ । विद्यालय व्यवस्थापकीय क्षेत्रका निर्णयहरू व्यवस्थापन समितिकै मातहतमा निर्णय गरी कार्यान्वयन गर्ने गरिन्छ। व्यवस्थापन समितिले गरेका निर्णयहरूलाई विद्यालयको आधिकारिक निर्णय मान्ने वर्तमान व्यवस्था रही आएको छ । विद्यालयमा सञ्चालन हुने भौतिक, आर्थिक र शैक्षिक कार्यहरूको सञ्चालन व्यवस्थापन समितिको सक्रियतामा सम्पन्न गरिन्छ । विद्यालयको रेखदेख, सञ्चालन, निरीक्षण, व्यवस्थापन र व्यवस्थापन गर्ने, आर्थिक स्रोत जुटाउने, बजेट स्वीकृत गर्ने, शिक्षक सेवाको सुरक्षा र सम्बर्धन गर्ने, रिक्त शिक्षक पदपूर्ति गर्ने व्यवस्थापकीय कार्यहरू व्यवस्थापन समितिले गर्दै आइरहेको छ । विद्यालयको व्यवस्थापकीय पाटोलाई बलियो बनाउन शिक्षक अभिभावक सङ्घ रहने व्यवस्था छ । शिक्षक र अभिभावकको सम्बन्ध सुमधुर बनाइ शिक्षण सिकाइको व्यवस्थापनमा समितिले भूमिका खेल्ने गर्दछ ।

विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक प्रधानाध्यापक रहेको हुन्छ । विद्यालयमा कार्यरत शिक्षकहरू मध्येबाटै प्रधानाध्यापक नियुक्ति गर्ने व्यवस्था वर्तमान नियमावलीमा रहेको छ । विद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने, अनुशासन कायम राख्ने, शिक्षक, अभिभावक व्यवस्थापन समिति बिचमा सुमधुर सम्बन्ध कायम गर्ने, विद्यालयको प्रशासनिक कार्य सञ्चालन गर्ने जिम्मेवारी प्रधानाध्यापकको रहेको छ। विद्यालयको रेखदेख, सञ्चालन र व्यवस्थापनका लागि व्यवस्थापन समितिले कार्य गरिरहेको पनि व्यवस्थापन पक्षमा समस्याहरू केही समस्याहरू बाँकी नै छन् । मानेभन्ज्याङ गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रानुसार सबै ऐन नियमहरूको पूर्ण कार्यान्वयन गर्न नसक्नु, व्यवस्थापन समितिको कार्य क्षेत्र वृहत भएतापनि कतिपय ठाउँमा कार्यसम्पादन कमजोर रहनु, व्यवस्थापन समितिका पदाधिकारीहरू दक्ष र शिक्षित नहुनु, व्यवस्थापन समितिले सक्रिय रूपमा कर्तव्य र अधिकारको प्रयोग गर्न नसक्नु, प्रधानाध्यापकले नै प्रशासनिक, व्यवस्थापकीय कार्यसँगै पढाउने कार्य समेत गर्नुपर्ने अवस्था, पर्याप्त दरबन्दी नहुनाले प्र.अ.को कार्यसम्पादन कमजोर हुनु लगायतका समस्याहरू रहेका छन् ।

मानेभन्ज्याङ गाउँपालिकामा विद्यालय व्यवस्थापनमा देखिएका चुनौतीहरू निम्नानुसार रहेको छन्:

१. सबै विद्यालयको व्यवस्थापकीय पक्ष सवल र सक्षम बनाउने,
२. अभिभावकहरूलाई विद्यालय व्यवस्थापनमा सक्रिय सहभागिता बनाउने,
३. शिक्षकहरूलाई शिक्षा ऐन नियमावलीमा व्यवस्था भए अनुसार सक्रिय बनाउने,
४. दक्ष र योग्यता प्राप्त प्रधानाध्यापकको व्यवस्था गर्ने,
५. प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई जवाफदेही र उत्तरदायी बनाउने,
६. कुल प्रशासनिक क्षमता सहित विद्यालय व्यवस्थापन गर्ने,
७. मानेभन्ज्याङ गाउँपालिका शिक्षा ऐन, नियम, कार्यविधिका कार्यान्वयन गर्न,

८. शिक्षक अभिभावक सङ्घ र व्यवस्थापन समितिलाई सधैं चुस्त राख्न ।

### ३.८.३ उद्देश्य

यस योजनाले विद्यालय व्यवस्थापन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. विद्यालयको व्यवस्थापन सहि ढङ्गले सञ्चालन गर्न सबै सरोकारवाला निकायको सहभागिता र सहकार्य बढाउनु,
२. विद्यालयको व्यवस्थापकीय पक्ष सवल, सक्षम र सशक्त बनाउनु,
३. कुशल, उत्तरदायी, क्षमतावान प्रधानाध्यापकको व्यवस्था गर्नु,
४. ऐन नियमानुसार व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन गरी विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूलाई संलग्न गराउनु ।

### ३.८.४ रणनीतिहरू

यस शैक्षिक योजनामा माथि उल्लेखित उद्देश्यहरू हासिल गर्न निम्न रणनीतिहरू अवलम्बन गरिने छ:

१. विद्यालयका विभिन्न समितिहरूमा सबै तहका सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिने छ ।

२. विद्यालय व्यवस्थापन समितिको कार्यक्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिने छ ।

३. विद्यालयहरूमा ऐन नियमानुसार व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गरिने छ ।

४. विद्यालयको आर्थिक पक्ष सवल बनाउन व्यवस्थापन समितिलाई प्रेरित गरिने छ ।

५. कार्य सम्पादनमा राम्रो देखिएका विद्यालयका गतिविधिहरू अभिलेखीकरण गरिने छ ।

६. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक सङ्घका अध्यक्ष र प्रधानाध्यापकहरूलाई शैक्षिक भम्रण गराइ राम्रा व्यवस्थापन भएका विद्यालयहरूको अनुभव र गतिविधि आदानप्रदान गराइने छ ।

७. शिक्षा, ऐन, नियम तथा स्थानीय कार्यविधि अनुसार प्रधानाध्यापकहरूको व्यवस्था गरिने छ ।

८. कुशल, सक्षम, पारदर्शी र जवाफदेही प्रधानाध्यापकको व्यवस्था गर्न जोड दिइने छ ।

९. प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गरी विद्यालय प्रशासनिक व्यवस्थापनलाई चुस्त दुरूस्त र स्तरीय बनाइने छ ।

१०. कमजोर व्यवस्थापन भएको विद्यालय पहिचान गरी कार्य क्षमता वृद्धिका लागि सहायता दिने व्यवस्था गरिने छ ।

११. सबल व्यवस्थापन पक्ष भएका मानेभन्ज्याङ गाउँपालिका भित्रका विद्यालयहरूलाई पुरस्कृत गरिने छ,

१२. प्रधानाध्यापकको कार्यक्षमता अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन तालिमको व्यवस्था गरिने छ ।

### ३.८.५ उपलब्धि, नतिजा, क्रियाकलाप तथालक्ष्य

**क) उपलब्धि**

यस योजनाको लागू पश्चात मानेभन्ज्याङ गाउँपालिका भित्रका सबै विद्यालयहरू कुशल र उत्तरदायी विद्यालय प्रशासन सहित बलियो व्यवस्थापन पक्ष भएको हुनेछ ।

**ख) प्रमुख नतिजाहरू**

१. कुशल प्रशासन सहित विद्यालय सञ्चालन भएको हुने,

२. योग्य र नियमानुसारका प्रधानाध्यापकको व्यवस्था भएको हुने,

३. सबै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति गठन भई क्रियाशील भइरहेको हुने,

४. विद्यालय व्यवस्थापन समिति सक्षम र सक्रिय भइ विद्यालयको शैक्षिक स्तर वृद्धि भएको हुने,

५. विद्यालयको आर्थिक अवस्था सवल भएको हुने,

६.गाउँपालिकाका विद्यालयहरूको व्यवस्थापकीय पक्ष सवल र अन्य क्षेत्रका लागि नमूनाको रूपमा विकास हुने ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

तालिका नं. २४: प्रमुख लक्ष्य तथा क्रियाकलाप

| क्र.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वि.व्य.स. र शि.अ.सङ्घको गठन | पटक | १ | | १ | | १ | ३ | सबै विद्यालयहरूमा |
| २. | वि.व्य.स. र शि.अ.सङ्घका पदाधिकारीहरूलाई अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | सबैका लागि |
| ३. | अवलोकन भ्रमण तथा अनुभव आदानप्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४. | विद्यालय अनुगमन र मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | आवश्यकताका आधारमा |
| ५. | प्रधानाध्यापक कार्य सम्पादन सम्झौता कार्यविधि निर्माण | पटक | १ | | | | | १ | |
| ६. | प्रधानाध्यापक कार्य सम्पादन सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७. | प्रधानाध्यापकलाई व्यवस्थापकीय तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | आवश्यकताका आधारमा |
| ८. | विद्यालयको वार्षिक योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९. | विद्यालय अनुगमन र मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रत्येक चौमासिक रूपमा |

## ३.९ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ र शिक्षा

### ३.९.१ परिचय

कुनै शैक्षिक संस्थामा भर्ना भएर निश्चित पाठ्यक्रममा रहेर पढ्नु भन्दा फरक किसिमले शिक्षा लिने प्रक्रिया अनौपचारिक सिकाइ हो। औपचारिक पद्धतिभन्दा बाहिर फरक समयमा विभिन्न उमेर समूहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो। औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानवजीवनका लागि आश्यक ज्ञान सिप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो
साँस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्नो जीवनमा आइपर्ने समस्याहरूका बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दछन् । तसर्थ सिकाइ जीवन पद्धतिसँग जोडिएको हुन्छ । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाइ अवसरका लागि स्तरवृद्धि शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ। विभिन्न वर्ग समूह लक्षित सिपमुलक तालिमहरूले पनि सिकाइलाई अझ प्रकावकारी बननाउँदछ। संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त, दिगो विकासका लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ। यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर वृद्धि र संस्थागत क्षमताको विकासक गर्नु पर्दछ। शिक्षा क्षेत्र योजना २०८२–२०८७ ले अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि ५ वर्षभित्र निरन्तर सिकाइमा संलग्न समाज एवं सिकाइ संस्कृतिको प्रवर्द्धन गर्ने तर्फ लैजान्छ । स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषण धारमा समस्या एवं चुनौतीहरूको पहिचान गर्दै चुनौतीहरूको सामना गर्न यसको उद्देश्य र नीतिहरू कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएको छ ।

### ३.९.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ। यो कार्यक्रम तीनै तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा शिक्षा विकास निर्देशनालयले

अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दछ भने स्थानीय तहहरूमा शिक्षा युवा तथा खेलकुद महाशाखा/शाखाहरूले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मवेवारी रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश सङ्घीय संरचनामा रूपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको तर यसको मर्म अनुसार कार्यसम्पादन हुनसकेको देखिँदैन आवधिक रूपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले मानेभन्ज्याङ गाउँपालिकाको विद्यालय उमेर भन्दा बाहिर रहेका जनताहरूको साक्षरता सम्बन्धी तथ्याङ्क बर्षेनी अद्यावधिक हुन नसकिरहेको अवस्था छ ।

ओखलढुंगा जिल्लाका विभिन्न गाउँपालिका तथा गाउँपालिकाहरूमा अनौपचारिक शिक्षा कार्यक्रमहरू प्रशस्त मात्रामा सञ्चालन हुँदै आएका छन् । यस कार्यक्रमले निरक्षरहरू विशेषत १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरहरूलाई साक्षर बनाउने कार्यमा योगदान गरेको देखिन्छ । यसका लागि मानेभन्ज्याङ गाउँपालिकाहरूमा अनौपचारिक शिक्षा तर्फका विभिन्न कार्यक्रमहरू सञ्चालनमा आएका थिए । यस कार्यक्रमले स्थानीय निकायहरूमा साक्षरताका कक्षा सञ्चालन गरी साक्षर हुनेलाई साक्षरोत्तर कार्यक्रमसञ्चालन गरिएको छ । साक्षरता र साक्षरोत्तर कार्यक्रमबाट लाभाविन्वतहरू विशेषत महिलाहरूलाई समूह बनाई आय आर्जन कार्यक्रमसँग समेत जोडी महिलाको समूह बनाइ बचत तथा ऋणका कार्यक्रमहरू सञ्चालन गरिए । गाउँगाउँमा महिलाहरूको समूह बनाइ उनीहरूलाई आयआर्जन कार्यक्रममा समेत जोड्ने उद्देश्यले बिऊ पूजी वितरण गरियो । समूहका महिला सदस्यहरूले आफ्नो क्षमता अनुसारको रकम बचत गर्दै जाने र बचत तथा ऋणको व्यवस्था गरी आफूलाई गाह्रो साह्रो परेको बेलामा सरसापट गरेर अथवा न्यूनतम ब्याजमा त्यो रकमलाई वितरण गर्ने र सोबाट प्राप्त हुने ब्याज मूलधनमा जोडि समूहले आर्जन गर्ने र सोको मुनाफा बाँडफाँड गर्ने कार्यक्रम केही वर्षसम्म रहँदै आयो । सामुदायिक सिकाइ केन्द्रहरूले अनौपचारिक शिक्षातर्फको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था पनि गरियो तर यो कार्यक्रम जति प्रभावकारी हुनुपर्थ्यो त्यति प्रभावकारी हुन सकेन् । तर पनि मानेभन्ज्याङ गाउँपालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेका व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरिएको साक्षरता कक्षाहरूबाट मानेभन्ज्याङ गाउँपालिकाको १५ देखि ६० वर्ष उमेरको जनसङ्ख्यामा कुल साक्षरता ९० प्रतिशत भन्दा माथि पुगेको छ । यस कार्यक्रमले ६० वर्ष भन्दा माथिको उमेर समूहका मानिसहरूलाई पनि समावेश गर्दै आएको छ । गाउँपालिकाले सारक्ष युवा लक्षित कार्यक्रम, सिप, रोजगार र आयआर्जनसँग प्रत्यक्ष जोडिने तालिमहरू जस्तैः प्लम्बिङ्ग, वायरिङ्ग, विभिन्न काष्ठकला लगायतका तालिमहरू समय समयमा सञ्चालन गर्दै आएको छ । यसबाट पनि स्थानीय जनताको सिपमुलक, जीवनपर्यन्त सिकाइ स्तर बढ्न सहयोग पुगेको देखिन्छ ।

### ३.९.३ समस्या तथा चुनौतीहरू

मानेभन्ज्याङ गाउँपालिकामा अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाकासमस्या एवं चुनौतीहरू निम्न अनुसार पहिचान गरिएको छ :

१. सामुदायिक सिकाइ केन्द्र यसको स्थापनाको मर्म र भावना अनुसार प्रभावकारी ढङ्गले सञ्चालनमा नआउनु,

२. सामुदायिक सिकाइ केन्द्रको सञ्चालनका लागि न्युनतम बजेटको व्यवस्था हुनु,

३. प्रौढ कक्षाहरूमा सिप सम्बन्धीको ज्ञानलाई महत्व नदिनु,

४. सिकाइ केन्द्रका परिचालक र व्यवस्थापन समितिको क्षमता अभिवृद्धि हुन नसक्नु,

५. नव साक्षरहरूलाई साक्षरोत्तर र निरन्तर शिक्षा एवं आय आर्जनका कार्यक्रममा निरन्तर लगाउँन नसकिनु,

६. सिकाइ केन्द्रहरूले अनौपचारिक शिक्षाका कार्यक्रमहरूमा अगुवाई गर्न नसक्नु,

७. औपचारिक शिक्षा र अनौपचारिक शिक्षाका बिचमा सह सम्बन्ध कायम गर्न नसकिनु,

८. साक्षरता , निरन्तर सिकाइ , आयमूलक सिप समय सापेक्ष सूचना प्रविधियुक्त कार्यमूलक सिकाइ तथा समयकक्षताको व्यवस्था हुन नसक्नु

९. युवा तथा प्रौढहरूमा कार्यमूलक साक्षरता पढ्ने बानीको कमी र डिजिटल साक्षरताको कमी , अनौपचारिक शिक्षा , खुला तथा वैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालीका रूपमा संस्थागत विकास हुन नसक्नु,

१०. सिपमुलक तालिम लिएका मानिसहरू स्वरोजगार तर्फ उन्मुख नहुनु ।

### ३.९.४ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१. अनौपचारिक तथा निरन्तर एवं जीवन पर्यन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्ने,

२. सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने,

३. आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै विशेषतः समाजमा पछाडिपरेको वर्गलाई मुलधारमा ल्याउने,

४. स्थानीय क्षेत्रमा स्वरोजगारको अवस्थालाई वृद्धि गर्ने ।

**३.९.५रणनीतिहरू**

मानेभन्ज्याङ गाउँपालिकाको यस योजनाका उद्देश्य हासिल गर्नका लागि निम्न लिखित रणनीतिहरू अवलम्बन गरिने छ :

१. मानेभन्ज्याङ गाउँपालिकाभित्र पुनः घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गरिने छ ।

२. सामुदायिक सिकाइ केन्द्रलाई सुदृढीकरण गरी अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।

३. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न विभिन्न सङ्घीय सरकार प्रदेश सरकार र अन्य सङ्घ संस्था सँग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ ।

४. नवसाक्षर प्रौढ महिला तथा पुरूषहरूलाई आय आर्जनको कार्यक्रमसंग जोडी आत्मनिर्भर र व्यावसायिक बनाउन सहयोग गरिने छ,

५. उमेर तथा वर्ग लक्षित सिपमुलक कार्यक्रमहरू निरन्तर सञ्चालन गरी स्थानीयलाई स्वरोजगार हुन अभिप्रेरित गरी प्रभावकारिताको मूल्याङ्कन समेत गरिने छ ।

**३.९.६ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

यस योजनाको लागु भए पश्चात मानेभन्ज्याङ गाउँपालिका भित्र बस्ने सबै नागरिकहरूलाई साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

**ख) प्रमुख नतिजा**

१. साक्षर निरक्षर लगायत अनौपचारिक शिक्षा तथा बैकल्पिक सिकाइसँग सम्बन्धी तथ्याङ्क सङ्कलन भै अद्यावधिक हुने,

२. सामुदायिक सिकाइ केन्द्र सुदृढीकरण भै साक्षरता निरन्तर शिक्षा तथा आय आर्जनका

कार्यक्रम सञ्चालन हुने,

३. निरक्षर साक्षर हुने , साक्षरले निरन्तर शिक्षा र जीवनोपयोगी सिप प्राप्त गर्ने

४. महिला तथा प्रौढहरू आय आर्जन गरी जीवन निर्वाह र स्वावलम्बी आत्मनिर्भर हुने,

५. युवाहरू स्वरोजगार उन्मुख हुने ।

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

तालिका नं. २५: प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | घरधुरी सर्वेक्षण र साक्षरता तथ्याङ्क संकलन | पटक | | १ | | | | १ | |
| २. | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता अभिवृद्धि तालिम र अनुदान | केन्द्र सङ्ख्या | | २ | २ | | १ | ५ | |
| ३. | प्रौढ शिक्षा तथा निरन्तर सिकाइ कक्षा सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | आवश्यकताका आधारमा प्रत्येक वडामा कम्तीमा एउटा कक्षा सञ्चालन गरिने |
| ४. | प्रौढ शिक्षामा सिप विकास र आर्यआर्जनमा कार्यक्रम प्रदान | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | प्रत्येक वडामा कम्तीमा एउटा कक्षा सञ्चालन गरिने |
| ५. | युवा लक्षित सिपमुलक कार्यक्रमहरू सञ्चालन | सङ्ख्या | | | | | | निरन्तर | सङ्घीय सरकार, प्रदेश सरकार तथा विभिन्न अन्य निकायहरूसँग सहकार्य गरिने |
| ६. | प्रभावकारिता मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ३.१० गुणस्तरीय सार्वजनिक शिक्षा

### ३.१०.१ परिचय

शिक्षाले व्यक्ति, समाज र राष्ट्रको अपेक्षा पूरा गर्नु पर्दछ । शिक्षा किताबसँग मात्र सीमित छैन । यो तोकिएको पाठ्यक्रमभन्दा व्यापक र बृहत छ । विद्यार्थीहरूलाई पाठ्यक्रममा मात्र लगाम लगाउँनुको साटो उनीहरूको व्यवहार, सोचाइ, स्वभाव र सिर्जनात्मकतामा सकारात्मक परिवर्तन ल्याई जीवन उपयोगी नैतिक व्यावसायिक शिक्षा दिनुनै गुणस्तरीय शिक्षा हो । तोकिएको पाठ्यक्रममा मात्र सिमित नरही अन्य विषयवस्तुहरूको समेत समावेश गरी जीवन उपयोगी हुने किसिमको सार्वजनिक शिक्षा नै गुणस्तरीय शिक्षा भन्ने बुझिन्छ । युनिसेफ (UNICEF) ले विद्यार्थीहरूको बाह्य अनुभव, सिकाइ गर्ने वातावरण, शैक्षिक विषयवस्तु, सिकाइ प्रक्रिया र शैक्षिक परिणाम, जस्ता पाँचवटा तत्वहरूको आधारमा गुणस्तरीय शिक्षालाई परिभाषित गरेको छ ।

हाम्रो परम्परागत शिक्षा प्रणालीमा परीक्षामा उच्च अङ्क ल्याउनु नै शिक्षाको गुणस्तर मापन गर्ने मुख्य विधाको रूपमा लिइन्थ्यो तर हाल यो सोचमा विस्तारै परिवर्तन हुँदै आएको छ । शिक्षामा गुणस्तरको मापदण्ड भनेको परीक्षामा उच्च अंक ल्याउनु मात्र कदापि होइन । परीक्षामा उच्च अङ्क ल्याउनुको अर्थ हो उसको स्मरण शक्ति, लेख्ने शैली र लेख्ने गतिको स्तरको मापन मात्र हो । तर गुणस्तरीय शिक्षाको मापन समाजका सदस्यहरूको मानवता, समाजको हितमा हुने उसको व्यवहार र आफ्नो जन्मथलो र समाजका लागि उसले पुऱ्याउने योगदानले गर्छ । गुणस्तरीय शिक्षाले आफ्ना गाउँ ठाउँको प्राकृतिक स्रोत र साधानलाई उत्पादनमा लगाउँने नागरिक उत्पादन गर्छ । गुणस्तरीय शिक्षाले आफ्नो गाउँ ठाउँको भौगोलिक वातावरण र संस्कृतिको संरक्षण सहित आफ्नो समाजलाई अन्य समाजमा तुलनामा सुखी र संवृद्ध समाज बनाउन आफ्नै स्रोत साधन र आवश्यकता अनुसार बाह्य स्रोतको उचित र सहि प्रयोगका तौर तरिकाको विकासमा निरन्तर लाग्ने व्यक्ति निर्माण गर्छ ।

नेपालको संविधान २०७२ अनुसार शिक्षा सम्बन्धी मौलिक हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा सहज पहुँचको सुनिश्चितता गरेको छ । आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्कका साथै अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई उच्च शिक्षासम्म निःशुल्क पढ्न पाउन हकको व्यवस्था गरेको छ । त्यस्तै दृष्टिविहीन तथा कान सुन्न नसक्ने र स्वर वा बोलाईसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने मात्र नभएर मातृभाषामा शिक्षा आर्जन गर्ने व्यवस्था समेत संविधानमा उल्लेख छ ।

सामान्यतया नेपालमा सरकारी लगानी र संयन्त्रबाट सञ्चालित सामुदायिक विद्यालयहरू सार्वजनिक विद्यालय हुन् । गुणस्तरीय सार्वजनिक शिक्षा प्राप्तिको लागि गुणस्तरीय आधारभूत तत्वहरू आवश्यक हुन्छन् । आधारभूत पक्षहरू गुणस्तरीय भएमा मात्र शिक्षाको प्रणाली समेत गुणस्तरीय हुन्छ ।

गुणस्तरीय सार्वजनिक शिक्षाको लागि आवश्यक आधारभूत पक्षहरू निम्नानुसार रहेका छन्:

१. गुणस्तरीय पूर्वाधार

२. गुणस्तरीय शिक्षक तथा कर्मचारी

३. गुर्णस्तरीय सिकारू

४. गुणस्तरीय सिकाइ

५. गुणस्तरीय विषयवस्तु

६. गुणस्तरीय नेतृत्व

७. गुणस्तरीय व्यवस्थापन

८. गुणस्तरीय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण

९. गुणस्तरीय नीति

१०. गुणस्तरीय लगानी

दूरदर्शी शैक्षिक नेतृत्व, चुस्त व्यवस्थापन, समर्पित शिक्षक, अनुशासित विद्यार्थी, सचेत अभिभावक, समसामयिक शिक्षानीति तथा पाठ्यक्रममा मात्र लगानी अनुसार उन्नत शैक्षिक प्रतिफलको अपेक्षा गर्न सकिन्छ । सामुदायिक विद्यालय सबल बनाउँदै गुणस्तरीय शिक्षा आर्जन गर्ने उत्कृष्ट शिक्षण संस्थाका रूपमा विकास गर्न पारदर्शिता, सहभागितामूलक निर्णय प्रक्रिया, जवाफदेहिता, विद्यार्थी उपलब्धिस्तरका आधारमा निष्पक्ष पुरस्कार र दण्डको व्यवस्था आदिलाई आधारभूत सर्तका रूपमा लिन सकिन्छ ।

### ३.१०.२ वर्तमान अवस्था

गाउँपालिका भित्रका विद्यालयहरूमा सिकाइउपलब्धि स्तर उकास्नका साथै विद्यालयमा आकर्षण बढाउन आधारभूत तह (१–८) मा दिवाखाजाको व्यवस्था गरिएको छ । सबै विद्यालयमा खानेपानीको व्यवस्था छ । केही विद्यालयहरूमा भने सुरक्षित शौचालयको अभाव कायमै छ । उपयुक्त कक्षा कोठा र शैक्षिक सामग्रीहरूको अभावसमेत रहेकै छ । विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब, पुस्तकालय आदिको व्यवस्थापनमा थप प्रयास भएमा गुणस्तरीय शिक्षामा सहयोग पुग्नेछ । मानेभन्ज्याङ गाउँपालिका भित्र सार्वजनिक शिक्षाको गुणस्तर वृद्धि तथा सबलीकरणका चुनौती तथा समस्याहरू निम्नानुसार छन् :

१. सामुदायिक विद्यालयमा पढ्ने बालबालिकाको परिवारमा शिक्षित अभिभावकको कमी, आवश्यक शैक्षिक सामग्रीको कमी, विद्यालय नियमिततामा कमी, पोषणको कमी जस्ता कारणले सामुदायिक विद्यालयका विद्यार्थीको शैक्षिक उपलब्धि कम छ ।

२. सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीहरू प्रायः पिछडिएको समाजको, निरक्षर र आधारभूत तहको समेत शिक्षा नपाएका अभिभावकका बालबालिका हुने गरेको कुरा पनि अध्ययनले

देखाएका छन् ।

३. विद्यालयले बालविकास केन्द्रलाई व्यवस्थित बनाउन सकिएका छैनन् । बालविकास केन्द्रहरूका लागि उपयुक्त कक्षाकोठा, उपयुक्त बाहिरी वातावरण, कक्षाकोठामा साना बालबालिकालाई पर्याप्त खेल्ने सामाग्रीको व्यवस्था, तालिम प्राप्त शिक्षक इत्यादि पूर्ण रूपमा पूर्ति हुन सकिरहेको छैन ।

४. सार्वजनिक शिक्षाको मूल समस्या भनेको तहगत रूपमा बालबालिकाले सिक्नुपर्ने सिकाइको सुनिश्चितता हुन नसक्नु हो ।

५. कक्षा कोठामा आवश्यक पर्ने न्यूनतम स्वसिकाइको प्रयास नहुनु, सिकाइ सहजीकरणको सट्टा परम्परागत शिक्षण प्रक्रियालाई प्रयोग गर्नु, पाठ्यक्रम, शिक्षक निर्देशिकाको सट्टा पाठ्यपुस्तकलाई शिक्षणको प्रमुख साधन बनाउनु जस्ता समस्या समेत रहेका छन् ।

६. सामुदायिक विद्यालयका विद्यार्थीको सिकाइ उपलब्धि कमजोर हुनुको महत्वपूर्ण कारण विद्यालयमा पढाइ हुने दिन, समय र घण्टा कम हुनु हो । सामुदायिक विद्यालयहरू मात्र होइन सार्वजनिक कलेजहरू पनि विभिन्न बहानामा धेरै दिन बन्द हुन्छन् । स्थानीय विदा स्थान विशेषका विशेष चाडबाड परिस्थितिमा गर्नैपर्ने बाध्यता हुन्छ ।

७. सामुदायिक विद्यालयमा शिक्षक योग्यता र क्षमताको कमीले भन्दा पनि मेहनत गर्न, थप समय काममा खट्न उत्प्रेरणाको कमीले शिक्षण सिकाइमा सक्रिय नभएको देखिन्छ ।

८. आधारभूत तहमा प्रयाप्त शिक्षक दरबन्दी नहुनु र माध्यमिक तहमा विषय शिक्षकको अभाव हुनु पनि चुनौतीको रूपमा रहेको छ ।

९. फितलो प्रशासनिक व्यवस्थापन तथा राम्रा शिक्षकलाई पुरस्कार र गल्ती भएमा दण्डको व्यवस्था कडाइका साथ कार्यन्वयन नुहुनुले पनि एउटा समस्याको रूपमा रहेको छ ।

### ३.१०.३ उद्देश्य

मानेभन्ज्याङ गाउँपालिकाको सार्वजनिक शिक्षामा बालविकास, आधारभूत र माध्यमिक शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु यस योजनाको मुख्य उद्देश्य रहेको छ । यसका अलवा अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन्:

१. विद्यालयलाई बालमैत्री, समावेशी र सुरक्षित बनाइ विद्यालय प्रशासन र व्यवस्थापनलाई सुधार गरी जवाफदेही बनाउनु,

२. शिक्षणसिकाइ क्रियाकलाप समय सापेक्ष बनाउँदै सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु,

३. सिकाइ उपलब्धिलाई सिप र व्यवहारसँग जोड्नु ।

### ३.१०.४ रणनीतिहरू

मानेभन्ज्याङ गाउँपालिकाको सार्वजनिक शिक्षा गुणस्तर सुधारका लागि योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिने छ :

१. अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा सुनिश्चित गरिने छ ।

२. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्न तीनै तहका सरकारबिच सहकार्य गरिने छ र विद्यालयले दिवाखाजा व्यवस्थापन गर्नेछन् ।

३. शिक्षकहरूमा तालिमको व्यवस्था सहित प्रविधिमैत्री बनाइनेछ ।

४. विद्यालयहरूमा सूचना प्रविधिको विस्तार गरी शिक्षणलाई सहयोग गरिने छ ।

५. पठनपाठनको समय र शिक्षकले कक्षा कोठामा बिताउने समय चुस्तदुरूस्त बनाइने छ ।

६. उपलब्धि वृद्धि गर्न आधारभूत तहदेखिनै सिकाइ उपलब्धिमा सुधार गरिदैं तहगत रूपमा बालबालिकाले सिक्नुपर्ने सिकाइको सुनिश्चितता गरिने छ ।

७. सिकाइ उपलब्धि कम भएका विद्यार्थी पहिचान गरी अतिरिक्त कक्षा सञ्चालन गरिने छ ।

८. जीवनपयोगी सिकाइसँग जोडेर विद्यार्थी मूल्याङ्कन प्रणालीको व्यवस्थापन गरिने छ ।

९. गरेर सिक्ने (learning by doing) को मान्यतालाई प्रयोगमा ल्याइने छ ।

१०. छुट्टै प्रशासनिक नेतृत्वमा थप सुविधा सहित विद्यालयको दैनिक कामकाज सञ्चालनमा जोड दिइने छ ।

११. घेरावार, स्वच्छ खानेपानी, शौचालय, खेलमैदान र हरित विद्यालय व्यवस्थापनमा जोड दिंदै सुविधासम्पन्न बालमैत्री भौतिक संरचना र कक्षाकोठाको व्यवस्थापन गरिने छ ।

१३. विद्यार्थीहरूलाई छात्रवृत्ति, पोषाक र दिवा खाजाको प्रबन्ध गरिने छ ।

१४. गुणस्तरीय शिक्षक, गुणस्तरीय सिकाइ, गुणस्तरीय व्यवस्थापन र गुणस्तरीय पूर्वाधारमा जोड दिइने छ ।

१५. नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित गरिने छ ।

१६. दैनिक जीवनमा प्रयोग हुने अतिरिक्त क्रियाकलापहरू (खेलकुद, गायन, नृत्य, लेखन, अभिनय, लगायत विविध विषयहरू) विद्यालय र मानेभन्ज्याङ गाउँपालिकाभित्र तथा अन्य

क्षेत्रका विद्यार्थीहरू बिचमा समेत सञ्चालनगरिने छ ।

१७. पुरस्कार, दण्डको व्यवस्थालाई कडाइका साथ लाग ुगरिने छ ।

### ३.१०.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

यस योजनो लागू पश्चात उच्च शैक्षिक उपलब्धि सहित गुणस्तरीय सार्वजनिक शिक्षाको सुनिश्चितता हुने अपेक्षा गरिएको छ ।

**ख) प्रमुख नतिजाहरू**

१. विद्यालय बालमैत्री, समावेशी, सुरक्षित हुनका साथै विद्यालय प्रशासन र व्यवस्थापन चुस्तदुरूस्त र जवाफदेहि हुने,

२. विद्यार्थीहरूको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुने,

३. सबै कक्षा र तहका सिकाइ उपलब्धि उच्च हुने,

४. गुणस्तरीय सिकाइ व्यवस्थापन र पू र्वाधार सहितका सार्वजनिक शिक्षा हुने

५. दैनिक जीवनमा प्रयोग हुने अतिरिक्त क्रियाकलापहरूमा विद्यार्थीहरू सक्रिय हुने

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

तालिका नं. २६: प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | भौतिक पूर्वाधार विकास (भवन) | ओटा | | ५ | ५ | | ५ | २० | आवश्यकता र बजेटको व्यवस्थाका आधारमा निर्धारण गरिने छ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | पानी, शौचालय, पुस्तकालय, कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला लगायतको निर्माण र स्तरोन्नति | ओटा | १५ | २० | २० | १० | ५ | ७० | आवश्यकता र प्राथमिकताका आधारमा सबै विद्यालयमा बनाउँदै लगिने |
| ३. | शैक्षिक सामग्री व्यवस्थापन र वितरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | आवश्यकता र प्राथमिकताका आधारमा सबै विद्यालयमा |
| ४. | अतिरिक्त कक्षा सञ्चालन र व्यवस्थापन | | | | | | | | विद्यालयको माग र आवश्यकताका आधारमा |
| ५. | अविभावक अभिमुखीकरण | पटक | २ | २ | २ | २ | २ | १० | प्रत्येक विद्यालयमा वर्षमा २ पटक |
| ६. | तहगत तथा कक्षागत उपलब्धिको मूल्याङ्कन सम्बन्धी छलफल | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रत्येक विद्यालयका प्र.अ.हरूका लागि |
| ७. | विद्यालयको वार्षिक कार्यक्रम सम्बन्धी छलफल | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८. | विद्यार्थीहरूका लागि अतिरिक्त कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | एक पटक आन्तरिक र एक पटक वाह्य प्रतियोगिता सञ्चालन गर्ने |
| ९. | शिक्षक, कर्मचारी पुर्नताजगी तालिम | पटक | २ | २ | २ | २ | २ | १० | माग, बजेट र अन्य निकायको समन्वयमा शिक्षक सङ्ख्या निर्धारण गरिने छ |

## ३.११ शिक्षामा सबै वर्गको पहुँच/समावेशी शिक्षा

### ३.११.१ परिचय

विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चितता सम्भव हुँदैन । त्यसैले पहुँच र सहभागिताको लागि समानता पुग्ने उद्येश्य हासिल गर्न असमानहरू बिच गरिने व्यवहार नै शैक्षिक समता हो । यो आफैँमा गन्तव्य नभई एउटा माध्यम मात्र हो । मानेभन्ज्याङ गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यसमा जनजाति, ब्राह्मण, क्षेत्री, दलित,अपाङ्गता भएका बालबालिकाहरूको बसोबास छ । विभिन्न शारीरिक क्षमता भएका कमजोर आर्थिक अवस्था भएका समाजमा पछि परेका र पारिएका दलित महिला अपाङ्गता भएका व्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ । सम्पतिमाथिको अधिकार पुरूषको तुलनामा महिलामा कम छ । सामाजिक सांस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैङ्गिक विभेद विद्यमान छ । बालबालिकाहरू विशेषतः अपाङ्गता भएका विपन्न परिवारका लागि शिक्षामा पहुँच कठिन रहेको छ । विविधतालाइ पहिचान दिनु सम्मान गर्नु मनोरञ्जन गर्न र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित हुन आवश्यक छ । बालबालिकामा भएका भिन्नताहरुले सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समानता कायम गर्न आवश्यक छ । समता अभिवृद्धि विविधतालाइ समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ ।

ठाउँ, क्षेत्र अनुसार विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच र अर्थपूर्ण सहभागितामा कायम गर्दै सिकाइ सुनिश्चितता गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु पर्दछ। यस्ता बाधाहरू ठाँउ पिच्छे भिन्न एवं फरक छन् । यस्ता चुनौतीहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि योजना निर्माण गरी त्यस अनुरूप कार्यक्रम सञ्चालन गर्नु आजको आवश्यकता हो ।

### ३.११.२ वर्तमान अवस्था

मानेभञ्ज्याङ गाउँपालिकामा ५१ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । यस गाउँपालिका भित्र विभिन्न जातजाति, धर्म, आर्थिक अवस्थाका विद्यार्थीहरू अध्ययन गर्दै आएका छन् । कतिपय विद्यालयहरूमा शारीरिक अपाङ्गता भएका बालबालिकाहरू समेत रहेका छन् । यस्तो अवस्थाका विद्यार्थीहरूको शिक्षामा पहुँच वृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रवृत्ति प्रदान गर्ने गरिएको छ। त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू, सडक बालबालिकाहरू असाध्य रोगहरूबाट पीडित बालबालिकाहरू, अभिभावक र सहाराबिहीन बालबालिकाहरूसमेत समुदायमा रहेका छन तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकिरहेको छैन । त्यस्ता प्रकारका बालबालिकाहरूसमेत विद्यालय शिक्षाको पहुँचबाहिर रहेको देखिन्छ।

विद्यालय भर्ना भएका बालबालिकाहरूलाई आवासीय र गैरआवासीयरूपमा तोकिएको नियमका आधारमा छात्रवृति पनि प्रदान गरिने गरिन्छ। खासगरी आधारभूत तहका कक्षा १–८ मा अध्ययन गर्ने सबै छात्राहरू र दलित बालबालिकाहरूलाई कुनै न कुनै रूपमा सहयोग गरिँदै आएको छ। त्यसैगरी विद्यार्थी मूल्याङ्कनका क्रममा समेत अपाङ्गता भएका बालबालिकाहरूलाई थप समयको व्यवस्थासमेत गरिने प्रावधान छ । बहिरा बालबालिकाहरू सुस्त मनस्थितिका बालबालिकाहरू दृष्टिबिहिन बालबालिकाहरूका छिमेकी पालिकाहरूमा सञ्चालनमा रहेका स्रोतकक्षामा पठाइ उनीहरूलाई शिक्षामा पहुचँको हक सुनिश्चित गर्ने कार्य गरिएको छ। मानेभञ्ज्याङ गाउँपालिकाले धेरै महत्वपूर्ण कामहरू गरेको भएतापनि आझैपनि शिक्षामा सबै वर्गको समान पहुँच भने पुग्न सकिरहेको छैन् ।

### ३.११.३ समस्या तथा चुनौतीहरू

मानेभञ्ज्याङ गाउँपालिकाको हालको अवस्थाको विश्लेषणको आधारमा कमजोर तथा समाजमा पछि

परेको वर्गको शिक्षाको पहुँचमा देखिएका समस्या तथा चुनौतीहरू निम्न रहेका छन् :

१. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण हुन नसक्नु,
२. विद्यालयमा विभेदरहित वातावरण सिर्जनामा चेतनाको विकास हुन नसक्नु,
३. समाजमा पछि परेको वर्ग दलित गरिब अपाङ्गता भएको व्यक्तिसमेतलाई प्रधान गरिने सहायता न्यून हुनु,
४. समाजमा अझै पनि विभेद कायम रहिरहनु र बालमैत्री व्यवहार नहुनु,

### ३.११.४ उद्देश्य

शिक्षामा सबै वर्गको पहुँच बढाउन मानेभन्ज्याङ गाउँपालिकाले निम्न उद्देश्यहरू तय गरेको छ :

१. सिकाइमा सबैको अर्थपूर्ण सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने
२ शिक्षामा समतामूलक पहुँच पुऱ्याउने,
३. समुदाय तथा विद्यालयमा हुने सबैप्रकारका विभेद दुर्व्यवहार र हेपाइ आदिलाई न्यूनीकरण गर्ने,
४. शैक्षिक सुशासन कायम गर्न विद्यालय तथा विभिन्न सङ्घसंस्था र कार्यालयहरूलाई जवाफदेही बनाउने ।

### ३.११.५ रणनीतिहरू

मानेभन्ज्याङ गाउँपालिकाले शिक्षा क्षेत्रमा सबै वर्गको समान पहुँच तथा सहभागिता बढाइ शैक्षिक स्तर उकास्नका लागि यस योजना मार्फत निम्न रणनीतिहरू अंगीकार गरेको छ :

१. घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको सबै प्रकारको विवरण सङ्कलन गरी अध्यावृद्धि गरी राखिनेछ ।
२. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतमैत्री भौतिक संरचनाहरूको निर्माण गर्न सहयोग गरिने छ ।
३. साधारण विद्यालयमा भर्ना भई अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरूको लागि स्रोतकक्षाको व्यवस्था गरिने छ ।
४. विद्यालयमा हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गरिने छ । र त्यसको कडाइका साथ लागू गरिने छ ।
५. समावेशी तथा समतामूलक पहुँचको सुनिश्चितका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध

गराइने छ ।

६. विद्यार्थीहरूलाई खासगरी किशोरीहरूलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामूलक कार्यक्रमका साथै अनुगमन तथा निरीक्षण, अनुसन्धान गरिने छ र विभेद गरेको पाइएमा त्यस्ता व्यक्तिलाई कानुनको दायरामा ल्याईनेछ ।

७. विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गरिने छ ।

८. समावेशी शिक्षा कार्यान्वयनमा सबै तहका सरकार र सरोकारवाला निकायहरूसँग सहकार्य र समन्वय गरिने छ ।

### ३.११.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

मानेभन्ज्याङ गाउँपालिकाले यस योजनाअनुसार समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रूपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समातामूलक पहुँचमा वृद्धि हुने अपेक्षा राखेको छ ।

**ख) नतिजा**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

अपाङ्गता, गरिब, विपन्न, अभिभावक विहिन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरूको आदिको अभिलेख गाउँपालिकामा हुने ।

विद्यालयहरूमा लैङगिक जातीय सामाजिक एंव सबै प्रकारका विभेदको अन्त भएको हुने ।

लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ति प्राप्त गरी अध्ययन गरेको हुने ।

विद्यार्थी सिकाइ स्तर वृद्धि हुने ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

तालिका नं. २७: प्रमुख क्रियाकलाप र लक्ष्य

| | | | भौतिक लक्ष्य | |
|---|---|---|---|---|

| क.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | १ | २ | ३ | ४ | ५ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | मानेभन्ज्याङ गाउँपालिका स्तरको सबै प्रकारका बालबालिकाको सर्वेक्षण | पटक | | १ | | | १ | २ | |
| २. | अपाङ्गमैत्री पानीधारा, शौचालय, पुस्तकालय, कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला लगायतको निर्माण र स्तरोन्नति | ओटा | | | | | | | आवश्यकता र प्राथमिकताका आधारमा सबै विद्यालयमा बनाउँदै लगिने र भवन बनाउँदाकै क्रममा समावेश गर्दै लैजाने |
| ३. | लक्षित वर्गमा छात्रवृत्तिको व्यवस्था | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | आवश्यकता र प्राथमिकताका आधारमा सबै विद्यालयमा |
| ४. | गुनासो सुन्ने वा जेन्डर फोकल शिक्षकको व्यवस्था | विद्यालय | | | | | | | प्रत्येक विद्यालयमा |
| ५. | विभेद अन्त्यका लागि सचेतना कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | प्रत्येक विद्यालयमा वर्षमा २ पटक |

## ३.१२ शिक्षामा सूचना प्रविधिको उपयोग

### ३.१२.१ परिचय

शिक्षा तथा सूचना र सञ्चार प्रविधिबिच गहिरो सम्बन्ध छ । सूचनाको सङ्कलन, सम्प्रेषण, एवम् सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, इन्टरनेट लगायतका प्रविधिको समष्टिगत रूपलाई नै सूचना तथा सञ्चार प्रविधि भन्ने गरिन्छ । आजको एक्काइसौं सताब्दीको समयलाई सूचना प्रविधिको युग भन्ने गरिन्छ । आजको समयमा वैज्ञानिक आविष्कार तथा आधुनिक प्रविधिको प्रयोगले अकल्पनीय परिवर्तन ल्याएको छ । पारम्परिक मूल्य मान्यतालाई सूचना प्रविधिमा आएको महत्वपूर्ण परिवर्तनले त्याग्दै विस्थापित गरिएको ठाउँमा नवीन मूल्य मान्यतालाई स्थापित गर्दै लगेको आजको समयको वास्तविकता हो ।

शिक्षामा प्रविधिको प्रयोग आजको शिक्षा प्रणाली भित्रको महत्वपूर्ण अवयवको रूपमा रहन गएको छ । कक्षा कोठामा प्रविधि प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको शुरूवात भएको पाइन्छ । शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन मूल्याङ्कनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । शैक्षिक प्रतिष्ठानहरूमा जुनसकै काम र क्रियाकलापलाई अघि बढाउने हो भने सूचना प्रविधिबिना अघि बढाउने प्रयत्न

गरिएमा त्यो अपूर्ण हुन्छ भन्ने मान्यतालाई सबै पक्षले स्वीकार्नुपर्छ । युगानुकूल सूचना र प्रंविधिको विकास तथा प्रयोगमा अगाडि बढेको मुलुकको शैक्षिक, आर्थिक सामाजिक, सांस्कृतिक, पर्यटकीय एवम् अन्य क्षेत्रमा भएको प्रगति उल्लेखनीय छ भने सूचना र प्रविधिमा कम पहुँच हुने मुलुकहरूको बिचमा ठूलो खाडल रहेको आभास हुन्छ । यही असमानतालाई मध्यनजर गर्दै नेपालले पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँचको अभावले सिर्जना गरेको खाडललाई कमगर्दै लैजाने प्रयासको थालनी गरेको छ । शैक्षिक संस्था तथा शिक्षकले प्रविधिको प्रयोगमार्फत आफ्ना पठनपाठनका कार्यहरू गर्नुपर्ने भएको छ । रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर, डिजिटल क्यामेरा, स्मार्टबोर्ड तथा इमेल इन्टरनेट जस्तो सूचना तथा सञ्चार प्रविधिका उपकरणहरू शिक्षण सामग्रीका रूपमा परम्परागत सामग्रीभन्दा बढी सान्दर्भिक, उपयुक्त, दक्ष र प्रभावकारी रूपमा प्रयोग गर्ने क्रम बढिरहेको छ ।

सूचना प्रविधिको विकासले भौतिक पूर्वाधारको अभावमा प्रयोगात्मक कक्षा हुन नसक्ने ठाँउ अन्यत्र भएका प्रयोगात्मक कक्षाको श्रव्यदृश्य सामग्रीको प्रयोग गरेर देखाउन सकिन्छ । सूचना प्रविधिको द्रुतरत विकास, बढ्दो प्रयोग, यसमा निहीत विषय वस्तुको उपयोग र घट्दो मूल्यका कारण शिक्षण

सिकाइ प्रक्रियामा यसको प्रयोग अर्थपूर्ण हुँदै आएको छ ।

विश्वको कुनै एउटा कुनामा बसेर अर्को  कुनाको हालखबर तथा ज्ञानका कुरा सहजै हासिल गर्न सकिने र आफना प्रतिक्रियाहरू पनि तुरून्तै प्रदान गर्न सकिन्छ । जसले विश्वलाई एउटा सानो गाँउ र प्रत्येक विद्यार्थी तथा शिक्षकलाई एकापसमा जोड्ने सेतुको कार्य गर्छ । यसका कारण शैक्षिक संस्थामा केही आर्थिक बोझ भने अवश्य पर्न सक्छ र शिक्षकले पनि आफूलाई प्राविधिक रूपमा पनि दक्ष बनाउनु पर्ने देखिन्छ । जब हाम्रा शैक्षिक संस्थाहरू प्रविधिमैत्री हुन्छन् तब विद्यार्थीले आवश्यकता अनुसार एकल अथवा समूहमा शैक्षिक क्रियाकलाप गर्नेछन् ।

नेपाल सरकारले आफ्ना बजेट तथा कार्यक्रमहरूमा सूचना प्रविधिमैत्री शिक्षा मार्फत सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्न ग्रामीण दूरसञ्चार कोषको आधार बनाउने कुरालाई अगाडि बढाइरहेको छ । सूचना तथा प्रविधिलाई मुलुकको पुनसंरचनाको लागि एक महत्वपूर्ण आधारको रूपमा स्वीकार गरी शिक्षा क्षेत्रमा संरचनागत तथा नीतिगत परिवर्तन समेत आवश्यक छ । यसैगरी शैक्षिक नीति निर्माताले शिक्षण सिकाइको गुणस्तरलाई वृद्धि गर्नका लागि सफलता पुर्वक सूचना प्रविधिको शैक्षिक सेवाहरू दुर्गम ठाउँसम्म कसरी हस्तान्तरण गर्न सकिन्छ भन्ने तर्फ योजना बनाउनुपर्छ ।

सूचना प्रविधिको प्रयोगले शिक्षक र विद्यार्थी दुवैका लागि शिक्षा सिकाइ क्रियाकलापमा हुने पहुँचलाई वृद्धि गर्न सकिन्छ । यसले सूचनाको ग्रहण क्षमताको स्तरमा पनि वृद्धि हुन्छ र सबै प्रकारका विद्यार्थीको

सहभागितामा हुने सिकाइलाई बढवा दिन सकिन्छ । अफलाइन तथा अनलाइन दुवै माध्यमबाट र दूरशिक्षाको माध्यमबाट शिक्षा प्रदान गर्ने र शिक्षा लिने प्रक्रिया र क्रियाकलापलाई सहजीकरण गर्न सकिन्छ । मल्टिमिडियाको प्रयोगले कक्षाकोठा बढी सजीव र प्रभावकारी हुन्छ । इन्टरनेट र इमेलले सूचनाको क्षेत्रमा क्रान्ति नै ल्याएको छ । सूचना प्रविधिको प्रयोग गर्ने क्रम नेपालमा पनि बढेर गएको छ ।

**३.१२.२ वर्तमान अवस्था**

नेपालको संविधानले राष्ट्रको सामाजिक आर्थिक रूपान्तरणका लागि आवश्यक जनशक्ति उत्पादन गर्नका लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रप्रति समर्पित जनशक्ति तयार गर्ने विषयलाई महत्वका साथ समावेश गरेको छ । शिक्षाको राष्ट्रिय नीति २०७६ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा

प्रणालीको अङ्गको रूपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ ।

सूचना प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धि गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीति उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालयमा सूचना तथा सञ्चार प्रविधि शिक्षा प्रदान गर्ने र नीति क्षेत्रको सूचना सञ्चार सम्बन्धी क्षमता विकास गर्ने कुरा उल्लेख गरेको छ। मानेभन्ज्याङ गाउँपालिका सूचना प्रविधिको अवस्था प्रारम्भिक चरणमा रहेको छ।

विश्वलाई नै आक्रान्त पारेको हालको कोभिड-१९ को विषम परिस्थिति पछि हाल सूचना प्रविधिको महत्व अझ बढेको छ। नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाईन, परियोजना पाठहरू, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारू राख्ने विधि र प्रक्रिया यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ ।

शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि मानेभन्ज्याङ गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमहरूमा प्रत्येक विद्यालयहरूलाई सूचना प्रविधि क्षेत्र प्रयोगका लागि वार्षिक रूपमा आधारभूत (६-८) र माध्यमिक विद्यालयहरूमा ICT कार्यक्रम सञ्चालनमा ल्याएको छ। विशेष गरी लेखा र कम्प्युटर शिक्षकहरूलाई ICT तालिमको व्यवस्था गर्ने गरेको छ। विद्यालयमा पुस्तकालय स्थापनसँगसँगै इ-लाईव्रेरीको व्यवस्था पनि गर्न सुरू गरिएको छ। यस मानेभन्ज्याङ गाउँपालिकाको शिक्षामा सूचना प्रविधिको अवस्था रहेपनि धेरै समस्या र चुनौती समेत रहेका छन्। वैकल्पिक शिक्षण सिकाइलाई केही विद्यालयहरूले प्रारम्भ गरे पनि विभिन्न कारणहरूले यसको प्रगतिमा समस्याहरू देखिएका छन् । इन्टरनेट सुविधाको अभाव, सबै विद्यार्थीसँग स्मार्ट मोबाइल नभएको, डाटाहरूको व्यवस्थापनमा कठिनाइ भएको, इन्टरनेटमा सबै विद्यार्थीहरूलार्य आवद्ध गर्न कठिनाइ भएको देखिन्छ । हाल पनि कही विद्यालयहरूमा कम्प्यूटर नरहेको अवस्था छ भने थोरै विद्यालयमा अहिले पनि इन्टरनेट सुविधा उपलब्ध हुन सकिरहेको छैन् ।

मानेभन्ज्याङ गाउँपालिकाभित्र शिक्षा तथा सूचना प्रविधिमा निम्न समस्याहरू तथा चुनौतीहरू देखिएका छन् :

१. दक्ष प्राविधिक जनशक्तिको अभाव हुनु,

२. सबै विद्यालयमा सूचना प्रविधिमैत्री कक्षाकोठाको व्यवस्थापन गर्न नसक्नु,

३. सूचना प्रविधिमैत्री पाठ्यक्रम र पाठ्यपुस्तक तथा अन्य डिजिटल सामग्रीको उत्पादन र प्रयोग नहुनु,

४. सूचना प्रविधिको प्रयोग गर्न शिक्षकहरूलाई तालिम प्रदान गरी सिप विकास गर्न नसक्नु,

५. सूचना प्रविधिको उपयोगको लागि शिक्षकहरूमा जागरूकता, लगनशीलता र आफुलाई अद्यावधिक बनाउन नसक्नु,

६. सूचना प्रविधिको क्षेत्रमा आवश्यकता अनुसार लगानी नहुनु,

७. भौगोलिक विकटताका कारण सबै ठाउँमा इन्टनेट सुविधा नहुनु,

८. निम्न आय भएका अभिभावकहरूले यसको प्रयोग गर्ने सामग्रीहरू खरीद गर्न नसक्नु,

९. सबैलाई प्रविधिको पहुँच पुऱ्याउन यो आफैंमा महंगो हुन जानु र स्थानीय सरकारले सबैलाई निःशुल्क इन्टरनेटको व्यवस्था गर्न कठिनाई हुनु ।

### ३.१२.३ उद्देश्य

माथि उल्लेखित समस्याहरूको निराकरण गर्दै सूचना प्रविधिमा मानेभन्ज्याङ गाउँपालिकाको शिक्षा क्षेत्र अगाडि बढाउन निम्न उद्देश्यहरू राखिएको छ :

१. विद्यार्थीहरूको सिकाइलाई प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय सूचना प्रविधिको प्रयोग सबै विद्यालयमा बिस्तार गर्ने,

२. सूचना तथा सञ्चार प्रविधिको पहुँच बिस्तार गरी शिक्षक तथा विद्यार्थीहरूलाई प्रविधिमैत्री बनाई शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने,

३. शिक्षा सेवालाई छिटो, सजिलो तथा सहज र रमाइलो बनाउने,

४. शैक्षिक व्यवस्थापन प्रभावकारी, उपलब्धिमूलक र कुशल तथा पारदर्शी बनाउने,

५. मानेभन्ज्याङ गाउँपालिका क्षेत्रभित्र निशुल्क इन्टरनेट सेवालाई बढवा दिने ।

### ३.१२.४ रणनीतिहरू

मानेभन्ज्याङ गाउँपालिकाले शैक्षिक सुधारका लागि सूचना प्रविधिको क्षेत्रमा निम्न रणनीतिहरू अपनाउने छ :

१. शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न तालिम तथा डिजिटल सामाग्री -एक शिक्षक एक ल्यापटप कार्यक्रम) व्यवस्थापन गरिने छ ।

२. सबै विद्यालयमा सूचना प्रविधिका आधारभूत संरचनाको व्यवस्थापन गरिने छ ।

३. विद्यार्थीहरूलाई आवश्यक पर्ने डिजिटल सामाग्रीहरू क्रमागत रूपमा उपलब्ध गराइने छ ।

४. कक्षाकोठाहरू प्रविधि तथा सूचना मैत्री बनाइने छ ।

५. अपाङ्गता भएका बालबालिकाहरूका लागि उपयोगी हुने गरी डिजिटल सामाग्री वितरण गरिने छ ।

६. IEMIS लाई थप व्यवस्थित गरिने छ ।

७. मानेभन्ज्याङ गाउँपालिका क्षेत्रभित्र निशुल्क इन्टरनेट उपलब्ध गराउने व्यवस्था मिलाउँदै लगिने छ ।

८. इन्टरनेट प्रदायक संस्थापकहरूसँग समन्वय सूचना तथा सञ्चार प्रविधिको पहुँच सहज बनाइने छ ।

### ३.१२.५ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

शिक्षक तथा विद्यार्थीहरूको लागि सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच सहित शिक्षण सिकाइमा अधिकतम् प्रयोग भएको हुनेछ ।

**ख) नतिजा**

१. सबै विद्यार्थीहरूमा आधारभूत सञ्चार प्रविधिको सुविधामा पहुँच हुने हुने,

२. सबै विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन भइ शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको हुने,

३. विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउने,

४. अनुगमन मूल्याङ्कन, सुपरीवेक्षण सूचना सम्प्रेषणमा सुधार आउनुका साथै जनशक्ति र समयको बचत हुने,

५. विद्यार्थीहरूको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुने,

६. शिक्षकहरूमा सूचना प्रविधिमैत्री शिक्षण क्षमता विकास भएको हुने,

७. विद्यालय तथा कक्षा कोठाहरू सूचना प्रविधिमैत्री हुने,

८. सिकाइ सहजीकरणको लागि एक शिक्षक एक कम्प्यूटरको व्यवस्था हुने,

९. स्थानीय समुदायले पनि प्रविधिको उपयोग गर्न सिक्ने,

१०. इन्टरनेट प्रदायक संस्थाहरूसँग समन्वय भई पुरै गाउँपालिका क्षेत्र नै प्रविधिमैत्री उन्मुख हुने ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

तालिका नं. २८: प्रमुख क्रियाकलाप र लक्ष्य

| क.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | विद्यालयमा आइसीटी संरचना र इन्टरनेट विस्तार | विद्यालय | | २५ | ३५ | १८ | | ७८ | |
| २. | शिक्षक कर्मचारी तालिम | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | ७५ | आवश्यकता अनुसार थप गर्न सकिने |
| ३. | डिजीटल शैक्षिक सामग्री निर्माण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | आवश्यकता र प्राथमिकताका आधारमा सबै विद्यालयमा |
| ४. | IEMES व्यवस्थापन | विद्यालय | | | | | | | प्रत्येक विद्यालयमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | इ लाईब्रेरीको विस्तार | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | आवश्यकता र प्राथमिकताका आधारमा सबै विद्यालयमा |
| ६. | निशुल्क इन्टरनेट विस्तार | विद्यालय | | २० | ३० | २५ | | ७५ | स्थानीय समुदायलाई समेत लक्षित गरी |
| ७. | शिक्षक कर्मचारीलाई ल्यापटपको व्यवस्था | सङ्ख्या | २० | ३० | ३० | ४० | ४० | १६० | बजेट, माग र आवश्यकताका आधारमा |
| ८. | निशुल्क इन्टरनेटको व्यवस्थापन | | न. पा. भरि | न. पा. भरि | न. पा. भरि | न. पा. भरि | न. पा. भरि | न. पा. भरि | इन्टरनेट प्रदायक संस्थाहरूसँग समन्वय गरी व्यवस्थापन गर्ने |

## ३.१३ छात्रवृत्ति कार्यक्रम

### ३.१३.१ परिचय

विद्यार्थीहरूलाई पठनपाठनमा सहज पार्न कुनै न कुनै रूपमा गरिने सहयोग नै छात्रवृत्ति हो । छात्रवृत्ति लगायत विद्यार्थीलाई प्रदान गरिने सहयोगले न्यून आय भएका परिवार, सुविधा विहिन तथा अप्ठ्यारो परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा निरन्तरता र सहभागिताका लागि सहयोग गर्दछ । छात्रवृत्ति कार्यक्रमले आर्थिक अभावले विद्यालय जान नसक्ने, विद्यालय गएर पनि बिचमा पढाइ छोड्ने जस्ता समस्याहरू घटाउन सहयोग पुग्छ । हाम्रो संविधानले नै माध्यमिक (कक्षा १०) तहसम्मको शिक्षा निशुल्क भनेको भए तापनि आर्थिक रूपले तल परेका समुदायका बालबालिकाहरूलाई अझैपनि मुल धारमा ल्याउन सकिरहेको छैन् । आर्थिक रूपले कमजोर विद्यार्थीहरूलाई विशेषगरी दुई तरिकाले सहयोग गर्न सकिन्छ । पहिलो, विद्यार्थीलाई विद्यालय आउन, निरन्तरता दिन र सिकाइमा सहयोग गर्नु रहेको छ भने दोस्रो परिवारका लागि अवसर मूल्य प्रदान गरी रोजगारीको स्थितिसिर्जना गर्न सहयोग गर्नु । यी दुई मध्ये पहिलो प्रकारको सहयोग बढी प्रभावकारी रहेको देखिन्छ । मानेभन्ज्याङ गाउँपालिकाले पनि विभिन्न स्तरमा छात्रवृत्ति सम्बन्धीका क्रियाकलापहरूसञ्चालन गरिरहेको छ । यति हुँदाहुँदै पनि जुन रूपमा लक्षित वर्गका बालबालिकालाई छात्रवृत्ति पुग्नुपर्ने थियो त्यो भने पुग्न सकिरहेको छैन् । यसका लागि मानेभन्ज्याङ गाउँपालिकाभित्र भएका समस्या चुनौतीहरू समेटी छात्रवृत्ति सम्बन्धी रणनीतिक योजना र लक्ष्य यस खण्डमा प्रस्तुत गरिएको छ ।

### ३.१३.२ वर्तमान अवस्था

नेपाल सरकारले विद्यालय तहका विद्यार्थीहरूको लागि विभिन्न प्रकारका छात्रवृत्ति प्रदान गरिरहेको छ। यी छात्रवृत्तिबाट केही विद्यार्थीहरूले लाभ पाएका भए पनि अधिकांशले पाउने रकम न्यून भएकाले त्यसको प्रभाव पर्याप्त रूपमा देखिएको छैन। कतिपय छात्रवृत्तिहरूको प्रयोजन स्पष्ट नहुँदा त्यसबाट अपेक्षित योगदान प्राप्त हुन कठिन छ। दिवा खाजा वा अन्य कार्यक्रमहरूमार्फत छात्रवृत्ति व्यवस्था भए पनि बजेट सीमित भएको कारण यसको प्रभाव उच्च रहेको देखिँदैन।

गाउँपालिकामा प्राथमिकदेखि माध्यमिक तहसम्मका विद्यालयहरूमा केही न केही छात्रवृत्ति व्यवस्था रहेको भए पनि यो व्यवस्था सबैका लागि पर्याप्त भने छैन। विशेष गरी जनजाति, दलित र न्यून आय भएका समुदायका विद्यार्थीहरूलाई लक्षित गरी बनाइएका छात्रवृत्तिहरूले पूर्ण सफलता हासिल गर्न सकेको छैन। यस क्षेत्रको वर्तमान अवस्थाको विश्लेषणले छात्रवृत्तिसम्बन्धी केही चुनौतीहरू देखाएको छ।

१. धेरै विद्यार्थीहरूले प्राप्त गर्ने छात्रा, दलित, लोपोन्मुख, सीमान्तकृत, जनजाति लगायतका छात्रवृत्तिको रकम ज्यादै न्यून हुनु ।
२. अधिकांश छात्रवृत्ति गरिबीकेन्द्रित नभई जातजाति र लिङ्गका आधारमा मात्र वितरण

गरिनु ।

३. लक्षित विद्यार्थी छनोट गरी छात्रवृत्ति वितरण गर्नका लागि स्थानीय तहमा स्वायत्तता नहुनु।

४. छात्रवृत्तिको प्रभावकारीताको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी नहुनु ।

**३.१३.३ उद्देश्य**

मानेभन्ज्याङ गाउँपालिकाको यस योजनाका छात्रवृत्ति सम्बन्धी निम्न उद्देश्यहरू रहेका छन् :

१. मानेभन्ज्याङ गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने आर्थिक रूपले विपन्न, सुविधाविहिन, अपाङ्गता भएका, अप्ठ्यारो अवस्थामा रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा सहज पहुँच बनाइ समग्र मानेभन्ज्याङ गाउँपालिकाको शैक्षिक उपलब्धि बढाउने ।

२. विद्यालय शिक्षामा समता वृद्धि गरी समावेशी र दूरदर्शी बनाउने ।

३. छात्रवृत्ति प्रणालीलाई व्यवस्थित बनाउने ।

**३.१३.४ रणनीतिहरू**

मानेभन्ज्याङ गाउँपालिकाले छात्रवृत्तिको हालको अवस्थालाई सुदृढ गरी गुणस्तरीय शिक्षामा लगानी गर्नका लागि निम्न रणनीतिहरू अपनाउने छ :

१. छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित बनाउन मानेभन्ज्याङ गाउँपालिका स्तरीय कार्यविधिको निर्माण गरी सङ्घीय सरकार, प्रदेश सरकार, अन्य सङ्घसंस्थासँग समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाईने छ ।

२. छात्रवृत्तिलाई उद्देश्यमलक बनाईने छ । जस्तैः दिवा खाजा उपलब्ध नभएकाहरूलाई दिवा खाजाको व्यवस्था, दिवा खाजा भएकालाई त्यो भने अन्य स्टेसनरी, पोसाक लगायतको व्यवस्था गरिने छ ।

३. छात्रवृत्तिको रकम पुनरावलोकन गरी उद्देश्य अनुरूप पर्याप्त हुने व्यवस्था मिलाउन स्रोतहरूको खोजी गरिने छ ।

४. सबै तहका विद्यार्थीहरूका लागि सबै विद्यालयहरूमा छात्रवृत्तिको व्यवस्था मिलाउँदै लगिनेछ ।

**३.१३.५ उपलब्धि, मुख्य नतिजाहरू, मुख्य कियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

मानेभन्ज्याङ गाउँपालिकामा यो योजना लागु भएपश्चात विद्यालय तहको शिक्षामा सबै वर्गको पहुँच र सहभागिता सुनिश्चित हुने छ ।

**ख) प्रमुख नतिजाहरू**

१. मानेभन्ज्याङ गाउँपालिका स्तरीय छात्रवृत्ति सम्बन्धी कार्यविधि बनी उद्देश्य र आवश्यकताका आधारमा छात्रवृत्ति वितरण हुनेछ।

२. मानेभन्ज्याङ गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने आर्थिक रूपले विपन्न, सुविधाविहिन, अपाङ्गता भएका, अप्ठ्यारो अवस्थामा रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा सहज पहुँचको अवस्था बन्नेछ।

३. विद्यालयमा भर्नादर र विद्यालयमा टिकिरहने दरमा वृद्धि भई समग्र शैक्षिक स्तरमा वृद्धि हुने छ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

तालिका नं. २९: प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | छात्रवृत्ति वितरण सम्बन्धी निर्देशिका विकास | ओटा | | १ | | | | १ | |
| २. | निर्देशिकाका आधारमा छात्रवृत्ति व्यवस्थपान समितिको गठन | ओटा | | १ | | १ | | २ | प्रत्येक ३ वर्षमा समिति गठन गर्ने |
| ३. | छात्रवृत्ति व्यवस्थपान समितिको बैठक, स्रोतको खोजी | पटक | | २ | २ | २ | २ | ८ | बर्षमा दुई पटक |
| ४. | प्रभावकारीता सम्बन्धी अनुगमन मूल्याङ्कन | पटक | | २ | २ | २ | २ | ८ | बर्षमा दुई पटक |

### ३.१४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

#### ३.१४.१ परिचय

स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणका अवस्थाको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । सरसफाई तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी सरसफाइ तथा स्वच्छता सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक रहेको छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कायक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र कक्षामा अनुपस्थित हुन तथा बिचमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गन सहयोग गर्दछ ।

नेपालमा सन् १९७४ दखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वर्ष २०७७/२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाइ प्रति विद्यार्थीरू. १५ बराबरको खाजा खुवाउन थालिएको छ। सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडि बढाइएको अवस्था छ ।

#### ३.१४.२ वर्तमान अवस्था

मानेभन्ज्याङ गाउँपालिकाका सवै माध्यमिक र केहि आधारभूत विद्यालयहरूमा छात्र र छात्राका लागि अलग अलग शौचालय निर्माण गरिएको र निर्माण गर्ने प्रक्रियामा रहको छन् । कक्षा ६ दखि १२ सम्म अध्यनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि केही विद्यालयमा सुरू गरिएको निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई यस वर्षदेखि प्रभावकारी बनाउँदै लगिएको छ । सबै विद्यालयका लागि प्राथमिक उपचार सामग्रीका बाकस, बालिकाहरूका लागि आइरन चक्की प्रदान गरिए पनि सबै विद्यालयलाई उपलब्ध भएको छैन् । गाउँपालिकाका केही माध्यमिक विद्यालयमा नर्स कार्यक्रम सञ्चालन गरिएको र यसलाइ प्रभावकारी बनाउँदै थप गर्दै लैजाने प्रयास गरिएको छ । हाल सबै जसो विद्यालयमा दिवा खाजाको व्यवस्था गरिएको छ । जस्मा केन्द्रबाट प्राप्त रु १५ मा पालिका बाट रु ५ थप गरि रु २० बनाईएको छ । जसबाट आर्थिक अवस्था कमजोर भएका घरका विद्यार्थीहरू धेरै लाभान्वित भएका छन् यस दिवा खाजा कार्यक्रमलाई खागामी दिनमा अझ प्रभावकारी बनाउँदै लगिने छ ।

#### ३.१४.३ चुनौती र अवसरहरू

सबै आधारभूत तथा माध्यमिक विद्यालयमा अनमि र स्टाफ नर्सको व्यवस्था गर्न, दिवा खाजा, स्वास्थ्य र सरसफाई तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध सुनिश्चित गर्न, उपयुक्त स्वरूप निर्धारण गरी पोषिलो तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने।, दिवा खाजाका लागि खानेकुराको जोहो तथा स्वास्थ्यका आधारभूत गुणस्तरका लागि विद्यालयका प्राविधिक क्षमता विकास गर्न, विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कषि तथा व्यापारसँग जोड्न, विद्यालय खाजालाइ सबै कक्षाका विद्यार्थीले प्राप्त गर्ने गरी कानूनी प्रबन्ध गर्न, विद्यालय खाजा, विद्यालय स्वास्थ्य, पोषण, सफाइ तथा स्वच्छतासम्बन्धी कार्यलाई एकीकृत गर्न तथा सवै विद्यालयमा Wash सुविधासहितको शुलभ शौचालय निर्माण एवं सञ्चालन गर्ने विषय अझ पनि यस गाउँपालिकाका लागि चुनौतीपूर्ण नै रहेको छ ।

नेपालको सोह्रौं याजनाले दिवा खाजा कार्यक्रमलाई रणनीतिक दस्तावेजमा राखी बालबालिकाहरूको स्वास्थ्य तथापोषण स्थितिमा सुधार ल्याइ उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजासहितको स्वास्थ्य र पोषण कार्यक्रमलाई अन्तरसम्बन्धित अवधारणाको रूपमा अघि सारेको छ। सोहि योजनाले एक विद्यालय एक स्वास्थ्य कार्यकर्ताको व्यवस्था गर्न, विद्यालयहरूमा खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि, २०७४ ले उल्लेख गरे अनुसारसबै विद्यालयहरूमा हुनु पर्ने खानेपानी,सरसफाइ तथा स्वच्छता सुविधाहरूमा स्वच्छ पिउने पानी सहित पर्याप्त पानी, विद्यार्थी सङ्ख्याअनुसार अलगअलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरणमैत्री शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थ सहितका भान्सा/खाजा घर, विपद जोखिम व्यवस्थापन, सरसफाई तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्थाहरू गरिदैं गएका छन् ।

### ३.१४.४ लक्ष्य

विद्यालय उमेर समुहका सवै वालबालिकाहरूलाई स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, सिकाइमा सुधार, विद्यालयमा टिकाउ सहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणको पूर्ण पहुँच तथा सहभागिता सुनिश्चित गर्ने ।

### ३.१४.५ उद्देश्य

१) विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छताको सेवामा सुधार गर्ने ।

२) विद्यालय खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्ने ।

३) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी व्यवहारलाई प्रोत्साहन गर्ने र सिकाइ उपलब्धिमा सुधार गर्ने ।

### ३.१४.६ रणनीतिहरू

१) दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिने छ। विद्यार्थीले दिवा खाजा पाउने कुरालाई अधिकारको रूपमा स्थापित गराउन कानूनी प्रबन्ध गरिने छ।

२) बालबालिकाका लागि विद्यालयमा नै पौषिलो र ताजा खाजा तयार गर्नका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाडावर्तन र अन्य सामग्रीहरू तथा समूहमा हात धुने लगायतका सुविधा विस्तार गर्दै लगिने छ।

३) विद्यालयमा विद्यार्थी सङ्ख्याका अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाई सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रूम, प्रयोग भइसकका सामग्री व्यवस्थापन, हात धुन ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाईको प्रबन्ध र घेराबाराको व्यवस्था गरिने छ।

४) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच,

जुकाको औषधि  तथा शुक्ष्मपोषक तत्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) को वितरण र किशोरिहरूको महिनावारी स्वच्छताका लागि स्यानीटरी प्याड वितरणलाइ स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइने छ ।

५) विद्यालयमा स्वास्थ्य, खाद्य  सुरक्षा, सफाई तथा स्वच्छता, किशोरिहरूका लागि महिनावारी स्वच्छता र पोषणसृम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना  निमाण गरी कार्यन्वयन गरिने छ ।

६) दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाई र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने छ ।

### **३.१४.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

१) विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनो सामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा  सुधारसहित सुरक्षित तथा स्वस्थ सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने ।

ख) प्रमुख नतिजाहरू

१) विद्यालय खाजालाइ विद्यार्थीको अधिकारका रूपमा स्थापित गर्न कानुनी प्रबन्ध हुने ।

२) दिवा खाजा लगायत स्वास्थ्य तथा पोषण तीन तह  र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियामक ढाँचा र कार्यन्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुने ।

३) प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा  ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले  स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुने ।

४) सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयकासबै कक्षाका विद्याथीहरूलाई अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुने ।

५) विद्यालयमा विद्यार्थी सङ्ख्याका अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाई सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रूम, प्रयोग भइसकका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था हुने  ।

६) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूका स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्व प्रदायक ट्यावेलटहरू किशोरीहरूको मासिक महिनावारीमा स्यानीटरी प्याड वितरण हुने ।

७) विद्यालयमा विद्यार्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुने ।

### ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

तालिका नं. ३०: प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय पोषण र दिवा खाजा सम्बन्धी स्थानीय कार्यविधि निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालयहरूमा |
| २. | विद्यालयहरूमा स्यानीटरी प्याड लगायत सफाईका सामग्रीहरूको व्यवस्थापन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबैका लागि सफाईका सामग्री, कक्षा ७ र ८ तथा माध्यमिक विद्यालयहरूमा स्यानीटरी प्याड समेत |
| ३. | वित्तीय स्रोतको खोजी र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | प्रत्येक वर्ष सङ्घीय र प्रदेश सरकारसँग समन्वय सँगै अन्य स्रोतको खोजी |
| ४. | अविभावक भेला तथा शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | आवश्यकताका आधारमा |
| ५. | कक्षा ६ देखि माथिका छात्राहरूलाई महिनावारी स्वस्थ्य लगायत व्यक्तिगत स्वस्थ्य सम्बन्धी शिक्षा | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रत्येक विद्यालयमा शिक्षक मार्फत सञ्चालन गरिने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | विद्यालय नर्स कार्यक्रम | विद्यालय | २ | ३ | ५ | १० | २० | ४० | |
| ७. | अनुगमन र मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | आवश्यकताका आधारमा |

## ३.१५ आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा

### ३.१५.१परिचय

विश्वमा बेलाबेलामा देखापर्ने विभिन्न रोगजन्य महामारी, प्राकृतिक विपत्ति , द्वन्द्व, युद्ध जस्ता सङ्कटको समयमा सबै ठाउँमा विद्यार्थीहरू विद्यालयमा नै जम्मा भएर पठनपाठन गर्न सक्ने अवस्था नरहन पनि सक्छ। यस्तो अवस्थामा समेत बालबालिकाहरू शिक्षाबाट बञ्चित नहुन भन्ने उद्देश्यका साथ र उनीहरूको सिक्न पाउने अधिकारलाई संरक्षण दिँदै सिकाइलाई निरन्तरता दिनको लागि वैकल्पिक उपाय सहित तयार पारिएको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा भन्ने गरिन्छ । यसको मूल उद्देश्य भनेको सङ्कटकालीन तथा विपद्को अवस्थामा पनि बालबालिकाहरूलाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुनेगरी शैक्षिक कार्यक्रमको तयारी र सञ्चालन गर्नु रहेको छ। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन आदि जस्ता कार्यढाँचा समेटिएको हुन्छ।

नेपालमा पनि प्रकोप व्यवस्थापन तथा सङ्कटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाहरूको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दिर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समेत समावेश गरिँदै आएको छ । विषेशत देशमा लामो समयसम्म चलेको आन्तरिक द्वन्द्व, २०७२ सालको भूकम्प, कोभिड १९, लगायत स्थानीय क्षेत्रमा घट्ने प्राकृतिक प्रकोपहरूका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा बाधा नपुगोस भन्ने हेतुले शिक्षा क्षेत्रको योजना (सन् २०२१–२०३०)मा समेत यस कुरालाई समावेश गरिएको छ । यसै महत्वलाई मध्यनजर गर्दै मानेभन्ज्याङ गाउँपालिकाले पनि आपतकालीन तथा सङ्कटकालिन अवस्थामा शिक्षा योजना तयार गर्नुपर्दछ भन्ने मान्यताका साथ यस खण्डमा वर्तमान अवस्थालाई समेत विश्लेषण गरी क्रियाकलाप र उपलब्धिहरू समावेश गरिएको छ।

### ३.१५.२ वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितता गरी विभेद, दुराचार जस्ता कुरालाई निषेध गरेको छ। बृहत विद्यालय न्यूनतम सुरक्षा प्याकेजले सुरक्षित विद्यालय मापदण्ड अनुसार शिक्षा क्षेत्रमा विपत्तिको समयमा केन्द्रित रही सिकाइ पूर्वाधार, विपद् जोखिम व्यस्थापन, विपद जोखिमको न्यूनीकरण र उत्थानशीलताका मापदण्डहरू उपयोग गरी शिक्षामा कार्यान्वयनको परिकल्पना गरेको छ। यसका अलवा राष्ट्रिय शिक्षा नीति २०७६ लगायत विभिन्न गुरूयोजना, नीतिहरूले समेत आपत तथा विपद्को समयमा समेत विद्यालय शिक्षालाई कायम राखिराख्नुपर्ने कुरालाई जोड दिएका छन्।

नेपालमा २०७२ सालमा आएको भूकम्प, हालको कोभिड तथा स्थानीय स्तरमा हुने बाढी, पहिरो, जस्ता विपद्ले विद्यालयमा धेरै दिनसम्म असर पारेका प्रसस्त उदाहरण रहेका छन् । ताप्लेजुङ जिल्लासमेत यो समस्याबाट अछुतो रहन सकेको छैन्। विकट भौगोलिक अवस्था भएको मानेभन्ज्याङ गाउँपालिकाका विद्यालयहरू पनि विषेशत पहिरो, बाढीको समयमा प्रभावित हुने गरेका छन्। हालको कोभिड-१९ को विषम परिस्थितिले त झन आपतकालीन शिक्षाको योजना स्थानीय तहबाट नै गरी

आवश्यकताका आधारमा लागू गर्न तयार रहनुपर्दछ भन्ने पाठ सबैलाई सिकाएको अवस्था छ। नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७७।०२।१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाईन, परियोजना पाठहरू, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारू राख्ने विधि र प्रक्रियालाई आत्मसात गर्दै यस निर्देशिकाले सूचना प्रविधिलाई पनि विशेष जोड दिएको छ।

प्राकृतिक प्रकोप, महामारी तथा अन्य कारणले उत्पन्न हुने आपतकालीनसङ्कटको बारेमा केही पूर्वानुमान गर्न सकिएतापनि यसको ठ्याक्कै प्रभाव, असरको बारेमा भविष्यवाणी गर्न भने सकिँदैन्। तरपनि विगतका अभ्यासहरूका आधारमा आपतकालीन अवस्थाको शिक्षा योजना भने अत्यावश्यक पर्दछ। तर आपतकालीन अवस्थाको शिक्षा योजना बनाउँदा के कस्ता कुराहरूलाई समावेश गर्ने भन्ने कुरा प्रमुख मुद्दा हो। यसका साथै स्थानीय तहले आपतकालीन अवस्थाको शिक्षा योजना निर्माण गर्दा केन्द्रीय योजनासँग कसरी तारतम्य मिलाउने ? योजना अल्पकालीन बनाउने की दीर्घकालीन बनाउने भन्ने जस्ता चुनौतीहरू भने रहिनै रहेका छन् । यस्ता चुनौतीहरूलाई विचार गर्दै मानेभन्ज्याङ गाउँपालिकाले आपतकालीन शिक्षा योजना बनाउँदा अवस्थाको आँकलन, स्रोत साधनको व्यवस्थापन र जिम्मेवारीका कुराहरूलाई महत्वकासाथ सम्बोधन गर्नुपर्दछ।

### ३.१५.३ उद्देश्य

देश तथा स्थानीय क्षेत्रमा विभिन्न अवस्थामा आईपर्ने सक्ने आपतकालीन तथा सङ्कटकालिन अवस्थामा समेत बालबालिकाको पढ्न पाउने अधिकारलाई सुनिश्चित गर्ने यो योजनाको मुख्य उद्देश्य रहेको छ । यसका साथै सङ्कटको समयमा प्रतिकार्यको संयन्त्र विकास गरी अल्पकालीन तथा दिर्घकालिन पुर्नस्थापनाका योजनामा समेत सहयोग गर्ने रहेको छ।

### ३.१५.४रणनीतिहरू

मानेभन्ज्याङ गाउँपालिकाले शैक्षिक सुधारका लागि आपतकालीन तथा सङ्कटको समयमा शिक्षा क्षेत्रमा निम्न रणनीतिहरू अपनाउने छ :

१. प्रकोप, विपद्, महामारीको पूर्व अनुमान अनुसार सङ्घीय सरकारले बनाएका कार्यविधिहरूको लागू गर्ने संयन्त्रको विकास गरिने छ।

२. स्थानीय सरेकारवाला तथा विज्ञहरूसँग अन्तरक्रिया छलफल गरी स्थानीय स्तरमा सुहाउँदो तहगत रूपमा बैकल्पिक सिकाइ पाठ योजना तयार पारिनेछ।

३. स्थानीय रेडियो, टिभी, लगायतका संस्थाहरूसँग समन्वय गरिने छ।

४. विपद् प्रतिरोधी पूर्वाधारहरूको निर्माणमा जोड दिइने छ।

५. स्थानीय विज्ञहरू समेत समेटी मानेभन्ज्याङ गाउँपालिका स्तरीय एउटा विपद् व्यवस्थापन समिति बनाईने छ । जस्मा विद्यालय शिक्षा हेर्ने उपसमिति समेत बनाइ कार्य सम्पादन गरिने छ ।

### ३.१५.५ उपलब्धि नतिजा तथा क्रियाकलाप

**क) उपलब्धि**

यो योजनाको कार्यन्वयन भएपश्चात् आपतकालीन तथा सङ्कटको समयमा समेत मानेभन्ज्याङ गाउँपालिका भित्रका विद्यालयहरूमा पठनपाठन गर्ने विद्यार्थीहरूले बैकल्पिक माध्यमबाट भएपनि सिकाइलाई निरन्तरता दिँदै प्रतिकार्य क्षमता समेत बढाउँदै लैजानेछन् भन्ने अपेक्षा गरिएको छ ।

**ख) नतिजा**

१. विद्यालय तथा स्थानीय शिक्षा प्रणालीमा आपतकालीन तथा सङ्कटको समयका लागि व्यावहारिकयोजना निर्माण भई आवश्यकताका आधारमा लागु हुने ।

२. प्रकोप महामारीमा समेत सिकाइ निरन्तर हुने ।

३. सङ्घीय तथा प्रादेशिक योजनाहरूसँग समेत तालमेल हुने ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

तालिका नं. ३१: प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क.सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | आतपकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा सम्बन्धी स्थानीय सरकारको कार्यविधि विकास | ओटा | | १ | | | | १ | |
| २. | निर्देशिकाका आधारमा विज्ञ व्यवस्थपान समितिको गठन | ओटा | | १ | | १ | | २ | प्रत्येक ३ वर्षमा समिति गठन गर्ने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | स्रोत शिक्षक तथा प्र.अ. लाई तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| | | | | | | | | | |
| ४. | सङ्घीय सरकार लगायत अन्य निकायहरूसँग समन्वय | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५. | बैकल्पिक सिकाइका लागि इन्टनेट प्रदायक संस्था, रेडियो, टिभी आदिसँग समन्वय र सहकार्य | सङ्ख्या | | | | | | | उपलब्ध सबै संस्थाहरूसँग निरन्तर समन्वय गर्ने |

## परिच्छेद ४ : संस्थागत संरचना, क्षमता विकास र सङ्घ तथा प्रदेशसँगको समन्वय

### ४.१परिचय

विद्यालय शिक्षा अन्तर्गत प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक शिक्षासम्मलाई जनाउँछ ।यस अन्तर्गत कक्षा ०–१२ भन्ने बुझिन्छ ।माध्यमिक तहसम्मको शिक्षाको अधिकार संविधानप्रदत्त स्थानीय सरकारको हो । हाम्रो देश नेपालको हालको संरचना अनुसार तीन तहको सरकार रहेको छ । यी तीन वटै तहका सरकारका आ–आफ्नै जिम्मेवारी र अधिकार रहेका छन् । बदलिँदो परिवेश अनुसार शासकीय संरचना प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभाकारी भई सुशासन कायम हुन सक्छ । त्यसकारण देशको सङ्घीय संरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएका सङ्ख्यात्मक विस्तार ज्ञान विज्ञान-प्रविधि र सञ्चारमा भएको विकास सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक रहेको छ । देशको वर्तमान शासकीय स्वरूप अनुसार सरकारका तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । यस मानेभन्ज्याङ गाउँपालिकाको शैक्षिक योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशीताको परिवर्तन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक गर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । योजनाको यस खण्डमा तीनै तहका सरकारहरूबिच समन्वय गर्दै सुशासन प्रवर्धन गरी शिक्षा

विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यामान पद्धतिको समीक्षासमेत गरिएको छ ।

नेपालमा विद्यालय शिक्षामासबैको समतामुलक र समावेशी पहिचानका लागि नीतिगत व्यवस्थाकासाथै विभिन्न कार्यक्रमहरू पनि सञ्चालित छन् । दिवा खाजा, पाठ्यपुस्तकसहित निःशुल्क शिक्षा र अपाङ्गता भएकाबालबालिकाहरू, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी आवासीयतथागैरआवासीयछात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन् ।

विद्यालय तहमा महिलालगायत शिक्षक नियुक्तिका समावेशी व्यवस्था, विद्यालय नर्सको प्रारम्भ, पाठ्यक्रममा लैङ्गिकलगायत साँस्कृतिक, धार्मिक, जातजातीय सम्वेदनशीलतालाई विचार गरी विविधताका सम्मान गर्ने प्रयास गरिएको छ र योजनालाई संस्थागत संरचनाका आधारमा कार्यमुखी बनाउन दिशानिर्देश गरिएको छ ।

### ४.२. वर्तमान अवस्था

नेपालको शिक्षा सम्बन्धी समष्टिगत नीति निर्धारण शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण सङ्घीय योजनाको विकास अनुगमन तथा मूल्याङ्कन गर्नका लागि देशको सङ्घीय संरचना अनुसार वर्तमान अवस्थामा सङ्घ वा केन्द्रमा शिक्षा सम्बन्धी कार्य सञ्चालन गर्ने निकाय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । यस मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग, चिकित्सा सेवा आयोग लगायतका संस्थाहरू क्रियाशील छन् । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि सङ्घीय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जनका कार्यहरू भइरहेका छन् तरपनि यी ऐन, नियमावली, कार्यविधि लगायतका दस्तावेजहरूको हुवहु कार्यान्वयनमा भने जटिलता सिर्जना भएको छ । विशेष गरी सङ्घीय शिक्षा ऐन र कतिपय क्षेत्रमा भएका प्रादेशिक ऐनहरूको पूर्ण रूपमा कार्यन्वयन हुन नसकिरहेको अवस्था देखिन्छ । हाम्रो सङ्घीय प्रणालीको अभ्यास नयाँ भएकोले समेत कतिपय विषयहरूमा कहिलेकाहीँ सङ्घ, प्रदेश र स्थानीय सरकारबिच मतभेत रहेको पाईन्छ ।

नेपालमा तत्कालीन शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत रहेका २९ शैक्षिक तालिम केन्द्रहरू हाल प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् । त्यसैगरी साविकका क्षेत्रीय शिक्षा निर्देशानालयहरू प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालयमा परिवर्तन भएका छन् । साविकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय एकाइमा रूपान्तरण भएका छन् । लोक सेवा आयोगले स्थानीय तहका लागि कम्तीमा एउटा स्थानीय तहमा एक जना शिक्षा सेवा कर्मचारी पुऱ्याउने लक्ष्यका आधारमा करिब ७०० जना शिक्षा सेवाका कर्मचारीहरूको सिफारिस गरेको छ । तत्कालीन निजामती सेवा ऐनमा भएको व्यवस्था अनुसार २४ (घ) १ को बढुवाले सिर्जना गरेको अव्यावहारिकपदस्थापन अझै व्यवस्थित हुनसकेको

छैन । देशमा शासकीय स्परूप सङ्घीय रहे तापनि कतिपय कानुनको अभाव र सङ्घ र प्रदेशको स्पष्ट कार्य विभाजन हुन सकिरहेको छैन् । यसका लागि स्पष्ट कानुनी स्वरूप र दिगो कार्यान्वयनको आवश्यकता रहेको देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि स्थानीय सरकारका कामलाई सहज बनाउन त्यस ऐन बमोजिम तोकिएका तेइस वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । एकातिर समन्वयका लागि कार्य भएको जिल्लाको समन्वय इकाइ क्रियाशील र प्रभावकारी नभएको अवस्था छ त्यसैगरी प्रदेश शिक्षा निर्देशनालयको भूमिका पनि प्रभावकारी नरहेको अवस्था देखिएको छ । जिल्ला समन्वय इकाइ र प्रदेश निर्देशनालयका आफ्ना ठूला संरचना र पूर्वाधार छन् तर तिनीहरूको उचित उपयोग नहुँदा खेर जाने अवस्था छ । साविकको परीक्षा नियन्त्रण कार्यालय र उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर सङ्घमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ । कक्षा १० को परीक्षा सञ्चालन र व्यवस्थापनका लागि प्रदेश तहमा कस्तो संरचना रहने र कक्षा १२ को परीक्षा राष्ट्रिय तहमा सञ्चालनका लागि कस्तो संस्थागत प्रबन्ध हुनुपर्ने भन्ने विषय पनि स्पष्ट हुन सकेको छैन । माध्यमिक तहसम्मको शिक्षा सम्बन्धीका क्रियाकलाप सञ्चालनका सम्बन्धमा स्थानीय तहलाई नै अधिकार दिइएको भनिएतापनि कक्षा १० तथा कक्षा ११ र १२ को परीक्षा सञ्चालन, नजिजा प्रकाशन, शिक्षक सरूवा लगायतका विषयमा हालसम्म पनि बेलाबेलामा स्थानीय सरकार र सङ्घीय सरकारको मतभेद हुने गरेको पाईन्छ ।

विद्यालयमा सञ्चालन भइरहेको प्राविधिक धार लगायत हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा सञ्चालन भएका विद्यालय लगायत निजी प्रदायक संस्थाबाट सञ्चालन भइरहेका कार्यक्रमहरूलाई व्यवस्थित बनाउन सङ्घ, प्रदेश र स्थानीय तहमा कस्तो संरचना उपयुक्त हुन्छ भन्ने विषय पनि टुंगो लागेको अवस्था छैन । शिक्षकहरूलाई स्थायी पदमा सिफारिस गर्न र शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न शिक्षक सेवा आयोगका काम कारवाहीहरू सञ्चालन र व्यवस्थापनका लागि प्रदेश स्तरमा कस्तो संरचना हुने भन्ने विषय पनि स्पष्ट रूपमा टुङ्गो लाग्न र कार्यन्वयनमा आउन बाँकी नै रहेको अवस्था छ । विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा समाप्त भई विद्यालयहरूमा शिक्षक सहयोग पद्धति नै टुटेको अवस्था छ । सरकारका विभिन्न तहबिच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नु पर्ने आवश्यकता महसुस गरिएको छ । नतिजाप्रतिको जवाफदेहितामा सुधार गर्नुपर्ने छ । समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लक्ष्य र गतिमा तर आफ्नो भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नु पर्ने देखिन्छ । यसै परिवेशमा स्थानीय तहबाट शैक्षिक सेवा प्रवाह गर्न र शैक्षिक सुशासन कायम राख्न संस्थागत संरचना र क्षमता विकासका लागि सङ्घ र प्रदेशसँगको सम्बन्ध तथा समन्वय र क्रियाकलापहरूका बारेमा स्पष्ट रूपरेखा तयार पारी अगाडि बढ्नु पर्दछ । जसका लागि योजनाको खण्डले मानेभन्ज्याङ गाउँपालिकाले

गर्ने र गर्नुपर्ने समन्वयात्मक क्रियाकलापकाबारेमा रूपरेखा तयार पारिएको छ ।

## ४.३ उद्देश्य

यस मानेभन्ज्याङ गाउँपालिकाको शैक्षिक योजनामा शैक्षिक सुशासनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी समग्र उद्देश्य सङ्घीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु रहेको छ। यस योजनामा सुशासन र प्रवर्द्धनका तथा तीनै तहका सरकारको समन्वयका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

१. मानेभन्ज्याङ गाउँपालिकाको शैक्षिक सुधार गर्न विभिन्न अनुसन्धानको नतिजा र विद्यार्थी उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र सङ्घीयमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्ने,
२. कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रतिको जवाफदेहिता र समता तथा समावेशीतालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्ने,
३. विद्यालयका कर्मचारी, शिक्षक तथा प्रधानाध्यापक प्रस्तावित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने,
४. सङ्घीय सरकार र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग समन्वय गर्दै नतिजामुखी कार्यक्रमहरूसञ्चालन गर्ने,
५. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय सह अस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि सङ्घ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्ने ।

## ४.४. रणनीतिहरू

मानेभन्ज्याङ गाउँपालिकाको शैक्षिक सुधार गर्नका लागि मानेभन्ज्याङ गाउँपालिकाले दिर्घकालिन रूपमा योजनाबद्ध भई स्थानीय तह, प्रदेश र सङ्घीय सरकारबिच समन्वय र सहकार्यका लागि निम्न रणनीतिहरू अपनाउने छः

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएका अधिकारलाई पूर्ण रूपमा लागू गर्दै लगिने छ ।
२. सङ्घीय सरकारद्धारा बनेको सङ्घीय शिक्षा ऐन, २०७६ र राष्ट्रिय शिक्षा नीति, २०७६ लाई आत्मसात गरिने छ ।
३. स्थानीय तहको शिक्षा ऐन नियम, नियमावली निर्देशिका तयार गरी कार्यक्रमहरू कार्यान्वयन गरिने छ ।
४. प्रदेश र स्थानीय सरकार तथा उत्तरदायित्व लगायतका पक्षहरूमा स्पष्टतः काम गर्न आवश्यक कानुनी प्रबन्ध गरिने छ ।
५. सङ्घ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषदको संरचनामा

परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्न अनुरोध गरिने छ ।

६. मानेभन्ज्याङ गाउँपालिकाभित्रका सम्पूर्ण शैक्षिक गतिविधिको रेखदेख सञ्चालन व्यवस्थापन गर्न गाउँ शिक्षा समिति गठन गरी क्रियाशील गरिने छ ।

७. जिल्ला तहमा रहेको शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहबिचका कार्य विवरण स्पष्ट गरि समन्वय गर्दै कार्यक्रमहरूसञ्चालन गरिने छ ।

८. मानेभन्ज्याङ गाउँपालिका भित्रका विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी लगायतका लागि सहायता प्रणालीको स्थापना गरिने छ ।

९. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइने छ साथै क्षमता विकास गरी स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ ।

१०. औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ ।

११. सङ्घीय र प्रदेश सरकारसँग सहकार्य र समन्वय गरी शिक्षक, कर्मचारी लगायतको वृत्तिविकास सम्बन्धी कार्यक्रमहरूसञ्चालन गरिने छ ।

१२. स्थानीय सरकारको आन्तरिक स्रोत बाहेक सङ्घीय सरकार तथा प्रदेश सरकारका ससर्त वा निसर्त दुवै प्रकारका कार्यक्रमहरूसञ्चालनगरिने छ ।

१३. छात्रवृत्ति, आपतकालीन तथा सङ्कटकालीन अवस्थामा समेत शैक्षिक गतिविधि सञ्चालन गर्न कार्यविधि तयार पारिनेछ ।

## ४.५ उपलब्धि नतिजा तथा प्रमुख क्रियाकलाप

### क) उपलब्धि

मानेभन्ज्याङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा लगायत शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको व्यावहारिकसिप र सिकाइप्रति उत्तरदायी प्रणालीको विकास, विभिन्न रणनीतिक दस्तावेजहरूको निर्माण र कार्यान्वयन हुनेछ ।

### ख) प्रमुख नतिजाहरू

१. शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास गर्ने पद्धति स्थापना भई क्षमतामा सुधार हुनेछ ।

२. तीनै तहका सरकारी विद्यालय लगायत शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुनेछ ।

३. तीनै तहका सरकारी विद्यालय लगायत शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकारी स्पष्ट हुने छ ।

४. शिक्षा सेवा प्रवाह सहभागितामूलक कार्यसम्पादन प्रति उत्तरदायी विद्यार्थीको सिकाइ प्रति जवाफदेही समतामूलक तथा समावेशी कार्यसम्पादन उद्देश्यमूलक प्रभावकारी तथा कुशल हुनेछ ।

५. यस मानेभन्ज्याङ गाउँपालिकाको समग्र शैक्षिक उपलब्धि स्तरमा वृद्धि भई सक्षम, सवल र दक्ष जनशक्ति उत्पानदमा वृद्धि हुनेछ ।

६. शिक्षा सम्बन्धीका स्थानीय ऐन, नियम, निर्देशिका, कार्यविधि आदि प्रभावकारी कार्यान्वयनमा आउनेछन् ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

तालिका ३१: प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | स्थानीय तहको शिक्षा ऐन, निमावली, कार्यविधिको निर्माण र कार्यान्वयन | सङ्ख्या | | १ | | | | १ | मानेभन्ज्याङ गाउँपालिका स्तरीय |
| २. | गाउँ शिक्षा समिति गठन | समिति | १ | | | १ | | २ | प्रत्येक ३ वर्षमा १ पटक |
| ३. | प्रधानाध्यापक कार्यसम्पादन कार्यविधि तयार गरी कार्यसम्पादन करार गरिने | प्र. अ. | ६८ | ६८ | ६८ | ६८ | ६८ | | पहिलो वर्ष कार्य सम्पादन कार्यविधि तयार गरी प्रत्येक विद्यालयका प्रअसँग प्रत्येकसाल करार गरिने |
| ४. | शिक्षक, कर्मचारी सहायता स्थापना | संयन्त्र | | २ | | | | २ | दस्तावेजको निर्माण गरी कार्यन्वयन गर्ने |
| ५. | शिक्षक कर्मचारी वृत्तिविकास र समन्वय | सङ्ख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | शिक्षक कर्मचारीको माग र प्रदेश तथा सङ्घीय सरकारको समन्वय अनुसार |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | शिक्षक, कर्मचारी तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई उत्तरदायी बनाउने प्रणालीको - कार्यविधि) विकास र कार्यान्वयन | संयन्त्र | १ | | | | | १ | मानेभन्ज्याङ गाउँपालिकाका सबै शैक्षिक क्षेत्र समेट्ने पद्धतिको विकास र कार्यान्वय निरन्तर रूपमा सञ्चालन हुने |
| ७. | अनौपचारिक र जीवन पर्यन्त सिकाइका लागि विभिन्न तहमा संयन्त्र निर्माण र कार्यान्वयन | संयन्त्र /समिति | | १ | | १ | | २ | सबै वडामा वडा अध्यक्षको संयोजकत्वमा निर्माण गर्ने |
| ८. | विद्यालय स्वास्थ्य, पोषण सम्बन्धी संयन्त्रको विकास र कार्यान्वयन | संयन्त्र | | | | | | ११ | सबै वडामा वडा अध्यक्षको संयोजकत्वमा निर्माण गर्ने (गाउँ शिक्षा नीतिले दिएको प्रावधान पालना गर्ने वा सङ्घ र प्रदेशका नीति नियमलाई आधार मान्ने) |
| ९. | भौतिक पूर्वाधार विकास | सङ्ख्या | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | | सङ्घ र प्रदेशसँग समन्वय गर्ने |
| १०. | समन्वय, अनुगमन र मूल्याङ्कन | | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | आवश्यकताका आधारमा | | अध्यक्षको संयोजकत्वमा |

# परिच्छेद ५ : लगानी र स्रोत व्यवस्थापन

## ५.१परिचय

शैक्षिक क्षेत्रमा स्तरीय लगानी गरेका देशहरू विकासको दृष्टिकोणले उच्च अवस्थातर्फ लागेको पाइन्छ । राज्यले नीति नियम निर्माण गर्दा शिक्षा क्षेत्रलाई मुख्य मेरूदण्डको रूपमा राख्दा देश विकासको गति तिव्र हुन जान्छ । त्यसकारण शिक्षा विकासको मेरूदण्ड हो त्यसैले कुनै पनि देश विकसित बन्नका लागि त्यो देशको शैक्षिक अवस्था राम्रो हुनुपर्दछ । आजका बालबालिकाहरू भोलिका देश निर्माताहरू हुन् । उनीहरूलाई राम्रो शिक्षा दिन सकेमा राष्ट्रलाई चाहिने दक्ष जनशक्ति उत्पादन हुन सक्छ । बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्न समतामूलक स्रोत वितरण हुन आवश्यक छ । यसका लागि शिक्षामा लगानी अपरिहार्य रहेको छ । विषेशगरी वित्तीय स्रोत लगानीका लागि महत्वपूर्ण आधार रहेको छ ।

नेपालको संविधानले आधारभूत शिक्षा निःशुल्क र अनिवार्य एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । संविधानमा व्यवस्था गरिएको मौलिक हक शिक्षा ऐन नियममा समेत उल्लेख गरिएको छ । यसैका आधारमा नेपाल सरकारले पनि शिक्षा क्षेत्रलाई महत्वपूर्ण आधारको रूपमा लिएको पाइन्छ । सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको दायित्व हो । संविधानले व्यवस्था गरे अनुसार माध्यमिक तहको शिक्षा सञ्चालन गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकारको हो । शिक्षा साझा विषय भएकोले वित्तीय व्यवस्थापनमा सङ्घ र प्रदेशले समेत जिम्मेवारी वहन गर्ने व्यवस्था रहेको छ । स्थानीय तह र निजी क्षेत्रको समेत साझेदारी रहनु आवश्यक छ । वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, निशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान र ऋणको व्यवस्थासमेत गर्न सकिन्छ ।

यस मानेभन्ज्याङ गाउँपालिकाले शिक्षामा आवश्यक पर्ने केन्द्रीय, प्रादेशिक र स्थानीय बजेटहरू परिचालन गरी शैक्षिक क्षेत्रका उपलब्धिहरू हासिल गर्न प्रयास गरिरहेको छ । यसै सर्न्दभमा गाउँपालिकालेसङ्घ, प्रदेश तथा विभिन्न निकायहरूसँग समन्वय गर्दै बजेटहरू परिचालन गरी शैक्षिक क्षेत्रमा व्यवस्थापन गर्दै आएको छ । शिक्षक कर्मचारीहरूको तलब भत्ताको व्यवस्था सङ्घीय सरकारले व्यहोर्ने व्यवस्था छ भने स्थानीय सरकारले समेत आफ्नो आन्तरिक स्रोतमा शिक्षक, कर्मचारीहरू नियुक्ति गर्ने गरेको छ । यसका अलवा निजी क्षेत्रले समेत मानेभन्ज्याङ गाउँपालिका भित्र विद्यालयहरू स्थापना गरी शिक्षा क्षेत्रमा योगदान दिँदै आएका छन् । निजी क्षेत्र वा संस्थागत विद्यालयहरूको लागि भने स्थानीय सरकारले पाठ्यक्रम, परीक्षा सञ्चालन तथा नियमन गर्ने कार्य गर्दै आएको छ ।

## ५.२वर्तमान अवस्था

शिक्षा विकासको मेरूदण्ड भएकोले यस क्षेत्रमा पर्याप्त बजेटसहित कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्छ भन्ने कुरामा सबैको एकमत रहेको छ । राज्यले शिक्षा क्षेत्रमा क्रमश लगानी पनि बढाउँदै लगेको अवस्था छ । पहिला पहिलाको तुलनामा बजेट विनियोजनको आकार बढ्दै गएको छ । विगत २०७३-२०७४ पछाडि कुल बजेटको ९-११ प्रतिशतको हाराहारीमा सङ्घीय बजेटमा शिक्षा क्षेत्रलाई व्यवस्था गरेको पाइन्छ । नेपालको शिक्षामा वैदेशिक सहायता पनि एक मुख्य स्रोतको रूपमा रहेको छ ।

मानेभन्ज्याङ गाउँपालिकाले सङ्घ, प्रदेश र स्थानीय तहको स्रोतलाई परिचालन गरी शिक्षा क्षेत्रको वित्तीय व्यवस्थापन गर्दै आएको छ । वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र स्थानीय तहले आवश्यकता अनुसार थप गरी वित्तीय व्यवस्थापन गर्ने गरेको छ । नपुग शिक्षकहरू थप गर्ने, आइसिटीका लागि बजेट व्यवस्थापन, शिक्षकहरूलाई तालिम र प्रोत्साहन, अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरेको छ । सुत्केरी महिला शिक्षक विदा बसेको अवस्थामा सट्टा शिक्षकको व्यवस्थापन समेत स्थानीय तहले गरेको छ । त्यसैगरी विभिन्न सङ्घसंस्थाहरूसँग सहकार्य र समन्वयबाट पनि केही शैक्षिक कार्यक्रमहरूसञ्चालन हुँदै आएका छन् । यस मानेभन्ज्याङ गाउँपालिकामा आ.व. २०८२/०८३ मा शिक्षातर्फ निम्नानुसारको बजेट विनियोजन भएको छ ।

तालिका ३२:आ.व. ०८२/०८३ को स्थानीय तह/प्रदेशको बजेट

| सि.नं. | विवरण | बजेट रू हजारमा |
|---|---|---|
| १ | स्थानीय तहको कूल स्वीकृत वजेट | |
| २ | सशर्त अनुदान वाहेक स्थानीय/प्रदेश तहबाट शिक्षा क्षेत्रका लागि विनियोजित वजेट | |
| ३ | सङ्घबाट विनियोजित शिक्षा क्षेत्रको सशर्त अनुदान वजेट | |
| ४ | **जम्मा शिक्षा क्षेत्रको वजेट (२+३)** | |

स्रोतः मानेभन्ज्याङ गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा

आवश्यकता अनुसार सुविधा सम्पन्न शैक्षिक भवनहरूसबै ठाउँमा पूर्ण रूपमा व्यवस्थित नहुनु, पर्याप्त शिक्षक दरबन्दीमा लगानी नहुनु, सबै विद्यालयमा प्रसाशसिक काममा सहयोग गर्ने कर्मचारीको सबै विद्यालयहरूमा व्यवस्था हुन नसक्नु, शिक्षा क्षेत्रको बजेटको आकार सानो हुनु, स्थानीय तहले शिक्षा क्षेत्रमा आवश्यकता अनुसारका बजेट व्यवस्थापन गर्न कठिनाइ पर्नु, शैक्षिक सामग्री र शिक्षण सिकाइ क्रियाकलापमा लगानीको स्रोत नहुनु चुनौतीहरू स्थानीय तहमा कायमै छन् । यी समस्याहरूका बावजुत पनि मानेभन्ज्याङ गाउँपालिकाले स्थानीय शैक्षिक क्षेत्रको सुधारका लागि योजनाबद्ध रूपमा कार्यक्रमहरू तयार पारी लागु गर्दै लैजाने प्रण गरेको छ ।

### ५.३ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका मुख्य उद्देश्यहरू निम्न अनुसार रहेका छन् ।

१. स्थानीय क्षेत्रमा भएका विद्यालयलाई आवश्यक पर्ने वित्तीय स्रोतको प्रक्षेपण गर्ने,
२. मानेभन्ज्याङ गाउँपालिकाभित्र सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरूको कार्यान्वयनका लागि वित्तीय स्रोत परिचालन गर्ने,

३. सङ्घीय, प्रादेशिक र स्थानीय तहको वित्तीय भार स्पष्ट गर्ने,
४. प्राथमिकताअनुसार बजेट निर्धारण गर्ने,

## ५.४ रणनीतिहरू

मानेभन्ज्याङ गाउँपालिकाले शैक्षिक क्षेत्रको सुधार योजनाका निमित्त वित्तीय व्यवस्था सम्बन्धी निम्न रणनीतिहरू अवलम्बन गर्नेछ :

१. स्थानीय क्षेत्रको शैक्षिक व्यवस्थापनका लागि वित्तिय स्रोतहरूको खोजी गरिने छ ।
२. वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, निशर्त अनुदान लगायत विशेष अनुदानलाई पारदर्शी रूपमा परिचालन गरिने छ ।
३. सङ्घीय र प्रदेशबाट प्राप्त बजेटको उचित परिचालन गरिने छ ।
४. सरकारी अनुदान प्राप्त विद्यालयहरूलाई गुणस्तर र जवाफदेही बनाइनेछ ।
५. सङ्घ र प्रदेशबाट नपुग भएका शैक्षिक क्षेत्रहरूमा मानेभन्ज्याङ गाउँपालिकाद्वारा वित्तीय व्यवस्थापन गरिने छ ।
६. मापदण्डका आधारका खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने छ ।
७. वित्तीय व्यवस्थापनमा क्षमता सुधार गरी जिम्मेवारी पारदर्शी र उत्तरदायी बनाइनेछ ।
८. शिक्षण सिकाइको अनुगमन सुपरीवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालीलाई व्यवस्थित गरिने छ ।
९. विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालयको कार्य सम्पादनलाई व्यवस्थाति गरिने छ ।
१०. शैक्षिक योजना तथा कार्यक्रमको नियमित, अध्यावधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिने छ ।
११. कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गरी प्राप्त पृष्ठपोषणलाई लागु गरिने छ ।

मानेभन्ज्याङ गाउँपालिकाको यस शैक्षिक योजनामा प्रस्ताव गरिएका बिभिन्न शीर्षकहरूका आधारमा आगामी ५ वर्षका कार्यक्रमहरूका लागि बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा संविधानमा व्यवस्था भए अनुसार निःशूल्क र अनिवार्य शिक्षा र माध्यमिक तहको निःशुल्क शिक्षालाई ध्यान दिइएको छ । आधारभूत र माध्यमिक तहको शिक्षामा गुणस्तर कायम हुने गरी वित्तीय अनुमान गरिएको छ । भर्ना वृद्धि दर तथा टिकाउ दर बढाउने र व्यावसायिक सिप हासिल गर्ने उद्देश्यका साथ बजेटको प्राथमिकता तोकिएको छ । गुणस्तरीय शिक्षालाई थप बल पुग्ने गरी विद्यालयको भौतिक अवस्थाको सुधारको अपेक्षा गरिएको छ । शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिलाई जोड दिइएको छ । स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग तथा राष्ट्रिय पाठ्यक्रमको कार्यान्वयनमा बल पुग्ने गरी वित्तीय व्यवस्थापनमा प्रयास गरिएको छ । आधारभूत तहमा दिवा खाजा, शिक्षकहरूलाई आइसिटीको पहुँच, विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था निःशुल्क पाठ्यपुस्तक वितरण, आवासीय विद्यालयको अवधारणा, स्वास्थ्य शिक्षा र सरसफाइ इत्यादि विषयहरू कार्यक्रममा समेटिएका छन् । आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पठनपाठन सञ्चालनका लागि समेत वित्तीय व्यवस्थापन

गरिएको छ । प्राविधिक धारका विद्यालयहरूको सञ्चालन र व्यवस्थापन गर्ने, विद्यालय व्यवस्थापन मजबुद बनाउने, विद्यालयको गुणस्तर सुधार हुने इत्यादि आधारमा समेत बजेट विनियोजन गरिएको छ ।

## ५.५ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

तालिका नं. ३३ : अनुमानित बजेट

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०८२/८३) | योजनाको कुल लक्ष्य | लक्ष्य रकम (हजारमा) | | | | | | प्रति इकाइ लागत हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८७/८८ | जम्मा | | |
| विद्यालय भवन तथा भौतिक पूर्वाधार निर्माण कार्यक्रम | पटक | | | | | | | | | | ➢ सुविधायुक्त पक्की भवन, शौचालय लगायत |
| विद्यालय पूर्वाधार स्तरोन्नति कार्यक्रम | पटक | | | | | | | | | | ➢ सबै विद्यालयको खेल मैदान स्तरोन्नति<br>➢ विद्यालयमा बालमैत्री तथा अपाङ्गमैत्री शौचालयको निर्माण<br>➢ कक्षा कोठाको स्तरोन्नति तथा डेक्स, बेन्च, सेतोपाटी लगायत |
| आवासिय विद्यालय सञ्चालन | सङ्ख्या | | | | | | | | | | ➢ आवासीय विद्यालयको स्थापना गरी सञ्चालन गर्ने |
| विद्यालय संरचनागत सुधार कार्यक्रम | पटक | | | | | | | | | | ➢ सबै विद्यालयमा प्राथमिक उपचार सामग्री व्यवस्था<br>➢ विद्यालय व्यवस्थापन खर्च व्यवस्था<br>➢ सबै माविमा विद्यालय नर्स कार्यक्रम सञ्चालन गर्ने |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०८२/८३) | योजनाको कुल लक्ष्य | लक्ष्य रकम (हजारमा) | | | | | | प्रति इकाइ लागत हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/ ८३ | ८३/ ८४ | ०८४/ ८५ | ०८५/ ८६ | ०८७/ ८८ | जम्मा | | |
| | | | | | | | | | | | ➢ सबै माविमा एक एक वटा गरी १० वस थप गर्ने<br>➢ प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ कुना निर्माण<br>➢ मावि तथा निमावि (१५) विद्यालयमा विज्ञान प्रयोगशाला र विद्युतीय पुस्तकालय र सूचना, सञ्चार र प्रविधि विस्तार<br>➢ विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ अभिमुखीकरण |
| प्रारम्भिक बालविकास कार्यक्रम | पटक | | | | | | | | | | ➢ बालविकास सहजकर्ता तालिम<br>➢ बालविकास केन्द्रमा विभिन्न कार्यक्रमहरूसञ्चालन |
| आधारभूत शिक्षा विकास कार्यक्रम | पटक | | | | | | | | | | ➢ आधारभूत शिक्षासँग सम्बन्धित शिक्षक व्यवस्थापन लगायतका कार्यक्रमहरू |
| माध्यमिक शिक्षा विकास कार्यक्रम | पटक | | | | | | | | | | ➢ माध्यमिक शिक्षासँग सम्बन्धीत शिक्षक व्यवस्थापन लगायतका कार्यक्रमहरू |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०८२/८३) | योजनाको कुल लक्ष्य | लक्ष्य रकम (हजारमा) | | | | | | प्रति इकाइ लागत हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८७/८८ | जम्मा | | |
| विद्यालय सूचना प्रविधि कार्यक्रम | विद्यालय सङ्ख्या | | | | | | | | | | ➢ सबै विद्यालयमा सिसि क्यामरा तथा विद्युतीय हाजिरी स्थापना<br>➢ सबै विद्यालयमा गुणस्तरीय इन्टरनेट सुविधा विस्तार<br>➢ सबै विद्यालयमा मल्टि मिडिया तथा ल्यापटप व्यवस्था<br>➢ सूचना प्रविधिमा आधारित सिकाइसम्बन्धी शिक्षक अभिमुखीकरण |
| शैक्षिक गुणस्तर सुधार कार्यक्रम | पटक | | | | | | | | | | ➢ शैक्षिक क्यालेण्डर र शिक्षक डायरी निर्माण<br>➢ विद्यालयमा सिकाइ सामग्री व्यवस्थापन<br>➢ अभिभावक शिक्षा<br>➢ शिक्षक विद्यार्थी नियमितता अनुगमन<br>➢ शिक्षक विद्यार्थी अनलाइन सिकाइ अभिमुखीकरण<br>➢ विद्यार्थी सिकाइ मोवाइल एप तयारी<br>➢ देशका सफल विद्यालयसँग सफल अनुभव आदान प्रदान<br>➢ शैक्षिक डकुमेन्ट्री निर्माण<br>➢ शैक्षिक क्षेत्रको रणनीतिक योजना तर्जुमा विद्यालय स्वमूल्याङ्कन |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०८२/८३) | योजनाको कुल लक्ष्य | लक्ष्य रकम (हजारमा) | | | | | | प्रति इकाइ लागत हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८७/८८ | जम्मा | | |
| | | | | | | | | | | | ➢ विद्यालय वाहिर रहेका विद्यार्थीको खोज र भर्ना अभियान |
| विद्यालयमा तालिम तथा पुरस्कार | पटक | | | | | | | | | | ➢ उत्कृष्ट विद्यालय,उत्कृष्टतहगत विषयगत शिक्षक, उत्कृष्ट बालविकास सहजकर्ता तथा उत्कृष्ट तहगत विद्यार्थी पुरस्कार तथा सम्मान<br>➢ दरवन्दी मिलान<br>➢ शिक्षक तथासहजकर्ता तालिम |
| व्यवहारिक, व्यावसायिक तथा जीवनउपयोगी शिक्षा कार्यक्रम | पटक | | | | | | | | | | ➢ सबै माध्यमिक विद्यालयमा व्यावहारिकसिप विकासका लागि कृषि, प्रविधि, कानून, सकारात्मक सोचतथा स्वास्थ्य सम्बन्धी अभिमुखीकरण<br>➢ सफल व्यवसायी, अभियन्ता र विज्ञसँग अन्तरक्रिया<br>➢ प्रतिभा पहिचान लगायत |
| प्राविधिक शिक्षा प्रवर्द्धन कार्यक्रम | पटक | | | | | | | | | | ➢ प्राविधिक सामग्री तथा व्यवस्थापन सहयोग |
| उच्च शिक्षा प्रवर्द्धन कार्यक्रम | | | | | | | | | | | ➢ स्नातक तह कक्षा सञ्चालनसहयोग तथा स्नातकोत्तर कक्षा सञ्चालन सम्बन्धी खोजी |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०८२/८३ | योजनाको कुल लक्ष्य | लक्ष्य रकम (हजारमा) | | | | | | प्रति इकाइ लागत हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८७/८८ | जम्मा | | |
| विद्यालय पोषण कार्यक्रम | पटक | | | | | | | | | | ➢ विद्यालय खाजा व्यवस्था तथा जङ्क फुड नियन्त्रण कार्यक्रम<br>➢ स्थानीय खाद्यवस्तुबाट पौष्टिक तथा स्वादिष्ट खाना तयारी अभिभावक तथा दिवा खाजा व्यवस्थापन समिति अभिमुखीकरण<br>➢ स्थानीय खाना उपयोगका लागि आमा भेला |
| शैक्षिक अध्ययन अनुसन्धान कार्यक्रम | पटक | | | | | | | | | | ➢ क्याम्पस र विश्वविद्यालयसँग सहकार्य गर्ने<br>➢ उच्च शिक्षासँग सम्बन्धीत शैक्षिक भ्रमण |
| सृजनात्मक कला प्रवर्द्धन कार्यक्रम | पटक | | | | | | | | | | ➢ आधारभूत विद्यालयमा सिर्जनात्मक कला विषय शिक्षण अभ्यास<br>➢ माध्यमिक तहमा संगीत तथा खेलकुद शिक्षक व्यवस्थापन |
| शिक्षा शाखा व्यवस्थापन | पटक | | | | | | | | | | ➢ शैक्षिक तथ्याङ्क अद्यावधिकरण<br>➢ आन्तरिक जनशक्ति व्यवस्थापन |
| स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन | पटक | | | | | | | | | | ➢ स्थानीय पाठ्यक्रम निर्माण, प्रबोधिकरण, पाठ्यपुस्तक निर्माण र कार्यान्वयन |
| समावेशी सार्वजनिक शिक्षा कार्यक्रम | पटक | | | | | | | | | | ➢ अभिभावक अभिमुखीकरण<br>➢ विद्यालयहरूको स्वमूल्याङ्कन कार्यक्रम |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्ष (०८२/८३ | योजनाको कुल लक्ष्य | लक्ष्य रकम (हजारमा) | | | | | | प्रति इकाइ लागत हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८७/८८ | जम्मा | | |
| विद्यार्थी छात्रवृत्ति कार्यक्रम | पटक | | | | | | | | | | ➢ प्रत्येक वर्ष प्रत्येक विद्यालका लक्षित वर्गका विद्यार्थीहरूलाई |
| आपतकालीन तथा सङ्कटकालीन शिक्षा योजना कार्यविधि निर्माण | पटक | | १ | | | | | | ३०० | | ➢ पालिकागत योजना निर्माण र कार्यान्वयन |
| अनुगमन, मूल्याङ्कन र सहजीकरण | पटक | | ५ | | | | | | ३५० | | ➢ आवश्यकता अनुसार त्रैमासिक नियमित अनुगमन, सुझाव र पृष्ठपोषण |
| **पाँच वर्षे शैक्षिक योजनाको कुल बजेट** | | | | | | | | | | | |

स्रोतः मानेभन्ज्याङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा

माथि तालिकामा उल्लेखित बजेट अनुमान विद्यालय सुधारका उपक्षेत्रहरूका आधारमा अनुमान गरिएको हो । शिक्षामा सबैको पहुँच बढाउँदै गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्यका साथ तयार पारिएको यो अनुमानित बजेट पहिलो वर्षको तुलनामा हरेक वर्ष बढाउँदै लैजाने लक्ष्य राखिएको छ । यो बजेट सङ्घीय सरकार, प्रादेशिक सरकार तथा स्थानीय सरकारलाई समेत ध्यानमा राखी तयार पारिएको छ । यसमा सङ्घीय सरकारबाट आउने स्थायी शिक्षकहरूको तलवभत्ता र विभिन्न अन्य गैर सरकारी संस्था तथा प्राइभेट संस्थाको सहयोग र समन्वयमा विभिन्न समयमा हुने क्रियाकलापहरू समावेश गरिएको छैन् ।

परिच्छेद ६ : योजना कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा समन्वय र सहजीकरण

## ६.१.१ परिचय

योजना निर्माण एक अनुमानित कार्य योजनाको खाका हो । यसमा कुन कुन कार्यहरू के कसरी गर्ने ? कहिले गर्ने ? कहाँ कहाँ गर्ने ? कति गर्ने ? कसले गर्ने ? बजेटको व्यवस्थापन पक्ष के हो ? इत्यादि विषय वस्तुहरूको समग्र प्रस्ताव योजनामा समावेश भएको हुन्छ । त्यसैले कुनै पनि कार्य सम्पादन गर्नु अगाडिको महत्वपूर्ण मार्ग चित्र योजनाले समेटेको हुन्छ । पूर्व योजनाले भविष्यमा गरिने कामहरूलाई सहजीकरण गर्दछ । कार्य आरम्भ गर्नु अगाडि नै विभिन्न जन अपेक्षाहरू, स्रोत साधन, अवस्था, मौजुदा ऐन नियमले गरेको कानुनी व्यवस्था आदि आधारमा योजना निर्माण गरिन्छ ।

मानेभन्ज्याङ गाउँपालिकालाई शैक्षिक रूपमा सम्बृद्ध बनाउने लक्ष्य अनुरूपको शैक्षिक योजना निर्माण एउटा आधारभूत कुरा भए पनि यसको कार्यान्वयन पक्ष महत्वपूर्ण रहन्छ । योजनाले तोकेका उद्देश्य तथा लक्ष्यहरू कार्यान्वयनबाट प्राप्त गर्न सकेमा मात्र योजनाको अर्थ रहन्छ । कार्यान्वयन पक्ष बलियो र सशक्त भएमा प्रतिफल सोचे अनुसार हासिल हुन सक्छ । सबैभन्दा जटिल र चुनौतीपूर्ण अवस्था भनेकै योजना कार्यान्वयन हो । कार्यान्वयन सहज सशक्त भएमा मात्र अपेक्षित क्षेत्रहरूले प्रतिफल दिन सक्छन् । योजनामा समावेश गरिएका क्षेत्र तथा विषयवस्तुहरू तोकिएको समयमा सम्पन्न गर्न सकेमा थप योजना पुनः प्रारम्भ गर्ने बाटो खुल्छ ।

गाउँपालिकाले निर्माण गरेको शैक्षिक योजना कार्यान्वयनका लागि उपयुक्त तरिकाहरूको प्रबन्ध गर्नु पर्ने हुन्छ । सम्बन्धित समिति, उपसमिति लगायत सङ्घ, संगठनहरू परिचालन, जनशक्तिको व्यवस्थापन, नीति नियम तथा जिम्मेवारी र उत्तरदायित्व आदिको व्यवस्थापन गरेमा योजना सफल हुन सक्छ । कुनै पनि योजना कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तह सबैको भूमिका महत्वपूर्ण रहन्छ । योजना स्थानीय तहमा कार्यान्वयन हुने भएकोले यसको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहको नै हुन्छ । योजना कार्यान्वयन गर्दा दिगोपन, प्रभावकारिता र कार्यकुशलतामा ध्यान दिनु पर्छ । मानेभन्ज्याङ गाउँपालिकाले विभिन्न क्रियाकलापहरू के कसरी कार्यान्वयन गर्ने ? रणनीति तथा क्रियाकलापहरू के के गर्ने ? भन्ने बारेमा प्रष्ट पार्न माथि उल्लिखित योजनाहरू महत्वपूर्ण रहेका छन् ।

## ६.१.२ वर्तमान अवस्था

हाम्रो देशको वर्तमान व्यवस्था अनुसार शैक्षिक योजनाहरू सङ्घ, प्रदेश र स्थानीय तहबाट लागुहुने भएकोले यसको कार्यान्वयन गर्ने जिम्मेवारी पनि तीनै तहमा व्यवस्थापन गरिएको छ । स्थानीय स्तरमा सञ्चालित शैक्षिक योजनाहरूको कार्य स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । स्रोत केन्द्रहरू खारेज भइसकेपछि उक्त स्रोतकेन्द्रमा हुने कार्य स्थानीय शिक्षा शाखामार्फत हुने गरेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय सरकारलाई प्राप्त २३ वटा शैक्षिक क्षेत्रका काम, कर्तव्य र अधिकार तोकिएको छ । केन्द्रदेखि स्थानीय तहसम्मका सबै योजनाहरू कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरिएको छ । यसको पनि मूल रूपमा स्थानीय तहलाई नै हुन आउँछ । स्थानीय जनप्रतिनिधिहरूको माग र उनीहरूको संलग्नतामा योजनाहरू कार्यान्वयन हुन्छन् । मुख्यतयाः विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक तथा शिक्षकहरूको सहयोगमा विद्यालयका योजनाहरू कार्यान्वयन गर्दछ । योजना कार्यान्वयनमा विभिन्न खालका चुनौती तथा समस्याहरू कायमै रहेका छन् । कुशल व्यवस्थापनका लागि सङ्गठन संरचना तथा जनशक्ति अभावले प्रभावकारी कार्यान्वयनमा बाधा उत्पन्न हुन्छ । हालको व्यवस्थापन पक्षमा देखिएका चुनौती तथा प्रभावकारी कार्यान्वयनमा बाधा उत्पन्न हुन्छ । योजका कार्यान्वयनमा हालको व्यवस्थापन पक्षमा देखिएका केही प्रतिनिधिमूलक चुनौती तथा समस्याहरू निम्न अनुसार रहेका छन्:

१. स्थानीय तहले कार्यान्वयन गर्ने क्षेत्रहरू सबैको नीति, नियमावली, कार्यविधि बनाएर काम गर्न नसक्नु,

२. नयाँ व्यवस्था बुझेर त्यसलाई कार्यन्वयन गर्ने दक्ष जनशक्तिको अभाव हुनु,

३. पुरानो प्रणालीबाट नयाँ प्रणालीमा प्रवेश गर्दा छुट्टै पद्धतिको विकास नहुनु,

४. स्थानीय तहका जनप्रतिनिधि लगायत मुख्य भूमिका खेल्नुपर्ने निकायहरूले शिक्षा क्षेत्रलाई शिक्षक व्यवस्थापन र भौतिक संरचनासँग मात्र जोडेर हेर्ने परिपाटी कायम रहिरहनु,

५. धेरै महत्वकांक्षी योजनाहरू बनाउनु तर कार्यान्वयनको पक्षलाई ध्यान नदिनु ।

७. स्थानीय जनप्रतिनिधि, विद्यालय व्यवस्थापन र प्रधानाध्यापकको एक आपसमा सोच फरक फरक किसिमको हुनु ।

### ६.१.३.योजना कार्यान्वयन प्रबन्ध

यस मानेभन्ज्याङ गाउँपालिकाको पाँच वर्षे शिक्षा क्षेत्रको योजनाको समग्र कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रबन्ध गरिने छ :

**स्थानीय सरकारले गर्ने:**

१. योजना कार्यान्वयनका लागि आवश्यक ऐन, नियम, नीति, कार्यविधि, योजना र निर्देशनको व्यवस्था गरिने छ ।

२. शिक्षा, युवा तथा खेलकुद शाखाको क्षमता विकास गरी योजना कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गरिने छ ।

३. शिक्षण सिकाइमा सहयोग पुऱ्याउन स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास गरिने छ ।
४. सङ्घ तथा प्रदेशबाट प्राप्त सशर्त अनुदान र अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत राखी वार्षिक बजेट तय गरिने छ ।
५. आयोजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन गरी आवश्यकताका आधारमा सुझाव सहित पृष्ठपोषण प्रदान गरिने छ ।

**विद्यालयले गर्ने:**

१. प्रत्येक विद्यालयले आफ्नो विद्यालय सुधार योजना निर्माण गर्ने छन् ।
२. विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट र आफ्नै आम्दानी समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्नेछन् ।
३. योजना कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी बनाइने छ ।
४. योजना कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार गरी लागु गराइनेछ ।
५. स्थानीय अभिभावक तथा सरोकारवालाहरूसँग अन्तर्क्रिया तथा सहकार्य गरी कार्यक्रम सञ्चालन गरिने छ ।
६. कार्यान्वयन गरिएका योजनाको सामाजिक परीक्षण प्रत्येक वर्ष गरिने छ ।
७. शिक्षासँग सम्बन्धीत सरोकारवाला अन्य गैर सरकारी निकायहरूसँग स्थानीय शिक्षा शाखाको अनुमतिमा समेत सहकार्य र समन्वय गरिने छ ।
८. विद्यालयमा योजनाहरू लक्ष्य अनुरूप सञ्चालन गर्न शिक्षकहरूको भूमिकालाई सक्रिय बनाइ कार्य विभाजन गरिने छ ।

### ६.१.४ अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

#### ६.१.४.१ परिचय

कुनैपनि योजना कार्यान्वयनको समयमा समन्वय र सहजीकरणका आवश्यकता पर्दछ । योजना कार्यान्वयन गरिने सबै क्षेत्र सक्षम नहुन सक्छन् । योजनाहरू बहु क्षेत्रसँग सम्बन्धित भएमा समन्वयको खाँचो पर्न सक्छ । कतिपय नीतिगत अस्पष्टता भएमा सहजीकरण गर्नु पर्ने हुन्छ । विभिन्न निकाय र व्यक्तिहरू बिचको समन्वय सहकार्यले योजना कार्यानवयनमा तीव्रता ल्याउन सकिन्छ । यसरी योजना कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणको भूमिका महत्वपूर्ण हुन्छ ।

योजनाले दिएको निर्धारित समयमा क्रियाकलापहरू कार्यतालिका अनुसार भए नभएको र भएको भए प्रतिफलतर्फ उन्मुख भए नभएको पत्ता लगाउँनको लागि अनुगमन तथा मूल्याङ्कनको आवश्यकता पर्दछ । योजनाहरू विनियोजन र वितरणको अवस्था, लगानी प्रवाह, कार्यक्रम कार्यान्वयन के कसरी भएको छ ? भनि सुनिश्चित गर्नका लागि अनुगमन तथा मूल्याङ्कनले सहयोग गर्दछ । कार्यान्वयनमा

रहेका योजनाहरूका लक्ष्य र प्रगति बारेमा नियमित तथा आवधिक रूपमा गिाउँनी, निरीक्षण, एवम् जाँचबुझ गर्न जरूरी हुन्छ । योजना के कसरी अगाडि बढेको छ ? यसले उद्देश्य अनुसार कार्यारम्भ गर्न खोजेको छ या छैन ? नियम र प्रकृया अनुसार छ या छैन ? कुन कुन निकाय या व्यक्तिले अनुगमन गर्ने ? के कस्ता समस्याहरू कार्यान्वयन अवधिमा आइपरे र यसको समाधान के कसरी गर्न सकिन्छ ? योजनाको दीर्घकालीन फाइदाहरू के कसरी दिन सक्छ ? इत्यादि विषय वस्तुको रेखदेखका लागि अनुगमन संयन्त्र जरूरी हुन्छ । जुन संयन्त्रले कार्य क्षमता अभिवृद्धिमा समेत सहयोग गर्दछ ।

### ६.१.४.२ वर्तमान अवस्था

नेपालको वर्तमान व्यवस्था अनुसार शैक्षिक योजनाहरू सङ्घ, प्रदेश र स्थानीय तहबाट लागूहुने भएकोले यसको अनुगमन गर्ने जिम्मेवारी पनि तीनै तहमा व्यवस्थापन गरिएको छ । सङ्घीय सरकार वा प्रदेश सरकारद्धारा स१चालित भएतापनि स्थानीय स्तरमा सञ्चालित शैक्षिक योजनाहरूको अनुगमन तथा मूल्याङ्कन स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरूको उपलब्धि परीक्षण गर्दै आएको छ । स्रोतकेन्द्रहरू खारेज भइसकेपछि उक्त स्रोतकेन्द्रमा हुने कार्य स्थानीय शिक्षा शाखामार्फत हुने गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय सरकारलाई प्राप्त २३ वटा शैक्षिक क्षेत्रका काम, कर्तव्य र अधिकार तोकिएको छ । केन्द्रदेखि स्थानीय तहसम्मका सबै योजनाहरू कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरिएको छ । यसको अनुगमन र मूल्याङ्कन पनि मूल रूपमा स्थानीय तहलाई नै हुन आउँछ ।

मानेभन्ज्याङ गाउँपालिकामा भए गरेका शैक्षिक योजना तथा गतिविधिहरूको अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरण मानेभन्ज्याङ गाउँपालिका शिक्षा शाखा मार्फत हुने गरेको छ । मानेभन्ज्याङ गाउँपालिकाका जनप्रतिनिधिहरूबाट पनि अनुगमन तथा मूल्याङ्कनमा महत्वपूर्ण भूमिका रहँदै आएको छ । माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन गर्ने जिम्मेवारी मानेभन्ज्याङ गाउँपालिकाको रहेकाले सबै संयन्त्र मानेभन्ज्याङ गाउँपालिकाले नै सञ्चालन गर्ने गर्दछ ।

मानेभन्ज्याङ गाउँपालिकाले गर्ने योजना अनुगमन तथा मूल्याङ्कनमा निम्न लिखित चुनौतीहरू पहिचान गरिएको छ :

१. अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणमा सिप र दक्षता भएका जनशक्तिको व्यवस्था गर्नु,

२. अनुगमनलाई नियमित र एकरूपता बनाउनु,

३. अनुगमन तथा मूल्याङ्कनका मापन योग्य सूचकको तय गर्नु,

४. अनुगमन र मूल्याङ्कनलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु,

५. दक्ष जनशक्तिबाट अनुगमन र मूल्याङ्कन गराउनु र सुझावहरू कार्यान्वयन गराउनु ।

### ६.१.४.३. उद्देश्य

मानेभन्ज्याङ गाउँपालिकाले योजनाको अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नुको उद्देश्य नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गरी योजना कार्यान्वयनमा उपयुक्त समन्वय र सहजीकरण संयन्त्रको विकास गरी योजनाको प्रभावकारिता बढाउनु रहेको छ ।

### ६.१.४.४ रणनीतिहरू

यस मानेभन्ज्याङ गाउँपालिकाले शैक्षिक योजनाको प्रभावकारी कार्यन्वयनमा अनुगमन तथा मूल्याङ्कनका लागि निम्न लिखित रणनितिहरू अपनाउने छः

१. अनुगमनका लागि विभिन्न सूचकहरू बनाइनेछ ।
२. अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन छिटो छरितो र व्यवस्थित बनाइनेछ ।
३. जन प्रतिनिधि सहित स्थानीय विज्ञ टोली सम्मिलित अनुगमन तथा मूल्याङ्कनका लागि विभिन्न समितिहरूको निर्माण गरिने छ ।
४. विद्यालय र मानेभन्ज्याङ गाउँपालिकाबिच हुने सूचना प्रणालीलाई व्यवस्थित गरिने छ ।
५. मानेभन्ज्याङ गाउँपालिकाले समन्वय र सहजीकरणको भूमिका खेल्ने व्यवस्था गरिने छ ।
६. शिक्षण सिकाइको अनुगमन सुपरीवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालीलाई व्यवस्थित गरिने छ ।
७. शैक्षिक योजना तथा कार्यक्रमको नियमित, अध्यावधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिने छ ।
८. विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालयको कार्य सम्पादनलाई व्यवस्थित गरिने छ ।
९. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई लागु गरिने छ ।

### ६.१.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथालक्ष्य

**क) उपलब्धि**

योजनाको प्रभावकारी अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले योजनाका चुनौतीहरू समाधान भई अपेक्षित उपलब्धि हासिल हुनेछ ।

**ख) प्रमुख नतिजाहरू**

१. योजनाको अनुगमन र मूल्याङ्कनमा संस्थागत विकास हुने,

२. अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले नतिजामा सुधार हुने,

३. समन्वय र सहजीकरणले कार्य क्षमतामा कुशलता ल्याउने,

४. विद्यार्थीहरूको शैक्षिक उपलब्धि सुधार हुने,

५. स्थानीय दक्ष जनशक्तिको सदुपयोग हुने ।

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

तालिका नं. ३४: प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र. सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | नतिजामा आधारित सुचक निर्माण | पटक | १ | | १ | | | २ | स्थानीय विज्ञको सहयोगमा सूचक बनाइने छ । |
| २. | अनुगमन तथा मुल्याङ्कन समिति, उप समितिहरूको निर्माण | पटक | १ | | १ | | १ | ३ | जनप्रतिनिधिहरूको सहभागितामा |
| ३. | योजनाको अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | योजनाको प्रकृति, लागत र समयावधि अनुसार फरक पटक समेत हुन सक्छ । |
| ४. | चौमासिक तथा वार्षिक समीक्षा, पृष्ठपोषण सङ्कलन र प्रतिवेदन तयारी | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | प्रत्येक योजनाको |
| ५. | समन्वय र सहजीकरण | पटक | | | | | | | योजनाको प्रकृति र आवश्यकता अनुसार |
| ६. | अनुगमन, मूल्याङ्कनका लागि जनशक्ति क्षमता विकास | पटक | १ | | १ | | १ | ३ | स्थानीय जनप्रतिनिधि र विज्ञ सहित |

## परिच्छेद ७ : प्रमुख कार्यसम्पादन सूचकहरू

मानेभन्ज्याङ गाउँपालिकाले आफ्नो गाउँपालिकाको शिक्षा क्षेत्रको सुधार गर्नलाई रणनीतिक रूपमा कार्यक्रमहरू बनाइ उक्त कार्यक्रमहरूका आधारमा आधार वर्ष २०८२/८३ लाई आधार मानी चालू वर्ष सहित पञ्च वर्षीय योजना निर्माण गरी अनुमानित रकम समेत छुट्याउने कार्य गरेको छ । यस शैक्षिक योजनाले राखेका दीर्घकालिन सोच, लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि तहगत तथा विषयगत रूपमा रणनीतिहरू बनाईएको छ । मानेभन्ज्याङ गाउँपालिकाको लक्ष्य अनुरूप शैक्षिक सुधारका लागि पहिलो पाँच वर्षको नतिजा आँकलन गरिएको छ । जसबाट ५ वर्षमा मानेभन्ज्याङ गाउँपालिकाको शैक्षिक अवस्था कहाँ पुगेको हुनेछ भन्नेबारेमा समेत अनुमान गरिएको छ ।

### ७.१ योजनाको समग्र नतिजा खाका

यस नतिजा खाकाले मानेभन्ज्याङ गाउँपालिका, विद्यालय तथा सम्पूर्ण शिक्षा प्रणालीलाई जवाफदेही बनाउन सहयोग गर्दछ,जसले गर्दा शैक्षिक योजनाको कर्यान्वयन समेत प्रभावकारी ढंगले अगाडि बढ्छ ।

**तालिका नं. ३५: योजना नतिजा खाका**

| उपलब्धि | नतिजा सूचक | स्रोत मापन तथा तरिका |
|---|---|---|
| ❖ मानेभन्ज्याङ गाउँपालिकाको साक्षरता दर ९८ प्रतिशत भन्दा माथि पुग्ने,<br>❖ गुणस्तरीय प्रारम्भिक बाल विकास सहित शिक्षाको अवसर सुनिश्चित हुने,<br>❖ मानेभन्ज्याङ गाउँपालिका भित्र बसोबास गर्ने सबै वर्गका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना हुने,<br>❖ पाठ्यक्रमद्धारा निर्दिष्ट तहगत, कक्षागत, कक्षागत र विषयगत सिकाइ सक्षमतालाई हासिल हुने,<br>❖ आवश्यक शैक्षिक पूर्वाधार तथा सिकाइ वातावरणको निर्माण हुने, प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापबाट बालबालिकाको सिकाइको दायरा फराकिलो हुने,<br>❖ शिक्षाको अवसरबाट बञ्चित रहेका समूदायका लागि बैकल्पिक तथा निरन्तर सिकाइको अवसर पाउने,<br>❖ विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने प्राविधिक तथा उच्च क्षमता युक्त जनशक्तिको उत्पादनमा सहयोग पुग्ने तथा उपलब्ध स्रोत साधनको समानुपातिक र न्यायोचित वितरणमा सहयोग पुग्ने,<br>❖ यस पालिकाभित्र बसोबास गर्ने सबै वर्गका समुदायहरूको माध्यमिक तहसम्मको शिक्षामा पहुँच पुग्ने | ❖ विद्यार्थी भर्ना दर<br>❖ सिकाइउपलब्धि स्तर<br>❖ विद्यार्थी सङ्ख्या र कक्षा छोड्ने दर<br>❖ शिक्षक कर्मचारी, प्र.अ. को वृत्तिबिकास<br>❖ साक्षरता दर<br>❖ व्यावसायिक र प्राविधिक जनशक्ति उत्पादन सङ्ख्या<br>❖ पुरस्कार, दण्ड, सजायको अवस्था<br>❖ भैतिक पूवाधारको विकास | ❖ वार्षिक परीक्षा प्रतिवेदन<br>❖ विद्यार्थी सिकाइउपलब्धि स्तरको लेखाजोखा प्रतिवेदन<br>❖ अनुगमन मूल्याङ्कन प्रतिवेदन<br>❖ भौतिक पूवाधारको अवस्था<br>❖ दक्ष जनशक्तिको माग र उपयोग<br>❖ सूचना प्रविधिमैत्री शिक्षक, कर्मचारी, विद्याथी<br>❖ वार्षिक साक्षरता प्रतिवेदन<br>❖ अभिभावक तथा सरोकारवाला भेलाको प्रतिवेदन |

| | | |
|---|---|---|
| र शैक्षिक गुणस्तर अभिवृद्धि हुने,<br>❖ यस पालिकामा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षामा सबै वर्गका बालबालिकाको पहुच सुनिश्चित हुने र सबैका लागि प्राविधिक शिक्षाको सहज अवसर उपलब्ध भई स्थानीय क्षेत्रमा प्राविधिक जनशक्तिको अभावलाई पूर्ति गर्न सहयोग पुग्ने,<br>❖ मानेभन्ज्याङ गाउँपालिका भित्रका सम्पूर्ण शैक्षिक संस्थाहरूमा कार्यरत शिक्षक, कर्मचारी तथा अध्ययनरत विद्यार्थीहरू प्रविधिमैत्री तथा व्यावसायिक, गुणस्तरीय र प्रविधियुक्त शिक्षा प्राप्त गर्ने अवसर पाउने,<br>❖ अपाङ्गता भएका बालबालिकाहरूले विशष शिक्षा रसमावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू प्राप्त गर्ने,<br>❖ संस्थागत विद्यालयहरूको प्रभावकारी र न्याय सङ्गत ढङ्गले नियमन हुने,<br>❖ शिक्षामा सबै वर्गको समान अवसर हुने,<br>❖ स्थानीय क्षेत्रमा नै प्राविधिक तथा दक्ष जनशक्तिको उत्पादन भई रोजगारी तथा आयआर्जनका क्रियाकलापहरू बढ्ने,<br>❖ शिक्षक तथा शैक्षिक जनशक्तिको पेसागत विकास हुने, शैक्षिक पेसाप्रति सम्मान बढ्ने,<br>❖ राष्ट्रिय पाठ्यक्रमले तोके बमोजिम स्थानीय पाठ्यक्रमको कर्यान्वयन मार्फत स्थानीय स्रोत, साधन, मूल्य मान्यता र प्रविधि समेतको अधिकतम प्रवर्धन हुने,<br>❖ सबै शैक्षिक संस्थाहरूमा (विद्यालयहरूमा) शैक्षिक सुशासन प्रवर्धन तथा कायम भई बालबालिकालाई सिकाइ प्रति उत्तरदायी बनाउने प्रणालीको विकास हुने,<br>❖ मानेभन्ज्याङ गाउँपालिका भित्रका सबै विद्यालयहरूमा आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बैकल्पिक योजनाहरूको कर्यान्वयन गरी बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने,<br>❖ उपलब्ध स्रोत साधनको समानुपातिक र न्यायोचित वितरण हुने,<br>❖ सबै शिक्षक, कर्मचारीलाई चरणबद्ध रूपमा तालिमको व्यवस्था हुने,<br>❖ शिक्षकहरूमा एकरूपता, विभेदको अन्त्य, उचित | ❖ सूचना प्रविधिको उपयोग आदि । | |

| | | |
|---|---|---|
| पारिश्रमिकको व्यवस्था र गलत गरेको खण्डमा दण्ड, सजाय समेत हुने,<br>❖ मानेभन्ज्याङ गाउँपालिकाको समग्र सामाजिक, शैक्षिक, आर्थिक, वातावरणीय अवस्थाको स्तरोन्नति हुने । | | |

**तालिका नं. ३६: शिक्षा विकास क्षेत्र कार्य सम्पादन सुचक -**

| क्र. स. | सूचक | लक्ष्य | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष २०८२/०८३ | २०८२/०८३० | २०८३/०८४१ | २०८४/०८५२ | २०८५/०८६३ | २०८६/०८७ | जम्मा | कैफियत |
| **१.** | **प्रारम्भिक बाल विकास शिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिक बाल विकासमा भर्ना दर | ९७ | ९८ | ९९ | १०० | १०० | १०० | १०० | ४ वर्ष माथिका सबै बालबालिकालाई शिक्षाको पहुँचमा पुऱ्याउने |
| **२.** | **आधारभूत शिक्षा (कक्षा १-५)** | | | | | | | | |
| २.१ | कक्षा १ मा भर्ना दर | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| २.२ | कक्षा ५ सम्मको कक्षामा टिकाउ दर | ८४.३६ | ८७ | ९० | ९५ | ९६ | ९८ | | |
| २.३ | आधारभूत शिक्षा (कक्षा १-५) पूरा गर्ने दर | ८४.३६ | ८७ | ९० | ९५ | ९६ | ९८ | | |
| २.४ | आधारभूत शिक्षा (कक्षा १-५)मा विद्यार्थी लैङ्गिक अनुपात | ५०:५० | ५०:५० | ५०:५० | ५०:५० | ५०:५० | ५०:५० | | औसतमा |
| **३.** | **आधारभूत शिक्षा (कक्षा ६-८)** | | | | | | | | |
| ३.१ | कक्षा ६ मा भर्ना दर | ९१.९ | ९३ | ९५ | ९७ | ९८ | १०० | | |
| ३.२ | कक्षा ८ सम्मको कक्षामा टिकाउ दर | ९२ | ९४ | ९५ | ९८ | ९८ | १०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.३ | आधारभूत शिक्षा (कक्षा ६-८) पूरा गर्ने दर | ८७.१ | ९० | ९२ | ९५ | ९८ | १०० | | |
| ३.४ | आधारभूत शिक्षा (कक्षा ६-८)मा विद्यार्थी लैङ्गिक अनुपात | ५०:५० | | | | | ५०:५० | ५०:५० | औसतमा |
| ४. | **माध्यमिक शिक्षा (कक्षा ९-१०)** | | | | | | | | |
| | कक्षामा भर्ना दर | | ९५ | ९७ | ९८ | ९९ | १०० | | भर्नादर १०० प्रतिशत पुऱ्याउने |
| | कक्षा १० सम्मको कक्षामा टिकाउ दर | ९१.७ | ९३ | ९५ | ९६ | ९७ | ९८ | | |
| | माध्यमिक शिक्षा (कक्षा ९-१०) पूरा गर्ने दर | ९१.७ | ९३ | ९५ | ९६ | ९७ | ९८ | | |
| | माध्यमिक तह (कक्षा ९-१०)मा विद्यार्थी लैङ्गिक अनुपात | ५०:५० | | | | | ५०:५० | | औसतमा |
| | एसइइमा औसत सिकाइ उपलब्धि स्तर | ९२.५ | ९४ | ९६ | ९७ | ९८ | ९९ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्राविधिक तथा व्यावसायिक शिक्षा विद्यार्थी | | | | | | ५० | | |
| | भर्ना प्रतिशत | | | | | | | | |
| | प्राविधिक तथा व्यावसायिक शिक्षा विद्यार्थी लैङ्गिक अनुपात | ४०:६० | | | | | ५०:५० | | औसतमा |
| **५.** | **माध्यमिक शिक्षा (कक्षा ११-१२)** | | | | | | | | |
| | कक्षामा भर्ना दर | ५९१ ज्ना | | | | | | १०० | भर्नादर १००% पुर्‍याउने |
| | कक्षा १२ सम्मको कक्षामा टिकाउ दर | | ९० | ९२ | ९५ | ९६ | ९७ | ९८ | |
| | माध्यमिक शिक्षा (कक्षा ११-१२) पूरा गर्ने दर | | ९० | ९२ | ९५ | ९६ | ९७ | ९८ | |
| **६.** | **अनौपचारिक शिक्षा र निरन्तर सिकाइ** | | | | | | | | |
| ६.१ | सामुदायिक सिकाइ केन्द्र (सङ्ख्यामा) | १९ | २० | २२ | २४ | २६ | २८ | ३० | |
| ६.२ | साक्षरता दर (५ देखि १५ वर्ष सम्म) | ९०.१७ | ९३ | ९५ | ९६ | ९८ | ९९ | १०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६.३ | साक्षरता दर (१६ देखि २४ वर्ष सम्म) | ९०.१७ | ९३ | ९५ | ९६ | ९८ | ९९ | १०० | |
| ६.४ | साक्षरता दर (२५ देखि ४५ वर्ष सम्म) | ९०.१७ | ९३ | ९५ | ९६ | ९८ | ९९ | १०० | |
| ६.५ | साक्षरता दर (४६ देखि ६० वर्ष सम्म) | | | | | | | १०० | |
| ६.७ | साक्षरता दर ६० वर्ष भन्दा माथि | | | | | | | १०० | |
| **७.** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ७.१ | बाल विकासमा शिक्षक विद्यार्थी अनुपात | | | | | | | १:१० | |
| ७.२ | आधारभूत तह कक्षा १-५ मा शिक्षक विद्यार्थी अनुपात | | | | | | | १:१५ | |
| ७.३ | आधारभूत तह कक्षा ६-८ मा शिक्षक विद्यार्थी अनुपात | | | | | | | १:२० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७.४ | माध्यमिक तह कक्षा ९-१२ मा शिक्षक विद्यार्थी अनुपात | १:६० | | | | | | १:२० | |
| ७.५ | महिला र पुरूष | २५:७५ | | | | | | ५०:५० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षक अनुपात | | | | | | | | |
| ७.८ | शिक्षामा वार्षिक विनियोजित बजेट (रू. हजारमा) | २६६३६६ | | | | | | | जम्मा १८७०५० हजार |

माथि उल्लेखित कार्य सम्पादन सूचकहरू आ.व. २०७९/०८० तथा शैक्षिक सत्र २०७९ र ०८० लाई आधार मानी तयार पारिएको हो ।

**सन्दर्भ सामग्रीहरू**


- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन , २०७४
- राष्ट्रिय शिक्षा नीति , २०७६
- समावेशी आयोग नीति , २०७६
- शिक्षा क्षेत्रको योजना , नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
- समावेशी शिक्षा नीति , २०७३
- राष्ट्रिय पाठ्यक्रम प्रारूप , २०७६
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- मानेभन्ज्याङ गाउँपालिकाको पार्श्वचित्र २०७६
- शिक्षा क्षेत्र योजना विकास कार्य ढाँचा २०७७, नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
- प्राविधिक शिक्षा कार्यविधि
- सोह्रौं ओजना आ.व. २०८२/०८३–०८६/०८७
- राष्ट्रिय विज्ञान तथा नव प्रवर्तन नीति २०७६
- अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५
- दिगो विकासका लक्ष्यहरू, वर्तमान अवस्था र मार्गचित्र
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम २०७६
- मानेभन्ज्याङ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०८२/२०८३